CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूर्वाङ्गविधियुक्त

## गर्भाधानादि-अन्नप्राशनान्त

# संस्कारपद्धति

(नेपालीभाषासहित)

रथी धनशम्शेर ज. ब. रा.
पं. कृष्णप्रसाद भट्टराई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीः

पूर्वाङ्गविधियुक्त

गर्भाधानादि-अन्नप्राशनान्त

# संस्कारपद्धति

(नेपालीभाषासहित)

निरीक्षक

**रथी धनशम्शेर ज. ब. रा.**

लेखक

**पं. कृष्णप्रसाद भट्टराई**

काठमाडौं नेपाल

२०२८

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लक्ष्मीपूजा

प्रकाशक

श्री रथी धनशम्शेर जङ्गबहादुर राणा
२०/३९५ नक्साल, काठमाडौं
नेपाल

मुद्रकः– श्री ५ को सरकारको छापाखाना, काठमाडौं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाह देव

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

## संक्षिप्त भूमिका

धर्मको संरक्षणमा बद्धपरिकर **श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव**बाट सनातन धर्मप्रेमी नेपाल राष्ट्रका सपूत **श्री ५ युवराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव**को विशेष आग्रहमा हामीलाई यस किसिमको धार्मिक कर्मकाण्डको "पद्धति" वनाउन हुकूम बक्से वमोजिम परिचालित योजना अनुसार "अग्निस्थापना" र "विवाहपद्धति" पछिको तेस्रो प्रयास स्वरूप नेपालीभाषाको माध्यममा यो "संस्कारपद्धति" तयार गरी प्रस्तुत गरेकाछौं। यसबाट हाम्रा यजमान पुरोहित दुवै थरीलाई नै यथायोग्य सुविधा हुनुका साथै हाम्रो यहाँ प्रचलित परम्परा कायम रहनमा समेत थेर थोर सहायता होला भन्ने आशा छ।

यो पद्धति हाम्रो यहाँ चलेको रीत अनुसार नै तयार गरिएको छ र यसमा संकल्पवाक्य प्रार्थना श्लोक मन्त्र विनियोगहरू जस्ता परम्परागत मूल अंशहरू सबै संस्कृतमा यथापूर्व अक्षुण्ण नै राखिकन तिनको नेपाली भाषामा अर्थ समेत दिएर खालि हत्यौड़ी बताउने जस्ता वाक्यहरू मात्र सुविधाका लागि केवल नेपालीमा दिइएका छन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हाम्रो यहाँ प्रचलित "व्रतबन्ध" "विवाह" आदि प्रमुख संस्कारहरूमा र अरू त्यस्तै विशेष शुभकर्महरूमा समेत पूर्वाङ्गको काम आवश्यक रूपबाट गरिने हुँदा प्रस्तुत पुस्तकमा सामान्य स्वस्तिवाचनका मन्त्र, पञ्चगव्य मिलाउने विधि र कर्मपात्रको विधि समेत राखी पूर्वाङ्गको रूपबाट गरिने "गणेशपूजा, मातृकापूजा र आभ्युदयिक श्राद्ध" सम्मका संक्षिप्त विधान पहिले दिएर अर्को खण्डको रूपमा "गर्भाधान" देखि "अन्नप्राशन" सम्मका मुख्य संस्कार र "कर्णवेध" समेतका छोटकरी विधि यथामति संकलन गरी राखिएका छन् । बीचमा यथास्थान "षष्ठिकापूजाविधि" पनि दिइएको छ ।

यसका साथै तन्त्रमार्गका अनुयायीहरूको निमित्त भनेर यसमा गर्भाधान आदि प्रत्येक संस्कारको अन्त्यमा "महानिर्वाणतन्त्रोक्त" विधानको पनि पृथक् पृथक् दिग्दर्शन गराइएको छ ।

पूर्वाङ्गको विधिमा "ग्रहशान्ति" को विधान समेत संगै राखिनु पर्ने हो तापनि त्यसको निम्ति अर्को एउटा छुट्टै पुस्तक हुन जाने हुँदा अहिले यसमा त्यसको समावेश गरिएन ।

अरू विशेष पुस्तक अघिल्तिर आएपछि क्रमशः यसैबाट सबै कुरा प्रकट हुनेनै छ ।

प्रस्तुत प्रयासप्रति समाजको विशेष रुचि देखियो भने यसपछि फेरि "व्रतव्रन्धपद्धति" को नामले "चूडा, उपनयन, वेदारम्भ र समावर्तन" को विधि पनि यसै गरी प्रस्तुत गरिनेछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्री ५ युवराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देव

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्त्यमा यसको प्रकाशनार्थ सहयोग गर्ने सबै प्रति हार्दिक कृतज्ञता प्रकट गर्दै यसमा केही त्रुटिहरू पर्न गएका भए त्यसको लागि क्षमाप्रार्थना गर्छौं र लेखनीलाई अहिले यहीं विश्राम दिन्छौं–शुभम् ।

विनीत

रथी घनशमशेर ज. ब. रा.

पं. कृष्णप्रसाद भट्टराई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूर्वाङ्गविधियुक्त

गर्भाधानादि-अन्नप्राशनान्त

# संस्कारपद्धति

(नेपालीभाषासहित)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# विषय सूची


| विषय | पृष्ठाङ्क |
|---|---|
| स्वस्तिवाचनमन्त्र— | क–घ |
| पञ्चगव्यविधि— | ङ–ज |
| कर्मपात्रविधि— | झ–ड |
| **पूर्वाङ्गविधि** | |
| (क) गणेशपूजा— | १–५० |
| (ख) मातृकापूजा— | ५१–७४ |
| (ग) आभ्युदयिक श्राद्ध— | ७५–१०८ |
| **संस्कारपद्धति** | |
| (१) गर्भाधान— | १०९–१३५ |
| (२) पुंसवन— | १३७–१५४ |
| (३) सीमन्तोन्नयन— | १५५–१७९ |
| (४) जातकर्म— | १८१–२१४ |
| (५) षष्ठिकापूजा— | २१५–२६७ |
| (६) नामकरण (न्वारान)— | २६९–२८७ |
| (७) निष्क्रमण— | २८९–२९६ |
| (८) अन्नप्राशन (पासनी)— | २९७–३२९ |
| (९) कर्णवेध— | ३३१–३३९ |


Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

## अथ स्वस्तिवाचनमन्त्र

हरिः ॐ आनो भद्राःक्रतवोयन्तुविश्वतोऽदब्धासोऽअपरीतासऽउद्भिदः ।। देवा नो यथा सदमिद् वृधे ऽअसन्नप्रायुवो रक्षितारो दिवे दिवे ।।१।।

**(कसैले भेउ नपाएका, अरु यज्ञयागहरूलाई समेत प्रकट गर्ने, सबतिरबाट विघ्नबाधाशून्य, कल्याणकारी यज्ञयागहरू अर्थात् यज्ञयागगर्ने संकल्पहरू हामीलाई आऊन् जसबाट देवताहरू जाँगरिला वा अप्रमत्त भएर प्रतिदिन हाम्रो रखवाली गर्ने र सँधै हाम्रो वृद्धि अर्थात् बढीबढाऊ गर्ने होऊन् ।।)**

देवानां भद्रा सुमतिर्ऋजूयतां देवाना ँ७ रातिरभिनो निवर्तताम् ।। देवाना ँ७ सख्यमुपसेदिमा वयं देवा नऽआयुः प्रतिरन्तु जीवसे ।।२।।

**(हाम्रो सोझो चाहने देवताहरूको कल्याणकारी सुबुद्धि हामीतिर फर्कोस् । हामीलाई देवताहरूको वरदान लागोस् । हामीलाई देवताहरूको मित्रता प्राप्त हओस् । देवताहरूले हामीलाई (धेरै) बाँच्ने गराउन हाम्रो आयु बढाइदिऊन् ।।)**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



तान् पूर्वया निविदा हूमहे वयं भगं मित्रमदितिं दक्षमस्रिधम्।।
अर्यमणं वरुण ६ सोममश्विना सरस्वती नः सुभगा
मयस्करत् ।।३।।

(हामी सबभन्दा पहिले र आफैं निस्केको अकृत्रिम (वेदरूप) वाणीले ती कहिल्यै नचुक्ने देवता अर्थात् भग, मित्र, (देवमाता) अदिति, दक्ष (प्रजापति), अर्यमा, वरुण, सोम र अश्विनीकुमारहरूलाई आवाहन गर्दछौं । ती देवता सहितकी सुभगा सरस्वतीले हामीलाई सुख दिऊन् ।।)

तन्नो वातो मयोभु वातु भेषजं तन्माता पृथिवी तत्पिता द्यौः ।।
तद्ग्रावाणः सोमसुतो मयोभुवस्तदश्विना श्रृणुतं धिष्ण्या
युवम् ।।४।।

(वायुदेवताले हामीलाई त्यो सुखकर र हितकारी औषधि देऊन् (अर्थात् हावा सुखकर भएर बहून्) । त्यसैगरी पृथिवी-माताले, द्युलोक (स्वर्ग वा आकाश) स्वरूप पिताले र सोमरस थिचेर झिक्ने सुखकर शिलाहरूले हामीलाई त्यो औषधि (जीवनलाई हितगर्ने कुरा) देऊन् । हे बुद्धिमान् वा जीवनधाता अश्विनीकुमारहो तिमीहरू पनि त्यो औषधिको कुरा सुन अर्थात् हामीलाई त्यस्तो जीवनसुखदायी औषधि देओ ।।)

तमीशानं जगतस्तस्थुषस्पतिं धियञ्जिन्वमवसे हूमहे वयम् ।।
पूषा नो यथा वेदसामसद् वृधे रक्षिता पायुरदब्धः स्वस्तये ।।५।।

(हामी स्थावर जङ्गम सबैका पालक, सबैका स्वामी,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



बुद्धिवृत्तिलाई प्रसन्न तुल्याइदिने उनै ईशान भगवान् रुद्रलाई रक्षाका खातिर आवाहन गर्दछौं जसबाट कि कसैसंग नदब्ने भगवान् पूषा हाम्रो धनको वा ज्ञानको वृद्धि र हाम्रो कल्याणका लागि होऊन् र हाम्रो रक्षा र पालन गर्ने होऊन् ।।)

स्वस्ति न ऽइन्द्रो वृद्धश्रवाः स्वस्ति नः पूषा विश्ववेदाः ।।
स्वस्ति नस्तार्क्ष्यो ऽ अरिष्टनेमिः स्वस्ति नो बृहस्पतिर्दधातु ।।६।।

(हामीलाई प्रथितकीर्ति इन्द्रले शुभ गरून्, विश्ववेत्ता पूषाले शुभ गरून्, अप्रतिहतगति गरुडले शुभ गरून्, देवगुरु बृहस्पतिले शुभ गरून् ।।)

पृषदश्वा मरुतः पृश्निमातरः शुभंयावानो विदथेषु जग्मयः ।।
अग्निजिह्वा मनवःसूरचक्षसो विश्वे नो देवाऽअवसागमन्निह।।७।।

(छिर्विरे घोडा र पृश्नि अर्थात् दिति आमा भएका, कल्याण गर्दै हिड्ने र यज्ञहरूमा जाने, यस्ता मरुद्गण र अग्निको मुखबाट हवि ग्रहण गर्ने, सबै (मनको) कुरा जान्ने र सूर्यदृष्टि, विश्वेदेव (विश्वका अरू देवता) हरू पनि हविका निमित्त यहाँ (हाम्रो यज्ञमा) आऊन् ।।)

भद्रं कर्णेभिः शृणुयाम देवा भद्रं पश्येमाक्षभिर्यजत्राः ।।
स्थिरैरङ्गैस्तुष्टुवा ँ सस्तनूभिर्व्यशेमहि देवहितं यदायुः ।।८।।

(यजमानका त्राता हे देवताहो, हामी कानले भलो सुनौं, आँखाले भलो देखौं, आफ्ना स्थिर अङ्ग र शरीरहरूले स्तुति गर्दै देवताले ठेकिदिएको आयुको उपभोग गरौं ।।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



● शतमिन्नु शरदो ऽअन्ति देवा यत्रा नश्चक्रा जरसं तनूनाम् ॥
पुत्रासो यत्र पितरो भवन्ति मा नो मध्या रीरिषतायुर्गन्तोः ॥९॥

**(हे देवताहो, सयै वर्षसम्म अर्थात् हाम्रो पूरा आयुभरि नै तिमीहरू हाम्रो नगीचमा होओ र जुन त्यो सयवर्षको अवधिमा तिमीहरूले हाम्रो शरीरलाई बूढो तुल्याइदिन्छौ अर्थात् हामी-लाई बूढो भएर बाँच्ने गराइदिन्छौ र फेरि (हाम्रा) छोराहरू (नातिनातिना पाएर) बाबु (समेत) बन्दछन् त्यस अवधिभित्र बीचैमा अर्थात् अकालैमा हाम्रो अस्थिर आयु नटुङ्ग्याइदेओ ॥)**

● अदितिर्द्यौरदितिरन्तरिक्षमदितिर्माता स पिता स पुत्रः ॥
विश्वेदेवाऽअदितिः पञ्च जना ऽअदितिर्जातमदितिर्जनित्वम् ।१०।

**(हाम्रा) द्युलोक (स्वर्ग), अन्तरिक्ष, आमा, बाबु, छोरा-छोरी र सारा देवता, मनुष्य, जन्मेका, नजन्मेका, सबै नै अदिति हुन् अर्थात् अदीन, दुःखदारिद्र्य-शून्य वा महाभाग्यशालीहोऊन् ।)**

इति स्वस्तिवाचन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

## पंचगव्य बनाउने विधि

यसमा गउँत एक भाग, गोबर आधा भाग, दूध तीन भाग, दही दुइ भाग, घिउ एक भाग, कुशपानी एक भाग यति सबै क्रमैसित तल लेखिए अनुसार मन्त्र पढ्दै एक एक गरेर एउटा चोखो भाँडामा हाल्नू । यसमा यथासंभव गउँत कैली गाईको, गोबर काली काईको, दूध सेती गाईको, दही राती गाईको र घिउ माली गाईको लिनू । नपाए पाँचै थोक कैली गाईको लिनू । त्यो पनि नपाए जस्तो जस्तो गाईको पाइन्छ त्यस्तै त्यस्तैको लिनू ।

मन्त्र–

गउँतको– गायत्री मन्त्र ।।१।।

गोबरको–

ॐ गन्धद्वारां दुराधर्षां नित्यपुष्टां करीषिणीम् ।।
ईश्वरीं सर्वभूतानां तामिहोपह्वये श्रियम् ।।२।।

(गन्धद्वारा जानिने, दुराधर्ष,[1] वनस्पतिहरूले[2] र गाइवस्तु-

१. कसैबाट न अचेटिने । २. अन्न पात र जडीबूटीहरूले ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



हरूले सँधै परिपूर्ण, सबै प्राणीहरूकी अधिष्ठात्री पृथिवीस्वरूप गोबरमा रहेकी लक्ष्मीको म आवाहन गर्दछु ।।)

**दूधको–**

ॐ आप्यायस्व समेतु ते विश्वतः सोम वृष्ण्यम् ।।
भवा वाजस्य सङ्गथे ।।३।।

(हे सोम अर्थात् सोमरसरूपी दूध, तिमीमा सबैतिरबाट सृष्टिका उत्तम बीज आएर मिलून्, तिनबाट तिमी आफु आप्यायित होऊ अर्थात् तिनको रस भिजेका वा तिनले परिपूर्ण होऊ र हामीलाई अन्न जुटाइदिने वा हामीमा रस भरिदिने होऊ ।।)

**दहीको–**

ॐ दधिक्राब्णो ऽअकारिषञ्जिष्णोरश्वस्य वाजिनः ।।
सुरभि नो मुखा करत् प्रण ऽआयू ꣼ षि तारिषत् ।।४।।

(हामीले मानिसलाई बोकेर हिँड्ने तेजी विजयशील अश्वमेधका घोडाको संस्कारको लागि जथाभावी अश्लील भाषा बोलेकोमा यसले हाम्रो मुख सुगन्धित गराएर आयु बढाइ देओस् । अर्थात् हे दहि, हामीले सब रसलाई मातगर्ने, सर्वत्र सुलभ, उत्कृष्ट अन्नरसयुक्त द्रव्य अर्थात् दूधको प्रक्रम वा प्रसरण-बाट तिमीलाई तयार गर्‍यौं । यस्ता तिमीले हाम्रो मुख सुगन्धी अर्थात् शुद्ध गराऊ र हाम्रो आयु बढाऊ ।।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



**घिउको–**

ॐ तेजोसि शुक्रमस्यमृतमसि धामनामासि ॥
प्रियन्देवानामनाधृष्टं देवयजनमसि ॥५॥

(हे घिउ, तिमी तेज हौ, वीर्य हौ, अमृत हौ, धाम हौ। सबैलाई आफूतिर ढल्काउने नाम भएका तिमी देवताका प्यारा छौ र कसैले धरपकड नगरिएका हविरूप यज्ञसाधन हौ ॥)

**कुशपानीको–**

ॐ देवस्य त्वा सवितुः प्रसवेऽश्विनोर्बाहुभ्यां
पूष्णोहस्ताभ्याम् ॥६॥

(भगवान् सविताको प्रेरणाबाट तिमीलाई म अश्विनी-कुमारका पाखुरा र पूषाका हातले ग्रहण गर्दछु।)

**यसरी मन्त्र पढेर सबै हालिसकेपछि हातमा पवित्र लिएर तलको मन्त्रले चलाउनू–**

ॐ आपो हिष्ठा मयोभुवस्ता न ऊर्जे दधातन ॥
महेरणाय चक्षसे ॥७॥

"जल ! छौ सुखका स्रोत हामीलाई पनी अव।
उपभोग गराऊ त्यो परमानन्द-षड्रस ॥"

(हे जल ! तिमी सबैलाई सुख दिने हुनाले हामीलाई सबै प्रकारका रसको उपभोग गर्ने गराइदिएर महान् तथा अतिशय रमणीय वस्तु (परब्रह्म) को दर्शन पाउने गराइदेऊ ॥)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



त्यसपछि तलको मन्त्रले अभिमन्त्रण गर्नू (मन्त्रिनू)–

ॐ मा नस्तोके तनये मा न ऽआयुषि मा नो गो षु मा नो ऽअश्वेषु रीरिषः । मा नो वीरान् रुद्र भामिनो बधीर्हविष्मन्तः सदमित्वा हवामहे ॥

(हे रुद्र, हाम्रा छोरा, नाती, जीवन र गाइघोडाहरू समेतको हानि नगर्नुहोस् । हाम्रा जागेका [1]वीरहरूको बध नगर्नुहोस । हामी हवि[2] लिएर सँधै तपाइँलाई यज्ञमा बोलाउनेछौं ॥)

यसरी पञ्चगव्य[3] बनाएर पहिले शिवजीलाई अर्पण गर्नू अनि तलको मन्त्रले खानू–

यत् त्वगस्थिगतं पापं देहे तिष्ठति मामके ॥
प्राशनात् पञ्चगव्यस्य दहत्वग्निरिवेन्धनम् ॥

(भित्र बाहिर यो मेरो जो पाप छ शरीरमा ।
यो पञ्चगव्य◇ खानाले डढोस सो सव नै यहाँ ॥)

इति पञ्चगव्यविधिः

---

१ सेवक । २. हवन गरिने पदार्थ । ३. यसमा कुशका टुक्राहरूका साथै पूवोको मुण्टो पनि हाल्ने चलन छ ।

◇यो पञ्चगव्य जूठो सूतक र उपाकर्म आदि सबै नित्य नैमित्तिक कर्महरूमा चोखो हुनाका निमित्त खानु पर्दछ । यसमा नाना प्रकारका रोगको कीटाणु नाश गर्ने शक्ति छ । यसले शरीर रमन दुबैको मल नाश हुन्छ र पाप पखालिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

## कर्मपात्र बनाउने विधि

यसमा कर्ता भएर काम गर्ने यजमानले यथासमय हातगोडा धोई कुल्ला गरी शुद्ध वस्त्र लगाएर चोखो भईकन पूजा गर्ने ठाउँमा आएर आफ्नो आसनमा बस्नू र तीनपल्ट आचमन गर्नू । अनि 'ॐ आधारशक्तये नमः' (आधारशक्तिलाई नमस्कार) भनेर आफ्नो अघिल्तिर दाहिनेपट्टि भूइँमा अलिकति फूल अक्षताहरू चढाएर त्यसमाथि तामाहरूको एउटा चोखो भाँडा (सानो बाटा वा थाली) राख्नू र अनि त्यसमा क्रमैसित मन्त्र पढ्दै तल लेखिए अनुसार पवित्र कुश जल चन्दन अक्षता फूलहरू हालेर कर्मपात्र बनाउनू ।

त्यसमा पहिले यो मन्त्रले पवित्र र कुशहरू हाल्नू –

ॐ पवित्रेस्थो वैष्णव्यौ सवितुर्वः प्रसव उत्पुनाम्यच्छिद्रेण पवित्रेण सूर्यस्य रश्मिभिः । देवीरापो ऽअग्रे गुवोऽ अग्रे पुवोग्र ऽइममद्य यज्ञन्नयताग्रे यज्ञपति ६ सु-धातुं यज्ञपतिन्देवयुवम् ॥

(सबैलाई शुद्ध गराउने हे पवित्र हो, तिमीहरू यज्ञको लागिका हौ र म तिमीहरूद्वारा सविताको प्रेरणाबाट जललाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



माथितिर छर्किँदै छिद्ररहित शुद्ध वायु र सूर्यको किरणले पवित्र गराउँछु । सबैलाई पवित्र पार्दै जाने हे जल ! आज यो यज्ञ र यज्ञका पालक देवकाम (देवताहरूलाई चाहने) यजमान-लाई अघि बढाऊ ।।)

अनि यो मन्त्रले जल हाल्नू–

ॐ शन्नो देवीरभिष्टय ऽआपो भवन्तु पीतये ।
शंयोरभिस्रवन्तु नः ।।

(जल हाम्रा स्नानपानमा सुख दिने र रोग भयहरू हटाउने होऊन् ।)

यो मन्त्रले चन्दन हाल्नू–

ॐ गन्धद्वारां दुराधर्षां नित्यपुष्टां करीषिणीम् ।
ईश्वरीं सर्वभूतानां तामिहोपह्वये श्रियम् ।।

(गन्धद्वारा जानिने अर्थात् सुगन्धमयी, दुराधर्षा, वन-स्पतिले र गाइवस्तुहरूले सँधै परिपूर्ण, सकल प्राणीहरूकी अधिष्ठात्री उनै पृथिवीस्वरूप लक्ष्मीलाई आवाहन गर्दछु । अर्थात् हेचन्दन, सुगन्धको द्वार वा स्रोतःस्वरूप, (सँधै सर्पहरूको वास हुनाले) कसैले आँक्न नसकिने, सँधै परिपुष्ट आफ्नो मनमोहक सुगन्धले सबै प्राणीलाई वश गराउने, तिम्रो पार्थिव तत्त्वमा अवस्थित त्यो सुगन्ध-लक्ष्मीको म यहाँ आवाहन गर्दछु ।।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



**यो मन्त्रले अक्षता हाल्नू–**

ॐ अक्षन्नमीमदन्त ह्यवप्रिया ऽअधूषत । अस्तोषत
स्वभानवो विप्रानविष्ठया मतीयोजान्वीन्द्र ते हरी ।।

(अक्षताहरूबाट) तृप्त र प्रसन्न भएका पितृहरूले खुशीले शिर हल्लाउँदै उज्यालो मुख गरेर मेधावी बनेर आफ्नू अपूर्व बुद्धिद्वारा (तिनको) प्रशंसा गरे । (हे इन्द्र, अब तिमी आफ्ना घोडाहरूलाई रथमा जोत ।) अर्थात् त्यस्ता ती अक्षताहरूलाई म यहाँ ग्रहण गर्दछु ।।)

**यो मन्त्रले जउ हाल्नू–**

ॐ यवोसि यवयास्मद्द्वेषो यवयारातीः ।

(हे जउ, तिमी पृथक्कर्ता छौ । हाम्रा दुर्भाग्य र दरिद्रता जस्ता शत्रुहरूलाई मबाट पृथक् गराइदेऊ अर्थात् हटाइदेऊ ।।)

**यो मन्त्रले तिल हाल्नू–**

ॐ तिलोसि सोमदेवत्यो गोसवो देवनिर्मितः ।
प्रत्नमद्भिः पृक्तः स्वधया पितॄँल्लोकान् प्रीणाहि नः स्वाहा।।

(हे तिल, तिम्रा देवता सोम हुन् । तिमी देवनिर्मित छौ । जलसित मिलेर स्वधाद्वारा हाम्रा पितृहरूलाई तृप्त गराइदेऊ ।।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



**यो मन्त्रले फूल हाल्नू–**

ॐ श्रीश्चते लक्ष्मीश्च पत्न्यावहोरात्रे पार्श्वे
नक्षत्राणि रूपमश्विनौ व्यात्तम् । इष्णन्निषाणा-
मुम्म ऽइषाण सर्वलोकम्म इषाण ।।

(हे महापुरुष, श्री र लक्ष्मी तिम्रा पत्नी हुन्, दिन र रात तिम्रा पार्श्वभाग हुन्, नक्षत्र तिम्रा रूप हुन्, आकाश र पृथिवी तिम्रो वाएको मुख हो । तिमी मेरो (वरत्र) परत्र र सबै लोक सम्रोस भन्ने चिताऊ । (श्री र लक्ष्मीले यहाँ निवास गरून् )।

**अनि त्यसबाट तीन टुक्रा कुश वा पवित्र लिएर त्यसले त्यो कर्मपात्रको जललाई बिस्तारै चलाउँदै (घुमाउँदै) क्रमैसित तलका तीन मन्त्रले अभिमन्त्रण गर्नू –**

ॐ यद्देवा देवहेडनन्देवासश्चकृमा वयम् ।
अग्निर्मा तस्मादेनसो विश्वान्मुञ्चत्व ꣳ हसः ।।

(हे देवदेवताहो, हामीले तपाइँहरूको अवहेलना गरेर कुनै पाप गरेको भए त्यसबाट अग्निले मलाई छुटाऊन् ।)

ॐ यदि दिवा यदि नक्तमेना ꣳ सि चकृमा वयम् ।
वायुर्मा तस्मादेनसो विश्वान्मुञ्चत्व ꣳ हसः ।।

(हामीले दिउसो वा राती कुनै पाप गरेको भए त्यसबाट वायुदेवताले मलाई छुटाऊन् ।।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ॐ यदि जाग्रद्यदि स्वप्न ऽएना ꣳ सि चकृमा वयम् ।
सूर्यो मा तस्मादेनसो विश्वान्मुञ्चत्व ꣳ हसः ॥

**(हामीले जाग्रत् वा स्वप्न अवस्थामा कुनै पाप गरेको भए त्यसबाट सूर्यले मलाई छुटाऊन् ॥)**

**<u>त्यसपछि त्यही कुश वा पवित्रले कर्मपात्रको जल लिएर तलको मन्त्रले आफूलाई सेचन गर्नू र अन्त पनि सबैतिर छर्कनू–</u>**

ॐ अपवित्रः पवित्रो वा सर्वावस्थां गतोपि वा ।
यः स्मरेत् पुण्डरीकाक्षं स वाह्याभ्यन्तरः शुचिः ॥

**(म चोखो हूँ कि बिटुलो जुन सुकै स्थितिमा हऊँ ।
श्रीविष्णुलाई सम्झेर चोखो सर्वत्र नै बनूँ ॥)**

ॐ पुण्डरीकाक्षः पुनातु

**(पुडरीकाक्ष विष्णुले चोखो गराऊन्)**

–इति कर्मपात्रविधि–

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# पूर्वाङ्गविधि

## (क)

## गणेशपूजा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ॐ

श्रीगणेशाय नमः

# अथ पूर्वाङ्गविधि

## गणेशपूजा

यसमा कर्ता भएर काम गर्ने यजमानले अघिल्लो दिन मुण्डनहरू गरीकन शुद्ध भएर मध्याह्नतिर एक छाक चोखो हविष्य भोजन गरेर ब्रह्मचर्यमा रहीकन 'एकभक्त' बस्नू अथवा काम हेरी आवश्यकता अनुसार उपवासै बस्नू र पूर्वाङ्गको दिन बिहान यथासमय उठेर शौच आदिबाट निवृत्त भएर तिल अमलाहरूले र सर्वौषधिहरू मिसेको जलले स्नान गरेर नयाँ चोखो धोतीहरू लाएर जंनै फेरेर पंचगव्यहरू खाईकन शुद्ध भएर पहिले आफ्नो प्रतिदिन गर्ने सन्ध्यावन्दन जप पाठ पूजा आदि नित्यकर्म सिध्याउनू र अनि पूर्वाङ्गको (साइतको) बेला विचार गरेर त्यसका निम्ति फेरि हातगोडा धोई कुल्ला गरी पूजाका निम्ति अघिबाटै बढार कुँडार लिपपोतहरू गरीकन गउँत पंच-गव्यहरू छर्केर, भित्तामा देवताका पटहरूले सिंगारेर, जो चाहिने जल कुश फूल पूजासामानहरू सबै राखेर ठीक पारेको ठाउँमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



**अर्थात् मण्डप वा 'जिउतीकोठा' मा आएर भित्र पस्नुभन्दा अघि पहिले बाहिरैबाट प्रवेशद्वारमा–**

'ॐ द्वारदेवतायै नमः, ॐ देहल्यै नमः'

**(द्वारदेवतालाई नमस्कार, दहिलोलाई नमस्कार)**

**भनेर अलिकति फूल अक्षताहरू चढाईकन नमस्कार गरेर इष्टदेवताको स्मरण गर्दै प्रसन्न मनले भित्र पस्नू र ब्राह्मणहरू-लाई प्रणाम गरीकन** ॐ भूम्यै नमः **(भूमिलाई नमस्कार) भनेर हातले पृथिवीको स्पर्श गर्नू । अनि इष्टदेवतालाई नमस्कार गरेर ब्राह्मण ज्योतिषीहरूले बताए अनुसार पूर्व आदि दिशापट्टि वा आफूले पूजा गरिने देवतापट्टि फर्केर आफ्नो आसनमा पलैंटी मारेर बस्नू । अनि कुशको औंठी पवित्रहरू धारण गरीकन आचमन गरेर [1]मंगलपाठकासाथ शुभ मुहूर्तमा दीयो बाल्नू र**

'ॐ (ह्रीं) आधारशक्तिकमलासनाय नमः'

**(आधारशक्तिस्वरूप कमलरूपी आसनलाई नमस्कार)**

**भनेर पहिले आसनीमुनी फूल अक्षताहरू चढाउनू र अनि आफुबसेको आसनलाई हातले छोएर तलको मन्त्रले अभिमन्त्रण गर्नू–**

---

१. यसै अवसरमा जोर जोर सधवा महिलाहरूद्वारा कलश सिङ्गार्ने, कसार वटार्ने, कन्याहरूले चोखीमाटी खन्ने, बिस्कून सुकाउने, पुरुषहरूले भार बांध्ने, जग्गे गाडने, दमाईंले कपडा छेक्ने आदि साइतको काम सबै गर्दछन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ॐ पृथ्वि त्वया धृता लोका देवि त्वं विष्णुना धृता ।
त्वं च धारय मां देवि पवित्रं कुरु चासनम् ।।

(हे पृथिवी, तिमी–
विष्णुले बोकिएकी छौ गर्दछयौ लोकधारण ।
गर धारण मेरो र पवित्र गर आसन ।।)

अनि कमेरो सँसिउँ रातो दहि अक्षता तिलहरू लिएर सबैतिर छर्दै तलका मन्त्रले 'भूतोत्सारण' गर्नू–

ॐ रक्षोहणं वलगहनं वैष्णवीमिदमहन्तं वलगमुत्किरामि यं मे निष्टयो यममात्यो निचखानेदमहन्तं वलगमुत्किरामि यम्मे समानो यमसमानो निचखानेदमहन्तं वलगमुत्किरामि यम्मे सबन्धुर्यमसबन्धुर्निचखानेदमहन्तं वलगमुत्किरामि यम्मे सजातो यमसजातो निचखानोत्कृत्याङ्किरामि ।।

(राक्षस र वलग (कृत्या) हरूलाई नाश गर्ने वैष्णवी (विष्णुसंबन्धिनी) वाणीको उच्चारण गर । मेरो छोरोले, मन्त्रीले, मजत्तिकोले, मभन्दा घटीबढीकोले, आफन्तले, पराइले, सहोदर र तीदेखि अरूले समेत जो जो कृत्या (पुतला वा टुना-मुना गरेका हाड नङ रउँहरू) गाडेका छन् त्यो सब म झिकेर मिल्काइदिन्छु ।)

ॐ अपसर्पन्तु ते भूता ये भूता भूमिसंस्थिताः ।
ये भूता विघ्नकर्तारस्ते नश्यन्तु शिवाज्ञया ।।

(जो भूत छन् भूमिमा यी जाऊन् पर हटी सब ।
जो भूत विघ्नकारी छन् नाश होऊन् सबै अब ।।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ॐ अपक्रामन्तु भूतानि पिशाचाः सर्वतो दिशम् ।
सर्वेषामविरोधेन पूजाकर्म समारभे ।।

(भूतप्रेतपिशाचादि लागून् आफ्नै दिशा सब ।
कसैमा नदिई बाधा पूजा थाल्दछु यो अब ।।)

यसपछि उपवीतीनै भएर, शिखा फुकेको भए बाँधीकन आचमन गर्नू र तीन पल्ट प्राणायाम गर्नू । अनि तीन टुक्रा कुश र दूबोले पंचगव्य लिएर तलका मन्त्रले सबैतिर छर्कनू –

ॐ रक्षोहणो वो वलगहनः प्रोक्षामि वैष्णवान् रक्षोहणोवो वलगहनोवनयामि वैष्णवान्रक्षोहणो वो वलगहनोवस्तृणामि वैष्णवान् रक्षोहणौ वां वलगहनौ पर्य्यूहामि वैष्णवी वैष्णवमसि वैष्णवाः स्थ ।।

(राक्षस र वलग (कृत्या) हरूको नाश गर्ने, विष्णुसम्बन्धी तिमीहरूलाई म प्रोक्षण गर्छु, सेचन गर्छु, कुशहरू ओछ्याइदिन्छु, ढाकिदिन्छु, जोडिदिन्छु । तिमीहरू विष्णुका हौ ।।

यसरी भूतोत्सारण र भूशुद्धि गरेपछि एकपल्ट स्वस्तिवाचन गर्नू र अनि दुबै हात जोडेर सर्वप्रथम तलका मन्त्रहरूले गणेश आदि देवताको स्मरण गरेर मङ्गलप्रार्थना गर्नू –

ॐ सुमुखश्चैकदन्तश्च कपिलो गजकर्णकः ।
लम्बोदरश्च विकटो विघ्ननाशो विनायकः ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



धूम्रकेतुर्गणाध्यक्षो भालचन्द्रो गजाननः ।
द्वादशैतानि नामानि यः पठेच्छृणुयादपि ।।
विद्यारम्भे विवाहे च प्रवेशे निर्गमे तथा ।
सङ्ग्रामे संकटे चैव विघ्नस्तस्य नजायते ।।

**(सुमुख र एकदन्त कपिल गजकर्णक ।**
**लम्बोदर र विकट बिध्ननाश विनायक ।।**
**धुम्रकेतु गणाध्यक्ष भालचद्र गजानन ।**
**यी बाह्र नाम जसले भन्ला सुन्ला गणेशको ।।**
**विद्या थाल्दा बिहा गर्दा घर पस्ता र निस्कँदा ।**
**लडाइँमा संकटमा विघ्न पर्दैन त्यसकन ।।)**

अभीप्सितार्थसिद्ध्यर्थं पूजितो यः सुरासुरैः ।
सर्वविघ्नहरस्तस्मै गणाधिपतये नमः ।।

**(इष्टसिद्ध्यर्थ जसलाई पूजे देव र दैत्यले ।**
**विघ्न हर्ने ती गणेशलाई गर्छु प्रणाम हे ।।)**

शुक्लाम्बरधरं देवं शशिवर्णं चतुर्भुजम् ।
प्रसन्नवदनं ध्याये सर्वविघ्नोपशान्तये ।।

**(सेतो वस्त्र लगाएका चन्द्रवर्ण चतुर्भुज ।**
**प्रसन्नमूर्तिको गर्छु विघ्ननाशार्थ चिन्तन ।।)**

सर्वमङ्गलमाङ्गल्ये शिवे सर्वार्थसाधिके ।
शरण्ये त्र्यम्बके गौरि नारायणि नमोस्तु ते ।।
मङ्गलं भगवान् विष्णुर्मङ्गलं गरुडध्वजः ।
मङ्गलं पुण्डरीकाक्षो मङ्गलायतनं हरिः ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(विष्णुले मङ्गल गरून् गरुडध्वजले गरून् ।
हरिले मङ्गल गरून् पुण्डरीकाक्षले गरून् ।।)

लाभस्तेषां जयस्तेषां कुतस्तेषां पराजयः ।
येषामिन्दीवरश्यामो हृदयस्थो जनार्दनः ।।

(जय लाभ हुन्छ तिनको हुन्न तिनको पराजय ।
जनार्दन श्याम जसका भित्र छन् हृदयाश्रय ।।)

तदेव लग्नं सुदिनं तदेव ताराबलं चन्द्रबलं तदेव ।
विद्याबलं दैवबलं तदेव लक्ष्मीपते तेऽङ्घ्रियुगं स्मरामि।।

(लग्न त्यही हो सुदिन त्यही हो तारा तथा चन्द्रबल त्यही हो ।
विद्या तथा दैवबल त्यही हो सम्झन्छु लक्ष्मीपति! पाउ तिम्रो ।।)

शुभारम्भेषु सर्वेषु त्रयस्त्रिभुवनेश्वराः ।
देवा दिशन्तु नः सिद्धिं ब्रह्मेशानजनार्दनाः ।।

(तीनै भुवनका स्वामी ब्रह्माविष्णुमहेशले ।
हामीलाई सिद्धि देऊन् सम्पूर्ण शुभकार्यमा ।।)

विनायकं गुरुं भानुं ब्रह्मविष्णुमहेश्वरान् ।
सरस्वतीं च वन्देहं सर्वकामार्थसिद्धये ।।

(श्रीगणेश गुरु सूर्य ब्रह्मा विष्णु महेश र ।
सरस्वतीलाई गर्छु वन्दना सिद्धिखातिर ।।)

वक्रतुण्ड महाकाय कोटिसूर्यसमप्रभ ।
अविघ्नं कुरु मे देव सर्वकार्येषु सर्वदा ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(सूँड बाङ्गो देह ठूलो कोटिसूर्यसमानका ।
हे गणेश गर सँधै निर्विघ्न सब काममा ।।)

ॐ विघ्नवल्लीकुठाराय मङ्गलमूर्तये श्रीगणाधिपतये नमः ।

(विघ्नरूपी लहराको निम्ति वञ्चरोस्वरूप मङ्गलमूर्ति श्री गणेशलाई नमस्कार ।।)

ॐ गुरुभ्यो नमः ॐ इष्टदेवतायै नमः

(गुरुलाई नमस्कार, इष्टदेवतालाई नमस्कार)

यसपछि तलको मन्त्रले भगवान् सूर्य (सूर्यनारायण) लाई सम्झेर चन्दन अक्षता फूल जउतिल कुश दूबो जल फूलहरूले अर्घ दिनू र कार्य आरम्भ गर्नू –

ॐ ध्येयः सदा सवितृमण्डलमध्यवर्ती
नारायणः सरसिजासनसन्निविष्टः ।
केयूरवान् मकरकुण्डलवान् किरीटी
हारी हिरण्मयवपुर्धृतशंखचक्रः ।।

(श्रीसूर्यको विशालमण्डलभित्र संझ
नारायणै कमलबीच विराजमान ।
केयूर कुण्डल किरीट र हार लाई
ली शंखचक्र रहने र सुवर्णधाम ।।)

ॐ नमः सवित्रे जगदेकचक्षुषे जगत्प्रसूतिस्थितिनाशहेतवे ।
त्रयीमयाय त्रिगुणात्ममूर्तये विरञ्चिनारायणशङ्करात्मने ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(सबै जगतका नयनस्वरूप हे
त्रिलोकसृष्टिस्थितिनाशकारण ।
प्रणाम ब्रह्माऽच्युतशंभुरूपका
त्रिवेदरूप त्रिगुणात्म मूर्त्तिमा ।।)

ॐ एहि सूर्य सहस्रांशो तेजोराशे जगत्पते ।
अनुकम्पय मां देव गृहाणार्घ्यं दिवाकर ।।

(आऊ सहस्रकिरण तेजराशि जगत्पति ।
दया गर ममा सूर्य अर्घ लेऊ यहाँ यति ।।)

यसरी स्वस्तिवाचन मङ्गलप्रार्थनाहरू गरेर सूर्यलाई अर्घ दिइसके पछि अनि आफ्नो आसनमा बसेर विधिपूर्वक कर्मपात्र बनाउनू र तीन टुक्रा कुशले त्यसको जल लिएर तलको मन्त्रले आफूलाई सेचन गर्नू र आफ्नो वरिपरि पनि सबैतिर छर्कनू–

ॐ अपवित्रः पवित्रो वा सर्वावस्थां गतोपि वा ।
यः स्मरेत् पुण्डरीकाक्षं स बाह्याभ्यन्तरः शुचि ः।।

ॐ पुण्डरीकाक्षः पुनातु

(म चोखो हूँ कि विटुलो जुन सुकै स्थितिमा हऊँ ।
श्रीविष्णुलाई सम्झेर चोखो सर्वत्र नै बर्नू ।।)
(पुण्डरीकाक्ष विष्णुले चोखो गराऊन्)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



**प्रायश्चित्तगोदान–**

यसपछि यजमानले पहिले एउटा प्रायश्चित्त गोदान गर्नू। यसमा पहिले आचमन गर्नू र अनि गोदानका निमित्त छुट्ट्याइएको रुपियाँ पैसालाई अघिल्तिर राखेर तलको मन्त्रले त्यसमा पूजा-गर्नू–

ॐ नमो गोभ्यः श्रीमतीभ्यः सौरभेयीभ्य एव च।
नमो ब्रह्मसुताभ्यश्च पवित्राभ्यो नमोनमः ॥
ॐ गवे नमः। ॐ गोप्रत्याम्नायीभूतद्रव्याय नमः।

(श्रीमती कामधेनू र ब्रह्माका पुण्यसन्तति।
गाईलाई म यो गर्छु बारंबार नमस्कृति ॥)

(गाईलाई नमस्कार। गाईको सट्टा राखिएको द्रव्य (रुपियाँपैसा) लाई नमस्कार।)

अनि तलको मन्त्रले ब्राह्मणलाई पनि टीका लगाइदिएर पूजा गर्नू–

ॐ नमो ब्रह्मण्यदेवाय गोब्राह्मणहिताय च।
जगद्धिताय कृष्णाय गोविन्दाय नमोनमः ॥
ॐ ब्राह्मणाय नमः

(गाई ब्राह्मण औ सारा जगत्का हितकारक।
ब्रह्मण्यदेव गोविन्द कृष्णलाई प्रणाम छ ॥)
(ब्राह्मणदेवतालाई नमस्कार)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अनि हातमा जउतिलकुशसहित जल लिएर अघि पूजा गरेको गाई (गाईको सट्टाको रुपियाँ पैसा) लाई छोएर तल लेखिए अनुसार संकल्प गर्नू—

हरिः ॐ तत्सत् ३ ॐविष्णुः ३ इत्यादि० । ॐ अद्येह ... गोत्रः ...प्रवरः... शाखान्तर्गत... वेदाध्यायी... शर्मा (वर्मा वा) अहं मम ... पुत्रस्य पुत्र्या अन्यस्य वा ... कर्मपूर्वाङ्गत्वेन श्रीगणपतिपूजनपूर्वकं विधीयमाने मातृकापूजननान्दीश्राद्धादिकर्मणि कायिकवाचिकमानसिकसकलपापप्रायश्चित्तार्थं तथा च सद्यो देहविशुद्ध्यर्थम् इमां गां रुद्रदैवत्यां तत्प्रत्याम्नायीभूतं द्रव्यं रजतखण्डं चन्द्रदेवताकं (ताम्रखण्डं श्रीसूर्यदेवताकं द्रव्यान्तरं वा यथानामदेवताकं)... गोत्राय... शर्मणे ब्राह्मणाय सुपूजिताय तुभ्यं संप्रददे तत्सन्नमम ।

(हरिः ॐतत्सत् ३ ॐ विष्णुः ३ इत्यादि० । आज यहाँ... गोत्र... प्रवर... शाखा अन्तर्गत... वेदको अध्ययन गर्ने... नामको म, मेरो... छोरोको... छोरीको वा अरूको... कर्मको पूर्वाङ्गरूपमा गणेशपूजा गरीकन गरिन लागेको मातृकापूजा नान्दी (आभ्युदयिक) श्राद्ध आदि काममा शरीर वचन र मन संबन्धी सकलपापको प्रायश्चित्तका निमित्त र तत्काल शरीर शुद्ध हुओस भन्नाका निमित्त रुद्रदेवतासम्बन्धी गाईको सट्टा यो चन्द्रदेवतासंबन्धी चाँदीको रुपियाँ (सूर्यदेवतासंबन्धी तामाको पैसा वा अरू कुनै देवतासंबन्धी अरू नै द्रव्य)... गोत्र र ...नामका राम्ररी पूजा गरिएका तपाइँ ब्राह्मणलाई दिएँ ॐ तत्सत् ।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



यति भनेर त्यो कुशपानी ब्राह्मणका हातमा हालिदिनू र हात जोडेर तलको मन्त्रले गाईको प्रार्थना गर्नू –

ॐ कपिले सर्वदेवानां पूजनीयासि रोहिणि ।
तीर्थदेवमयी यस्मात् तस्मात् शान्ति प्रयच्छ मे ।।

(कपिले छौ तिमी पूज्य देवताहरूकी सब ।
तीर्थरूपी देवमयी शान्ति देऊ मलाई अब ।।)

ॐ गावो मे अग्रतः सन्तु गावो मे सन्तु पृष्ठतः ।
गावो मे हृदये सन्तु गवां मध्ये वसान्यहम् ।।

(गाई अघिल्तिर हऊन् हऊन् मेरा पछिल्तिर ।
गाई हृदयमा होऊन् मेरा फेरि सबैतिर ।।)

अनि दानप्रतिष्ठाका निमित्तको दक्षिणाद्रव्य (रुपियाँ पैसा) जउतिलकुश र कर्मपात्रको जलसहित हातमा लिएर तल लेखिए अनुसार संकल्प गर्नू –

ॐ अद्येह कृतैतत्प्रायश्चित्तार्थगो (प्रत्याम्नायीभूतरजत-द्रव्य) दानकर्मणः प्रतिष्ठार्थं तत्साङ्गतासिद्ध्यर्थम् इमां दक्षिणां– रजतद्रव्यं चन्द्रदेवताकं (ताम्रखण्डं वा श्रीसूर्यदेवताकं) .. गोत्राय ... शर्मणे ब्राह्मणाय तुभ्यमहं संप्रददे । तत्सन्न मम ।।

(आज यहाँ गरिएको यो प्रायश्चित्त गोदानको प्रतिष्ठाका लागि दक्षिणास्वरूप यो चन्द्रदेवतासम्बन्धी चाँदीको रुपियाँ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(अथवा श्रीसूर्यदेवतासम्बन्धी तामाको पैसा) ...गोत्र र ...नामका तपाईं ब्राह्मणलाई दिएँ ॐ तत्सत् ।)

यति भनेर ब्राह्मणका हातमा राखिदिनू । अनि ब्राह्मणले पनि 'ॐ स्वस्ति' (कल्याण होस्) भनीकन हात थापेर लिनू र तलको मन्त्रले यजमानलाई अभिषेक गरिदिनू–

ॐ द्यौः शान्तिरन्तरिक्ष ꣳ शान्तिः पृथिवी शान्तिरापः शान्तिरोषधयः शान्तिः । वनस्पतयः शान्तिर्विश्वेदेवाः शान्तिर्ब्रह्म शान्तिः सर्व ꣳ शान्तिः शान्तिरेव शान्तिः सा मा शान्तिरेधि ॥

(द्युलोक, अन्तरिक्ष, पृथिवी, जल, ओषधीहरू, वनस्पतिहरू, विश्वेदेव, ब्रह्म एवं सबैमा र स्वयं शान्तिमा समेत जुन शान्ति छ त्यो शान्ति ममा आओस ॥)

ॐ सर्वारिष्टशान्तिरस्तु

(सर्वारिष्टशान्ति हओस)

●

पूर्वाङ्गको संकल्प तथा ब्राह्मणवरण–

यसपछि एकपल्ट फेरि आचमन गर्नू र अनि ब्राह्मणवरणलाई र पुण्याहवाचनलाई चाहिने चन्दन अक्षता फूलमाला दूवो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



पान सुपारी वस्त्र (धोती उपर्ना) आसनी पंचपात्र औंठी भेटीहरू सबै अघिल्तिर राखेर त्यसमा–

'ॐ वरणद्रव्येभ्यो नमः'

(वरणको सामग्रीलाई नमस्कार)

भनेर पूजा गर्नू र चन्दन अक्षता फूल जउतिल कुश र कर्मपात्रको जल सहित हातमा लिएर 'हरिःॐ तत्सत् ३ ॐ विष्णुः३' इत्यादि पूर्वसंकल्पवाक्य भनीकन देशकालहरू समेतको उच्चारण गरेर अनि तल लेखिए अनुसार संकल्प गर्नू–

'ॐ अद्येह ...गोत्रः ...प्रवरः (माध्यन्दिनीयशाखान्तर्गत शुक्लयजुर्वेदाध्यायी)... शर्मा (वर्मा वा) अहं मम (...नाम्न्याः पत्न्याः ...नाम्नः पुत्रस्य, कुमारस्य, बालकस्य)...नाम्न्याः पुत्र्याः कन्याया बालिकाया वा) करिष्यमाण ... कर्मणि (कर्मणो निर्विघ्नतया परिसमाप्त्यर्थं च) दीपकलशगणेशपूजनपूर्वकं मातृकापूजाभ्युदयिकश्राद्धादिरूपपूर्वाङ्गकर्म करिष्ये– एतत्कर्मणि यथाविहितोपयोग्याचार्यादिकर्म कर्तुं (पुण्याहवाचनार्थं च) यथानामगोत्रान् यथानामशर्मणो ब्राह्मणानेभिश्चन्दनपुष्पाक्षतताम्बूलपूगीफलवासोद्रव्या (भरणा) दिभिर्युष्मान् वृणे ।

(आज यहाँ... गोत्र... प्रवर र (माध्यन्दिनीय शाखा अन्तर्गतको शुक्ल यजुर्वेदको अध्ययन गर्ने)... नामको म, मेरो (... नामकी पत्नीको,... नामको छोरोको, कुमारको वा बालकको,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अथवा... नामकी छोरीको, कन्याको वा बालिकाको) गरिने... कर्ममा काम निर्विघ्नसंग संपन्न हओस भन्नाका निमित्त पनि पहिले दीप कलश गणेशको पूजागरीकन मातृकापूजा आभ्युदयिक श्राद्ध आदि पूर्वाङ्गको काम म गर्नेछु । यस काममा शास्त्रले गर्नु भनेको उपयुक्त आचार्य आदिको काम गर्न र पुण्याहवाचन समेत गर्न भनेर तत्तत् गोत्र र तत्तत् नामका तपाइँ ब्राह्मणहरूलाई यो चन्दन अक्षता फूल पान सुपारी वस्त्र द्रव्य (औंठी) हरूले म वरण गर्दछु ।)

यति भनेर ब्राह्मणहरूलाई टीका लाइदिनू र वस्त्र द्रव्य फलहरू हातमा राखिदिनू । ब्राह्मणहरूले पनि— ॐ वृताः स्मः (वरण गरियौं)— भन्नू ।

अनि यजमानले— 'ॐ यथाविहितं कर्म कुरुत'

(जो गर्नुपर्ने काम गर्नुहोस)

भनेपछि ब्राह्मणहरूले— 'ॐ करवाम (हस गर्छौं) भन्नू ।

पुण्याहवाचन—

अनि यजमानले हात जोडेर तल दिइएको क्रमले ब्राह्मणहरूसित पुण्याहवाचनका लागि प्रार्थना गर्दै जानू; ब्राह्मणहरूले पनि प्रार्थना अनुसार क्रमैसित आशीर्वादका मन्त्रहरू पढ्दै जानू ।

यजमानले भन्ने—

ॐ अद्येह ...गोत्रः... प्रवरः ...नामशर्मा (वर्मा वा) अहं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



मम ...करिष्यमाण... (पूर्वाङ्ग) कर्मणि (मम गृहे) भो ब्राह्मणाः पुण्याहं भवन्तो ब्रुवन्तु, पुण्याहं भवन्तो ब्रुवन्तु, पुण्याहं भवन्तो ब्रुवन्तु ।

**(आज यहाँ ... गोत्र ... प्रवर र ...नामको म, मेरो(मेरी) ...को गरिन लागेको ... सम्बन्धी (पूर्वाङ्गको) काममा (मेरो घरमा) हे ब्राह्मण हो तपाइँहरू 'पुण्यदिन' हओस् भनेर भनिदिनु-होस ३ ।)**

**ब्राह्मणहरूले भन्ने–**

ॐ पुण्याहमस्तु ॐपुण्याहमस्तु ॐ पुण्याहमस्तु ।

ॐ पुनन्तु मा देवजनाः पुनन्तु मनसा धियः ।
पुनन्तु विश्वाभूतानि जातवेदाः पुनीहि मा ॥१॥

**(पुण्यदिन हओस, पुण्यदिन हओस, पुण्यदिन हओस)**

**(मलाई देवजनहरूले पवित्र गराऊन्, मनबुद्धिहरूले पवित्र गराऊन्, सारा प्राणीहरूले पवित्र गराउन् र हे अग्निदेव, तिमी पनि मलाई पवित्र गराऊ ॥)**

**यजमान–**

ॐ अद्येह ...गोत्रः... प्रवरः... नामशर्मा (वर्मा वा) अहं मम ... करिष्यमाण... (पूर्वाङ्ग) कर्मणि (मम गृहे) भो ब्राह्मणाः स्वस्ति भवन्तो ब्रुवन्तु, स्वस्ति भवन्तो ब्रुदन्तु, स्वस्ति भवन्तो ब्रुवन्तु ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(आज यहाँ ... गोत्र... प्रवर र ... नामको म, मेरो (मेरी) ... को गरिन लागेको ... सम्बन्धी (पूर्वाङ्गको) काममा (मेरो घरमा) हे ब्राह्मण हो तपाइँहरू स्वस्ति (शुभ) हओस भनिदिनु-होस ३ ।)

ब्राह्मण–

ॐ स्वस्ति ॐ स्वस्ति ॐ स्वस्ति ।

ॐ स्वस्ति न ऽइन्द्रो वृद्धश्रवाः स्वस्ति नः पूषा विश्ववेदाः । स्वस्ति नस्ताक्ष्यों ऽअरिष्टनेमिः स्वस्ति नो बृहस्पति-र्दधातु ॥२॥

(शुभ हओस्, शुभ हओस्, शुभ हओस्)

(हामीलाई प्रथितकीर्ति इन्द्रले शुभ गरून्, विश्ववेत्ता पूषाले शुभ गरून्, अप्रतिहतगति गरुडले शुभ गरून्, देवगुरु बृहस्पतिले शुभ गरून् ॥)

यजमान–

ॐ अद्येह ... गोत्रः ... प्रवरः ... नामशर्मा (वर्मा वा) अहं मम ... करिष्यमाण ... (पूर्वाङ्ग) कर्मणि (मम गृहे) भो ब्राह्मणा ऋद्धिं भवन्तो ब्रुवन्तु, ऋद्धिं भवन्तो ब्रुवन्तु, ऋद्धिं भवन्तो ब्रुवन्तु ।

(आज यहाँ ... गोत्र ... प्रवर र ... नामको म, मेरो (मेरी) ...को गरिन लागेको ...सम्बन्धी (पूर्वाङ्गको) काममा (मेरो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



घरमा) हे ब्राह्मण हो तपाइँहरू ऋद्धि (समृद्धि) हओस् भनिदिनुहोस् ३।)

**ब्राह्मण–**

ॐ ऋद्धिरस्तु ॐ ऋद्धिरस्तु ॐ ऋद्धिरस्तु ।

ॐ सत्रस्य ऽऋद्धिरस्यगन्म ज्योतिरमृता ऽअभूम ।
दिवं पृथिव्या अध्यारुहामाविदाम देवान्स्वर्ज्योतिः ।।३।।

(ऋद्धि हओस्, ऋद्धि हओस्, ऋद्धि हओस्)

(हे सोम तिमी यज्ञका समृद्धि हौ । त्यसैले हामी दिव्य ज्योतिमा पुगेर अमर भयौं (होऔं), पृथिवीबाट द्युलोकमा उक्लेर देवताहरूलाई चिन्यौं (चिनौं) र झलमल्ल स्वर्ग देख्यौं (देखौं ।)

**यजमान–**

ॐ अद्येह ... गोत्रः ... प्रवरः ... नाम शर्मा (वर्मा वा) अहं मम ... करिष्यमाण ... (पूर्वाङ्ग) कर्मणि (मम गृहे) भो ब्राह्मणा वृद्धि भवन्तो ब्रुवन्तु, वृद्धि भवन्तो ब्रुवन्तु, वृद्धि भवन्तो ब्रुवन्तु ।

(आज यहाँ ... गोत्र ... प्रवर र ... नामको म, मेरो (मेरी) ...को गरिन लागेको ...सम्बन्धी (पूर्वाङ्गको) काममा) मेरो घरमा) हे ब्राह्मण हो तपाइँहरू वृद्धि (बढती) हओस भनिदिनुहोस ३।)

**ब्राह्मण–**

ॐ वृद्धिरस्तु, ॐ वृद्धिरस्तु, ॐ वृद्धिरस्तु ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ॐ ज्यैष्ठ्यञ्च म ऽआधिपत्यञ्च मे मन्युश्च मे भामश्च मे ऽमश्चमेम्भश्च मे जेमा च मे महिमा च मे वरिमा च मे प्रथिमा च मे वर्षिमा च मे द्राघिमा च मे वृद्धञ्च मे वृद्धिश्च मे यज्ञेन कल्पन्ताम् ॥४॥

**(वृद्धि हस्रोस्, वृद्धि हस्रोस्, वृद्धि हस्रोस्)**

**(यज्ञबाट मलाई ज्येष्ठता, आधिपत्य (स्वामित्व, अधिकार), कोप, रीस, अपरिमेयता, जल, विजयशक्ति, महत्ता, श्रेष्ठता, विशालता (विस्तार), दीर्घजीविता, सन्ततिको अविच्छेद्यता, प्रशस्त अन्न आदि र सबैकुराको वृद्धि (बढीबढाउ) हस्रोस ।)**

**यजमान–**

ॐ अद्येह... गोत्रः ... प्रवरः ... नाम शर्मा (वर्मा वा) अहं मम ... करिष्यमाण ... (पूर्वाङ्ग)कर्मणि (मम गृहे) भो ब्राह्मणाः कल्याणं भवन्तो ब्रुवन्तु, कल्याणं भवन्तो ब्रुवन्तु, कल्याणं भवन्तो ब्रुवन्तु ।

**(आज यहाँ ... गोत्र ... प्रवर र ... नामको म मेरो (मेरी) ...को गरिन लागेको ... को (पूर्वाङ्गको) काममा (मेरो घरमा) हे ब्राह्मण हो तपाइँहरू कल्याण हस्रोस भनिदिनुहोस ३ ।)**

**ब्राह्मण–**

ॐ कल्याणमस्तु ॐ कल्याणमस्तु ॐ कल्याणमस्तु ।

ॐ यथेमां वाचं कल्याणीमावदानि जनेभ्यः । ब्रह्मराजन्न्या-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भ्या ॐ शूद्राय चार्याय च स्वाय चारणाय च । प्रियो देवानां दक्षिणायै दातुरिह भूयासमयं मे कामः समृद्ध्यताम् (उप मादो नमतु) ॥५॥

(कल्याण होस, कल्याण होस, कल्याण होस्)

**(म ब्राह्मण क्षत्रिय वैश्य शूद्र आफन्त एवं पराइ सबैलाई राम्रो बचन गरूँ (कल्याण हुने कुरा मुखबाट निकालूँ) र यसरी म देवताहरूको र दक्षिणा दिनेको प्यारो बनूँ। मेरो यो कामना परिपूर्ण होओस (र ऊ मसित निहुरोस) ॥**

**यजमान–**

ॐ अद्येह ... गोत्रः ... प्रवरः ... नाम शर्मा (वर्मा वा) अहं मम ... करिष्यमाण ... (पूर्वाङ्ग) कर्मणि (मम गृहे) भो ब्राह्मणाः शान्तिं भवन्तो ब्रुवन्तु, शान्तिं भवन्तो ब्रुवन्तु, शान्तिं भवन्तो ब्रुवन्तु ।

**(आज यहाँ ... गोत्र ... प्रवर र ...नामको म मेरो (मेरी) ...को गरिनलागेको ... को (पूर्वाङ्गको) काममा (मेरो घरमा) हे ब्राह्मणहो तपाईंहरू शान्ति होस भनिदिनुहोस् (३ ) ।**

**ब्राह्मण–**

ॐ शान्तिरस्तु ॐ शान्तिरस्तु ॐ शान्तिरस्तु ।

ॐ द्यौः शान्तिरन्तरिक्ष ७ शान्तिः पृथिवी शान्तिरापः शान्ति-रोषयः शान्तिः । वनस्पतयः शान्तिर्विश्वेदेवाः शान्तिर्ब्रह्मशान्तिः सर्व ७ शान्तिः शान्तिरेव शान्तिः सा मा शान्तिरेधि ॥६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(शान्ति होस, शान्ति होस, शान्ति होस)

(द्युलोक, अन्तरिक्ष, पृथिवी, जल, ओषधिहरू, वनस्पतिहरू, विश्वेदेवहरू , ब्रह्म एवं साराजगत्मा र स्वयं शान्तिमा समेत जुन शान्ति छ त्यो शान्ति मलाइ आओस ।)

**यजमान–**

ॐ अद्येह ... गोत्रः ... प्रवरः ... नाम शर्मा (वर्मा वा) अहं मम ... करिष्यमाण ... (पूर्वाङ्ग) कर्मणि (मम गृहे) भो ब्राह्मणाः श्रियं भवन्तो ब्रुवन्तु, 'श्रियं भवन्तो ब्रुवन्तु',श्रियं भवन्तो ब्रुवन्तु ।

(आज यहाँ ... गोत्र ... प्रवर र ... नामको म, मेरो (मेरी) ...को गरिनलागेको.... को (पूर्वाङ्गको) काममा (मेरो घरमा) हे ब्राह्मण हो तपाइँहरू 'श्री' हओस भनिदिनुहोस् ३।)

**ब्राह्मण–**

ॐ श्रीरस्तु ॐ श्रीरस्तु ॐ श्रीरस्तु

ॐ मनसः काममाकूतिं वाचः सत्यमशीय ।
पशूना ँ रूपमन्नस्य रसो यशः श्रीः श्रयताम् ।।७।।

(श्री होस, श्री होस, श्री होस)

(म मनले चिताएको कुरा सप्रयत्न पाउँ, मेरो बोलीमा सत्यता आओस्, पशुहरूमा भव्य रूप र अन्नमा स्वाद हओस् । कीर्ति र श्री (लक्ष्मी)ले ममा आश्रय गरून् ।।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



यति भन्नू र ब्राह्मणले यजमानलाई तलका मन्त्र पढेर फूल प्रसाद लाइदिनू–

ॐ मन्त्रार्थाः सफलाः सन्तु पूर्णाः सन्तु मनोरथाः ।
शत्रूणां बुद्धिनाशोस्तु मित्राणामुदयस्तव ॥

(मन्त्राशीर्वाद सफल होऊन् पूर्ण मनोरथ ।
शत्रुको होस् बुद्धिनाश मित्रको उदय स्वतः ॥)

भद्रमस्तु शिवं चास्तु महालक्ष्मीः प्रसीदतु ।
रक्षन्तु त्वां सदा देवा आशिषः सन्तु सर्वदा ॥

(कल्याण होस भलो होओस महालक्ष्मी प्रसन्न हुन् ।
देवताले गरून् रक्षा सदा आशीष नै हऊन् ॥)

ॐ पुण्याहवाचनसमृद्धिरस्तु ।

(पुण्डाहवाचनसमृद्धि हओस)

–इति पुण्याहवाचन –

संक्षिप्त अर्घस्थापन-

यसमा कर्ता भएर काम गर्ने यजमानले वा ब्राह्मण आचार्यले आसनमा बसेर आचमन गरीकन यथाशक्ति प्राणायाम गर्नू र आफ्नो अघिल्तिर दाहिनेपट्टि एउटा चोखो ठाउँमा कर्मपात्रको जल छर्केर त्यसको बीचमा बिन्दुसहितको त्रिकोण लेख्नू (तीन-कुने रेखी हाल्नू) र त्यसलाई वृत्त (बाटुलो रेखा) ले घेरेर त्यस

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



बाहिर वर्गाकार चौकोण (चारकुने) मण्डल बनाउनू । अनि त्यसमा–

'ॐ आधारशक्तये नमः'

( आधारशक्तिलाई नमस्कार )

भनेर फूल अक्षताहरू चडाउनू र त्रिकुटी थाली वा बोहोता चारकुनेहरू राखेर जल छम्कीकन अर्घपात्र थाप्नू । अनि त्यसमा–

ॐ गङ्गे च यमुने चैव गोदावरि सरस्वति ।
नर्मदे सिन्धु कावेरि जलेस्मिन् सन्निधिं कुरु ।।

(गङ्गा र यमुना फेरि गोदावरी सरस्वती ।)
नर्मदा सिन्धु कावेरी वस आई यहाँ सबै ।।)

भनेर जल हाल्नू र–

ॐ सर्वे समुद्राः सरितस्तीर्थानि जलदा नदाः ।
आयान्तु यजमानस्य दुरितक्षयकारकाः ।।

(सारा समुद्र र नदी तीर्थ छन् मेघ छन् जति ।
आऊन् यहाँ पापनाश गर्नालाई भए जति ।।)

भनेर अंकुशमुद्राले तीर्थहरूको आवाहन गरीकन ॐ-गङ्गादितीर्थेभ्यो नमः (गंगा आदि तीर्थलाई नमस्कार) भनेर पूजा गर्नू र कुशको टुक्रा चन्दन अक्षता फूल दूवो जउतिल सिँसउँ एवं फल पंचामृतहरू हाल्नू र अनि त्यसमा–

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



"ॐ वह्निमण्डलाय दशकलात्मने नमः ॥१॥'

(दशकलात्मक अग्निमंडललाई नमस्कार)

"ॐ सूर्यमण्डलाय द्वादशकलात्मने नमः ॥२॥"

(द्वादश (बाह्र) कलात्मक सूर्यमण्डललाइ नमस्कार)

"ॐ सोममण्डलाय षोडशकलात्मने नमः ॥३॥"

(षोडश (सोह्र) कलात्मक चन्द्रमण्डललाइ नमस्कार)

भनेर फूल अक्षताहरू चडाईकन पूजा गर्नू र प्रणवले दश पल्ट अभिमन्त्रण गर्नू । अनि 'वँ, भनेर धेनुमुद्राले अमृतीकरण गरेर शङ्खमुद्रा देखाउनू र मत्स्यमुद्राले आच्छादन गर्नू (ढाक्नू)। अनि त्यसबाट अलिकति जल लिएर सामग्रीहरूमा छर्कनू र सबैतिर पवित्र गराउनू ।

दीपपूजा–

यसमा पहिले फूल अक्षताहरू हातमा लिएर तलको मन्त्रले दीयोमा आवाहन गर्नू–

'ॐ दीपनारायण इह आगच्छ, इह तिष्ठ, मम (यजमानस्य वा) पूजां गृहाण, यावत् पूजां करोमि तावत् त्वं सुस्थिरो भव, सुप्रसन्नो भव, सुवरदो भव ।'

(हे दीपरूपी नारायण, यहाँ आऊ, यहाँ बस, मेरो (यजमानको)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



पूजा ग्रहण गर । मैले पूजा गरुञ्जेल सुस्थिर भएर रहू र प्रसन्न तथा वर दिने होऊ ।)

अनि–

ॐ नमोऽस्त्वनन्ताय सहस्रमूर्तये सहस्रपादाक्षिशिरोरुवाहवे ।
सहस्रनाम्ने पुरुषाय शाश्वते सहस्रकोटीयुगधारिणे नमः ।।

(हजार आँखा शिर हात पाउका हजार मूर्ती र हजार नाउंका ।
हजारकोटी युगका सनातन अनन्तमा गर्दछु यो प्रणाम म ।।)

भन्ने यो मन्त्र पढीकन–

ॐ कर्मसाक्षिणे दीपनारायणाय नमः ।

(कर्मसाक्षी दीपनारायणलाई नमस्कार)

भनेर जल चन्दन अक्षता फूल नैवेद्य भेटीहरू सब चढाएर पूजा गर्नू र हातमा फूल अक्षता लिएर तलको मन्त्रले प्रार्थना गर्नू–

ॐ शुभं भवतु कल्याणमारोग्यं सुखसम्पदः ।
सर्वदुःखविनाशाय दीपज्योतिर्नमोस्तु ते ।।

(शुभ कल्याण आरोग्य र हस्रोस् सुख सम्पति ।
दुःख हर्ने दीप तिमीलाई गर्छु म यो नति ।।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



## कलशस्थापन—

यसमा हातमा फूल अक्षताहरू लिएर पहिले तलको मन्त्रले भूमिमा छुनू—

ॐ भूरसि भूमिरस्यदितिरसि विश्वधाया विश्वस्य भुवनस्य धर्त्री ।
पृथिवीं यच्छ पृथिवीन्दृ ꣳ ह पृथिवीं मा हि ꣳ सीः ॥१॥

(हे पृथ्वीमाता तिमी सुखको भूमिस्वरूप छौ । देवताकी माता छौ, सारा विश्वको भरणपोषण गरेर तिनलाइ धारण गर्ने छौ । तिमी मलाइ ठाउँ देउ । त्यसलाइ दृढ गराउ र नबिगार)

अनि त्यसमा अष्टदल कमलको रेखी हालेर तलको मन्त्रले धानको चारकुने (वा) टपरी राख्नू—

ॐ धान्यमसि धिनुहि देवान्प्राणाय त्वोदानाय त्वा व्यानाय त्वा ।
दीर्घामनु प्रसितिमायुषे धान्देवो वः सविता हिरण्यपाणिः
प्रतिगृभ्णात्वच्छिद्रेण पाणिना चक्षुषे त्वा महीनां पयोसि॥२॥

(तिमी तृप्तिकारक धान हौ, त्यसकारण देवताहरूलाई तृप्त गराउ । तिमीमा प्राण उदान र व्यानहरूको संचारका निमित्त म संस्कार गर्दछु र आयुर्वृद्धिका निमित्त कृष्णसार मृगचर्ममा राख्दछु । हिरण्यपाणि भगवान् सविताले तिमीलाई छिद्ररहित हातले ग्रहण गरून् ॥)

यसपछि तलको मन्त्रले कलशलाई लिएर धानमाथि राख्नू-

ॐ आजिघ्र कलशं मह्या त्वा विशन्त्विन्दवः । पुनरूर्जा
निवर्तस्व सा नः सहस्रन्धुक्ष्वोरुधारा पयस्वती पुनर्मा
विशताद्रयिः ॥३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(हे गाईरूपी पृथिवी, तिमी यो कलश सूँघ । सोमहरूले तिमीमा प्रवेश गरून् र तिमी (अमृत) रसपूर्ण भएर हामीतिर आऊ । तिमी हामीलाई फेरि हजार गाई देऊ । हामीलाई फेरि दूधको खोलो बगाउने गोधन होस् ।।)

अनि त्यो कलशमा तलको मन्त्रले गङ्गाजलहरू हाल्नू–

ॐ वरुणस्योत्तम्भनमसि वरुणस्यस्कम्भसर्जनी स्थो वरुणस्य ऋतसदन्यसि वरुणस्य ऽऋतसदनमसि वरुणस्यऽऋतसदनमासीद ।।४।।

(तिमी वरुणका उत्तम्भक हौ, वरुणलाई अडयाउने हौ, वरुणका यज्ञको आसनी हौ, वरुणका यज्ञस्थान हौ, तिमी वरुणको यज्ञस्थानमा बस ।)

तलको मन्त्रले सर्वौषधिहरू[1] हाल्नू–

ॐ या ओषधीः पूर्वा जाता देवेभ्यस्त्रियुगं पुरा ।
मनैनु बभ्रूणामह ꣳ शतन्धामानि सप्त च ।।५।।

(जुन ओषधि (अन्नपात वनस्पति) हरू उहिले वसन्त आदि तीन ऋतुमा पहिले उत्पन्न भएका थिए, पाकेर पहेंलै भएका तिनका सयकडौं भेद र सातै जातको मलाई ज्ञान छ । (यी औषधिहरू कल्याणकारी होऊन् ।)

---

१. सर्वौषधि –

मुरा जटामसी बोझो कूट पत्थरकुंकुम ।
चुत्रो हलेदो कच्चूर चांप मोथे यथाक्रम ।।

मतान्तरमा चंपको सट्टा सर्स्यूं ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



**अनि तलको मन्त्रले पंचरत्न[1] हाल्नू–**

ॐ हिरण्यगर्भः समवर्तताग्रे भूतस्य जातः पतिरक आसीत् ।
स दाधार पृथिवीन्द्यामुतेमां कस्मै देवाय हविषाविधेम ।।

**(अघि प्राणीमात्रका जन्मसिद्ध स्वामी हिरण्यगर्भ उत्पन्न भए । उनले यो पृथ्वीसहित तीन त्रिलोकको धारण गरे । हामी उनै प्रजापतिलाई हवि अर्पण गर्दछौं ।।)**

**अनि तलको मन्त्रले फलफूल (सिंगो सुपारी वा अमला वयरहरू) हाल्नू–**

ॐ याः फलिनीर्या अफला अपुष्पा याश्च पुष्पिणीः ।
बृहस्पतिप्रसूतास्ता नो मुञ्चन्त्व ᳚ हसः ।।७।।

**(फल लाग्ने नलाग्ने, फूल फुल्ने नफुल्ने, जति ओषधि अर्थात् अन्नपात जडीबूटीहरू छन्, तिनले बृहस्पतिको प्रेरणाले हामीलाई पापबाट मुक्त गरून् )**

**तलको मन्त्रले जड हाल्नू–**

ॐ ओषधयः समवदन्त सोमेन सह राज्ञा ।
यस्मै कृणोति ब्राह्मणस्त ᳚ राजन्पारयामसि ।।८।।

---

१. पञ्चरत्न–

सून, चांदी, मुंगा, मोती, राजावर्त यथाक्रम ।

मतान्तरमा –

सून, हीरा, पद्मराग, नीर, मोती, यथाक्रम ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(ओषधिहरूले आफ्ना राजा सोमसंग कुरा गरेर भने– 'हे राजा, ब्राह्मणले जसलाई हाम्रो (जराहरूको) औषधि गर्दछन् त्यसलाई हामी पार लगाउँछौं ।' )

तलको मन्त्रले गन्ध (श्रीखण्ड चन्दनहरू )हाल्नू–

ॐ गन्धद्वारां दुराधर्षां नित्यपुष्टां करीषिणीम् ।
ईश्वरीं सर्वभूतानां तामिहोपह्वये श्रियम् ॥९॥

(गन्धद्वारा जानिने, दुराधर्ष, वनस्पतिले र गाइवस्तुले सँधै परिपूर्ण, गोमयवती, सकल प्राणीहरूकी अधिष्ठात्री पृथिवी-स्वरूप ती लक्ष्मीको म यहाँ आवाहन गर्दछु । अर्थात् यो सुगन्ध-द्वारा लक्ष्मीले यसमा वास गरून् ॥)

तलको मन्त्रले दूवो हाल्नू–

ॐ काण्डात्काण्डात्प्ररोहन्ती परुषः परुषस्परि ।
एवा नो दूर्वे प्रतनु सहस्रेण शतेन च ॥१०॥

(हे दूवो, जस्तो तिमी डाँठडाँठबाट आँख्लाआँख्लाबाट टुसाएर पलाएर सयकडौं हजारौं बन्दछौ त्यस्तै हामीलाई पनि गराऊ ।)

तलको मन्त्रले सप्तमृत्तिका[१] (सात ठाउँको चोखो माटो)[१] हाल्नू–

१. सप्तमृत्तिका– "तबेला गोठ बल्मीक हात्तीसार चतुष्पथ ।
राजद्वारा र दोभानबाट मातो लिनू शुभ ॥"
मतान्तरमा- रह (दह) बाट पनि माटो लिनू भन्ने छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ॐ स्योनः पृथिवि नो भवानृक्षरा निवेशनी ।
यच्छा नः शर्म सप्रथाः ॥११॥

(हे पृथिवी, तिमी हाम्रो लागि निष्कण्टक, बस्न सजिलो एवं फराकिलो भएर सुखस्वरूपा भइदेऊ र हामीलाई शरण (आश्रय) दिने होऊ ।)

तलको मन्त्रले कलशको मुखमा पंचपल्लव[1] राखिदिनू–

ॐ अश्वत्थे वो निषदनं पर्णे वो वसतिष्कृता ।
गोभाज इतिकलासथ यत्सनवथ पूरुषम् ॥१२॥

(हे ओषधि हो, तिमीहरूको स्थान पीपलमा र बसाइ पातमा गरिएको छ । तिमीहरू अन्नआदिद्वारा पुरुष (यजमान) को सेवा गर्ने हुनाले पृथ्वीमै बस्ने होओ)

अनि तलको मन्त्र पढेर जोर वस्त्रले कलशलाई बेह्रिदिनू–

ॐ बृहस्पते ऽअति यदर्यो ऽअर्हाद्द्युमद्विभातिक्रतुमज्जनेषु ।
यद्दीदयच्छवस ऽऋत प्रजा तदस्मासु द्रविणन्धेहि चित्रम् ।
उपयाम गृहीतोसि बृहस्पतये त्वैषते योनिर्बृहस्पतये त्वा ॥१३॥

(ब्रह्मबाट निस्केका, वेदका पालक हे बृहस्पति, जुन धनलाई धनी धन मान्दछ, जुन द्युतियुक्त र यज्ञशाली भएर

---

१. पञ्चपल्लव–"वर पीपल डुम्री र पाखरी आंप चांपको ।
पात राख संगै हुन्छ 'पंचपल्लव' नामको ।।"

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



लोकमा रहन्छ, जुन आफ्ना बलले अरूसमेत दिलाउँछ, त्यस्तो विचित्रको सर्वातिशायी धन हामीलाई जुटाइदेउ । तिम्री पात्रमा लिइएका छौ, हे पात्र (वस्त्र) तिमीलाई बृहस्पतिका निम्ति ग्रहण गर्दछु । यो तिम्रो स्थान हो । बृहस्पतिका निम्ति तिमीलाई यहाँ राख्तछु (यी वस्त्र हाम्रो कल्याणगर्ने होऊन् ।।)

यसपछि हातमा फूल अक्षताहरू लिनू र कलशको मुखमा छोएर पहिले तलको मन्त्र पढ्नू–

ॐ तत्वा यामि ब्रह्मणा वन्दमानस्तदाशास्ते यजमानो हविर्भिः ।
अहेडमानो वरुणेह वोध्युरुश ६ समान ऽ आयुः प्रमोषीः।।१४।।

(हे वरुण, यजमान हविहरू अर्पण गरेर तपाइँसितबाट जुन कुराको कामना गर्दछन् तिनको त्यो कामना पूर्ण गरिदिनुहोस भनेर म वेदमन्त्रले स्तुति गर्दै तपाइँसंग अनुरोध गर्दछु । बेसरी स्तुति गरिने हे उरुशंस, तपाइँले न रिसाईकन आशय बुझिदिनुभएर हाम्रो आयु खण्डित नगरिदिनुहोला ।।)

अनि–

'ॐ साङ्ग सपरिवार वरुण इह आगच्छ इह तिष्ठ मम (यजमानस्य वा) पूजां गृहाण यावत् पूजां करोमि तावत् त्वं सुस्थिरो भव सुप्रसन्नो भव सुवरदो भव'

(अङ्ग परिवार सहितका हे वरुण जी, यहाँ आउनुहोस, यहाँ बस्नुहोस, मेरो (अथवा यजमानको) पूजा ग्रहण गर्नुहोस

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



र हामीले पूजा गरुन्जेल सुस्थिर, प्रसन्न र वर दिने भएर बसिदिनुहोस् ।)

भनेर कलशमा अङ्गपरिवारसहितका, हातमा नागपाश लिएका, सूनको गहना लाएका श्वेतवर्णका सौम्यमूर्ति मकरवाहन जलपति वरुणको आवाहन गर्नू र अनि–

इदम् आसनं, पाद्यम्, अर्घ्यम्, आचमनीयम्, पंचामृतस्नानम्, शुद्धोदकस्नानम्, वस्त्रम्, गन्धम्, अक्षतान्, सिन्दूरम्, यवतिलान्, पुष्पं, माल्यं, धूपं दीपं नैवेद्यं ताम्बूलं द्रव्याभरणादीनि च समर्पयामि– 'ॐ साङ्गाय सपरिवाराय सायुधाय सवाहनाय स्वशक्तिसहिताय वरुणाय नमः'

(यो आसन, पाउधुने जल, अर्घको (हातधुने) जल, आचमन गर्ने जल, पंचामृतको स्नान, शुद्धजलको स्नान, वस्त्र, चन्दन, अक्षता, सिंदूर अबीर, जउतिल, फूल माला, धूप, दीप, नैवेद्य, फलफूल पान मसला भेटी आभूषण आदि चढाउँछु–
अङ्ग परिवार आयुध वाहन र शक्ति सहितका वरुणलाई नमस्कार)

भनेर जोसकेको उपचारले पूजा गर्नू र हातमा चन्दन अक्षता फूलहरू लिएर तलको मन्त्रले प्रार्थना गर्नू–

'वरुण त्वं महाभाग सर्वदेवप्रपूजित ।
वितते मम यज्ञेस्मिन्नविघ्नं कुरु सर्वदा ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(हे महाभाग वरुण सर्वदेवप्रपूजित ।
यो यज्ञोत्सवमा मेरो हर विघ्नहरू सब ।।)

अनि हातमा फूल अक्षताहरू लिएर तलको मन्त्रले कलशमा गङ्गा आदि तीर्थहरूको आवाहन गर्नू र पूजा गर्नू–

ॐ सर्वे समुद्राः सरितस्तीर्थानि जलदा नदाः ।
आयान्तु यजमानस्य दुरितक्षयकारकाः ।।

(सारा समुद्र र नदी तीर्थ छन् मेघ छन् जति ।
आऊन् यहाँ पापनाश गर्नालाई भए जति ।।)

ॐ गङ्गादिसकलतीर्थेभ्यो नमः

(गङ्गा आदि सबै तीर्थलाई नमस्कार)

यसपछि तलको मन्त्रले कलशमा छोएर अभिमन्त्रण गर्नू–

ॐ कलशस्य मुखे विष्णुः कण्ठे रुद्रः समाश्रितः ।
मूले त्वस्य स्थितो ब्रह्मा मध्ये मातृगणाः स्मृताः ।।
कुक्षौ तु सागराः सप्त सप्तद्वीपा वसुन्धरा ।
ऋग्वेदोथ यजुर्वेदः सामवेदोप्यथर्वणः ।।
अङ्गैश्च सहिताः सर्वे कलशन्तु समाश्रिताः ।।

(विष्णु छन् मुखमा तिम्रा घाँटीमा रुद्र आश्रित ।
पींधमा छन् सदा ब्रह्मा बीचमा मातृका स्थित ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



पृथ्वी छन् पेटमा सप्तद्वीपसागरसंयुत ।
ऋक् यजुः साम र अथर्व चारै वेद विश्रुत ।।
अङ्गोपाङ्गयुक्त सारा तिमीमै छन् समाश्रित ।।)

**अनि तलको मन्त्रले कलशको प्रार्थना गर्नू–**

ॐ देवदानवसंवाधे मथ्यमाने महोदधौ ।
उत्पन्नोसि तदा कुम्भ विधृतो विष्णुना स्वयम् ।।
त्वत्तोये सर्वतीर्थानि देवाः सर्वे त्वयि स्थिताः ।
त्वयि तिष्ठन्ति भूतानि त्वयि प्राणाः प्रतिष्ठिताः ।।
शिवः स्वयं त्वमेवासि विष्णुस्त्वं च प्रजापतिः ।
आदित्या वसवो रुद्रा विश्वेदेवाः सपितृकाः ।।
त्वयि तिष्ठन्ति सर्वेपि यतः कामफलप्रदाः ।
त्वत्प्रसादादिमां पूजां कर्तुमीहे जलोद्भव ।।
सान्निध्यं कुरु देवेश प्रसन्नो भव सर्वदा ।।

(देवदानव साराले मिली मथ्दा महोदधि ।
निस्केका हौ कुम्भ ! तिमी विष्णुका बाहुमा बसी ।।
तीर्थ छन् जलमा तिम्रा देवता छन् अवस्थित ।
गर्दछन् कामना पूरा भई सारा उपस्थित ।।
तिमीमै छन् पञ्चभूत पञ्च प्राण प्रतिष्ठित ।
तिमी शिव तिमी विष्णु तिमी नै हौ प्रजापति ।।
आदित्य रुद्र र वसु विश्वेदेव तथा पितृ ।
तिमीमै बसतछन् सारा इच्छाफल दिने जति ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



तिम्रै प्रसाद पाएर पूजा यो गर्न खोज्दछु ।
सान्निध्य गर देवेश खुशी होऊ म भन्दछु ।।)

इति

गणेश पूजा–

यसमा कतलि आसनमा बसेर आचमन गरीकन तीन टुक्रा कुश सहित कर्मपात्रको जल लिएर पहिले तल लेखिए अनुसार एउटा संकल्प गर्नू–

हरिः ॐ तत्सत् इत्यादि । अद्येह ... गोत्रः ... प्रवरः ... शर्मा (... वर्मा वा) अहं मम (मद्यजमानस्य वा) प्रारिप्सित ... कर्म-निर्विघ्नपरिसमाप्त्यर्थं तत्पूर्वाङ्गत्वेन यथामिलितोपचारैः श्रीगणपतिपूजनं करिष्ये ।

(आज यहाँ ... गोत्र ... प्रवर र ... नामको म, मेरो (अथवा मेरा यजमानको) गर्न आँटेको ... कर्म निर्विघ्न समाप्त हओस् भन्नाको लागि त्यसको पूर्वाङ्गको रूपमा जो जुटेको उपचारले श्रीगणेशजीको पूजा गर्दछु ।)

अनि भूईंमा अष्टदल कमलको रेखी हालीकन त्यसमाथि चामलको चारकुने टपरी वा थालीहरू राख्नू र हातमा फूल अक्षताहरू लिएर पहिले तल लेखिए अनुसार पूर्वादिक्रमले त्यसको (वरिपरि) पीठपूजा गर्नू –

ॐ तीव्रायै नमः (तीव्रालाई नमस्कार) । ॐ ज्वालिन्यै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



नमः **(ज्वालिनीलाई नमस्कार)** । ॐ नन्दायै नमः **(नन्दालाई नमस्कार)** । ॐ भोगदायै नमः **(भोगदालाई नमस्कार)** । ॐ कामरूपिण्यै नमः **(कामरूपिणीलाई नमस्कार)**। ॐ उग्रायै नमः **(उग्रालाई नमस्कार)** । ॐ तेजोवत्यै नमः **(तेजोवतीलाई नमस्कार)** । ॐ सत्यायै नमः **(सत्यालाई नमस्कार)** । **माझमा** – ॐ विघ्नविनाशिन्यै नमः । **(विघ्नविनाशिनीलाई नमस्कार)** ॐ सर्वशक्तिकमलासनाय नमः **(सर्वशक्तिकमला–सनलाई नमस्कार)**

**अनि यसपछि पहिले तल लेखिए अनुसार गणेशको ध्यान गर्नू–**

"ॐ एकदन्तं शूर्पकर्णं गजवक्त्रं चतुर्भुजम् ।
पाशाङ्कुशधरं देवं ध्यायामि श्रीगणाधिपम् ।।"

**(नाङ्ले कान एकदन्त हात्तीमुख चतुर्भुज ।
पाशो र अङ्कुशी भिर्ने संझन्छु श्रीगणेश म ।।)**

**अनि अघि थापेको चारकुने वा थालीको बीचमा सिंगो सुपारीहरू राखेर त्यसमा फूलअक्षताहरूले छोएर तलका मन्त्रले श्रीगणेशजीको आवाहन गर्नू –**

ॐ गणानान्त्वा गणपति ँ हवामहे प्रियाणान्त्वा प्रिय-
पति ँ हवामहे निधीनान्त्वा निधिपति ँ हवामहे
वसो मम । आहमजानि गर्भधमात्वमजासि गर्भधम् ।।

**(गणहरूका गणपति, प्रियहरूका प्रियपति, निधि (सुखको**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



**खानि) हरूका निधिपति स्वरूप हे गणेशजी, तपाईंको म आवाहन गर्दछु ।)**

ॐ भूर्भुवः स्वः गणपते सिद्धिबुद्धिसहितः साङ्गः सपरिवारः सायुधः सवाहन इह आगच्छ इह तिष्ठ मम (मद्यजमानस्य वा) पूजां गृहाण, यावत् पूजां करोमि तावत् त्वं सुस्थिरो भव सुप्रतिष्ठितो भव सुप्रसन्नो भव सुवरदो भव ।

**(हे गणेशजी, सिद्धि बुद्धि अङ्ग परिवार आयुध र वाहन सहित यहाँ आउनुहोस्, यहाँ बस्नुहोस्, मेरो (अथवा मेरो यजमानको) पूजा ग्रहण गर्नुहोस्, मैले पूजा गरून्जेल तपाईं यहाँ सुस्थिर भएर बसिदिनुहोस् सुप्रतिष्ठित हुनुहोस् र प्रसन्न एवं वर दिने हुनुहोस् ।)**

**अनि तल लेखिए अनुसार मन्त्र पढेर क्रमैसित जो सकेको उपचारले पूजा गर्नू –**

ॐ आसनं समर्पयामि साङ्गाय सपरिवाराय सायुधाय सवाहनाय सिद्धिबुद्धिसहिताय मङ्गलमूर्तये श्रीगणाधिपतये नमः'

**(आसन चढाउँछु– अङ्ग परिवार आयुध वाहन र सिद्धिबुद्धि सहितका मङ्गलमूर्ति श्रीगणेशजीलाई नमस्कार ।)**

ॐ पाद्यं समर्पयामि० श्रीगणाधिपतये नमः
**(पाउ धुने जल चढाउँछु ,, श्रीगणेशजीलाई नमस्कार)**

ॐ अर्घ्यं समर्पयामि० श्रीगणाधिपतये नमः
**(हात धुने जल चढाउँछु ,, श्रीगणेशजीलाई नमस्कार)**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ॐ आचमनीयं० श्रीगणाधिपतये नमः
(**आचमन गर्ने जल ,, श्रीगणेशजीलाई नमस्कार**)

ॐ पञ्चामृतस्नानं० श्रीगणाधिपतये नमः
(**पञ्चामृतको स्नान ,, श्रीगणेशजीलाई नमस्कार**)

ॐ शुद्धोदकस्नानं० श्रीगणाधिपतये नमः
(**शुद्ध जलको स्नान ,, श्रीगणेशजीलाई नमस्कार**)

ॐ वस्त्रं समर्पयामि० श्रीगणाधिपतये नमः
(**वस्त्र चढाउँछु ,, श्रीगणेशजीलाई नमस्कार**)

ॐ यज्ञोपवीतं० श्रीगणाधिपतये नमः
(**जनै चढाउँछु ,, श्रीगणेशजीलाई नमस्कार**)

ॐ गन्धं (चन्दनं)० श्रीगणाधिपतये नमः
(**चन्दन चढाउँछु ,, श्रीगणेशजीलाई नमस्कार**)

ॐ अक्षतान्० श्रीगणाधिपतये नमः
(**अक्षता चढाउँछु ,, श्रीगणेशजीलाई नमस्कार**)

ॐ सिन्दूरं समर्पयामि० श्रीगणाधिपतये नमः
(**सिंदूर अबीर चढाउँछु ,, श्रीगणेशजीलाई नमस्कार**)

ॐ यवतिलान्० श्रीगणाधिपतये नमः
(**जउतिल चढाउँछु ,, श्रीगणेशजीलाई नमस्कार**)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ॐ पुष्पाणि समर्पयामि० श्रीगणाधिपतये नमः

**(फूलहरू चढाउँछु ,, श्रीगणेशजीलाई नमस्कार)**

ॐ माल्यं समर्पयामि० श्रीगणाधिपतये नमः

**(माला चढाउँछु ,, श्रीगणेशजीलाई नमस्कार)**

ॐ आभूषणादिकं ० श्रीगणाधिपतये नमः

**(आभूषणहरू चढाउँछु ,, श्रीगणेशजीलाई नमस्कार)**

ॐ धूपं समर्पमामि साङ्गाय सपरिवाराय सायुधाय सवाहनाय सिद्धिबुद्धिसहिताय मङ्गलमूर्तये श्रीगणाधिपतये नमः

**(धूप चढाउँछु ,, श्रीगणेशजीलाई नमस्कार)**

ॐ दीपं समर्पयामि० श्रीगणाधिपतये नमः

**(बत्ती चढाउँछु ,, श्रीगणेशजीलाई नमस्कार)**

ॐ मोदकादिसहितं नैवेद्यं समर्पयामि ० श्रीगणाधिपतये नमः

**(लड्डू (कसार) हरू
सहितको नैवेद्य चडाउंछु ,, श्रीगणेशजीलाई नमस्कार)**

ॐ इक्षुखण्डादिफलं समर्पयामि० श्रीगणाधिपतये नमः

**(उखु आदि फल चढाउँछु ,, श्रीगणेशजीलाई नमस्कार)**

ॐ आचमनीयं जलं समर्पयामि० श्रीगणाधिपतये नमः

**(आचमनार्थ जल चढाउँछु ,, श्रीगणेशजीलाई नमस्कार)**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ॐ करोद्वर्तनकं समर्पयामि० श्रीगणाधिपतये नमः

**(करोद्वर्तन चढाउँछु ,, श्रीगणेशजीलाई नमस्कार)**

ॐ ताम्बूलं समर्पयामि० श्रीगणाधिपतये नमः

**(पान मसला चढाउँछु ,, श्रीगणेशजीलाई नमस्कार)**

ॐ दक्षिणार्थं द्रव्यं समर्पयामि० श्रीगणाधिपतये नमः

**(भेटी चढाउँछु ,, श्रीगणेशजीलाई नमस्कार)**

**यति भए पछि**

ॐ काण्डात्काण्डात्प्ररोहन्ती परुषः परुषस्परि ।
एवा नो दूर्वे प्रतनु सहस्रेण शतेन च ॥

**(हे दूवो जस्तो तिमी डाँठडाँठबाट आँख्लाआँख्लाबाट पलाएर सयकडौं हजारौं बन्दछौ त्यस्तै हामीलाई पनि गराऊ ॥)**

**भनेर एकमूठी दूवो लिनू र–**

**अनि तलका मन्त्रले मन्त्रै पिच्छे चन्दन अक्षता सहित एकौटा दूवोको मुण्टो चढाएर पूजा गर्नू –**

(१) ॐ गणाधिप नमस्तेस्तु–

**( हे गणाधिप तिमीलाई नमस्कार)**

(२) ॐ उमापुत्र नमोस्तु ते–

**(हे उमापुत्र तिमीलाई नमस्कार)**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(३) ॐ अघनाशन नमस्तेस्तु–

(हे पापनाशन तिमीलाई नमस्कार)

(४) ॐविनायक नमोस्तु ते–

(हे विनायक तिमीलाई नमस्कार)

(५) ॐ ईशपुत्र नमस्तेस्तु–

(हे ईश्वरपुत्र तिमीलाई नमस्कार)

(६) ॐ सर्वसिद्धिप्रदायक नमोस्तु ते–

(हे सर्वसिद्धिदाता तिमीलाई नमस्कार)

(७) ॐ एकदन्त नमस्तेस्तु–

(हे एकदन्त तिमीलाई नमस्कार)

(८) ॐ इभवक्त्र नमोस्तु ते–

( हेगजवक्त्र तिमीलाई नमस्कार)

(९) ॐ मूषकवाहन नमस्तेस्तु–

(हे मूषकवाहन तिमीलाई नमस्कार)

(१०) ॐ मोदकप्रिय नमस्तेस्तु–

(हे लड्डू (कसार) मन पराउने तिमीलाई नमस्कार)

(११) ॐ कुमारगुरवे तुभ्यं नमोस्तु–

(हे कुमारजीका दाजु तिमीलाई नमस्कार)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(१२) ॐ चतुर्थीश नमोस्तु ते–

(हे चतुर्थीका स्वामी तिमीलाई नमस्कार)

यसपछि हातमा एउटा सिंगो नरिवल वा फल लिएर गणेशजीको अघिल्तिर राखिदिनू र तलको मन्त्रले हात जोडेर प्रार्थना गर्नू –

ॐ इदं फलं मया देव स्थापितं पुरतस्तव ।
तेन मे सुफलावाप्तिर्भवेज्जन्मनि जन्मनि ।।

(चढाएं फल यो मैले तपाईंको अघिल्तिर ।
सुफल प्राप्ति होस् यसले मेरो सारा जनम्भर ।।)

अनि आरतीमा कपूर बत्तीहरू बालेर तलको मन्त्रले घुमाउँदै नीराजन गर्नू–

ॐ चन्द्रादित्यौ च धरणी विद्युदग्निस्तथैव च ।
त्वमेव सर्वज्योतींषि तेन नीराजयाम्यहम् ।।

(चन्द्र सूर्य तथा पृथ्वी विजुली अग्नि यी सब ।
तिमी नै छौ सर्वज्योति गर्दछु आरती अब ।।)

अनि तलको मन्त्र पढ्दै जलले घुमाएर तीन पल्ट प्रदक्षिणा गर्नू –

ॐ यानि कानि च पापानि जन्मान्तरकृतानि च ।
तानि सर्वाणि नश्यन्तु प्रदक्षिणपदे पदे ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(जति जो छन् पाप मेरा अरू नै जन्मका पनि ।
पाइला पाइलामा ती नाश होऊन् सबै यहीं) ।।

यस पछि हातमा फूलअक्षताहरू लिएर तलका स्तोत्र र मन्त्रहरूले पुष्पाञ्जलि चढाउनू –

ॐ सुमुखश्चैकदन्तश्च कपिलो गजकर्णकः ।
लम्बोदरश्च विकटो विघ्ननाशो विनायकः ।

धूम्रकेतुर्गणाध्यक्षो भालचन्द्रो गजाननः ।
द्वादशैतानि नामानि यः पठेच्छृणुयादपि ।।

विद्यारम्भे विवाहे च प्रवेशे निर्गमे तथा ।
संग्रामे संकटे चैव विघ्नस्तस्य न जायते ।।

(सुमुख र एकदन्त कपिल गजकर्णक ।
लम्बोदर र विकट विघ्ननाश विनायक ।।

धूम्रकेतु गणाध्यक्ष भालचन्द्र गजानन ।
यी बाह्र नाम जसले भन्ला सुन्ला गणेशको ।।

विद्या थाल्दा विहा गर्दा घरपस्ता र निस्कंदा ।
लडाइंमा संकटमा विघ्न पर्दैन काजमा ।।)

ॐ विघ्नबल्लीकुठाराय श्रीगणाधिपतये नमः

(विघ्नरूपी लहरोका बञ्चरोस्वरूप श्रीगणेशजीलाई नमस्कार ।।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ॐ इमानि पुष्पाणि मनोहराणि सुरासुराणामपि दुर्लभानि ।
कल्पद्रुमादिद्रुमवल्लिजानि पुष्पाञ्जलिं तेऽद्य समर्पयामि ।।

(यी कल्पवृक्षादिकमा फुलेका र देवतालाई पनि अलभ्य ।
राम्रा लिई फूल हजूरलाई पुष्पाँजली आज चढाउँछू म ।।

**अनि तलको मन्त्रले नमस्कार गरेर प्रार्थना गर्नू –**

ॐ अविरलमदजलनिबहं भ्रमरकुलानीकसेवितकपोलम् ।
अभिमतफलदातारं कामेशं गणपतिं वन्दे ।।

(तपतप मद चुहिरहने कपोलमा भ्रमर झुम्मिई रहने ।
अभिमत फलका दाता गणेशलाई नमस्कार ।।

**प्रार्थना–**

ॐ वक्रतुण्ड महाकाय कोटिसूर्यसमप्रभ ।
अविघ्नं कुरु मे देव सर्वकार्येषु सर्वदा ।।

(सूंड बाङ्गो देह ठूलो कोटिसूर्यसमानका ।
गणेश गर्नुहोस् मेरो निर्विघ्न सब काममा ।।)

इति

**यस पछि ग्रहशान्ति छुट्टै नगरिने भए हातमा फूल अक्षता-हरू लिएर कलशैमा तल लेखिए अनुसारका गणपति आदि वनस्पति सम्म का र आफ्ना इष्टदेवता कुलदेवताहरू समेतको आवाहन गरेर नाममन्त्रले पूजा गर्नू । यसमा पहिले –**

ॐ भूर्भुवः स्वः साङ्गाः सपरिवाराः सायुधाः सवाहनाः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



गणपतिसूर्यदेवीशिवविष्णवः पञ्चायतनदेवताः इह आगच्छन्तु इहतिष्ठन्तु सुप्रतिष्ठिता वरदा भवन्तु ।

**(अङ्ग परिवार आयुध वाहन सहितका हे गणपति सूर्य देवी शिव विष्णु पाञ्चायन देवता, यहाँ आउनुहोस् यहाँ बस्नुहोस्, सुप्रतिष्ठित तथा वर दिने हुनुहोस् ।)**

**भन्नू र अनि –**

ॐ गणपत्यादिपाञ्चायनेभ्यो (पञ्चायतनदेवताभ्यो) नमः

**(गणपति आदि पाञ्चायन देवतालाई नमस्कार) ।।१।।**

**भनेर जो सकेको उपचारले पूजा गर्नू –**

**अनि त्यसै गरी क्रमैसंग –**

ॐ विनायकदुर्गावाय्वाकाशाऽश्विनीकुमाराः पञ्चलोकपालाः इह आगच्छन्तु इह तिष्ठन्तु सुप्रतिष्ठिता वरदा भवन्तु–

ॐ विनायकादिपञ्चलोकपालेभ्यो नमः ।

**(विनायक दुर्गा वायु आकाश अश्विनीकुमार रूप हे पाँच लोकपालहो यहाँ आउनुहोस् यहाँ बस्नुहोस्, सुप्रतिष्ठित र वरदिने हुनुहोस्–विनायक आदि पञ्चलोकपाललाई नमस्कार)** २

ॐ सूर्यसोमभौमबुधबृहस्पतिशुक्रशनिराहुकेतवो नवग्रहाः इह आगच्छन्तु इह तिष्ठन्तु०–

ॐ सूर्यादिनवग्रहेभ्यो नमः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



**(सूर्य, चन्द्र, मङ्गल, बुध, बृहस्पति, शुक्र, शनैश्चर, राहु, केतुरूप हे नव ग्रहदेवता हो यहाँ आउनुहोस यहाँ बस्नुहोस्०— 'सूर्य आदि नवग्रह देवतालाई नमस्कार, ।)** ॥३॥

ॐ ईश्वरोमास्कन्दहरिब्रह्मेन्द्रयमकालचित्रगुप्ता नवाधिदेवता इह आगच्छन्तु इहतिष्ठन्तु०—

ॐ ईश्वराद्यधिदेवेभ्यो नमः ।

**(ईश्वर उमा स्कन्द हरि ब्रह्मा इन्द्र यम काल चित्रगुप्त रूप हे अधिदेवता हो यहाँ आउनुहोस् यहाँ बस्नुहोस्०— 'ईश्वर आदि अधिदेवतालाई नमस्कार, ।)** ॥४॥

ॐ अग्न्यब्भूमिविष्णिवन्द्रेन्द्राणीप्रजापतिसर्पब्रह्माणः प्रत्यधिदेवता इह आगच्छन्तु इह तिष्ठन्तु०—

ॐ अग्न्यादिप्रत्यधिदेवेभ्यो नमः ।

**(अग्नि अप् (जल) पृथिवी विष्णु इन्द्र इन्द्राणी प्रजापति सर्प ब्रह्मा स्वरूप हे प्रत्यधिदेवता हो यहाँ आउनुहोस् यहाँ बस्नुहोस्०— 'अग्नि आदि प्रत्यधिदेवतालाई नमस्कार, ।)** ॥५॥

ॐ इन्द्राग्नियमनिर्ऋतिवरुणवायुसोमेशानब्रह्मानन्ता दशदिक्पाला इह आगच्छन्तु इह तिष्ठन्तु०—

ॐ इन्द्रादिदशदिक्पालेभ्यो नमः ।

**(इन्द्र अग्नि यम निर्ऋति वरुण वायु सोम ईशान ब्रह्मा र अनन्तस्वरूप हे दश दिक्पाल हो यहाँ आउनुहोस् यहाँ बस्नुहोस्०— 'इन्द्र आदि दश दिक्पाललाई नमस्कार, ।)** ॥६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ॐ ध्रुवाद्यष्ठवसव इह आगच्छन्तु इह तिष्ठन्तु०–
'ॐ ध्रुवाद्यष्टवसुभ्यो नमः' ।

(हे ध्रुव आदि अष्ट वसु हो यहाँ आउनुहोस् यहाँ बस्नुहोस्०– 'ध्रुव आदि अष्ट वसुलाई नमस्कार, ।) ॥७॥

ॐ धात्रादिद्वादशादित्या इह आगच्छन्तु इह तिष्ठन्तु०–
'ॐ धात्रादिद्वादशादित्येभ्यो नमः ।'

(हे धाता आदि बाह्र आदित्य हो यहाँ आउनुहोस् यहाँ बस्नुहोस्०– धाता आदि बाह्र आदित्यलाई नमस्कार) ॥८॥

ॐ वीरभद्राद्येकादशरुद्रा इह आगच्छन्तु इह तिष्ठन्तु०–
'ॐ वीरभद्राद्येकादशरुद्रेभ्यो नमः ।

(हे वीरभद्र आदि एघार रुद्रहरू हो यहाँ आउनुहोस् यहाँ बस्नुहोस्०– वीरभद्र आदि एघार रुदहरूलाई नमस्कार । ॥९॥

ॐ गौर्यादिषोडशमातर इह आगच्छन्तु इह तिष्ठन्तु०–
'ॐ गौर्यादिषोडशमातृभ्यो नमः ।

(हे गौरी आदि सोह्र मातृका हो यहाँ आउनुहोस् यहाँ बस्नुहोस्०–'गौरी आदि सोह्र मातृकाहरूलाई नमस्कार।') ॥१०॥

ॐ आवहादिसप्तमरुत इह आगच्छन्तु इह तिष्ठन्तु०–
'ॐ आवहादिसप्तमरुद्भ्योनमः ।'

(हे आवहआदि सात मरुद्गण हो यहाँ आउनुहोस् यहाँ बस्नु होस्– 'आवह आदि सात मरुत्हरूलाई नमस्कार' ।) ॥११॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ॐ विनायकब्रह्मविष्णुरुद्रार्कवनस्पतय इह आगच्छन्तु इह तिष्ठन्तु सुप्रतिष्ठिता वरदा भवन्तु–

'ॐ विनायकब्रह्मविष्णुरुद्रार्कवनस्पतिभ्यो नमः ।'

**(हे विनायक ब्रह्मा विष्णु रुद्र अर्क वनस्पति देवता हो यहाँ आउनुहोस् यहाँ बस्नुहोस् सुप्रतिष्ठित र वर दिने हुनुहोस्– विनायक ब्रह्मा विष्णु रुद्र अर्क र वनस्पति देवताहरूलाई नमस्कार ।) ॥१२॥**

**यति भनेर गणपतिदेखि वनस्पतिसम्मका देवताहरूको आवाहन गर्नू र अनि–**

इदम् आसनं पाद्यम् अर्घ्यम् आचमनीयं स्नानीयं पंचामृतस्नानं शुद्धोदकस्नानं वस्त्रं गन्धं (चन्दनम्) अक्षतान् सिन्दूरं यवतिलान् पुष्पाणि धूपं दीपं नैवेद्यं फलानि ताम्बूलादिकं द्रव्यं पुनराचमनीयं च समर्पयामि–

ॐ गणपत्यादिवनस्पत्यन्तदेवताभ्यो नमः ।

**(यो आसन, पाउ धुने जल, अर्घको (बाहुली धुने) जल, आचमन गर्ने जल, स्नान गर्ने जल, पञ्चामृत स्नान, शुद्ध जलको स्नान, वस्त्र, चन्दन, अक्षता, सिंदूर, अबीर, जउतिल, फूल, धूप, बत्ती, नैबेद्य, फलफूल, पान, मसला, भेटी र फेरि आचमन गर्ने जल चढाउँछु– 'गणपतिदेखि वनस्पतिसम्मका देवताहरूलाई नमस्कार ।)**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



**भनेर जो भएको उपचारले पूजा गर्नू र फेरि त्यसैमा।–**

ॐ इष्टदेवतायै नमः (**इष्टदेवतालाई नमस्कार**)
ॐ कुलदेवतायै नमः ( **कुलदेवतालाई नमस्कार**)

**भनेर आफ्ना इष्टदेवता र कुलदेवतालाई पनि पूजा गर्नू र धूपवत्ती नैवेद्य भेटीहरू चडाउनू ।**

**यसरी कलशमा यथायोग्य देवताहरूको पूजा गरिसकेपछि हातमा फूल अक्षताहरू लिएर तलका मन्त्रले प्रार्थना गर्नू र चढाइदिनू–**

ॐ ब्रह्मा मुरारिस्त्रिपुरान्तकारी भानुः शशी भूमिसुतो बुधश्च ।
गुरुश्च शुक्रः शनिराहुकेतवो नवग्रहाः शान्तिकरा भवन्तु ।।

**(ब्रह्मा [1]मुरारि [2]त्रिपुरारि सूर्य र चन्द्रमा मङ्गल [3]चन्द्रपुत्र । [4]गुरू र शुक्र [5]शनि राहु केतु नव ग्रहै शान्ति दिने हऊन् र ।।)**

ॐ सूर्यः शौर्यमथेन्दुरिन्द्रपदवीं सन्मङ्गलं मङ्गलः
सद्बुद्धिं च बुधो गुरुश्च गुरुतां शुक्रः सुखं शं शनिः ।
राहुर्बाहुबलं करोतु सततं केतुः कुलस्योन्नतिम्
नित्यं प्रीतिकरा भवन्तु मम ते सर्वेनुकूला ग्रहाः ।।

**( देउन् सूर्य शुरत्वाइँ चन्द्र त रजाइँ मङ्गलै मङ्गल**
**सद्बुद्धी बुध गौरवै गुरु अनि श्रीशुक्र देऊन् सुख ।।**
**कल्याणै शनि राहु बाहुबल औ केतू गरून् उन्नति**
**हुन् मेरा अनुकूल यी ग्रह सबै र प्रीति गर्ने अति ।।)**

१. विष्णु ।२. शिव ।३. बुध ।।४. बृहस्पति ।५. शनैश्चर ।

इति गणेशपूजाविधि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

( ख )

# मातृकापूजा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

## अथ मातृकापूजाविधि

यसमा कर्ताले पञ्चगव्यहरू खाएर शुद्ध भईकन आसनमा बसेर आचमन गर्नू र ब्राह्मण ज्योतिषीहरूले बताए अनुसार पूर्व वा पश्चिम मोहडा गरेर शुभ मुहूर्तमा (साइतको बेलामा) माथि दिएको विधिले पहिले दीयो बाल्नू र कलश थापेर गणेश-पूजा गर्नू । अनि अघिल्तिर एउटा चोखो पीरा राखेर त्यसमा गोवरको वा रातो दहिअक्षताको सानु सानु थुप्रो लाएर तल लेखिए अनुसार छुट्टाछुट्टै लहर मिलाएर राख्नू र अनि तिनैमा क्रमैसित तल दिइएका मातृकाहरूको पृथक् पृथक् आवाहन गरेर पूजा गर्नू ।

### मातृकाहरूको क्रम–

(१) अदिति आदि सत्र गोमयमातृका– १७
(२) गौरी आदि दश तोरणमातृका– १०
(३) नन्दा आदि सात द्वारमातृका– ७
(४) गौरी आदि षोडश (सोह्र) मातृका– १६
(५) ब्राह्मी आदि सप्त (सात) मातृका– ७

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



**पूजाप्रयोग–**

यसमा पहिले हातमा तीन टुक्रा कुश र कर्मपात्रको जल लिएर तल लेखिए अनुसार संकल्प गर्नू–

हरिः ॐ तत्सत् पूर्वसंकल्पसिद्धिरस्तु – अद्येह ... गोत्रः ... प्रवरः ... नामाऽहं मम ... करिष्यमाण ... कर्म(णो)निर्विघ्न-परिसमाप्त्यर्थं तत्पूर्वाङ्गत्वेन यथाक्रमम् अदित्यादिसप्तदश-गोमयमातॄणां गौर्यादिदशतोरणमातॄणां नन्दादिसप्तद्वारमातॄणां गणपतिसहितगौर्यादिषोडशमातॄणां ब्राह्म्यादिसप्तमातॄणां च यथामिलितोपचारैः पूजनं करिष्ये ।

(हरिः ॐ तत्सत् पूर्वसंकल्प सिद्ध हओस– आज यहाँ......गोत्र ........ प्रवर र ..... नामको म मेरो ........ को गरिन लागेको......को काम निर्विघ्न समाप्त हओस भन्नाका लागि त्यसैको पूर्वाङ्गका रूपमा क्रमैसित अदिति आदि सत्र गोमयमातृकाको, गौरी आदि दस तोरणमातृकाको, नन्दा आदि सात द्वारमातृकाको, गौरी आदि सोह्रमातृकाको र ब्राह्मी आदि सात मातृकाहरूको जो जुटेको उपचारद्वारा पूजा गर्दछु ।)

**(१) अदिति आदि सत्र गोमयमातृका–**

यसपछि हातमा फूल अक्षताहरू लिएर पहिले पीरामा-थिको पहिलो लहरमा (छोएर) प्रणवव्याहृतिसहित तलको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



मन्त्रले 'अदिति आदि' सत्र गोमयमातृकाहरूको आवाहन गर्नू–

'ॐ अदित्यादिसप्तदशगोमयमातर इहागच्छन्तु इह तिष्ठन्तु मम (मद्यजमानस्य वा) पूजां गृह्णन्तु सुप्रतिष्ठिताः प्रसन्ना वरदा भवन्तु –

'ॐ अदित्यादिसप्तदशगोमयमातृभ्यो नमः'

(हे अदिति आदि सत्र गोमयमातृकाहो, यहाँ आउनुहोस्, यहाँ वस्नुहोस्, मेरो (अथवा मेरो यजमानको) पूजा ग्रहण गर्नुहोस्, सुप्रतिष्ठित प्रसन्न र वर दिने हुनुहोस्– 'अदिति आदि सत्र गोमयमातृकाहरूलाई नमस्कार')

अनि–

ॐ मनोजूतिर्जुषतामाज्यस्य बृहस्पतिर्यज्ञमिमं तनोत्वरिष्टं यज्ञ ँ समिमन्दधातु। विश्वेदेवास इहमादयन्तामों२ प्रतिष्ठ ।।

(तपाइँको शीघ्रगामी मन आज्य (यज्ञको हविस्वरूप घिउ) मा लागोस् । बृहस्पतिले यो यज्ञको विस्तार गरून् र यसलाई विच्छिन्न हुन नदिएर राम्री जोगाइराखून् । सारा देवताहरू यस यज्ञमा सन्तुष्ट होऊन् । (हे मातृका हो ! ) तिमी (हरू) प्रतिष्ठित होओ ।।)

भनेर प्रतिष्ठा गर्नू ।

अनि त्यसपछि हातमा फूल अक्षता वा कुशको टुक्रा लिएर तल लेखिए अनुसार नाम उच्चारण गर्दै क्रमैसित प्रत्येक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



**(मातृका) लाई छुनू र जो सकेको उपचारले पूजा गर्नू–**

(१) ॐ अदितिरसि– ॐ अदित्यै नमः ।

**(तिमी अदिति हौ– अदितिलाई नमस्कार ।)**

(२) ॐ देवमातासि– ॐ देवमात्रे नमः

**(तिमी देवमाता हौ – देवमातालाई नमस्कार ।)**

(३) ॐ स्वाहासि– ॐ स्वाहायै नमः ।

**(तिमी स्वाहा हौ– स्वाहालाई नमस्कार ।)**

(४) ॐ सिद्धिरसि– ॐ सिद्ध्यै नमः ।

**(तिमी सिद्धि हौ– सिद्धिलाई नमस्कार ।)**

(५) ॐ सरस्वत्यसि– ॐ सरस्वत्यै नमः ।

**(तिमी सरस्वती हौ– सरस्वतीलाई नमस्कार ।)**

(६) ॐ कीर्तिरसि– ॐ कीर्त्यैनमः ।

**(तिमी कीर्ति हौ– कीर्तिलाई नमस्कार ।)**

(७) ॐ लक्ष्मीरसि– ॐ लक्ष्म्यै नमः ।

**(तिमी लक्ष्मी हौ– लक्ष्मीलाई नमस्कार ।)**

(८) ॐ धृतिरसि– ॐ धृत्यै नमः ।

**(तिमी धृति हौ– धृतिलाई नमस्कार ।)**

(९) ॐ मेधासि– ॐ मेधायै नमः ।

**(तिमी मेधा हौ– मेधालाई नमस्कार ।)**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(१०) ॐ पुष्टिरसि– ॐ पुष्टयै नमः ।

**(तिमी पुष्टि हौ– पुष्टिलाई नमस्कार ।)**

(११) ॐ श्रद्धासि– ॐ श्रद्धायै नमः ।

**(तिमी श्रद्धा हौ– श्रद्धालाई नमस्कार ।)**

(१२) ॐ क्रियासि – ॐ क्रियायै नमः ।

**(तिमी क्रिया हौ– क्रियालाई नमस्कार ।)**

(१३) ॐ मतिरसि – ॐ मत्यै नमः ।

**(तिमी मति हौ– मतिलाई नमस्कार ।)**

(१४) ॐ बुद्धिरसि – ॐ वुद्ध्यै नमः ।

**(तिमी बुद्धि हौ– बुद्धिलाई नमस्कार ।)**

(१५) ॐ लज्जासि – ॐ लज्जायै नमः ।

**(तिमी लज्जा हौ– लज्जालाई नमस्कार ।)**

(१६) ॐ वपुरसि – ॐ वपुषे नमः ।

**(तिमी वपु हौ– वपुलाई नमस्कार ।)**

(१७) ॐ शान्तिरसि – ॐ शान्त्यै नमः ।

**(तिमी शान्ति हौ– शान्तिलाई नमस्कार ।)**

**यसरी आवाहन स्थापन गरेर अनि–**

ॐ अदित्यादिसप्तदशगोमयमातृकाभ्यो नमः

**(अदिति आदि सत्र गोमयमातृकाहरूलाई नमस्कार)**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भन्दै पाद्य (पाउ धुने जल), अर्घ्य (अर्घको जल), आचमनीय (आचमन गर्ने जल), स्नानीय (स्नानार्थ जल), पञ्चामृत स्नान, चन्दन, अक्षता, सिदूर, अबीर, जउतिल, फूलहरू चडाएर यथाशक्ति उपचारले पूजा गर्नू र हातमा फूल अक्षताहरू लिएर तल लेखिए अनुसार क्षमाप्रार्थना गर्नू–

'भो अदित्यादिसप्तदशगोमयमातर: पूजिता: स्थ क्षमध्वम्'

(हे अदिति आदि सत्र गोमयमातृकाहो पूजा गरेकोछु क्षमा गर्नुहोस्)

(२) गौरी आदि दश तोरणमातृका–

यसपछि फेरि हातमा फूल अक्षताहरू लिएर दोस्रो लहरमा छुनू र तल लेखिए अनुसार गौरी आदि दश तोरणमातृकाहरूको आवाहन गर्नू–

ॐ गौर्यादिदशतोरणमातर इह आगच्छन्तु इह तिष्ठन्तु मम (मद्यजमानस्य वा) पूजां गृह्णन्तु सुप्रतिष्ठिता: सुप्रसन्ना वरदा भवन्तु–

ॐ गौर्यादिदशतोरणमातृभ्यो नम:

(हे गौरी आदि दश तोरणमातृकाहो, यहाँ आउनुहोस् यहाँ बस्नुहोस् मेरो (अथवा मेरा यजमानको) पूजा ग्रहण

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



गर्नुहोस्, सुप्रतिष्ठित प्रसन्न र वर दिने हुनुहोस् । गौरी आदि दश तोरणमातृकाहरूलाई नमस्कार ।)

अनि–

ॐ मनोजूतिर्जुषतामाज्यस्य बृहस्पतिर्यज्ञमिमं तनोत्वरिष्टं यज्ञ ᳪ समिमन्दधातु । विश्वेदेवास इहमा दयन्तामों २ प्रतिष्ठ ।।

(तपाइँको शीघ्रगामी मन आज्य (यज्ञको हविस्वरूप घिउ) मा लागोस् । बृहस्पतिले यो यज्ञको विस्तार गरून् र यसलाई विच्छिन्न हुन नदिएर राम्ररी जोगाइराखून् । सारा देवताहरू यस यज्ञमा सन्तुष्ट होऊन् । (हे मातृका हो !) तिमीहरू प्रतिष्ठित होओ ।)

भनेर प्रतिष्ठित गराउनू ।

अनि हातमा फूल अक्षता वा कुशको टुक्रा लिएर तल लेखिए अनुसार नाम उच्चारण गर्दै क्रमैसित प्रत्येक (मातृका) लाई छुनू र जो सकेको उपचारले पूजा गर्नू–

(१) ॐ गौर्यसि – ॐ गौर्यै नमः ।
(तिमी गौरी हौ– गौरीलाई नमस्कार ।)

(२) ॐ धनदासि – ॐ धनदायैनमः ।
(तिमी धनदा हौ– धनदालाई नमस्कार ।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(३) ॐ नन्दासि – ॐ नन्दायै नमः ।

**(तिमी नन्दा हौ– नन्दालाई नमस्कार ।)**

(४) ॐ विमलासि – ॐ विमलायै नमः ।

**(तिमी विमला हौ– विमलालाई नमस्कार ।)**

(५) ॐ मङ्गलासि – ॐ मङ्गलायै नमः ।

**(तिमी मङ्गला हौ– मङ्गलालाई नमस्कार ।)**

(६) ॐ बलासि – ॐ बलायै नमः ।

**(तिमी बला हौ– बलालाई नमस्कार ।)**

(७) ॐ गङ्गासि – ॐ गङ्गायै नमः

**(तिमी गङ्गा हौं– गङ्गालाई नमस्कार ।)**

(८) ॐ यमुनासि – ॐ यमुनायै नमः ।

**(तिमी यमुना हौ– यमुनालाई नमस्कार ।)**

(९) ॐ धात्र्यसि – ॐ धात्र्यै नमः ।

**(तिमी धात्री हौ– धात्रीलाई नमस्कार ।)**

(१०) ॐ विधात्र्यसि – ॐ विधात्र्यै नमः ।

**(तिमी विधात्री हौ– विधात्रीलाई नमस्कार ।)**

**यसरी आवाहन स्थापन गरेर अनि–**

ॐ गौर्यादिदशतोरणमातृकाभ्यो नमः

**(गौरी आदि दश तोरणमातृकाहरूलाई नमस्कार)**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भन्दै माथिकै झैं जल पञ्चामृत चन्दन अक्षाताफूलहरू चडाएर यथाशक्ति उपचारले पूजा गर्नू र हातमा फूल अक्षताहरू लिएर तल लेखिए अनुसार क्षमाप्रार्थना गर्नू–

'भो गौर्यादिदशतोरणमातरः पूजिताः स्थ क्षमध्वम्'
(हे गौरीआदि दश तोरणमातृकाहो पूजा गरेकोछु क्षमा गर्नुहोस् ।)

(३) नन्दा आदि सात द्वारमातृका–

यसपछि फेरि हातमा फूल अक्षताहरू लिएर तेस्रोलहरमा छुनू र तल लेखिए अनुसार नन्दा आदि सात द्वारमातृकाहरूको आवाहन गर्नू–

ॐ नन्दादिसप्तद्वारमातर इहागच्छन्तु इह तिष्ठन्तु मम (मद्यजमानस्य वा) पूजां गृह्णन्तु सुप्रतिष्ठिताः सुप्रसन्ना वरदा भवन्तु–

ॐ नन्दादिसप्तद्वारमातृभ्यो नमः

(हे नन्दा आदि सात द्वारमातृकाहरूहो, यहाँ आउनुहोस् यहाँ बस्नुहोस् मेरो (अथवा मेरो यजमानको) पूजा ग्रहण गर्नुहोस्, सुप्रतिष्ठित, प्रसन्न र वर दिने हुनु होस्–'नन्दा आदि सात द्वारमातृकाहरूलाई नमस्कार,)

अनि–

ॐ मनोजूतिर्जुषतामाज्यस्य बृहस्पतिर्यज्ञमिमं तनोत्वरिष्टं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



यज्ञ ६ समिमन्दधातु । विश्वेदेवास इह मादयन्तामों २ प्रतिष्ठ भनेर प्रतिष्ठित गराउनू ।

अनि अघि झैं नै हातमा फूल अक्षता वा कुशको टुक्रा लिएर तल लेखिए अनुसार नाम उच्चारण गर्दै क्रमैसित प्रत्येकलाई छुनू–

(१) ॐ नन्दासि–ॐ नन्दायै नमः ।

(तिमी नन्दा हौ– नन्दालाई नमस्कार ।)

(२) ॐ नन्दिन्यसि– ॐ नन्दित्यै नमः ।

(तिमी नन्दिनी हौ– नन्दिनीलाई नमस्कार ।)

(३) ॐ वासिष्ठ्यसि– ॐ वासिष्ठ्यै नमः ।

(तिमी वासिष्ठी हौ– वासिष्ठीलाई नमस्कार ।)

(४) ॐ वसुदेवासि– ॐ वसुदेवायै नमः ।

(तिमी वसुदेवा हौ– वसुदेवालाई नमस्कार ।)

(५) ॐ भार्गव्यसि– ॐ भार्गव्यै नमः

(तिमी भार्गवी हौ– भार्गवीलाई नमस्कार ।)

(६) ॐ जयासि– ॐ जयायै नमः

(तिमी जया हौ– जयालाई नमस्कार ।)

(७) ॐ विजयासि– ॐ विजयायै नमः

(तिमी विजया हौ– विजयालाई नमस्कार ।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



यसरी आवाहन स्थापन गरेर अनि–

'ॐ नन्दादिसप्त–द्वारमातृभ्यो नमः

(नन्दा आदि सात द्वारमातृकाहरूलाई नमस्कार)

भन्दै माथि झैं नै जल पञ्चामृत चन्दन अक्षता फूलहरू चडाएर यथाशक्ति उपचारले पूजा गर्नू र हातमा फूल अक्षताहरू लिएर तल लेखिए अनुसार क्षमाप्रार्थना गर्नू–

'भो नन्दादिसप्तद्वारमातरः पूजिताः स्थ क्षमध्वम्'

(हे नन्दा आदि सात द्वारमातृकाहो पूजा गरेको छु क्षमा गर्नुहोस्)

(४) (गणपति सहित) गौरी आदि सोह्र मातृका–

यसपछि फेरि हातमा फूल अक्षताहरू लिएर चौथो लहरमा छुनू र तल लेखिए अनुसार गणपतिसहित गौरी आदि षोडश (सोह्र) मातृकाहरूको आवाहन गर्नू–

ॐ गणपतिसहिता गौर्यादिषोडशमातर इहागच्छन्तु इह तिष्ठन्तु मम (मद्यजमानस्य वा) पूजां गृह्णन्तु सुप्रतिष्ठिताः सुप्रसन्ना वरदा भवन्तु–

'ॐ गणपतिसहितगौर्यादिषोडशमातृभ्यो नमः'

(हे गणपति सहितका गौरी आदि षोडश(सोह्र)मातृकाहो, यहाँ आउनुहोस् यहाँ बस्नुहोस् मेरो (अथवा मेरो यजमान-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



को) पूजा ग्रहण गर्नुहोस् सुप्रतिष्ठित प्रसन्न र वर दिने हुनुहोस्– गणपति सहितका गौरी आदि षोडश (सोह्र) मातृका-हरूलाई नमस्कार)

अनि–

ॐ मनोजूतिर्जुषतामाज्यस्य बृहस्पतिर्यज्ञमिमं तनोत्वरिष्टं यज्ञꣳ समिमन्दधातु। विश्वेदेवास इह मादयन्तामों२ प्रतिष्ठ ।।

(तपाइँको शीघ्रगामी मन आज्य (यज्ञको हविस्वरूप घिउ) मा लागोस् । बृहस्पतिले यो यज्ञको विस्तार गरून् र यसलाई विच्छिन्न हुन न दिएर राम्ररी जोगाई राखून् सारा देवताहरू यस यज्ञमा सन्तुष्ट होऊन् । (हे मातृकाहो! ) तिमी (हरू) प्रतिष्ठित होओ ।।)

भनेर प्रतिष्ठित गराउनू ।

अनि त्यसपछि हातमा फूल अक्षता वा कुशको टुक्रा लिएर तल लेखिए अनुसार नाम उच्चारण गर्दै प्रत्येक(मातृका) लाई छुनू र जो सकेको उपचारले पूजा गर्नू–

(१) ॐ गौर्यसि– ॐ गौर्यै नमः

(तिमी गौरी हौ– गौरीलाई नमस्कार ।)

(२) ॐ पद्मासि– ॐ पद्मायै नमः

(तिमी पद्मा हौ– पद्मालाई नमस्कार ।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(३) ॐ शच्यसि– ॐ शच्यै नमः

**(तिमी शची हौ– शचीलाई नमस्कार ।)**

(४) ॐ मेधासि– ॐ मेधायै नमः

**(तिमी मेधा हौ– मेधालाई नमस्कार ।)**

(५) ॐ सावित्र्यसि– ॐ सावित्र्यै नमः

**(तिमी सावित्री हौ– सावित्रीलाई नमस्कार ।)**

(६) ॐ विजयासि– ॐ विजयायै नमः

**(तिमी विजया हौ– विजयालाई नमस्कार ।)**

(७) ॐ जयासि– ॐ जयायै नमः

**(तिमी जया हौ– जयालाई नमस्कार ।)**

(८) ॐ देवसेनासि– ॐ देवसेनायै नमः

**(तिमी देवसेना हौ– देवसेनालाई नमस्कार ।)**

(९) ॐ स्वधासि– ॐ स्वधायै नमः

**(तिमी स्वधा हौ– स्वधालाई नमस्कार ।)**

(१०) ॐ स्वाहासि– ॐ स्वाहायै नमः

**(तिमी स्वाहा हौ– स्वाहालाई नमस्कार ।)**

(११) ॐ मातरःस्थ– ॐ मातृभ्यो नमः

**(तिमीहरू माता हौ– माताहरूलाई नमस्कार ।)**

(१२) ॐ लोकमातरःस्थ– ॐ लोकमातृभ्यो नमः

**(तिमीहरू लोकमाता हौ– लोकमातालाई नमस्कार ।)**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(१३) ॐ धृतिरसि– ॐ धृत्यै नमः
**(तिमी धृति हौ– धृतिलाई नमस्कार ।)**

(१४) ॐ पुष्टिरसि– ॐ पुष्ट्यै नमः
**(तिमी पुष्टि हौ– पुष्टिलाई नमस्कार ।)**

(१५) ॐ तुष्टिरसि– ॐ तुष्ट्यै नमः
**(तिमी तुष्टि हौ– तुष्टिलाई नमस्कार ।)**

(१६) ॐ आत्मनः कुलदेवतासि– ॐ आत्मनः कुलदेवतायै नमः
**(तिमी आफ्नो कुलदेवता हौ– आफ्नो कुलदेवतालाई नमस्कार ।)**

**यसरी आवाहन स्थापन गरेर अनि–**

'ॐ गणपतिसहितगौर्यादिषोडशमातृभ्यो नमः'

**(गणपतिसहितका गौरी आदि षोडश (सोह्र) मातृकाहरूलाई नमस्कार ।)**

**भन्दै अघि झैं नै पाद्य अर्घ्य आचमनीय स्नानार्थ जल पञ्चामृत चन्दन अक्षता फूलहरू चडाएर यथाशक्ति उपचारले पूजा गर्नू र हातमा फूल अक्षताहरू लिएर तल लेखिए अनुसार क्षमाप्रार्थना गर्नू–**

'भो गणपतिसहिता गौर्यादिषोडशमातरः पूजिताः स्थ क्षमध्वम्'

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



**(हे गणपतिसहितका गौरी आदि सोह्र मातृकाहो पूजा गरेकोछु क्षमा गर्नुहोस् ।)**

**(५) ब्राह्मी आदि सात मातृका–**

**यसपछि त्यहीं निर भित्तामा लहरै गोबरका सानासाना सात थुप्रा लाएर तिनमा दूवो र रातो दहिअक्षता टाँस्नू र हातमा फूल अक्षताहरू लिएर तल लेखिए अनुसार ब्राह्मी आदि सात-मातृकाको आवाहन गर्नू–**

ॐ ब्राह्म्यादिसप्तमातर इहागच्छन्तु इह तिष्ठन्तु मम (मद्यजमानस्य वा) पूजां गृह्णन्तु सुप्रतिष्ठिताः सुप्रसन्ना वरदा भवन्तु–

'ॐ ब्राह्म्यादिसप्तमातृकाभ्यो नमः'

**(हे ब्राह्मी आदि सात मातृकाहरूहो यहाँ आउनुहोस् यहाँ बस्नुहोस्, मेरो (अथवा मेरा यजमानको) पूजा ग्रहण गर्नुहोस्, सुप्रतिष्ठित प्रसन्न र वर दिने हुनुहोस्–**

**'ब्राह्मी आदि सात मातृकालाई नमस्कार')**

**अनि–**

ॐ मनो जूतिर्जुषतामाज्यस्य बृहस्पतिर्यज्ञमिमं तनोत्वरिष्टं यज्ञ ᳚ समिमन्दधातु । विश्वेदेवास इहमादयन्तामों २ प्रतिष्ठ ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(तपाइँको शीघ्रगामी मन आज्य (यज्ञको हविस्वरूप घिउ) मा लागोस् । वृहस्पतिले यो यज्ञको विस्तार गरून् र यसलाई विच्छिन्न हुन नदिएर राम्ररी जोगाइराखून्, सारा देवताहरू यस यज्ञमा सन्तुष्ट होऊन् । (हे मातृकाहो ! ) तिमी (हरू) प्रतिष्ठित होम्रो ।।)

भनेर प्रतिष्ठित गराउनू ।

अनि त्यसपछि हातमा फूल अक्षता वा कुशको टुक्रा लिएर तल लेखिए अनुसार नाम उच्चारण गर्दै प्रत्येक (मातृका) लाई छुनू र जो सकेको उपचारले पूजा गर्नू–

(१) ॐ ब्राह्म्यसि– ॐ ब्राह्म्यै नमः

(तिमी ब्राह्मी हौ– ब्राह्मीलाई नमस्कार ।)

(२) ॐ माहेश्वर्यसि– ॐ माहेश्वर्यै नमः

(तिमी माहेश्वरी हौ– माहेश्वरीलाई नमस्कार ।)

(३) ॐ कौमार्यसि– ॐ कौमार्यै नमः

(तिमी कौमारी हौ– कौमारीलाई नमस्कार ।)

(४) ॐ वैष्णव्यसि– ॐ वैष्णव्यै नमः

(तिमी वैष्णवी हौ– वैष्णवीलाई नमस्कार ।)

(५) ॐ वाराह्यसि– ॐ वाराह्यै नमः

(तिमी वाराही हौ– वाराहीलाई नमस्कार ।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(६) ॐ इन्द्राण्यसि– ॐ इन्द्राण्यै नमः

**(तिमी इन्द्राणी हौ– इन्द्राणीलाई नमस्कार ।)**

(७) ॐ चामुण्डासि– ॐ चामुण्डायै नमः

**(तिमी चामुण्डा हौ– चामुण्डालाई नमस्कार ।)**

**यसरी आवाहनस्थापन गरेर अनि–**

'ॐ ब्राह्म्यादिसप्तमातृकाभ्यो नमः'

**(ब्राह्मी आदि सात मातृकाहरूलाई नमस्कार ।)**

**भन्दै अघि झैं नै पाद्य अर्घ्य आचमनीय स्नानार्थ जल पञ्चामृत चन्दन अक्षता फूलहरू चढाएर यथाशक्ति उपचारले पूजा गर्नू र हातमा फूल अक्षताहरू लिएर पहिले झैं तल लेखिए अनुसार क्षमाप्रार्थना गर्नू–**

'भो ब्राह्म्यादिसप्तमातरः पूजिताः स्थ क्षमध्वम्'

**(हे ब्राह्मी आदि सात मातृकाहो ! पूजा गरेकोछु क्षमा गर्नुहोस्)**

**यसरी पाँच लहरमा लहरै पिच्छे भिन्न भिन्न मातृकाहरूको आवाहन स्थापन गरेर सबैलाई यथाशक्ति जल पञ्चामृत वस्त्र चन्दन अक्षता सिंदूर जउ तिल फूलमाला सौभाग्य(सिंगार) को सरजाम लावा अबीर धूप बत्ती नैवेद्य फलफूल पान मसला भेटी सुगन्धहरू चढाएर यथाशक्ति उपचारले पूजा गरिसकेपछि आरतीहरूमा कपूर बत्तीहरू बालेर नीराजन गर्नू र (जलले)**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



तीनपल्ट प्रदक्षिणा पनि गर्नू । अनि हातमा चन्दन अक्षता फूल लावा अबीरहरू लिएर तलको मन्त्रले पुष्पाञ्जलि चढाउनू–

पुष्पाञ्जलि–

ॐ ब्रह्माणी कमलेन्दुसौम्यवदना माहेश्वरी लीलया
कौमारी रिपुदर्पनाशनकरी चक्रायुधा वैष्णवी ।
वाराही घनघोरघर्घरमुखी चैन्द्री च वज्रायुधा
चामुण्डा गणनाथरुद्रसहिता रक्षन्तु नो मातरः ।।
"पुष्पाञ्जलिं समर्पयामि– ॐ मातृकाभ्यो नमः,"

(ब्रह्माणी अति सौम्य चन्द्रमुखकी माहेश्वरी ईश्वरी
कौमारी रिपुको घमण्ड हरने चक्रै लिने वैष्णवी ।
वाराही घनघोर शब्द गरने इन्द्राणि वज्रायुधा
चामुण्डा गणनाथ रुद्र संग भै रक्षा गरून् मातृका ।।)
(पुष्पाञ्जलि चढाउँछु– मातृकाहरूलाई नमस्कार)

वसुधारा–

यसरी पुष्पाञ्जलि चढाइसकेपछि यजमानका दम्पतिलाई आसनीमा बसालेर धमाधम तल लेखिए अनुसार मन्त्र पढ्दै घिउको धारा लाएर वसुधारा गर्नू[1] –

ॐ वसोः पवित्रमसि शतधारं वसोः पवित्रमसि सहस्रधारम् ।
देवस्त्वा सविता पुनातु वसोः पवित्रेण शतधारेण सुप्वा कामधुक्षः।।

१ यसरी वसुधारा गर्दा एक टपरी रोटी (सेलपूरी मिठाइहरू) यजमानका शिरमाथि छुवाएर राख्ने पनि गर्दछन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ता ꣳ सवितुर्वरेण्यस्य चित्रामाहं वृणे सुमतिं विश्वजन्याम् ।
यामस्य कण्वो ऽ अदुहत्प्रपीना ꣳ सहस्रधारां पयसा महीं गाम् ।।
कण्वो हैनां ददर्श साहास्मै सहस्रधाराः सर्वान्कामान्दुदुहे ।
तथैवैतद्यजमानाय सहस्रधाराः सर्वान्कामान्दुदुहे ।।

**(तिमी वसुको सयकडौं हजारौं धारा भएका पवित्र हौ । कामना लागेको कुरा दुहेर दिने भगवान् सविताले सयकडौं धारा भएको पावन पवित्रद्वारा तिमीलाई पवित्र अर्थात् शुद्ध गराऊन् ।।) (अतिशय मोटो (कल्चौंडो) भएर दूधका हजारौं धारा लाग्ने जुन बडेमाकी गाइलाई कण्व ऋषिले दुहेका थिए, सबैले वरण अर्थात् प्रार्थना गरिने भगवान् सविताको त्यो विचित्रको विश्वजननसमर्थ सुबुद्धिरूपी गाईको म (यो घिउको धारा लाएर) वरण गर्दछु ।।)**

**(कण्व ऋषिले ती गाईलाई देखेछन् र गाईले उनलाई (दूधका) हजारौं धाराले सबै इच्छा लागेका कुराहरू दुहेर दिएकी थिइन् । (अहिले पनि) त्यसै गरी यी यजमानलाई (यो) सहस्र धारा (वसुधारा) ले सबै कुरा दुहेर देओस् ।।)**

**अनि हात जोडेर तलको मन्त्रले 'शान्ति-प्रार्थना' गर्नू र संगैको आशीर्वादको मन्त्र पनि भन्नू –**

ॐ द्यौः शान्तिरन्तरिक्ष ꣳ शान्तिः पृथिवी शान्तिरापः शान्तिरोषधयः शान्तिः । वनस्पतयः शान्तिर्विश्वेदेवाः शान्तिर्ब्रह्म शान्तिः सर्व ꣳ शान्तिः शान्तिरेव शान्तिः सा मा शान्तिरेधि ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(द्युलोक, अन्तरिक्ष, पृथिवी, जल, ओषधिहरू, वनस्पतिहरू, विश्वेदेवहरू, ब्रह्म एवं सारा जगत्मा र स्वयं शान्तिमा समेत जुन शान्ति छ त्यो शान्ति मलाई आओस् ।।)

ॐ पुनस्त्वादित्यारुद्रावसवःसमिन्धतां पुनर्ब्रह्माणोवसुनीथ यज्ञैः ।

घृतेन त्वं तन्वं वर्धयस्व सत्याः सन्तु यजमानस्य कामाः ।।
।। स्वस्ति ।।

(हे यजमान, तिमीलाई आदित्य रुद्र वसुहरूले धपक्कै बल्ने तुल्याउन् । हे धनका नेता, फेरि ब्राह्मणहरूले पनि तिमीलाई यज्ञद्वारा धपक्क बल्ने गराउन् । घिउले तिमी आफ्नो शरीरलाई बढाऊ (परिपुष्ट पार) । यज्ञ गर्ने तिमी यजमानका कामनाहरू पूर्ण होऊन् ।। कल्याण होओस् ।।)

अनि दक्षिणाको रूपियाँ पैसा अघिल्तिर राखेर त्यसमा–

ॐ दक्षिणाद्रव्याय नमः

(दक्षिणा दिइने रूपियाँपैसालाई नमस्कार )

भनेर पूजा गर्नू र तल लेखिए अनुसार वाक्य पढेर संकल्प गर्नू र राखिदिनू–

'हरिः ॐ तत्सत् पूर्वोक्तसंकल्पसिद्धिरस्तु- अद्येह ...गोत्रः ... प्रवरः... शर्मा (वर्मा वा) अहं मम... पूर्वाङ्गतया यथामिलि–

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



तोपचारै र्दीपकलशगणेशपूजनपूर्वकं विहितस्य मातृकापूजनकर्मण: साद्गुण्यार्थमिमां दक्षिणां... द्रव्यं...देवताकं यथानामगोत्रेभ्यो ब्राह्मणेभ्यो दातुमुत्सृजे ॐ तत्सन्नमम ।

(ॐ तत्सत् पूर्वसंकल्पसिद्धि होस्– आज यहाँ ... गोत्र ... प्रवर र ... नामको म मेरो ... कामको पूर्वाङ्गरूपमा जो जुटको सामग्रीद्वारा दीप कलश गणेशको पूजा गरीकन गरिएको यो मातृकापूजाको साद्गुण्यका निमित्त यो दक्षिणाको ... देवतासम्बन्धी रूपियाँ पैसा तत्तत् गोत्र र नामका ब्राह्मणहरूलाई दिनानिमित्त यहाँ राखिदिन्छु ॐ तत्सत्)

**यसपछि–**

ॐ यस्य स्मृत्या च नामोक्तया तपोयज्ञक्रियादिषु ।
न्यूनं सम्पूर्णतां याति सद्यो वन्दे तमच्युतम् ।।

**(जसको स्मरणले नाम लिनाले धर्मकर्ममा ।**
**त्रुटिपूर्ति हुन्छ ती अच्युतको गर्छु वन्दना ।।**

ॐ अच्युताय नम: ॐ अच्युताय नम: ॐ अच्युताय नम:
**(अच्युत (कहिल्यै नचुक्ने) भगवान् विष्णुलाई नमस्कार)**

**भनेर अच्युत भगवान् विष्णुको स्मरण गरेर उहाँलाई नमस्कार गर्नू ।**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अनि कर्मपात्रको जल कुशहरू हातमा लिनू र तलको मन्त्र पढेर त्यसै छोडिदिनू –

ॐ कायेनवाचामनसेन्द्रियैर्वा बुद्ध्यात्मना वा प्रकृतिस्वभावात् ।
करोमि यद्यत् सकलं परस्मै नारायणायेति समर्पये तत् ।।

शरीर वाणी मन बुद्धि इन्द्रिय आत्मादिले वा प्रकृतिस्वभावले ।
गरें यहाँ जो सब गर्छु अर्पण परेश नारायणमा म भक्तिले ।।

इति संक्षिप्त मातृकापूजाविधि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

( ग )

# आभ्युदयिक श्राद्ध

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

## अथ
## आभ्युदयिक श्राद्ध

यो श्राद्ध विशेष आफ्नो वा आफ्नो सन्तानको गर्भाधान आदि संस्कार र आफ्नो अभ्युदय उन्नति हर्ष वृद्धि आनन्द उत्सव आदिको उपलक्षमा तथा त्यस्तै ठूलठूला जप पाठ पूजा व्रत दान यज्ञ अनुष्ठान आदि धार्मिक कृत्यहरू वा मंगलकार्य गरिने अवसर-मा (आफ्ना पितृहरूको उद्देश्य गरेर उनीहरूको पनि प्रसन्नता र सन्तोषका लागि) गरिन्छ । यसैले यसलाई आभ्युदयिक श्राद्ध अर्थात् अभ्युदयको उपलक्षमा गरिने श्राद्ध, 'वृद्धिश्राद्ध' अर्थात् धन जन सन्तानहरूको वृद्धि हुँदा वा भएकोमा गरिने श्राद्ध र, नान्दी (मुखी) श्राद्ध अर्थात् कुनै विशेष आनन्द उत्सव-को उपलक्षमा वा आफ्नो सन्तानको अभ्युदय–वृद्धि देखेर आनन्दित भएका 'नान्दीमुखी' पितृहरूको उद्देश्यले गरिने श्राद्ध पनि भन्दछन् ।

**प्रयोगविधि–**

यसमा श्राद्ध गर्ने कर्ताले हात गोडा धोई कुल्ला गरी शुद्ध भएर पूर्व वा उत्तर[1] फर्केर आसनमा बस्नू र आचमन गरेर

(१) यसमा आवश्यकतानुसार पश्चिम फर्केर पूर्वाङ्ग गर्ने पनि चलन छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



दीयोलाई फूल अक्षताहरू चढाएर पूजा गर्नू। अनि आफ्नो अघिल्तिर दाहिने पट्टि एउटा भांडो राखेर (तिल बाहेक अरू सबै थोक हालेर) विधिपूर्वक कर्मपात्र बनाउनू र तीन टुक्रा कुशले त्यसको जल लिएर तलको मन्त्रले आफूलाई सेचन गर्नू, आफ्नो वरिपरि सबैतिर र त्यहाँ राखेका अरू सामग्रीहरूमा पनि छर्कनू–

ॐ अपवित्रः पवित्रो वा सर्वावस्थां गतोपि वा ।
यः स्मरेत् पुण्डरीकाक्षं स बाह्याभ्यन्तरः शुचिः।।
ॐ पुण्डरीकाक्षः पुनातु

(म चोखो हुँ कि विटुलो जुनसुकै स्थितिमा हऊँ ।
श्रीविष्णुलाई सम्झेर चोखो सर्वत्र नै बनूँ ।।)
(पुण्डरीकाक्ष विष्णुले चोखो गराउन्)

अनि त्यही कुश र कर्मपात्रको जल लिएर हरिः ॐ तत्सत् इत्यादि भनीकन देशकालहरूको उच्चारण गरेर तल लेखिए अनुसार संकल्प गर्नू –

ॐ अद्येह...गोत्रः...प्रवरः...शर्मा (वर्मा वा) अहं मम (मद्य-जमानस्यान्यस्य वा)...कर्मपूर्वाङ्गतया...गोत्राणाम् अस्मन्मातृ-पितामहीप्रपितामहीनाम् (अस्मद्यजमानस्य मातृपितामहीप्रपिता-महीनां वा) (१)....(२)...(३)...देवीनां नान्दीमुखीनां तथा ...गोत्राणाम् अस्मत्पितृपितामहप्रपितामहानाम् (अस्मद्यजमान-स्य पितृपितामहप्रपितामहानां वा) (१).... (२).... (३)....

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



शर्मणां (वर्मणां वा) नान्दीमुखानां तथा ... गोत्राणाम् अस्मन्मातामहप्रमातामहवृद्धप्रमातामहानाम् (अस्मद्यजमानस्य मातामहप्रमातामहवृद्धप्रमातामहानां वा) सपत्नीकानां नान्दीमुखानां [1]सत्यवसुसंज्ञकविश्वेदेवपूर्वकाणां नान्दी (मुख) श्राद्धम् एभिर्द्रव्यैरहं करिष्ये ।

**(आज यहाँ ... गोत्र ... प्रवर र ... नामको म, मेरो (अथवा) मेरो यजमानको वा अरू कसैको) ... कामको पूर्वाङ्गको रूपमा सत्य वसु नामका विश्वेदेव समेत अघि लागेका, ... गोत्रका (१) ... (२) ... (३)...नामका मेरा (वा मेरो यजमानका) आमा बज्यै र जिजुवज्यैको, तथा ... गोत्रका (१) ... (२) ... (३) ... नामका मेरा (वा मेरो यजमानका) बाबु बाज्ये र जिजुबाज्येको, तथा ... गोत्रका (१) ... (२) ... (३) ... नामका, पत्नीसहितका, मेरा (वा मेरो यजमानका) मावलपट्टिका बाज्ये जिजुबाज्ये र वराज्यूहरूको नान्दी (मुखी) श्राद्ध अर्थात् आभ्युदयिक श्राद्ध यी सामाग्रीहरूले गर्दछु ।)**

**अनि तीन पल्ट गायत्री जपीकन हात जोडेर तलका मन्त्रले देव, पितृ, तीर्थ आदिको स्मरण गर्नू र तिनीहरूलाई नमस्कार गर्नू –**

ॐ देवताभ्यः पितृभ्यश्च महायोगिभ्य एव च ।
नमः स्वाहायै स्वधायै नित्यमेव नमोनमः ।।

**(देवता पितृ र महायोगी स्वाहा स्वधाहरू ।
सबैलाई छ यो मेरो नमस्कार संधैभर ।।)**

१. मतान्तरमा– वसुसत्यसंज्ञक ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सप्त व्याधा दशार्णेषु मृगाः कालञ्जरे गिरौ ।
चक्रवाकाः सरद्वीपे हंसाः सरसि मानसे ॥
तेपि जाताः कुरुक्षेत्रे ब्राह्मणा वेदपारगाः ।
प्रस्थिता दीर्घमध्वानं यूयं किमवसीदथ ॥

**(दशार्णमा सात व्याधा र कालञ्जरमा मृग ।**
**सरद्वीपमा चखेवा हाँस मानसमा भई ॥**
**जन्मे कुरुक्षेत्रमा ती र भई वेदपारग ।**
**लम्बे बाटो लागिसके के गर्दैछौ तिमी सव ॥)**

पञ्चक्रोशं गयाक्षेत्रं क्रोशमेकं गयाशिरः ।
यत्र यत्र स्मरेद्विद्वान् पितॄणां दत्तमक्षयम् ॥
श्राद्धकाले गयां ध्यात्वा तथा देवं गदाधरम् ।
उभाभ्यां च नमस्कृत्य ततः श्राद्धं समारभे ॥

**(पाँच कोश गयाजी छन् एक कोश गयाशिर ।**
**जहाँ सम्झी देउ हुन्छ पितृको निम्ति अक्षय ॥**
**श्राद्ध गर्दा गया सम्झी तथा सम्झी गदाधर ।**
**ढोगी फेरि दुबैलाई थाल्दछु श्राद्ध निर्भर ॥)**

**दिग्बन्धन –**

**यसपछि हातमा जउ र कुश लिएर तल लेखिए अनुसार मन्त्र पढ्दै छर्दै गरेर दिग्बन्धन गर्नू –**

"ॐ अग्निष्वात्ताः पितृगणाः प्राचीं रक्षन्तु मे दिशम् ।,
ॐ अपहता ऽ असुरा रक्षा (ं)सि वेदिषद : ॥,,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



('अग्निष्वात्त' पितृगणले मेरो पूर्व दिशाको रक्षा गरून् ।
(यो) वेदीमा रहने असुर रक्षोगणहरू (भए) नाश होऊन् ।।)

**–भनेर पूर्वपट्टि ।**

"ॐ तथा वर्हिषदः पान्तु याम्यां ये पितरः स्थिताः ।,
ॐ अपहता ऽ असुरा रक्षा ँ सि वेदिषदः ।,,

(त्यस्तै दक्षिणमा रहेका) 'वर्हिषद' पितृहरूले मेरो दक्षिण दिशाको रक्षा गरून् ।

(यो) वेदीमा रहने असुर रक्षोगणहरू (भए) नाश होऊन् ।।)

**– भनेर दक्षिणपट्टि**

"ॐ प्रतीचीमाज्यपास्तद्वत् (पान्तु) ।,
ॐ अपहता ऽ असुरा रक्षा ँ सि वेदिषदः ।।,,

(त्यस्तै 'आज्यप, पितृहरूले मेरो पश्चिम दिशाको रक्षा गरून् ।

(यो) वेदीमा रहने असुर रक्षोगणहरू (भए) नाश होऊन् ।।)

**– भनेर पश्चिमपट्टि**

"ॐ उदीचीमपि सोमपाः (पान्तु) ।,
ॐ अपहता ऽ असुरा रक्षा ँ सि वेदिषदः ।।,,

('सोमप' पितृहरूले मेरो उत्तर दिशाको रक्षा गरून् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(यो) वेदीमा रहने असुर रक्षोगणहरू (भए) नाश होऊन् ।।)

– भनेर उत्तरपट्टि

"ॐ ऊर्ध्वतस्त्वर्यमा रक्षेत् ।
ॐ अपहता ऽ असुरा रक्षा१७सि वेदिषदः ।।"

('अर्यमा' पितृले मेरो माथितिर रक्षा गरून् ।
(यो) वेदीमा रहने असुर रक्षोगणहरू (भए) नाश होऊन् ।।)

– भनेर माथितिर

"ॐ कव्यवाडनलो ऽ प्यधः (रक्षेत्) ।,
ॐ अपहताऽ असुरा रक्षा१७सि वेदिषदः ।।"

(कव्यवाट् 'अनल' पितृले मेरो माथितिर रक्षा गरून् ।
(यो) वेदीमा रहने असुर रक्षोगणहरू (भए) नाश होऊन् ।।)

–भनेर तल (भूंई) तिर छर्नू र–

"ॐ रक्षोभूतपिशाचेभ्यस्तथैवासुरदोषतः ।
सर्वतश्चाधिपस्तेषां यमो रक्षां करोतु मे ।।"

(रक्षोभूतप्रेतबाट तथा आसुरदोषमा ।
सबैतिर गरून् रक्षा मेरो श्रीयमले यहाँ ।।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भनेर एकपल्ट (फेरि) सबैतिर छर्नू र तलको मन्त्रले त्यो जउकुशलाई लगेर आफ्नो कटिमा घुसार्नू –

'ॐ त्वमग्ने द्युभिस्त्वमाशुशुक्षणिस्त्वमद्भ्यस्त्वमश्मनस्परि ।
त्वं वनेभ्यस्त्वमोषधीभ्यस्त्वं नृणां नृपते जायसे शुचिः ॥',

(हामी) मनुष्यका पालक हे पवित्र अग्निदेव ! तिमी मानिसका घरमा स्वर्गलोकप्राप्तिका निमित्त (मथेर) उत्पन्न गरिन्छौ, तिमी तत्काल प्रदीप्त भएर अंध्यारो हटाउने छौ; तिमी पानीबाट (पनि) निस्कन्छौ, तिमी जङ्गलबाट निस्कन्छौ, तिमी ढुङ्गाबाट निस्कन्छौ, तिमी बाँसका बोटहरूबाट निस्कन्छौ।)

(यस्ता तिमीले हाम्रो रक्षा गर)

–इति नीवीबन्धन ।

अब पहिले विश्वेदेव ब्राह्मणहरूलाई आसन –

यसपछि कर्मपात्रको जल र दुइ दुइ टुक्रा कुश हातमा लिएर तल लेखिए अनुसार वाक्य पढ्दै क्रमैसित तीनै पक्षका विश्वेदेव (ब्राह्मण) हरूलाई पृथक् पृथक् आसन दिनू –

(१) ॐ अद्येह ... गोत्राणाम् अस्मन्मातृपितामहीप्रपितामहीनाम् (अस्मद्यजमानस्य मातृपितामहीप्रपितामहीनां वा) (१) ... (२) ... (३) ... देवीनां नान्दीमुखीनामस्मिन्नाभ्युदयिकश्राद्धे श्राद्धसम्बन्धिनां विश्वेषां देवानां सत्यवसुसंज्ञकानाम् इदं कौशमासनं वो नमो वृद्धिश्रियै ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(आज यहाँ ... गोत्रका (१) ... (२) ... (३) ... नामका, मेरा (वा मेरा यजमानका) आमा बज्यै र जिजुबज्यैस्वरूप नान्दीमुखी पितृहरूको यो आभ्युदयिक श्राद्धमा श्राद्धसम्बन्धी सत्य वसु नामका तपाईं विश्वेदेवहरूलाई यो कुशको आसन चढाउँछु – नमस्कार ।)

– भनेर मातृवर्गका विश्वेदेवलाई चढाइदिनू ।

(२) ॐ अद्येह ... गोत्राणाम् अस्मत्पितृपितामहप्रपितामहानाम् (अस्मद्यजमानस्य पितृपितामहप्रपितामहानां वा) (१) ... (२) ... (३) ... शर्मणां (वर्मणां वा) नान्दीमुखानामस्मिन्नाभ्युदयिकश्राद्धे श्राद्धसम्बन्धिनां विश्वेषां देवानां सत्यवसुसंज्ञकानाम् इदं कौशमासनं वो नमो वृद्धिश्रियै ।

(आज यहाँ ... गोत्रका (१) ... (२) ... (३) ... नामका, मेरा (वा मेरो यजमानका) बाबु बाज्ये र जिजुबाज्येस्वरूप नान्दीमुखी पितृहरूको यो आभ्युदयिक श्राद्धमा श्राद्धसम्बन्धी सत्य वसु नामका तपाईं विश्वेदेवहरूलाई यो कुशको आसन चढाउँछु– नमस्कार ।)

–भनेर पितृवर्गका विश्वेदेवलाई चढाइदिनू ।

(३) ॐ अद्येह ... गोत्राणाम् अस्मन्मातामहप्रमातामहवृद्धप्रमातामहानाम् (अस्मद्यजमानस्य मातामहप्रमातामहवृद्धप्रमातामहानां वा) (१) ... (२) ... (३) ... शर्मणां (वर्मणां वा) सपत्नीकानां नान्दीमुखानाम् अस्मिन्नाभ्युदयिकश्राद्धे श्राद्ध-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सम्बन्धिनां विश्वेषां देवानां सत्यवसुसंज्ञकानाम् इदं कौशमासनं वो नमो वृद्धिश्रियै ।

(आज यहाँ ... गोत्रका (१) ... (२)... (३) ... नामका, मेरा (वा मेरो यजमानका) मावलपट्टिका सपत्नीक बाज्ये जिजु बाज्ये र बराज्यूस्वरूप नान्दीमुखी पितृहरूको यो आभ्युदयिक श्राद्धमा श्राद्धसम्बन्धी सत्य वसु नामका तपाइँ विश्वेदेवहरूलाई यो कुशको आसन चढाउँछु– नमस्कार ।)

– भनेर मातामहवर्गका विश्वेदेवलाई चढाइदिनू ।

पितृब्राह्मणहरूलाई आसन –

यसमा पनि अघि झैं कर्मपात्रको जल र कुशका टुक्रा हातमा लिएर तल लेखिए अनुसार वाक्य पढ्दै क्रमैसित तीनै पक्षका पितृ (ब्राह्मण) हरूलाई पृथक् पृथक् आसन दिनू –

(१) ॐ अद्येह ... गोत्राणाम् अस्मन्मातृपितामहीप्रपितामहीनाम् (अस्मद्यजमानस्य मातृपितामहीप्रपितामहीनां वा) (१) ... (२) ... (३) ... देवीनां सत्यवसुसंज्ञकविश्वेदेवपूर्विकाणां नान्दीमुखीनामस्मिन् ... कर्मपूर्वाङ्गभूताभ्युदयिकश्राद्धे इदं कौशमासनं (त्रेधा विभज्य) वो नमो वृद्धिश्रियै ।

(आज यहाँ ... गोत्रका, (१) ... (२) ... (३) ... नामका, सत्य वसु नामका विश्वेदेव समेत (अघि लागे) का, मेरा (वा मेरो यजमानका) आमा बज्यै र जिजुबज्यैस्वरूप नान्दीमुखी पितृ-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



**हरूको यो ... कर्मको पूर्वाङ्गस्वरूप आभ्युदयिक श्राद्धमा यो कुशको आसन (तीन भाग लाएर) तपाइँहरूलाई चढाउँछु– नमस्कार।)**

**– भनेर मातृवर्गका ब्राह्मणलाई चढाईदिनू ।**

(२) ॐ अद्येह ... गोत्राणाम् अस्मत्पितृपितामहप्रपितामहानाम् (अस्मद्यजमानस्य पितृपितामहप्रपितामहानां वा) (१) ... (२) ... (३)... शर्मणां (वर्मणां वा) सत्यवसुसंज्ञकविश्वेदेवपूर्वकाणां नान्दीमुखानामस्मिन् ... कर्मपूर्वाङ्गभूताभ्युदयिकश्राद्धे इदं कौशमासनं (त्रेधा विभज्य) वो नमो वृद्धिश्रियै ।

**(आज यहाँ ... गोत्रका (१) ... (२) ... (३) ... नामका सत्य वसु नामक विश्वेदेव समेत (अघि लागे) का, मेरा (वा मेरो यजमानका) बाबु बाज्ये र जिजु बाज्ये स्वरूप नान्दीमुखी पितृहरूको यो ... कर्मको पूर्वाङ्गस्वरूप आभ्युदयिक श्राद्धमा यो कुशको आसन (तीन भाग लाएर) तपाइँहरूलाई चढाउँछु नमस्कार।)**

**– भनेर पितृवर्गका ब्राह्मणलाई चढाइदिनू ।**

(३) ॐ अद्येह ... गोत्राणाम् अस्मन्मातामहप्रमातामहवृद्धप्रमातामहानाम् (अस्मद्यजमानस्य मातामहप्रमातामहवृद्धप्रमातामहानां वा) (१) ... (२) ... (३) ... शर्मणां (वर्मणां वा) सपत्नीकानां सत्यवसुसंज्ञकविश्वेदेवपूर्वकाणां नान्दीमुखानामस्मिन् ... कर्मपूर्वाङ्गभूताभ्युदयिकश्राद्धे इदं कौशमासनं (त्रेधा विभज्य) वो नमो वृद्धिश्रियै ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(आज यहाँ ...गोत्रका (१) ... (२) ... (३) ... नामका, सत्य वसु नामक विश्वेदेव समेत (अघि लागे) का, मेरा (वा मेरो यजमानका) मावल पट्टिका सपत्नीक बाज्ये जिजुबाज्ये र बराज्यूस्वरूप नान्दीमुखी पितृहरूको यो ... कर्मको पूर्वाङ्ग-स्वरूप आभ्युदयिक श्राद्धमा यो कुशको आसन (तीन भाग लाएर) तपाइँहरूलाई चढाउँछु– नमस्कार ।)

– भनेर मातामहवर्गका ब्राह्मणलाई चढाइदिनू –

अब विश्वेदेव (ब्राह्मण) पूजा –

यसमा तीनै पक्षका विश्वेदेव (ब्राह्मण) हरूलाई जल पञ्चामृत वस्त्र जनै चन्दन अक्षता जउ फूलमाला धूप वत्ती नैवेद्य रोटी मिठाई फलफूल पान सुपारी मसला भेटीहरू चढाएर पूजा गर्नू र हातमा कर्मपात्रको जल कुश फूलहरू लिएर तल लेखिए अनुसार वाक्य पढीकन संकल्प गरेर छोडिदिनू –

ॐ अद्येह .. गोत्राणाम् अस्मन्मातृपितामहीप्रपितामहीनाम् (अस्मद्यजमानस्य मातृपितामहीप्रपितामहीनां वा) (१) ... (२) ... (३) ... देवीनां नान्दीमुखीनां तथा ... गोत्राणाम् अस्मत्पितृपितामहप्रपितामहानाम् (अस्मद्यजमानस्य पितृपितामह-प्रपितामहानां वा) (१) ... (२) ... (३) ... शर्मणां (वर्मणां वा) नान्दीमुखानां तथा ... गोत्राणाम् अस्मन्मातामहप्रमातामह-वृद्धप्रमातामहानाम् अस्मद्यजमानस्य (मातामहप्रमातामहवृद्ध-प्रमातामहानां वा) (१) ... (२) ... (३) ... शर्मणां

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(वर्मणां वा) सपत्नीकानां नान्दीमुखानामस्मिन् ... कर्मपूर्वाङ्गभूताभ्युदयिकश्राद्धे श्राद्धसम्बन्धिनो विश्वेदेवाः सत्यवसुसंज्ञकाः एतान्यर्चनविधिप्रदत्तगन्धपुष्पाक्षतधूपदीपनैवेद्ययज्ञोपवीतपूगीफलताम्बूलद्रव्यवासांसि ( यथाभागं विभज्य ) वो नमो वृद्धिश्रियै ।

**(आज यहाँ ... गोत्रका (१) ... (२) ... (३) ... नामका, मेरा (वा मेरो यजमानका) आमा बज्यै र जिजु बज्यैहरू तथा ... गोत्रका (१) ... (२) ... (३) ... नामका मेरा (वा मेरो यजमानका) बाबु बाज्ये र जिजुबाज्येहरू तथा ... गोत्रका (१) ... (२) ... (३) ...नामका, मेरा (वा मेरो यजमानका) मावलपट्टिका सपत्नीक बाज्ये जिजुबाज्ये र बराज्यूहरू रूप नान्दीमुख पितृहरूको यो ... कर्मको पूर्वाङ्गस्वरूप आभ्युदयिक श्राद्धमा श्राद्धसम्बन्धी सत्य वसु नामका हे विश्वेदेव हो पूजाको प्रसङ्गमा चढाइएका यी चन्दन अक्षता फूल धूप बत्ती नैवेद्य जनै सुपारी पान भेटी वस्त्रहरू (यथायोग्य भागको रूपमा) तपाईहरूलाई चढाएँ – नमस्कार ।)**

**अब पितृ (ब्राह्मण) पूजा–**

**यसमा पनि तीनै पक्षका पितृ (ब्राह्मण) हरूलाई अघि कैं झैं जल पञ्चामृत वस्त्र जनै चन्दन अक्षता जउ फूल माला धूप बत्ती नैवेद्य रोटी मिठाई फलफूल पान सुपारी मसला भेटीहरू सबै चडाएर पूजा गर्नू र अनि हातमा कर्मपात्रको जल कुश फूल-**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



हरू लिएर तल लेखिए अनुसार वाक्य पढीकन संकल्प गरेर छोडिदिनू –

ॐ अद्येह ... गोत्राः अस्मन्मातृपितामहीप्रपितामह्यः (अस्मद्यजमानस्य मातृपितामहीप्रपितामह्यो वा) (१) ... (२) ... (३)... देव्यः, नान्दीमुख्यः, तथा ...गोत्राः, अस्मत्पितृ-पितामहप्रपितामहाः (अस्मद्यजमानस्य पितृपितामहप्रपितामहा वा) (१)...(२)...(३)... शर्माणः(वर्माणो वा) नान्दीमुखाः तथा ... गोत्राः, अस्मन्मातामहप्रमातामहवृद्धप्रमातामहाः (अस्मद्यजमानस्य मातामहप्रमातामहवृद्धप्रमातामहा वा) (१) ... (२) ... (३) ... शर्माणः (वर्माणो वा) सपत्नीका नान्दीमुखाः, अस्मिन् ... कर्मपूर्वाङ्गभूताभ्युदयिकश्राद्धे एतान्यर्चनविधिप्रदत्तगन्धपुष्पाक्षतधूपदीपनैवेद्ययज्ञोपवीतपूगीफलताम्बूलद्रव्यवासांसि (यथाभागं विभज्य) वो नमो वृद्धिश्रियै ।

**(आज यहाँ ... गोत्रका, (१) ... (२) ... (३) ... नामका, मेरा (वा मेरो यजमानका) आमा बज्यै र जिजुबज्यै रूप नान्दीमुखी पितृ हो, तथा ... गोत्रका (१) ... (२) ... (३) ... नामका, मेरा (वा मेरो यजमानका) बाबु बाज्ये र जिजुबाज्ये स्वरूप नान्दीमुखी पितृ हो, तथा ... गोत्रका (१) ... (२) ... (३) ...नामका, मेरा (वा मेरो यजमानका) मावल पट्टिका सपत्नीक बाज्ये जिजुबाज्ये र बराजू रूप नान्दीमुख पितृहरू हो, यो ... कामको पूर्वाङ्गस्वरूप आभ्युदयिक श्राद्धमा पूजाको प्रसङ्गबाट चढाइएका यी चन्दन अक्षता फूल धूप बत्ती नैवेद्य जनै सुपारी**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



पान भेटी वस्त्रहरू (यथायोग्य भागका रूपमा) तपाइँहरूलाई चढाएँ – नमस्कार ।)

यसपछि भूस्वामी (पितृ) लाई अन्न (सीधा) संकल्प गर्नू –

यसमा जउ घिउ मह जल सहितको एक भाग सीधा अघिल्तिर राख्नू र हातमा कर्मपात्रको जल र कुश लिएर –

'हरि: ॐ तत्सत्–इदमामान्नं सजलं सोपस्करम् एतद्भूस्वामिपितृभ्यो नम:,

(हरि:ॐ तत्सत्– जल र उपकरणसहितको यो (काँचो अन्नको) सीधा यसै भूमिको स्वामीका पितृहरूलाई हओस् ) भनेर भूइँमा छोडिदिनू ।

अनि विश्वेदेवपट्टिको अन्न (सीधा ) संकल्प गर्नू –

यसमा पनि जउ घिउ मह जल सहितका तीन भाग सीधा अघिल्तिर राख्नू र औँलाले मह चुहाउँदै (धारा लाउँदै) लगेर हालि दिनू । अनि दुबै हात उत्तानो पारेर तिनमाथि देखाउनू र पहिले तलका मन्त्र पढ्नू –

'ॐ पृथिवी ते पात्रं द्यौरपिधानं ब्राह्मणस्य मुखे अमृते अमृतं जुहोमि स्वाहा,

(हे अन्न) पृथिवी तिम्रो पात्र (हाल्ने भांडो ) हुन्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



आकाश तिम्रो बिर्को (छोप्ने भांडो) हो, (यस्ता) अमृतस्वरूप तिमीलाई म (अब यहाँ) ब्राह्मणको अमृतस्वरूप मुखमा हालिदिन्छु (यी अन्न विश्वेदेवहरूका मुखमा परून् अर्थात् विश्वेदेव हरूलाई लागून् ।)

'ॐ इदं विष्णुर्विचक्रमे त्रेधा निदधे पदम् । समूढमस्य पाँसुरे स्वाहा ।।,'

(विष्णुले यो जगत्मा विक्रम गरेर तीनै लोकमा पाउ राख्नुभयो । सारा विश्व उहाँकै पाउमा निहित छ । यो हवि उहाँलाई हओस् ।।)

यति भनेर अनि–

ॐ इदमन्नम्– (यो अन्न अर्थात् खानेकुरा हो)–

भनेर सीधामा,

ॐ इमा आपः– (यो जल हो)–

भनेर जल अर्थात् सीधा संग राखेको पानीमा,

ॐ इदमाज्यम्– (यो घिउ हो)–

भनेर घिउमा र,

ॐ इदं हविः – (यो हवि अर्थात् खानेकुरा हो)–

भनेर फेरि सीधामा– अनि–

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ॐ एतान्युपकरणानि– (यी अरू उपकरण हुन्)–

भनेर अरू सबै थोकमा–

देखाउनू र अनि –

'ॐ कृष्ण कव्यमिदं रक्ष मदीयम्,

(हे भगवान् कृष्ण ! यो मेरो पितृहरूका निम्ति को अन्न (सीधा)को रक्षा (रखवाली गर्नुहोस् ।)

भन्नू । अनि तलको मन्त्रले दाहिनेतिरबाट सीधाको वरिपरि जउ छर्नू –

ॐ यवोसि यवयास्मद्द्वेषो यवयारातीर्दिवेत्वान्तरिक्षाय त्वा पृथिव्यै त्वा शुन्धन्ताँल्लोकाः पितृषदनाः पितृषदनमसि ।।

(हे जउ, तिमी पृथक्कर्ता छौ, हाम्रो दुर्भाग्य र दारिद्रय जस्ता शत्रुलाई हटाई देऊ । द्युलोक अन्तरिक्ष र पृथिवी तीनै (लोक) का निम्ति म तिमीलाई यहाँ छर्दछु । यसबाट पितृलोक शुद्ध हऊन् । किनभने तिमी पितृहरूका प्रतिष्ठान अर्थात् प्रीतिपात्र छौ ।।)

अनि हातमा कर्मपात्रको जल र जउ कुशहरू लिएर तल लेखिए अनुसार (एकै पल्ट) संकल्प गर्नू र छोडिदिनू –

ॐ अद्येह ... गोत्राणाम् अस्मन् (अस्मद्यजमानस्य वा)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



मातृपितामहीप्रपितामहीनां (१) ... (२) ... (३) ... देवीनां नान्दीमुखीनां तथा ... गोत्राणाम् अस्मत् (अस्मद्यजमानस्य वा) पितृपितामहप्रपितामहानां (१) ... (२) ... (३) ... शर्मणां (वर्मणां वा) नान्दीमुखानां तथा ... गोत्राणाम् अस्मन् (अस्म-द्यजमानस्य वा) मातामहप्रमातामहवृद्धप्रमातामहानां (१) ... (२) ... (३) ... शर्मणां (वर्मणां वा) सपत्नीकानां नान्दीमुखा-नाम्अस्मिन् ... कर्मपूर्वाङ्गभूताभ्युदयिकश्राद्धे श्राद्धसम्बन्धिभ्यो विश्वेभ्यो देवेभ्यः सत्यवसुसंज्ञकेभ्य इदमामान्नं सजलं सोपस्करं (इमान्यामान्नानि सजलानि सोपस्कराणि इति वा) (यथाभागं विभज्य) वो नमो वृद्धिश्रियै ॥

**(आज यहाँ ... गोत्रका (१) ... (२) ... (३) ... नामका, मेरा (वा मेरो यजमानका) आमा बज्यै र जिजुबज्यै स्वरूप नान्दीमुखी पितृहरूको, तथा ... गोत्रका (१) ... (२) ... (३)... नामका, मेरा (वा मेरो यजमानका) बाबु बाज्ये र जिजुबाज्ये स्वरूप नान्दीमुखी पितृहरूको, तथा ... गोत्रका (१) ... (२) ... (३) ... नामका, मेरा (वा मेरो यजमानका) मावलपट्टिका सपत्नीक बाज्ये जिजुबाज्ये र वराजु स्वरूप नान्दीमुखी पितृ-हरूको यो ... कामको पूर्वाङ्गरूप आभ्युदयिक श्राद्धमा सत्य वसु नामका श्राद्धसम्बन्धी विश्वेदेवहरूलाई भनेर जल र उपकरण सहितको यो (काँचो अन्नको) सीधा (अथवा यी सीधाहरू) (यथायोग्य भाग हुने गरी) तपाइँहरूलाई चढाएँ।)**

**यसपछि अब पितृपट्टिको अन्न (सीधा) संकल्प गर्नू –**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



यसमा पनि अघि झैं नै जउ घिउ मह जल सहितका 'तीन भाग सीधा अघिल्तिर राख्नू र औंलाले मह चुहाउँदै (धारा लाउँदै) लगेर हालिदिनू। अनि दुबै हात उत्ताना पारेर तिनमाथि देखाउनू र पहिले तलका मन्त्र पढ्नू –

'ॐ पृथिवी ते पात्रं द्यौरपिधानं ब्राह्मणस्य मुखे अमृते अमृतं जुहोमि स्वाहा ।,

(हे अन्न) पृथिवी तिम्रो पात्र (हाल्ने भांडो) हुन्, आकाश तिम्रो बिर्को (छोप्ने भांडो) हो, यस्ता अमृतस्वरूप तिमीलाई म (अब यहाँ) ब्राह्मणको अमृतस्वरूप मुखमा हालिदिन्छु । (यी अन्न पितृहरूका मुखमा परून् अर्थात् पितृहरूलाइ लागून्)।

'ॐ इदं विष्णु र्विचक्रमे त्रेधा निदधे पदम् । समूढमस्य पाँसुरे स्वाहा ।।,

(विष्णुले यो जगत्मा विक्रम गरेर तीनै लोकमा पाउ राख्नुभयो । सारा विश्व उहाँकै पाउमा निहित छ । यो हवि (अन्न) उहाँलाई लागोस् ।।)

यति भनेर अनि अघि झैं नै –

ॐ इदमन्नम्– (यो अन्न अर्थात् खानेकुरा हो)–

भनेर सीधामा,

(१) यसमा कसैले पितृ पिछे एक एक भाग गरेर पितृपट्टि जम्मा नउ भाग सीधा पनि गर्दछन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ॐ इमा आपः– (यो जल हो)–

भने र जल अर्थात् सीधासंग राखेको पानीमा,

ॐ इदमाज्यम्– (यो घिउ हो)–

भनेर घिउमा र,

ॐ इदं हविः– (यो हवि अर्थात् खानेकुरा हो)–

भनेर फेरि सीधामा– अनि–

ॐ एतान्युपकरणानि– (यी (अरू) उपकरण हुन्)–

भनेर अरू सबै थोकमा– देखाउनू र अनि–

ॐ कृष्ण कव्यमिदं रक्ष मदीयम्,

(हे भगवान् कृष्ण ! यो मेरा पितृहरूका निम्तिको अन्न (सीधा) को रक्षा (रखवाली) गर्नुहोस् ।) भन्नू ।

अनि तलको मन्त्रले दाहिनेतिरबाट सीधाको वरिपरि जउ छर्नू–

'ॐ यवोसि यवयास्मद्द्वेषो यवयारातीर्दिवेत्वान्तरिक्षाय त्वा पृथिव्यै त्वा शुन्धन्ताँल्लोकाः पितृषदनाः पितृषदनमसि ।।

(हे जउ, तिमी पृथक्कर्ता छौ, हाम्रो दुर्भाग्य र दारिद्र्य जस्ता शत्रुलाई हटाइदेऊ । द्युलोक अन्तरिक्ष र पृथिवी तीनै (लोक) का निम्ति म तिमीलाई यहाँ छर्दछु । यसबाट पितृलोक शुद्ध

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



हऊन् । किनभने तिमी पितृहरूका प्रतिष्ठास्थान अर्थात् प्रीतिपात्र छौ ।।)

अनि हातमा कर्मपात्रको जल र जउ कुशहरू लिएर पहिले [1]एक भाग सीधामा छुनू र तल लेखिए अनुसार मातृवर्गका नाउँमा संकल्प गरेर छोडिदिनू–

'ॐ अद्येह ... गोत्राभ्यः अस्मन्मातृपितामहीप्रपितामहीभ्यः (अस्मद्यजमानस्य मातृपितामहीप्रपितामहीभ्यो वा) (१) ... (२) ... (३) ...देवीभ्यो नान्दीमुखीभ्यः अस्मिन् ...कर्मपूर्वाङ्ग-भूताभ्युदयिकश्राद्धे इदमामान्नं सजलं सोपस्करं (त्रेधा विभज्य) वो नमो वृद्धिश्रियै ।

(आज यहाँ ... गोत्रका (१) ... (२) ... (३) ... नामका, मेरा (वा मेरो यजमानका) आमा बज्यै र जिजुबज्यै स्वरूप नान्दीमुखी पितृहरूलाई ... कामको पूर्वाङ्गस्वरूप यो आभ्यु-दयिक श्राद्धमा जल र उपकरण सहितको यो (काँचै अन्नको) सीधा (तीन जनालाई हुने गरी भाग लाएर ) तपाइँहरूलाई चढाएँ ।)

अनि अघि झैं हातमा जल कुश जउहरू लिएर दोस्रो भाग सीधामा छुनू र तल लेखिए अनुसार पितृवर्गका नाउँमा संकल्प गरेर छोडिदिनू–

'ॐ अद्येह ... गोत्रेभ्यः अस्मत्पितृपितामहप्रपितामहेभ्यः

१. कसैले तीन जनालाई तीनै भाग सीधा पनि गर्दछन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(अस्मद्यजमानस्य पितृपितामहप्रपितामहेभ्यो वा) (१) ... (२) ... (३) ... शर्मभ्यो (वर्मभ्यो वा) नान्दीमुखेभ्यः अस्मिन् ...कर्मपूर्वाङ्गभूताभ्युदयिकश्राद्धे इदमामान्नं सजलं सोपस्करं (त्रेधा विभज्य) वो नमो वृद्धिश्रियै ।

**(आज यहाँ ... गोत्रका (१) ... (२) ... (३) .... नामका, मेरा (वा मेरो यजमानका) बाबु बाज्ये र जिजुबाज्ये स्वरूप नान्दीमुखी पितृहरूलाई ... ... कामको पूर्वाङ्गस्वरूप यो आभ्युदयिक श्राद्धमा जल र उपकरण सहितको यो (काँचै अन्नको) सीधा (तीन जनालाई हुने गरी भाग लाएर) तपाइँहरूलाई चढाएँ ।)**

**अनि फेरि अघि झैं नै हातमा जल कुश जउहरू लिएर तेस्रो भाग सीधामा छुनू र तल लेखिए अनुसार मातामहवर्ग (मावल पट्टिका बाज्येहरू) का नाउँमा संकल्प गरेर छोडिदिनू–**

'ॐ अद्येह ... गोत्रेभ्यः अस्मन्मातामहप्रमातामहवृद्धप्रमातामहेभ्यः (अस्मद्यजमानस्य मातामहप्रमातामहवृद्धप्रमातामहेभ्यो वा) (१) ... (२) ... ३) ... शर्मभ्यः (वर्मभ्यो वा) सपत्नीकेभ्यो नान्दीमुखेभ्यः अस्मिन् ... कर्मपूर्वाङ्गभूताभ्युदयिकश्राद्धे इदमामान्नं सजलं सोपस्करं (त्रेधा विभज्य) वो नमो वृद्धिश्रियै ।

**(आज यहाँ ... गोत्रका (१) ... (२) ... (३) ... नामका, मेरा (वा मेरो यजमानका) मावल पट्टिका सपत्नीक बाबु बाज्ये**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



र जिजुबाज्ये स्वरूप नान्दीमुखी पितृहरूलाई ... कामको पूर्वाङ्ग-स्वरूप यो आभ्युदयिक श्राद्धमा जल र उपकरण सहितको यो (काँचो अन्नको) सीधा (तीन जनालाई हुने गरी भाग लाएर) तपाइँहरूलाई चढाएँ ।)

अनि तीन पल्ट आचमन गर्नू र हात जोडेर तल लेखिए अनुसार मन्त्र पढ्नू–

"ॐ मधुव्वाताऽ ऋतायते मधु क्षरन्ति सिन्धवः ।
माध्वीर्नः सन्त्वोषधीः ॥
मधु नक्तमुतोषसो मधुमत्पार्थिव ६ रजः ।
मधु द्यौरस्तु नः पिता ॥
मधुमान्नो वनस्पतिर्मधुमाँ २ अस्तु सूर्यः ।
माध्वीर्गावो भवन्तु नः ॥"

(हाम्रा निम्ति –

"हावा वहून् मधुमय नदी मधुमयै बहून् ।
अन्नपातहरू हाम्रा सबै मधुमयै हऊन् ॥
दिन रात मधुर हुन् मधुरै मातृभूमि यो ॥
यी द्युलोक पिता हाम्रा हऊन् मधुर सर्वको ॥
वनस्पति मधुर हुन् हुन् सूर्य मधुरै अब ।
गाईवस्तु पनि हाम्रा होऊन् मधुमयै सब ॥"

ॐ अन्नहीनं क्रियाहीनं विधिहिनं च यद् भवेत् ।
तत्सर्वमच्छिद्रमस्तु भास्करस्य प्रसादतः ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



नमस्तुभ्यं विरूपाक्ष नमस्तेऽनेकचक्षुषे ।
नमः पिनाकहस्ताय वज्रहस्ताय वै नमः ॥

"अन्न क्रिया र विधिमा कतै केही कमी भए ।
श्रीसूर्यको कृपाबाट परिपूर्ण होस् सबै ॥
नमस्ते हे विरूपाक्ष ! नमस्ते बहुनेत्र हे !
नमस्ते हे पिनाकी र नमस्ते वज्रहस्त हे ॥"

अनि तीन पल्ट गायत्री जप्नू र अघि कटिमा घुसारेको झिकेर खसालिदिनू ।

अनि हात जोडेर तल लेखिए अनुसार प्रार्थना गर्नू र ब्राह्मणका हातबाट एक टचाप टीका लाइमाग्नू—

ॐ सत्यानुष्ठानसम्पन्नाः सर्वदा यज्ञबुद्धयः ।
पितृमातृपराश्चैव सन्त्वस्मत्कुलजा नराः ॥
(यज्ञमा मन गर्ने र सत्यानुष्ठानतत्पर ।
आमाबाबुहरू मान्ने होऊन् हाम्रा [1]प्रजा चिर ॥)
भद्रमस्तु शिवं चास्तु महालक्ष्मीः प्रसीदतु ।
रक्षन्तु नः पितृदेवा आशिषः सन्तु मे सदा ॥
(कल्याण होस् भलो होओस् महालक्ष्मी प्रसन्न हुन् ।
रक्षा गरून् पितृले र आशीर्वाद संधै फलून् ॥)

(१) वंशज, कुलोत्पन्न, सन्तान ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ॐ आयुः प्रजां धनं विद्यां स्वर्गं मोक्षं सुखानि च ।
प्रयच्छन्तु तथा राज्यं तुष्टाः पितृपितामहाः ।।

**(आयु प्रजा धन स्वर्ग विद्या मोक्ष तथा सुख ।**
**देऊन् सन्तुष्ट पितृले राज्यै पनि यथासुख ।।)**

ॐ आयुः प्रजां यशः स्वर्गं कीर्तिं पुष्टिं बलं श्रियम् ।
पशून् सुखं धनं धान्यं प्राप्नुयां पितृपूजनात् ।।

**(आयु प्रजा यश स्वर्ग कीर्ति श्री बल पुष्टि र ।**
**धन धान्य सुख पशु पाऊँ पितृप्रसादज ।।)**

ॐ सप्त ऋषयः प्रतिहिताः शरीरे सप्त रक्षन्तु सदमप्रमादम् । सप्तापः स्वपतो लोकमीयुस्तत्र जागृतोऽस्वप्नजौ सत्र-सदौ च देवौ ।।

**[1]सप्त ऋषि व्याप्त छन् देहमा यो**
**गर्छन् रक्षा तिनले नित्य यसको ।**
**सुत्दा साथै पुग्दछन् [2]लोकमा र**
**जागा बस्छन् [3]दुइ पाले यसैको ।।,,**

ॐ यथेमां वाचं कल्याणीमावदानि जनेभ्यः । ब्रह्मराजन्याभ्यां ँ शूद्राय चार्याय च स्वाय चारणाय च । प्रियो देवानां दक्षिणायै दातुरिह भूयासमयं मे कामः समृद्ध्यताम् (उपमादो नमतु) ।।

---

१. सप्तप्राण (पांच इन्द्रिय+मन वुद्धि) । २. हृदयाकाशवर्त्ती विज्ञानात्मामा । ३. प्राण र अपान ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(म, ब्राह्मण क्षत्रिय वैश्य शूद्र आफन्त एवं पराई सबैलाई राम्रो वचन गरूँ (कल्याण हुने कुरा मुखबाट निकालूँ) र यसरी म देवताहरूको र दक्षिणा दिनेको प्यारो बनूँ। मेरो यो कामना परिपूर्ण हुओस् (र उ मसित निहुरोस्।।)

दक्षिणासंकल्प–

अनि ब्राह्मणलाई दक्षिणा दिने रूपियाँ पैसाहरू तीन भाग ल्याएर अघिल्तिर राख्नू र–

ॐ हिरण्यगर्भगर्भस्थं हेम बीजं विभावसोः।
अनन्तपुण्यफलदमतः शान्तिं प्रयच्छ मे।।

("ब्रह्माण्ड भित्र रहने सून हौ बीज अग्निको।
छौ अनन्त पुण्य दिने शान्ति देउ मलाइ यो।।"

ॐ दक्षिणाद्रव्याय नमः

(दक्षिणा दिइने रूपियाँ पैसालाई नमस्कार)

भनेर प्रत्येकलाई चन्दन अक्षता फूल जल जउहरू चढाएर पूजा गर्नू। अनि पहिले दुइ भाग दक्षिणा अघि सार्नू र कर्मपात्रको जल र कुशहरू सहित एक भाग दक्षिणा हातमा लिएर तल लेखिए अनुसार संकल्प गरी विश्वेदेव ब्राह्मणहरूलाई राखिदिनू–

हरिः ॐ तत्सत्– ॐ अद्येह ... गोत्राणाम् अस्मन्मातृपितामहीप्रपितामहीनाम् (अस्मद्यजमानस्य मातृपितामही-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



प्रपितामहीनां वा) (१) ... (२) ... (३) ... देवीनां नान्दीमुखीनां तथा ... गोत्राणाम् अस्मत्पितृपितामहप्रपितामहानाम् (अस्मद्यजमानस्य पितृपितामहप्रपितामहानां वा) (१) ... (२) ... (३) ... शर्मणां (वर्मणां वा) नान्दीमुखानां तथा ... गोत्राणाम् अस्मन्मातामहप्रमातामहवृद्धप्रमातामहानाम् (अस्मद्यजमानस्य मातामहप्रमातामहवृद्धप्रमातामहानां वा) (१) ... (२) ... (३) ... शर्मणां (वर्मणां वा) सपत्नीकानां अस्मिन् ... कर्मपूर्वाङ्गभूताभ्युदयिकश्राद्धे श्राद्धसम्बन्धिनां विश्वेषां देवानां सत्यवसुसंज्ञकानां (प्रीतये) कृतैतद्वैश्वदेविकश्राद्धप्रतिष्ठासिद्ध्यर्थम् इमां द्राक्षामलकादिरूपां दक्षिणां वनस्पतिदेवताकां तन्निष्क्रयभूतं द्रव्यं वा ...रूपं ... देवताकं यथानामगोत्रेभ्यो यथानामशर्मभ्यो ब्राह्मणेभ्यो (यथाभागं विभज्य) वो नमो वृद्धिश्रियै (दातुमहमुत्सृजे तत्सन्नममेति वा ।)

**(आज यहाँ ... गोत्रका (१) ... (२) ... (३) ... नामका, मेरा (वा मेरो यजमानका) आमा बज्यै र जिजुबज्यैस्वरूप नान्दीमुखी पितृहरूको तथा ... गोत्रका (१) ... (२) ... (३) ... नामका, मेरा (वा मेरो यजमानका) बाबु बाज्ये र जिजु बाज्ये स्वरूप नान्दीमुखी पितृहरूको तथा ... गोत्रका (१) ... (२) ... (३) ... नामका, मेरा (वा मेरो यजमानका) मावल पट्टिका सपत्नीक बाज्ये जिजुबाज्ये र वराजु स्वरूप नान्दीमुखी पितृहरूको ... कामको पूर्वाङ्गरूपमा गरिएको यो आभ्युदयिक श्राद्धमा श्राद्धसम्बन्धी सत्य वसु नामका विश्वेदेवहरूको प्रीतिको निम्ति गरिएको यो श्राद्धको प्रतिष्ठाको लागि वनस्पतिदेवता-**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सम्बन्धी दाख र अमलास्वरूप यो दक्षिणा अथवा तिनको सट्टामा राखिएको ... देवता सम्बन्धी ... द्रव्य (रूपियाँ पैसाहरू) तत्तत् गोत्र र नामका (तपाईं) ब्राह्मणहरूलाई यथायोग्य भाग लगाई (दिना निमित्त छोडि) दिन्छु । ॐ तत्सत् ।)

त्यसै गरी अर्को भाग दक्षिणा हातमा लिनू र फेरि तल लेखिए अनुसार संकल्प गरी पितृब्राह्मणहरूलाई राखिदिनू–

हरिः ॐ तत्सत्– ॐ अद्येह ... गोत्राणाम् अस्मन्मातृपितामहीप्रपितामहीनाम् (अस्मद्यजमानस्य मातृपितामहीप्रपितामहीनां वा) (१) ... (२) ... (३) ... देवीनां नान्दीमुखीनां तथा ... गोत्राणाम् अस्मत्पितृपितामहप्रपितामहानां (अस्मद्यजमानस्य पितृपितामहप्रपितामहानां वा) (१) ... (२) ... (३) ... शर्मणां (वर्मणां वा) नान्दीमुखानां तथा ...... गोत्राणाम् अस्मन्मातामहप्रमातामहवृद्धप्रमातामहानाम् (अस्मद्यजमानस्य मातामहप्रमातामहवृद्धप्रमातामहानां वा) (१) ... (२) ... (३) ... शर्मणां (वर्मणां वा) सपत्नीकानां नान्दीमुखानां कृतैतत् (द्) ... कर्मपूर्वाङ्गभूताभ्युदयिकश्राद्धप्रतिष्ठार्थम् इमां द्राक्षामलकादिरूपां दक्षिणां वनस्पतिदेवताकां तन्निष्क्रयभूतं द्रव्यं वा ... रूपं ... देवताकं यथानामगोत्रेभ्यो यथानामशर्मभ्यो ब्राह्मणेभ्यो (यथाभागं विभज्य) वो नमो वृद्धिश्रियै (दातुमहमुत्सृजे तत्सन्नममेति वा) ।

(आज यहाँ ... गोत्रका (१) .. (२) .. (३) ... नामका, मेरा (वा मेरो यजमानका) आमा बज्यै र जिजुबज्यै स्वरूप

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



नान्दीमुखी पितृहरूको तथा ... गोत्रका (१) ... (२) ... (३) ... नामका, मेरा (वा मेरो यजमानका) बाबु बाज्ये र जिजुबाज्ये-स्वरूप नान्दीमुखी पितृहरूको तथा ... गोत्रका (१) ... (२) ... (३) ... नामका, मेरा (वा मेरो यजमानका) मावलपट्टिका सपत्नीक बाज्ये जिजुबाज्ये र बराजुस्वरूप नान्दीमुखी पितृहरूको ... कर्मको पूर्वाङ्गरूपमा गरिएको यो आभ्युदयिक श्राद्धको प्रतिष्ठाका लागि वनस्पतिदेवतासम्बन्धी दाख र अमला स्वरूप यो दक्षिणा अथवा तिनको सट्टामा राखिएको ... देवतासम्बन्धी ... द्रव्य (रूपियाँ पैसाहरू) तत्तत् गोत्र र नामका (तपाइँ) ब्राह्मणहरूलाई यथायोग्य भाग लगाई (दिना निमित्त) छोडि दिन्छु । ॐ तत्सत् ।)

भूयसी दक्षिणा संकल्प–

अब फेरि त्यसै गरी अर्को बाँकी भाग दक्षिणा पनि हातमा लिनू र भूयसी दक्षिणाको रूपमा दिना निमित्त तल लेखिए अनुसार संकल्प गरी कर्मपात्रको जलमा छुवाएर राखिदिनू –

हरिः ॐ तत्सत् पूर्वोक्तसंकल्पसिद्धिरस्तु । अद्येह ... गोत्रः ...प्रवरः ... शर्मा (वर्मा वा) अहंमम ... कर्मणः पूर्वाङ्गत्वेन कृतस्य नान्दीश्राद्धापरपर्यायाभ्युदयिकश्राद्धकर्मणः साङ्गतासिद्धये इमां भूयसीं दक्षिणां रजतखण्डं चन्द्रदेवताकं (ताम्रखण्डं श्रीसूर्यदेवताकं) यथानामगोत्रेभ्यो यथानामशर्मभ्यो ब्राह्मणेभ्यो यथाभागं विभज्य यथाकालं दातुं समुत्सृजे । ॐ तत्सन्न मम॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(हरिः ॐ तत्सत् इत्यादि । आज यहाँ ... गोत्र ... प्रवर र ... नामको म मेरो ... कामको पूर्वाङ्गरूपमा गरिएको नान्दी-श्राद्ध नामक आभ्युदयिक श्राद्धको अंगपूर्तिका लागि यो चन्द्र-देवतासम्बन्धी चाँदीको रुपियाँ (श्रीसूर्यदेवतासम्बन्धी तामाको पैसा) स्वरूप भूयसी (प्रशस्त) दक्षिणा तत्तत् गोत्र र नामका ब्राह्मणहरूलाई यथायोग्य भाग लगाई यथासमय दिना निमित्त यहाँ राख्दछु । ॐ तत्सत् ।।)

अनि त्यो दक्षिणा लिएर यथायोग्य सबै ब्राह्मणहरूलाई बाँडि दिनू र तलको मन्त्रले पितृब्राह्मणहरूलाई जलले तीनपल्ट घुमाइदिनू –

ॐ वाजे वाजे वत बाजिनो धनेषु विप्राऽ अमृताऽ ऋतज्ञाः ।
अस्य मध्वः पिबत मादयध्वं तृप्ता यात पथिभिर्देवयानैः ।।

(रक्षा गर अमर र सत्य जान्ने बाज्ये हुँदा धन औ अन्न हाम्रो ।
खाएर यो गुलियो जाउ मस्त भई अघाई देवको मार्गबाट ।।

अनि–

'ॐ सत्यवसुसंज्ञका विश्वेदेवाः प्रीयन्ताम्,
(सत्य र वसु नामका विश्वेदेवहरू प्रसन्न हुनुहोस्)

भनेर विश्वेदेव (ब्राह्मण) हरूलाई पनि विस्तारै हातले चलाएर फूल अक्षता छरिदिनू ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



त्यसपछि आचमन गर्नू र हात जोडेर तलको मन्त्रले तीन पल्ट देवता पितृहरूलाई नमस्कार गर्नू –

ॐ देवताभ्यः पितृभ्यश्च महायोगिभ्य एव च ।
नमः स्वाहायै स्वधायै नित्यमेव नमो नमः ।।

(देवता पितृ र महायोगी स्वाहा स्वधाहरू ।
सबैलाइ छ यो मेरो नमस्कार संधै भर ।।)

अनि हात जोडेर तल लेखिए अनुसार प्रार्थना पनि गर्नू –

ॐ अस्मिन् श्राद्धकर्मणि यत् कृतं तत् सुकृतमस्तु यन्न कृतं तद् विष्णोः प्रसादाद् ब्राह्मणवचनात् सर्वं परिपूर्णमस्तु ।

(यो श्राद्धको काममा जो गरियो त्यो राम्रो होस् र जो गरिएन (गर्न पाइएन) त्यो पनि श्रीविष्णु भगवान्‌को अनुग्रहले र ब्राह्मणहरूको वचनले सबै परिपूर्ण होओस् । )

अनि ब्राह्मणले पनि–

ॐ अस्तु परिपूर्णम् (परिपूर्ण होओस) भनि दिनू ।

त्यसपछि फेरि हात जोडेकोजोडयै तलका मन्त्रले श्रीभगवान् विष्णुका चरणको स्मरण गरेर नमस्कार गर्नू –

ॐ प्रमादात् कुर्वतां कर्म प्रच्यवेताध्वरेषु च ।
स्मरणादेव तद्विष्णोः संपूर्णं स्यादिति श्रुतिः ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(चुकिन्छ नै कर्म गर्दा यज्ञ यागादिमा पनि ।
श्रीविष्णुको स्मरणले पूर्ण त्यो हुन्छ रे अनि ।।)

ॐ यस्य स्मृत्या च नामोक्त्या तपोयज्ञक्रियादिषु ।
न्यूनं संपूर्णतां याति सद्यो वन्दे तमच्युतम् ।।

ॐ अच्युताय नमः , ॐ अच्युताय नमः , ॐ अच्युताय नमः

(जसको स्मरणले नाम लिनाले धर्मकर्ममा ।
त्रुटिपूर्ति हुन्छ ती अच्युतको गर्छु वन्दना ।।)

(अच्युत (कहिल्यै नचुक्ने) भगवान् विष्णुलाई नमस्कार ३)

ॐ चतुर्भिश्च चतुर्भिश्च द्वाभ्यां पंचभिरेव च ।
हूयते च पुनर्द्वाभ्यां स मे विष्णुः प्रसीदतु ।।

(चार चार दुई पाँच दुई यति मिलीकन ।
दिइन्छ आहुती जसको ती विष्णु हुन् खुशीमन ।।)

यसपछि तलको मन्त्रले हातमा कर्मपात्रको जल र कुशहरू लिएर आफूले गरेको कर्म श्रीभगवान् नारायण विष्णुका चरणमा अर्पण गर्नू –

ॐ कायेन वाचा मनसेन्द्रियैर्वा बुद्ध्यात्मना वा प्रकृतिस्वभावात् ।
करोमि यद्यत् सकलं परस्मै नारायणायेति समर्पये तत् ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(शरीर वाणी मन बुद्धि इन्द्रिय आत्मादिले वा प्रकृतिस्वभावले ।
गरें यहाँ जो सब गर्छु अर्पण परेश नारायणमा म भक्तिले ।।)

(अनि ब्राह्मण (पुरोहित) का हातबाट फूल प्रसाद दूवोहरू लगाइमाग्नू र आसनबाट उठ्नू । )

इति आभ्युदयिकश्राद्धविधि

पूर्वाङ्गविधि समाप्त

शुभम्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# संस्कारपद्धति

( १ )

## गर्भाधान

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

## गर्भाधान

पुरुषले जुन काम गर्नाले स्त्रीजातिलाई गर्भ रहन्छ, स्त्री गर्भवती वा गर्भिणी हुन्छे, अर्थात् स्त्रीले 'पेट' बोक्तछे त्यसलाई 'गर्भाधान, (पेट बोकाउने काम) भन्दछन् ।

यो गर्भाधान द्विजातिहरूको नछुने (रजस्वला) भएर तीन दिनसम्म नियममा रहीकन चार दिनका दिन विहान नुहाई धुवाई गरेर चोखिएकी आफ्नी स्वस्थ विवाहिता पत्नीमा शास्त्रोक्त विधिले वैदिक मन्त्रहरू पढीकन गरिन्छ । यो गर्भाधान हाम्रा आवश्यक संस्कारहरू मध्यको एउटा प्रमुख संस्कार हो । यसबाट सर्वप्रथम क्षेत्रकै संस्कार हुने हुनाले यसलाई वस्तुतः "क्षेत्रसंस्कार,, नै मानिएको छ । सुसंस्कृत क्षेत्रमा रहेको गर्भ र त्यसबाट जन्मेको सन्तान दोषरहित हुने हुँदा गौणरूपमा मात्र यसलाई गर्भको संस्कार पनि भन्न सकिन्छ । यसैकारण यो "गर्भाधान,, संस्कार पहिलो एक पल्ट मात्र गर्ने नियम छ । एक पल्ट संस्कार गरिएको सुसंस्कृत क्षेत्रमा जति ओटा गर्भ रहे पनि त्यो निर्दोष हुन्छ ।

यसमा नछुने भएको सोह्र दिन भित्रमा त्यसको पहिलो चार दिन, एघाह्रौं दिन र तेह्रौं दिन, अष्टमी, चतुर्दशी, औंसी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



र पूर्णिमा, संक्रान्ति, बाबु आमाहरूको श्राद्धको दिन, आशौचका दिनहरू छोडेर, मघा, रेवती, मूल नक्षत्रहरू नपारेर छोरो चाहनेले जोर दिन र छोरी चाहनेले विजोर दिन पारेर (यथा-संभव) शुभ वेला शुभ मुहूर्तमा राती पहिलो र चौथो प्रहर छोडेर प्रसन्न मनले गर्भाधान गर्नू भन्ने शास्त्रमा लेखिएको छ। कुनै शास्त्रकारले तेह्रौं दिन देखिनै निन्द्य मानेका पनि छन्। यसबाट रजस्वला भएको अर्थात् रज देखिएको आठ दिन देखि बाह्र दिन सम्मका बीचका पाँच दिन गर्भाधानका निमित्त सबभन्दा असल मानिएका रहेछन् भन्ने बुझिन्छ।

'गर्भाधान, हुनलाई शुद्ध रज र वीर्यको संयोग नभई हुँदैन। रज र वीर्य दुबै शुद्ध भए गर्भ पनि शुद्ध रहन्छ। त्यसकारण गर्भाधान गर्नुभन्दा पहिले स्त्री पुरुष दुबैको आफ्नो आफ्नो रज र वीर्य शुद्ध छन् छैनन् विचार गरेर अशुद्ध वा दूषित भए औषधि उपचारद्वारा शुद्ध गरिनु पर्दछ। यसको विधान शास्त्रमा वर्णित छ।

त्यसै गरी प्रथम रजोदर्शन हुँदाको अर्थात् पहिलो पाली नछुने हुँदाको दिन वेला ठाउँ अवस्था र बेष भूषा आदिबाट पनि रजोदर्शन शुद्ध वा अशुद्ध, निर्दोष वा सदोष भन्ने विचार हुन्छ। दुष्ट रजोदर्शन भए शास्त्रोक्त विधिले शान्ति गरिनु पर्दछ।

हाम्रो समाजमा पहिलो पाली नछुने हुँदा रजोदर्शन भएको थाहा हुनासाथ तुरुन्तै रजस्वलालाई लगेर नियमपूर्वक एघार

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



रात सम्म सूर्यको प्रकाश र पुरुषको मुख नदेखिने एकान्त तथा गुप्त कोठामा लुकाएर राखिकन बाह्रौं दिन विहान सबेरै नुहाई धुवाई शुद्ध गराई नयाँ वस्त्र लगाउनलाएर सर्वप्रथम सूर्यको दर्शन (विवाहिता भए) पतिको दर्शन गराईकन आफ्नो रीत अनुसार नछुने भएको वाइस दिन वा पन्ध्र दिनको दिन (कसै कसैले बाह्रै दिनमा पनि) गोदान गर्न लगाएर मात्र पानी छुन लाउने र, दोस्रो पालामा केवल चार दिन मात्र लुकाएर राखेर जम्मा सात दिन वार्न लाउने पनि चलन छ। त्यस्तै अरू पालाहरूमा पनि रजस्वलाले तीन रात कसैसंग छातछुत नगरिकन अलग्गै बसेर नियममा रहीकन अनि चार दिनको दिन नुहाई धुवाई शुद्ध भएर कोरीबाटी गरेर नयाँ वस्त्रहरू लगाईकन मंगल स्वस्तिवाचनहरू गर्न लाईकन सर्वप्रथम पतिको दर्शन गरेरमात्र पाँच दिनदेखि देवकार्यमा र सात दिनदेखि पितृकार्यमा सम्मिलित हुनू अर्थात् त्यसमा छातछूत गर्नू भन्ने शास्त्रमा लेखिएको छ। चार दिनका दिन स्त्रीजातिलाई केवल पतिको सेवाका निम्ति मात्र अधिकारिणी मानिएको छ।।

साथै 'रजस्वला, ले नछुने भए देखि नचोखिए सम्म नै खाट विछ्यौनाहरूमा नसुतेर भुइंमा अलग्गै गुन्द्रीहरू ओछ्याएर सुत्ने, ब्रह्मचर्यमा रहने, कुनै पुरुषको मुख नहेर्ने, यथाशक्य धातुका भांडाहरूमा नखाने, एक छाक चोखो खाने, एक वस्त्र लाउने, गरेर रहनुपर्दछ। दिउसो सुत्ने, गाजल लाउने, आँसु खसाल्ने, नुहाउने, तेल बुकुवाहरू घस्ने, श्रृंगार पटार गर्ने, नङ काट्ने, दगुर्ने, हाँस्ने, कराउने, बाहिर निस्कने, बतासमा बस्ने,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



परिश्रम गर्ने आदि गर्नुहुँदैन भन्ने पनि शास्त्रमा लेखिएको छ।

स्त्रीजातिको नछुने हुँदा रातमा रजोदर्शन भएमा सो रात-लाई तीन भाग लगाएर पहिला दुइ भागमा भए त्यसलाई अघिल्लै दिन अर्थात् छोडेको दिनलाई पहिलो वा एक दिन मान्ने र पछिल्लो भागमा अर्थात् तेस्रो भागमा भए पछिल्लो दिन अर्थात् लाग्ने (आउने) दिन लाई पहिलो दिन अर्थात् एक दिन मानेर दिनगणना गर्नु पर्दछ ।

"गर्भाधान,, गर्नालाई स्त्री-पुरुष दुबै यथायोग्य उमेर पुगेका हुनु पर्दछ । सोह्र वर्ष नपुगेकी स्त्री र पच्चीस वर्ष नलागेको पुरुषले गर्भाधान नगर्नू, यसबाट गर्भ पूर्ण वा परिपुष्ट हुँदैन भन्ने पनि शास्त्रमा लेखिएको छ ।

गर्भ रहने ठाउँ 'गर्भाशय' (पाठेघर) हो । 'गर्भाधान, गर्नालाई गर्भाशय (पाठेघर) पनि शुद्ध हुनु पर्दछ । अशुद्ध वा दुष्ट क्षेत्रमा राखिएको बीउ शुद्ध वा निर्दोष भएर उम्रन सक्तैन । त्यसकारण गर्भाधान गर्ने स्त्री-पुरुष दुबै स्वस्थशरीर दुबैका आवश्यक अंग अवयवहरू स्वस्थ तथा अविकल र दुबै जना परिपुष्ट हुनु आवश्यक छ । दुर्बल वा क्षीणवीर्य भए पहिले वृष्य (वीर्यवर्धक) आहार र वाजीकरण औषधिहरूको सेवन-बाट वीर्य परिपुष्ट गराइनु पर्दछ र अनि मात्र गर्भाधान गर्नु पर्दछ ।

'गर्भाधान, गर्नु भन्दा एक महीना अघि देखिन् स्त्री-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



पुरुष दुबैले [1]ब्रह्मचर्यका नियमहरूको पालना गरेर रहनु पर्दछ ।

'गर्भाधान, गर्ने दिन बेलुका पनि दूध घिउ मार्सी चामलको भुजा इत्यादि आफूलाई मन पर्ने राम्रो मीठो आहार पेट ज्यादा टम्म नहुने गरीकन ठिक्क ठिक्क मात्रामा भोजन गर्नुपर्दछ । यसमा स्त्रीले विशेष तेल माषहरूको सेवन गर्नू भन्ने पनि छ ।

'गर्भाधान, रजस्वला स्त्रीको रज बाहिर निक्लन छोडे पछि मात्र गरिनु पर्दछ ।

यसरी शरीरका आवश्यक इन्द्रिय अंग अवयव आशय सब स्वस्थ र रज वीर्य दुबै शुद्ध भएका दुबै असमान गोत्रका विवाहित परस्पर अनुकूल निर्दोष स्त्री-पुरुषले उपर्युक्त नियमहरूको पालना गरीकन राती एकान्त स्थलमा अनुकूल वातावरणमा सफा सुगन्धी सजिलो र मनोहर शयनमा प्रसन्न मनले (स्त्रीको) उत्तान मुद्रामा सोझै गर्भाधान गर्नू भन्ने लेखिएको छ । हाम्रा धर्मशास्त्र कामशास्त्र र आयुर्वेदका ग्रन्थहरूमा यस विषयको विस्तृत वर्णन पाइन्छ ।

---

१. ब्रह्मचर्य भनेको अन्यत्र अष्टांग मैथुनबाट निवृत्त हुनु हो तापनि यहाँ मुख्य संभोग वा वीर्यस्खलन हुने काम नगर्नू भन्ने हुन्छ । मैथुनको आठ अंग तल लेखिए अनुसार हुन् । जस्तो कि स्मरण, कीर्तन (नाम लिनू) ,केलि (क्रीडा), प्रेक्षण (हेर्नू), गुह्यभाषण, संकल्प (यसो गर्छु भन्ने कल्पना) अध्यवसाय (निश्चय) र संभोग ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



## अथ गर्भाधानविधि

### (१)

यसमा गर्भाधान गर्ने दिन गर्भाधान गर्ने यजमान (पति)-ले आफू पनि विहान सबेरै उठीकन यथासमय शौच आदिबाट निवृत्त भएर सुगन्धी [1]उद्वर्तनहरू गरीकन आयुर्वेदले बताए अनुसार गाईको घिउहरू घसी अभ्यङ्गस्नान समेत गरेर नुहाई धुवाई शुद्ध भई पहिले आफ्नो नित्य कर्म (संधै गर्ने जप पाठ पूजाहरू) सबै सिध्याउनू र अनि साथै आफ्नी रजस्वला (नछुने) भएर चार दिनका दिन नुहाई धुवाई सबै सकीकन चोखिएर बसेकी स्वस्थशरीर शान्त तथा प्रसन्नमनकी आफ्नो गर्भाधान गरिने विवाहिता पत्नीलाई पनि विहान सबेरै उठाएर [1]उद्वर्तनहरू गर्न लाइकन सुगन्धी (तिलको) तेलहरू घस्न लाएर सर्वौषधि पञ्चपल्लवहरू मिसेको (मनतातो) जलले अभ्यंगस्नान गर्न लाईकन शुद्ध वस्त्रहरू फेर्न लाउनू र आफ्नो नित्यकर्महरू सकेर दुबै जनाले हात गोडा धोई कुल्ला गरी अघि बाटै लिपपोत गरेर पूजाको निम्ति ठीक पारेको ठाउँमा आएर शुद्ध आसनमा पलैंटी मारीकन पूर्व फर्केर बस्नू र कुशको पवित्र (औंठी) धारण गरेर शिखा (टूपी) फुकेको भए बाँधीकन तीन पल्ट आचमन गरेर प्राणायाम समेत गर्नू र दीयो बालेर विधि-

१. बुकुवाहरू घसीकन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



**पूर्वक कर्मपात्र बनाउनू । अनि तीन टुक्रा कुश र कर्मपात्रको जल लिएर तलको मन्त्रले सेचन गर्नू –**

ॐ अपवित्रः पवित्रो वा सर्वावस्थां गतोपि वा ।
यः स्मरेत् पुण्डरीकाक्षं स बाह्याभ्यन्तरः शुचिः ।।

**(म चोखो हुँ कि विटुलो जुनसुकै स्थितिमा हऊँ ।**
**श्रीविष्णुलाई सम्झेर चोखो सर्वत्र नै बनूं ।।)**
**(पुण्डरीकाक्ष विष्णुले चोखो गराउन्)**

**अनि फेरि हातमा कर्मपात्रको जल र कुशहरू लिएर देश कालहरूको उच्चारण गरीकन तल लेखिए अनुसार संकल्प गर्नू–**

हरिः ॐ तत्सत् इत्यादि । ॐ अद्येह ... गोत्रः ... प्रवरः ...शर्मा (वर्मा वा) अहम् ममास्या भार्याया...देव्या ऋतुस्नातायाः श्रेयसीप्रजाप्रजनन (समर्थगर्भग्रहण) योग्यतापादकसंस्कारद्वारेण गर्भक्षेत्रयोरपि संस्कारसिद्ध्यर्थं तथा चास्यां कालान्तरेष्वाधेयानां सकलगर्भाणां च बीजगर्भसमुद्भवैनोनिवर्हणद्वारा समस्तदोषपरिहारपूर्वकं गुणातिशयसम्पादनार्थं यथाविधि गर्भाधानकर्म करिष्ये । तथा चैतत्कर्म (णि) पूर्वाङ्गत्वेन (प्रथमं) दीपकलशगणेशदेवतापूजनपूर्वकं मातृकापूजनम् आभ्युदयिकश्राद्धं चाहं करिष्ये । तथा चैतत्कर्मणि यथाविहितोपयोग्याचार्यादिकर्म कर्तुं पुण्याहवाचनार्थं च यथानामगोत्रान् यथानामशर्मणो ब्राह्मणानेभिश्चन्दनपुष्पाक्षतपूगीफलवस्त्रद्रव्यादिभिराचार्यत्वादिना युष्मानहं वृणे ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(हरिः ॐ तत्सत् । आज यहाँ ... गोत्र ... प्रवर र ... नामको म गर्भाधान गरिने क्षेत्रस्वरूप यी मेरी पत्नीको संस्कारद्वारा गर्भ र गर्भाशय दुबैको संस्कारका निमित्त र यिनमा राखिने सबै गर्भहरूका बीजगर्भजन्य दोष निवारण भईकन तिनमा विशेष गुण आउन् भन्नाका निमित्त यथाविधि गर्भाधान कर्म गर्नेछु । तथा यस कर्मको पूर्वाङ्गरूपमा पहिले दीप कलश गणेश-हरूको पूजा गरीकन मातृकापूजा र आभ्युदयिक श्राद्ध पनि गर्नेछु तथा यसमा जो चाहिने आवश्यक कर्महरू गर्न र पुण्या-हवाचन समेत गर्ना निमित्त तत्तत् गोत्र र नामका तपाइँ ब्राह्मण-हरूलाई यी चन्दन अक्षता फूल सुपारी वस्त्र भेटीहरूले आचार्य आदिको रूपमा वरण गर्दछु ।)

अनि टीका लगाइदिईकन आचार्यको र पुण्याहवाचनार्थ ब्राह्मणहरूको वरण गर्नू ।

यसपछि माथि पूर्वाङ्गको विधिमा बताए अनुसार क्रमैसित दीयो कलशहरू थापीकन गणेशपूजा गर्नू र स्वस्तिवाचन पुण्या-हवाचन मातृकापूजा आभ्युदयिक श्राद्धहरू पनि सबै गर्नू र वैदिक मन्त्रहरूद्वारा मंगलकलशको जलहरू अभिषेक लिएर फूल प्रसादहरू ग्रहण गरीकन ब्राह्मणहरूलाई दक्षिणा भोजनहरू द्वारा सन्तुष्ट गराएर आशीर्वाद लिनू रभक्ति पूर्वक श्रीसूर्य-नारायणलाई अर्घ दिएर वहाँको दर्शन गर्नू र उपस्थान गरेर नमस्कार पनि गर्नू । अनि दुबै दम्पतिले यथासमय भोजनहरू गरेर बस्नू ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(यसमा सूर्यको दर्शन गर्दा कहीं तल लेखिए अनुसारको मन्त्र प्रयोग गर्नू भन्ने पनि लेखिएको छ ।)

ॐ आदित्यं गर्भं पयसा समङ्धि सहस्रस्य प्रतिमां विश्वरूपम् ।
परिवृङ्धि हरसा माभिम ६ स्थाः शतायुषं कृणुहि चीयमानः ।।

(हे अदितिका छोरा सूर्य, तिमी सर्वरूप वा सबै रूपका प्रकाशक अतएव सबैलाई उत्पन्न गराउने सबैका गर्भस्वरूप भएर हजारौंको संख्यामा धनपुत्रहरू दिने छौ । यस्ता तिमीलाई हामी दूधले (अथवा जलले) (अर्घ दिएर) पूजा गर्दछौं । तिमी आफ्नो सर्ववीर्यापहारी तेजलाई हामीबाट हटाऊ । हाम्रो हिंसा नगर अर्थात् हामीलाई संधै सजीव गराऊ र हामीले पूजिएका छंदा हामीलाई पूरा सयवर्ष बाँच्ने गराऊ ।।)

यसपछि बेलुका यथासमय आफ्नो सन्ध्याकर्महरू सकेर दूध घिउहरूसहितको आफूलाई मन पर्ने अपेक्षाकृत हलुका पौष्टिक आहारहरू भोजन गर्नू र सुविस्तासित आराम गरेर रहनू ।

अनि गर्भाधान गर्ने बेला भएपछि दुबै दम्पतिले हात गोडा धोई कुल्ला गरी शुद्ध भएर अवस्थानुरूप शुद्ध सुगन्धी (यथा संभव सेतो वा पहेंलो, नभए आफूलाई मन पर्ने) वस्त्र फूल मालाहरू लगाएर प्रफुल्लतासाथ आपनो सुत्ने कोठामा, एकान्त र अनुकूल वातावरणमा, सेतो सफा तन्नाहरू कसेर सजाइराखेको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



चोखो सजिलो नरम विछ्याउनामा गएर बस्नू र पत्नीलाई पूर्व सिरहान गराएर उत्तानो मुद्रामा सुताएर (कामशास्त्रको प्रक्रिया अनुसार आलिङ्गन चुम्वनहरूद्वारा दुबैमा कामानुराग उत्कट भएर पूर्ण उत्सुकता आए पछि प्रसन्न मनले गमन गरेर) शुभ वेला शुभ मुहूर्तमा गर्भाधान गर्नू। (दोहोऱ्याइनरहनू) ।

(पारस्कर गृह्यसूत्रका भाष्यकार 'कर्क, आदि आचार्यहरूले यसमा मन्त्रहरूको प्रयोग गरेर गर्ने कुनै विधान लेखेको देखिँदैन ।)

यसरी गर्भाधान गरेपछि पतिले पत्नीको दाहिने काँधपट्टिबाट हात लगेर (अंकमाल गरेर) तलको मन्त्रले हृदयस्पर्श गर्नू –

ॐ यत्ते सुसीमे हृदयं दिवि चन्द्रमसि श्रितम् ।
वेदाहं तन्मां तद्विद्यात्पश्येम शरदः शतम् ।।
जीवेम शरदः शत श्रृणुयाम शरदः शतम् ।।

"राम्रो सिउँदो भएकी हे सीमन्तिनी ! –

तिम्रो हृदय जो माथि चन्द्रमामा छ आस्थित ।
म जान्दछु त्यो त्यसले पनि जानोस् मलाइ र ।।
बाँचौ हामी सयँ वर्ष देख्ने सुन्ने भई चिर ।।

अनि पुरुषले शय्याबाट उठेर शौच स्नान आचमनहरू गरेर शुद्ध हुनू । (स्त्रीले स्नान गरिरहनुपर्दैन शौच आचमनसंम गरे पनि हुन्छ ।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(२)

पारस्कर गृह्यसूत्रका कतिपय प्रसिद्ध भाष्यकारहरूले आफ्नो व्याख्याका प्रसङ्गमा मन्त्रप्रयोग गरेर गर्भाधान गरिने कुनै विधानको उल्लेख गरेको पाइएको छैन । तथापि गृह्य-सूत्रका धेरै जसो मूलमा देखिएका पाठ र तिनका आधारमा भिन्न भिन्न पद्धतिकारहरूले भिन्न भिन्न रूपमा कल्पना गरेर लेखेका उच्चावच प्रयोगहरूलाई लिएर तिनमा उल्लेख गरिएका मन्त्रहरूको संकलन गरी क्रम मिलाएर राख्ता तल लेखिए अनुसार-को रूप तयार हुन आउने हुँदा त्यसको पनि यहाँ दिग्दर्शन गरिएको छ । जस्तो कि–

पत्नी नछुने भएर चार दिनको दिन यथासमय नुहाई धुवाई सबै गरी चोखिएर रज निक्लन बन्द भएपछि गर्भाधान गर्ने दिन विहान माथि बताए अनुसार गणेशपूजा मातृकापूजा आभ्युदयिकश्राद्ध स्वस्तिवाचन पुण्याहवाचनहरू गरेर सूर्यको दर्शन समेत गरीकन दुबै दम्पतिले आनन्दसित भोजनहरू गरेर वस्नू र बेलुका गर्भाधान गर्ने बेला भए पछि आफ्नो स्थानमा गएर पत्नीलाई शय्यामा पूर्व वा उत्तर सिरहान गराएर राख्नू र पतिले पत्नीलाई (उनको टाँग फट्टाईकन उपस्थ (योनि) मा आफ्नो दाहिने हात राखेर) पहिले तल लेखिए अनुसार मन्त्र पढेर अभिमन्त्रण गर्नू –

ॐ पूषा भगं सविता मे ददातु रुद्रः कल्पयतु ललाम (गु)म् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



**(पूषाले भग (भाग्य) देऊन् र रुद्रले वाक्य सुन्दर ।)**

विष्णुर्योनिं कल्पयतु त्वष्टा रूपाणि पिंशतु ।
आसिञ्चतु प्रजापतिर्धाता गर्भं दधातु ते ॥

**(विष्णु ठीक गरून् योनि त्वष्टाले रूपसिर्जन ।**
**प्रजापति बीज राखून् धाताले गर्भधारण ॥)**

गर्भं धेहि सिनीवालि गर्भं धेहि पृथुष्टुके ।
गर्भं तेऽ अश्विनौ देवावाधत्तां पुष्करस्रजौ ॥

**(गर्भ लेऊ सिनिवाली ! गर्भ लेऊ यशस्विनी ! ।**
**गर्भ राखून् पद्ममाली दुबै अश्विनले पनि ॥)**

तेजो वैश्वानरो दद्यात् ब्रह्मा गर्भं दधातु ते ।

**(तेज वैश्वानर दिऊन् ब्रह्माले गर्भपोषण ।)**

"हिरण्ययी अरणी याभ्यां निर्मन्थतामश्विनौ देवौ ।
तं ते गर्भं दधामहे दशमे मासि सूतवे ॥

**(सुवर्णका अरणिले मथे अश्विनले जुन ।**
**म राख्तछु त्यही गर्भ यथासमय पाउन ॥)**

**अग्नि–**

ॐ गायत्रेण त्वा छन्दसा मन्थामि त्रैष्टुभेन त्वा छन्दसा मन्थामि जागतेन त्वा छन्दसा मन्थामि । सुक्ष्मा चासि शिवा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



चासि स्योना चासि सुषदा चास्यूर्जस्वती चासि पयस्वती च ॥

(म तिमीलाई गायत्री छन्दले मथन गर्दछु, त्रिष्टुप छन्दले मथन गर्दछु, जगती छन्दले मथन गर्दछु। तिमी असल, पृथ्वी (पृथ्वी जस्ती सहनशील) छौ, शान्त वा कल्याणरूपा छौ, सुख रूपा छौ, सजिली छौ, र रसिली एवं पयस्विनी छौ।)

भनेर गमन गर्नू र तलका मन्त्रले वीर्य आधान गर्नू –

ॐ रेतो मूत्रं विजहाति योनिं प्रविशदिन्द्रियम्।
गर्भो जरायुणा वृतऽ उल्वं जहाति जन्मना ॥

"वीर्य त्याग गर्छ भित्र पसी इन्द्रियले सदा।
जेलिएको गर्भजाल गर्भले छोड्छ जन्मदा ॥"

ॐ ऋतेन सत्यमिन्द्रियं विपान ँ शुक्रमन्धसऽइन्द्रस्येन्द्रिय-
मिदं पयोमृतं मधु ॥

(अमृतरूप सत्य आत्माबाट उत्पन्न, सत्यरूप, वीर्यवान् अर्थात् शक्तिशाली, सोमरूप अन्नको रस र गर्भको (गर्भाशयको) विशिष्ट पेय स्वरूप यो विशुद्ध वीर्य (तिम्रो रजमा मिसिएर) दूध र मह जस्तो भएर अमृतस्वरूप हओस्।)

यसपछि कसैले तलको मन्त्र उच्चारण गर्दछन्–

ॐ रूपं रूपं प्रतिरूपो बभूव तदस्य रूपं प्रतिचक्षणाय।
इन्द्रो मायाभिः पुरुरूप ईयते युक्ता ह्यस्य हरयः शता दश ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



"देहे पिच्छे प्रतिबिम्बित भयो यो
त्यो रूप यसको छ प्रकाशनार्थ ।
अविद्याले वहुरूपी छ ईश
घोडा यसका छन् जोतिएका हजार ।।"

यसरी गमन गरेर वीर्याधान गरिसके पछि (कसैको मतमा शौच आचमन गरेर, कसैको मतमा शौच आचमनहरू नगरीकनै) पत्नीको दाहिने काँध पट्टिबाट आपनो हात लगेर तलको मन्त्रले हृदयालम्भन (हृदयस्पर्श) गर्नू –

ॐ यत्ते सुसीमे हृदयं दिवि चन्द्रमसि श्रितम् ।
वेदाहं तन्मां तद् विद्यात् पश्येम शरदः शतम् ।
जीवेम शरदः शतं शृणुयाम शरदः शतम् ।।

"राम्रो, सिउँदो भएकी हे सीमन्तिनी,
तिम्रो हृदय जो माथि चन्द्रमामा छ आस्थित ।
म जान्दछु त्यो त्यसले पनि जानोस् मलाई र ।।
बाचौं हामी सयै वर्ष देख्ने सुन्ने भई चिर ।।"

यसरी गर्भाधान गरेपछि (पुरुषले) स्नान शौच आचमनहरू गरेर शुद्ध हुनु पर्छ भन्ने शास्त्रको वचन छ ।

इति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



यसमा वेदमा अधिकार भएका र वेद पढेका, मन्त्र कण्ठ आउने ब्राह्मणहरूले आफैंले मन्त्र पढेर गर्भाधान गर्नू । बेद न पढेका मन्त्र नआउने द्विजातिहरूले चाहिं पूर्वाङ्ग सकिएपछि सूर्यको दर्शन गरेर विवाहहरूमा झैं ब्राह्मणहरूद्वारा मन्त्रोच्चारण गराउनू र पत्नीलाई स्पर्श गरेर बेलुका गर्भाधानमा गरिने अभि-मन्त्रण अघिबाट दिउसै सिध्याइराख्नू र बेलुका आफ्नो समयमा त्यसै वीर्याधानमात्र गर्नू ।

(माथिको "विष्णुर्योनिं" भन्ने मन्त्रहरूको कसैले वीर्याधान गर्नु भन्दा पहिले अभिमन्त्रणमा प्रयोग गरेका छन् । कसैले वीर्याधान गर्दा प्रयोग गर्ने भनेका छन् । कसैले वीर्याधान गरिसके पछि मात्र प्रयोग गर्नू भनी लेखेका छन् । पारस्करको मूल पाठमा र गोभिल गृह्यसूत्रमा एवं अन्यत्र पनि उक्त मन्त्रको प्रयोग वीर्याधानभन्दा अघि नै लेखिएको छ । यसमा विद्वान्हरूले आफैं विचार गर्नु हुनेछ ।)

बेलुका आफैंले मन्त्रोच्चारण गरेर गर्भाधान गर्नेमा गर्भा-धान गरेको भोलिपल्ट विहान मात्र देवताहरूको विसर्जन गर्ने र ब्राह्मणलाई दक्षिणा दिने गर्दछन् । नत्र उसै दिन दिउसै देवता-हरूको विसर्जन गरेर ब्राह्मणहरूलाई दक्षिणाभोजनहरूद्वारा सन्तुष्ट गराउनू र बेलुका आफुखुशी गर्भाधान गर्नू ।

इति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(३)

शतपथब्राह्मणमा 'प्राणोपासक' गृहस्थीको लागि विशिष्ट पुत्र प्राप्तिका निमित्त 'पुत्रमन्थ' नामले गरिने 'गर्भाधान, को विधान बताइएको छ जो संक्षेपमा यस प्रकार छ ।—

नछुने भएको चार दिनको दिन विहानै नुहाई धुवाई सबै सिध्याएर शुद्ध भई बसेकी पत्नीलाई उसैका हातबाट ओखलहरूमा धान कुट्न लगाई त्यसको चामल झिकेर राख्न लाउनू र विधिपूर्वक पंच भूसंस्कारहरू गरीकन अग्निको स्थापना गरेर त्यसमा स्थालीपाकको विधिले त्यही चामलको पायसहरू पकाएर चरु तयार गर्नू र अग्निमा पहिले आघार आदि सामान्य आज्याहुतिहरू दिइसकेपछि अनि त्यो चरु लिएर धमाधम हातले झिक्दै पहिले प्रधान देवताहरूलाई –

(१) ॐ अग्नये स्वाहा, (२) ॐ अनुमतये स्वाहा,
(३) ॐ देवाय सवित्रे सत्यप्रसवाय स्वाहा ।

(अग्निलाई (यो) आहुति सुहुत होओस् । अनुमतिलाई यो आहुति सुतहु होओस् । सत्य फल भएका सविता देवतालाई (यो) आहुति सुहुत हओस् ।)

भनेर जम्मा तीन आहुति दिनू र अनि फेरि –

'ॐ अग्नये स्विष्टकृते स्वाहा'

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(स्विष्टकृत् अग्निलाई (यो) आहुति सुहुत होस्)

भनेर स्विष्टकृत्लाई एक आहुति पनि दिनू ।

अनि यसरी अग्निमा आहुति दिएर स्थालीमा बाँकी रहन आएको चरु (पायस) सबै झिकेर एउटा चोखो भांडोमा हाल्नू र घिउ मिसाएर पहिले पतिले खानू अनि बाँकी रहेको शेष (जूठो पूरा) पत्नीलाई खान दिनू । अनि खाइसकेपछि पति पत्नी दुबैले आचमन गर्नू र हातहरू धोएर शुद्ध हुनू ।

अनि पतिले एउटा कलशमा जल भरेर पञ्चपल्लव वा आँप पीपलका पातहरूले त्यो जल लिएर तलको मन्त्रले पत्नीलाई अभिषेक गर्नू –

'ॐ उत्तिष्ठातो विश्वावसो ऽ न्यामिच्छ प्रफर्व्यं (।)म् ।
संजाया पत्या सह ।।'

"उठ विश्वावसु ! जाऊ अरू नै रोज कामिनी ।
छोडिदेऊ यिनीलाई यी हुन् मेरी स्वभामिनी ।।"

यसरी पत्नी (को सान्निध्य) बाट गन्धर्वलाई हटाएर पठाएपछि यज्ञ विसर्जन गरेर दुबैले यथायोग्य भोजनहरू गरेर बस्नू र गर्भाधान गर्ने वेला भएपछि सुत्ने ठाउँमा गएर पतिले पत्नीलाई –

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ॐ अमोहमस्मि सा त्वं सा त्वमस्यमो ऽ अहम् ।
सामाहमस्मि ऋक् त्वं द्यौरहं पृथिवी त्वम् ।।
तावेहि संरभावहै सह रेतो दधावहै ।
पुंसे पुत्राय वित्तये ।।

"म प्राण हूँ तिमी वाक् हौ तिमी वाक् हौ म प्राण हूँ ।
म साम हूँ तिमी ऋक् हौ म द्यौ हूँ पृथिवी तिमी ।।
आऊ बल गरौं हामी गर्भाधान गरौं संगै ।
छोरो पाउनका लागि वीर्य राखौं मिली यहीं ।।"

भन्दै अंकमालहरू गर्नू र अनि–

"ॐ विजिहीथां द्यावापृथिवी"
(छुट्टियून् द्यौ र पृथिवी)

भनेर पत्नीको टाँग फट्टाउनू र 'वराङ्ग' मा इन्द्रिय प्रवेश गराएर गमन गर्नू (सुताउनू) र (वीर्याधान गर्नू अनि) मुख मुख जोडेर (पत्नीको मुखमा मुख जोडेर) तलको मन्त्रले पत्नीलाई क्रमैसित शिरदेखि पाउ (पैताला) सम्म तीन पल्ट मुसार्नू वा सुमसुम्याउनू–

ॐ विष्णुर्योनिं कल्पयतु त्वष्टा रूपाणि पिंशतु ।
आसिञ्चतु प्रजापतिर्धाता गर्भं दधातु ते ।।

"योनि ठीक गरून् विष्णु त्वष्टाले रूपसिर्जन ।
प्रजापति बीज छर्कून् धाताले गर्भधारण ।।"

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



गर्भं धेहि सिनीवालि गर्भं धेहि पृथुष्टुके ।
गर्भं ते ऽ अश्विनौ देवावाधत्तां पुष्करस्रजौ ।।

"गर्भ लेउ सिनीवाली ! गर्भ लेऊ यशस्विनी ।
गर्भ राखून् पद्ममाली दुबै अश्विनले पनि ।।"

हिरण्ययी अरणी याभ्यां निर्मन्थतामश्विनौ देवौ ।
तं ते गर्भं दधामहे दशमे मासि सूतवे ।।

"सुवर्णका अरणिले मथे अश्विनले जुन ।
म राख्तछु त्यही गर्भ यथासमय पाउन ।।"

यथाग्निगर्भा पृथिवी यथा द्यौरिन्द्रेण गर्भिणी ।
वायुर्दिशां यथा गर्भ एवं गर्भं दधामि तेऽसौ ।।

"अग्निले पृथिवी, इन्द्रले द्यौ र वायुले दिशा
भए झैं गर्भिणी, तिम्रो गर्भ राख्छु म यो निशा ।।"

र अनि यसको अन्त्यमा आफ्नो नाम लिनू वा पत्नीको नाम उच्चारण गर्नू ।

यसमा वीर्य आधान गर्दा–

'इन्द्रियेण ते रेतसा रेत आदधामि'

(म आफ्नो इन्द्रियद्वारा तिमीमा वीर्य आधान गर्दछु)

भनेर गर्नू अवश्य गर्भ रहने छ भन्ने पनि लेखिएको छ ।

इति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(४)

## स्त्रीलाई गर्भ नरहेमा गरिने एउटा विधि
## (पारस्करगृह्यसूत्रानुसारी)

स्त्रीलाई गर्भ रहेन भने पतिले अघिल्लो दिन उपवास बसी-कन भोलिपल्ट पुष्य नक्षत्र (को दिन) पारेर सेतो (सेतो फूल फुल्ने) कण्टकारीको जरा विधिपूर्वक उखलेर ल्याइकन कुटेर त्यसको रस झिक्नू र पत्नीलाई नछुने भएको चार दिनको दिन नुहाई धुवाई गरेर उपवास (भोकै) बस्नलाइकन बेलुका स्वस्ति-वाचनहरू गरेर तलका मन्त्रले त्यो रस नाकमा (पत्नीका नाक-को दाहिने प्वालमा) हालिदिनू– (अनि गर्भाधान गर्नू )

ॐ इयमोषधी त्रायमाणा सहमाना सरस्वती ।
अस्या अहं बृहत्याः पुत्रः पितुरिव नाम जग्रभम् ।।

(यी बूटी छन् दोष हर्ने रक्षा गर्ने सबै सही ।
यिनको प्रभावले छोराको 'बाबु' म बनूं सही ।।

(यस्ता उपायहरूको विधान विभिन्न धर्मशास्त्र, वैद्यशास्त्र, कामशास्त्र र तन्त्रग्रन्थहरूमा यत्र तत्र पाइन्छ । यहाँ केवल सर्वसाधारणलाई अवगत गराउनका लागि मात्र यो एउटा दिग्दर्शन गराइएको हो । विशेष ज्ञानका लागि अरू शास्त्रहरू हेरे हुन्छ ।)

इति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



## पहिलोपाली नछुने हुँदाको शुभाशुभ

शुभ--

वैशाख, साउन, असोज, मंसीर, माघ र फागुन महीना; शुक्ल पक्ष; परेवा, द्वितीया, तृतीया, पञ्चमी, सप्तमी, दशमी, एकादशी र त्रयोदशी तिथि; सोमवार बुधवार, बृहस्पतिवार र शुक्रवार; अश्विनी, रोहिणी, मृगशिरा, पुष्य (तिष्य), उत्तराफाल्गुनी, हस्ता, चित्रा, स्वाती, अनुराधा, उत्तराषाढा, श्रवण, धनिष्ठा, शतभिषा, उत्तराभाद्रपदा, रेवती र अभिजित् नक्षत्र उत्तम; कृतिका, पुनर्वसु, मघा, विशाखा र मूल नक्षत्र मध्यम; वृष, मिथुन, कर्कट, कन्या, तुला, धनु र मीन लग्न; दिनमा (पूर्वाह्ण उत्तम, मध्याह्न मध्यम, अपराह्ण वा पछिल्लो प्रहर कनिष्ठ); सेतो वस्त्रमा; प्रथम रजोदर्शन शुभ हुन्छ ।

अशुभ—

चैत, जेठ, असार, भदौ, पूस महीना (कसैको मतमा असोज कार्तिक दुवै मध्यम; ) कृष्णपक्ष; चौथी, षष्ठी, अष्टमी, नवमी, द्वादशी, चतुर्दशी र औंसी तिथि (कसैको मतमा परेवा र पूर्णिमा पनि); आइतवार, मङ्गलवार, शनिवार; भरणी, आर्द्रा, अश्लेषा, ज्येष्ठा, पूर्वाफाल्गुनी, पूर्वाषाढा, पूर्वाभाद्रपदानक्षत्र; मेष, सिंह, वृश्चिक, मकर र कुम्भ लग्न; भद्रा वैधृति व्यतीपात, महापात, परिघ, गण्ड, अतिगण्ड, व्याघात योग; संक्रान्तिको दिन; दिनको पछिल्लो भाग; राती (कसैको मतमा रातको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



पहिलो प्रहर शुभ); संध्याकाल; बिरामी अवस्था; निदाएको बेला; रातो, कालो, नीलो वा छिर्बिरे वा मैलो लुगामा; नाङ्लो कूचो, दाउरा, आगो मकलहरू हातमा लिएको वेलामा, नाङ्गो अवस्थामा, अर्काको गाउँ घरमा, बाटोमा प्रथम रजोदर्शन अशुभ मानिएको छ।

कसै कसैले रातमा र कृष्णपक्षको दशमीसम्मलाई मध्यम अनि एकादशीदेखि मात्र घटिया मानेका पनि छन्।

अशुभै भए ता पनि लग्नमा बृहस्पति वा शुक्र छन् अथवा तिनको (पूर्ण) दृष्टि परेको छ भने त्यति नजाती हुँदैन शुभै हुन्छ भन्ने पनि कसैको भनाई छ।

यसरी पहिलो पाली नछुने हुँदा शुभ भए केही गर्नु पर्दैन, अशुभ भए 'दुष्टरजोदर्शनशान्ति' गर्नुपर्दछ। यसको विधान शान्तिको प्रकरणमा बताइएको छ।

पहिलो पाली नछुने भएर पानी छुँदा–

अश्विनी, मृगशिरा, हस्ता, स्वाती, अनुराधा, उत्तराफाल्गुनी, उत्तराषाढा, उत्तराभाद्रपदा र रेवती नक्षत्र; आइतवार, मङ्गलवार र बृहस्पतिवारमा असल हुन्छ।

राती नछुने हुँदा कुन दिन मान्ने–

हाम्रो यहाँ राती नछुने हुँदा रातलाई तीन भाग लगाई पहिला दुई भागभित्र परेमा अघिल्लो दिन र तेस्रो अर्थात् पछिल्लो भागमा परे पछिल्लो दिन मान्ने चलन छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



## महीना नपुगी नछुने भएकोमा–

पहिले भएको अट्ठारह दिनको दिन रज भएमा एक रात, उन्नाइस दिनको दिन रज भएमा दुई रात र बीस दिनको दिनदेखि पूरै (तीनै रात) बार्नुपर्छ ।

संधै (जहिले पनि) बीस दिनै नपुगीकन रज हुने गरेको छ भने अट्ठारह दिनदेखि पनि पूरै बार्नुपर्छ ।

केही गरी सत्रहौं दिनको दिन रज देखियो भने त्यसै दिन स्नान गरेर शुद्ध होइन्छ भन्ने पनि कसैको भनाई छ । रोग (रक्त-प्रदर) हरू भएर संधै एकनास रज आइरहने छ भने महीना महीनामा एक पल्ट आफूले विचार गरेर बार्ने गर्नुपर्छ ।

## जग्गेमा विवाह गर्दागर्दै नछुने भएमा–

यज्ञमा धमाधम विवाहको काम हुन लागेको वेलामा 'कन्या' (बधू) रजस्वला (नछुने) भइन् भने तिनलाई उत्तिखेरि स्नान गराएर अर्को चोखो नयाँ वस्त्र फेराइकन थालेको काम (यज्ञ) सिध्याउनू भन्ने शास्त्रको वचन छ ।

## बिरामी भएर नुहाउन नसक्ने भएमा–

रजस्वला स्त्रीलाई ज्वरहरू आई बिरामी भएर वा बिरामी अवस्थामै रजस्वला भई नुहाउन नसक्ने भएमा आफ्नै जातको छुन हुने अर्को महिलाले ती रजस्वलालाई छुंदै नुहाउँदै गरेर सात पल्ट जति गरेपछि दोष निवारण हुन्छ भन्ने पनि छ ।

इति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



## तान्त्रिक गर्भाधान

यसमा पत्नी रजस्वला भएको सोह्र दिनभित्र कुनै शुभ रात्रीमा दुई दम्पति मिलेर आफ्नो शय्यानिर जानू र पतिले पत्नीलाई छोएर मनमनले प्रजापतिलाई सम्झी (शय्यातिर फर्केर) "मायाबीज" सहित तलको मन्त्र पढ्नू–

आवयो: सुप्रजायै त्वं शय्ये ! शुभकरी भव ।

"हे शय्या!

हाम्रो सन्तानको लागि शुभ गर्ने तिमी बन ।"

अनि दुबैजना शय्यामा उक्लेर पूर्व अथवा उत्तर मुख गरी बस्नू र स्त्रीलाई हेरेर पतिले तिनको माथमा दाहिने हात राखेर बाँया हातले अंगालो हालिकन पहिले "कामबीज" १०० पल्ट जप्नू । अनि चिउँडोमा छोएर "वाग्बीज" १०० पल्ट, कण्ठमा छोएर "श्रीबीज" २० पल्ट, दुई स्तनमा पनि "श्रीबीज १००–१०० पल्ट, हृदयमा "मायाबीज" १० पल्ट, नाभिमा पनि "मायाबीज" २५ पल्ट, योनिमा "कामबीज+वाग्बीज" १०८ पल्टै जप्नू र "मायाबीज" को उच्चारण गरीकन प्रजापतिलाई सम्झेर रमण शुरू गर्नू ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अनि प्रजापतिलाई नै सम्झेर "मायाबीज" सहित तलको मन्त्र पढेर वीर्यपतन (गर्भाधान) गर्नू–

यथाग्निना सगर्भा भूर्द्यौर्यथा वज्रधारिणा ।
वायुना दिग्गर्भवती तथा गर्भवती भव ।।

"अग्निले भू गर्भवती इन्द्रले स्वर्गलोक र ।
वायुले दिक् सरी होऊ तिमी गर्भवती अब ।।"

इति गर्भाधानविधि

शुभम्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# ( २ )

# पुंसवन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

## अथ पुंसवन

'पुंसवन' भनेर गर्भको सन्तान 'पुरुष' जन्मोस्, गर्भ सर्वथा निर्दोष हओस् र गर्भको बालकलाई ज्ञान खुलोस्, उसलाई आफ्नो (पूर्व) अवस्थाको पनि स्मरण हओस् र साथै क्षेत्र पनि सुसंस्कृत हओस् भनेर गरिने संस्कारलाई भनिन्छ। यो 'पुंसवन संस्कार' गर्भको संस्कार भएकोले गर्भै पिच्छे गरिनु पर्छ भन्ने छ। कसैको मतमा यो पनि क्षेत्रकै संस्कार भएकोले यसलाई पहिलो पाला मात्र गरे पुग्छ भन्ने पनि छ। तर हाम्रो यहाँ धेरै जसो पहिलो पाला पेट बोके पछि त्यही एकपल्ट मात्र यो 'पुंसवन' गर्ने चलन छ। वास्तवमा 'पुंसवन' गर्भैपिच्छे गर्नु नै श्रेयस्कर हुन्छ।

## पुंसवनप्रयोग

यसमा गर्भाधान भएको अर्थात् स्त्री जातिलाई गर्भ रहेको दोस्रो वा तेस्रो महीनामा गर्भ स्पष्ट देखिए पछि राम्रो तिथि वारहरू हेरेर पुंनक्षत्र अर्थात् अश्विनी, मृगशिरा, पुनर्वसु, पुष्य (तिष्य), हस्त, स्वाती, अनुराधा, मूल श्रवण र उत्तराभाद्रपदा मध्ये कुनै एउटा नक्षत्रमा चन्द्रमा भएको दिन पारेर गर्भिणीलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



स्नानहरू गर्नं लाइकन शुद्ध भएर चोखो नयाँ वस्त्रहरू फेर्नं लाउनू र पतिले पनि नुहाई धुवाई गरेर आफ्नो नित्यकर्म (संधै गर्ने जप पाठ पूजाहरू) सिद्धचाउनू र दुबैले केही नखाइकन उपवास (भोकै) बसेर रहनू । अनि पूर्वाङ्गको काम गर्ने बेला भएपछि लिपपोत गरेर ठीक पारेको शुद्ध ठाउँमा आएर गणेश र इष्टदेवताको स्मरण गरेर आसनमा बस्नू र स्वस्तिवाचनहरू गर्नं लाइकन दीयो बालेर दुबै दम्पतिले आचमन गर्नू र पहिले विधिपूर्वक कर्मपात्र बनाउनू । अनि तीन टुक्रा कुशले कर्मपात्रको जल लिएर—

ॐ अपवित्रः पवित्रो वा सर्वावस्थां गतोपि वा ।
यः स्मरेत् पुण्डरीकाक्षं स बाह्याभ्यन्तरः शुचिः ।।
ॐ पुण्डरीकाक्षः पुनातु ।
(चोखो हुओं कि बिटुलो जुनसुकै स्थितिमा हुओं ।
श्रीविष्णुलाई सम्झेर चोखो सर्वत्र नै बनौं ।।)
(पुण्डरीकाक्ष विष्णुले चोखो गराऊन् ।)

भनेर आफूहरूलाई पनि छर्कनू आफ्नो वरिपरिका सामग्रीहरूमा पनि सबैतिर छर्कनू ।

अनि अघि 'गर्भधारण' गर्दा यथाविधि 'गर्भाधानसंस्कार' नगरीकन त्यसै गर्भ राखिएको वा रहन गएको भए त्यसको प्रायश्चित्तका निमित्त यसै अवसरमा पहिले एउटा गोदान पनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



गरिहाल्नू ।" यसमा गोदान गरिने रूपियाँ पैसाहरूलाई अघिल्तिर राखेर पहिले तलको मन्त्रले त्यसमा पूजा गर्नू–

ॐ नमो गोभ्यः श्रीमतीभ्यः सौरभेयीभ्य एव च ।
नमो ब्रह्मसुताभ्यश्च पवित्राभ्यो नमो नमः ।।

ॐ गवे नमः ॐ गोप्रत्याम्नायीभूत(रजत)द्रव्याय नमः

(श्रीमती कामधेनू र ब्रह्माका पुण्य सन्तति ।
गाईलाई म यो गर्छु बारम्बार नमस्कृति ।।

(गाईलाई नमस्कार, गाईको सट्टा राखिएको रूपियाँ पैसालाई नमस्कार ।)

अनि–

ॐ नमो ब्रह्मण्यदेवाय गोब्राह्मणहिताय च ।
जगद्धिताय कृष्णाय गोविन्दाय नमो नमः ।।

ॐ ब्राह्मणाय नमः

(गाई ब्राह्मण औ सारा जगत्का हितकारक ।
ब्रह्मण्यदेव गोविन्द कृष्णलाई प्रणाम छ ।।

(ब्राह्मण देवतालाई नमस्कार)

भनेर ब्राह्मणलाई पनि टीका लाइदिनू र हातमा जउ तिल कुशहरू सहित कर्मपात्रको जल लिएर गाईलाई (गोदान गरिने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



पैसामा) छोएर देश कालहरूको उच्चारण गरिकन तल लेखिए अनुसार संकल्प गरेर ब्राह्मणका हातमा राखिदिनू–

ॐ अद्येह...गोत्रः ... प्रवरः ... नामा सपत्नीकोऽहं ममास्या गर्भवतीभार्यायाः स्वकालानुष्ठेयशास्त्रविहितगर्भाधानाख्यसंस्कार-कर्माकरणजन्यप्रत्यवायपरिहारार्थं समाचरणीयप्रायश्चित्तस्वरूप-प्राजापत्याधर्नुकल्पभूतगोप्रत्याम्नायरूपमिदं रजतमुद्रात्मकं द्रव्यं चन्द्रदेवताकं यथानामगोत्राय यथानामशर्मणे ब्राह्मणाय तुभ्यं संप्रददे ॐ तत्सन्न मम ।

**(आज यहाँ ... गोत्र ... प्रवर र ... नामको पत्नीसहित म, मेरी यी पत्नीको शास्त्रानुसार उसै समयमा गरिनुपर्ने गर्भाधान संस्कारको काम नगरिएबाट हुन आउने प्रत्यवाय नलागोस् भन्नाका निमित्त प्रायश्चित्तस्वरूप गरिने 'आधाप्राजापत्य' को अनुकल्परूप गाईदानको सट्टामा यो चन्द्रदेवतासम्बन्धी चाँदीको रूपियाँ ... गोत्र र ... नामका तपाइँ ब्राह्मणलाई दिएँ ।)**

**अनि हात जोडेर–**

ॐ कपिले सर्वदेवानां पूजनियासि रोहिणि ।
तीर्थदेवमयी यस्मात्तस्माच्छान्तिं प्रयच्छ मे ।।

**(कपिले छचौ तिमी पूज्य देवताहरूकी सब ।**
**तीर्थरूपी देवमयी शान्ति देऊ ममा अब ।।)**

गावो मे अग्रतः सन्तु गावो मे सन्तु पृष्ठतः ।
गावो मे हृदये सन्तु गवां मध्ये वसान्यहम् ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(गाई अघिल्तिर हऊन् होऊन् मेरा पछिल्तिर ।
गाई हृदयमा मेरा हऊन् फेरि सबैतिर ।।)

भनीकन गाईको प्रार्थना गर्नू र जउतिल कुशहरू र कर्मपात्रको जल सहित दान प्रतिष्ठाको द्रव्य हातमा लिएर–

ॐ अद्येह कृतैतद्गोप्रत्याम्नायीभूतरजत( मुद्रात्मक )-द्रव्यदानकर्मणः साङ्गतासिद्ध्यर्थमिमां दक्षिणां रजतमुद्रारूपं द्रव्यं चन्द्रदेवताकं ( ताम्रमुद्रात्मकं द्रव्यं वा श्रीसूर्यदेवताकं ) यथानामगोत्राय यथानामशर्मणे ब्राह्मणाय तुभ्यमहं संप्रददे ॐतत्सन्नमम ।

(आज यहाँ गाईको सट्टा गरिएको यो चन्द्रदेवतासम्बन्धी चाँदीको रूपियाँ दानको अङ्गपूर्तिका लागि त्यसको दक्षिणास्वरूप चन्द्रदेवतासम्बन्धी यो चाँदीको रूपियाँ (अथवा श्रीसूर्यदेवता-सम्बन्धी यो तामाको पैसा) ... गोत्र र ... नामका तपाईं ब्राह्मण-लाई दिएँ ।)

भनीकन संकल्प गरेर ब्राह्मणका हातमा राखिदिनू । ब्राह्मणले पनि 'द्यौः शान्तिः °' इत्यादि मन्त्र पढीकन दुबैलाई अभिषेक गरिदिनू ।

अब प्रतिज्ञासंकल्प तथा ब्राह्मणवरण

यसमा पतिले हातमा जउतिलकुश र कर्मपात्रको जलसहित ब्राह्मणवरणका निमित्त चाहिने चन्दन अक्षता फूल वस्त्र भेटी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सिगो सुपारीहरू सबै लिएर पहिले तल लेखिए अनुसार संकल्प गर्नू-

ॐ अद्येह...गोत्रः ... प्रवरः ... नामाऽहं ममास्या गर्भवती-भार्याया अद्यकर्त्तव्यगर्भ ( क्षेत्र ) संस्कारद्वारा ऽ स्यामुत्पत्स्य-मानापत्यस्य बीजगर्भसमुद्भवैनोनिवर्हण-स्मृत्युद्बोधप्रतिबन्धकी-भूतदुरितोपशमन - स्वादृष्टानुरूपपुमङ्गा ऽ वयवोत्पत्तिप्रतिरो-धककर्मनिरसन( पूर्वक )पुंरूपतावाप्ति( ज्ञानोदय )सिद्ध्यर्थं (श्रीमत्परमेश्वरप्रीतये)पुंसवनाख्यं कर्म, तत्पूर्वाङ्गत्वेन दीपकल-शगणेशपूजनपूर्वकं मातृकापूजनं नान्दीश्राद्धं (नान्दीश्राद्धानुकल्प-रूपं सुवर्णदानं वा) (ग्रहयज्ञं)च करिष्ये तत्तत् कर्म कर्तुं (पुण्या-हवाचनार्थं च) एभिश्चन्दनपुष्पाक्षतपूगीफलवासोद्रव्यादिभिर्यथा-नामगोत्रान् यथानामशर्मणो ब्राह्मणान् युष्मान् वृणे ।

**(आज यहाँ ... गोत्र ... प्रवर र ... नामको म, मेरी यी पत्नीको आज गरिने गर्भ (क्षेत्र) संस्कारद्वारा यिनमा उत्पन्न हुने सन्तानको शुक्रशोणित (रज र वीर्य) संयोगरूप गर्भबाट हुने दोषको निवारण, स्मृतिउत्पन्न हुन नदिने दुष्कर्मको शमन र उसको आफ्नो कर्म अनुसार बन्न आउने पुरुषानुरूप अङ्ग अवयव-हरू उत्पन्न हुनमा वाधक कर्मदोष (भए त्यस) को निराकरण (भईकन) 'पुरुषरूप' प्राप्ति (ज्ञानको उदय) हओस् भन्नाका निमित्त (श्रीपरमेश्वरको प्रसन्नताका लागि) (आज बेलुका) पुंसवनसंस्कार' (गर्नेछु) र (पहिले) त्यसको पूर्वाङ्गको रूपमा, दीपकलश गणेशको पूजा गरीकन मातृकापूजा, नान्दी (आभ्यु-**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



दयिक) श्राद्ध (अथवा त्यसको सट्टामा सुवर्णदान) (र) (ग्रह-शान्ति समेत) गर्दछु। (यिनमा पर्ने) तत्तत् कामहरू (र पुण्या-हवाचन समेत) गर्नाका लागि यी चन्दन अक्षता फूल सिंगो सुपारी वस्त्र भेटीहरूद्वारा यथायोग्य गोत्र र नामका तपाइँ ब्राह्मणहरू-लाई वरण गर्दछु।)

यसरी संकल्प गरेपछि ब्राह्मणहरूलाई टीकाहरू लाईदिएर वरण गर्नू र अनि—

"ॐ अद्येह ममास्या गर्भवतीभार्याया अद्यकर्तव्यपुंसवन-संस्कार(पूर्वाङ्ग)कर्मणि भो ब्राह्मणाः पुण्याहं भवन्तो ब्रुवन्तु ३। ॐ पुण्याहं ३— ॐ पुनन्तुमा देवजनाः ०॥,,

(आज यहाँ मेरी यी गर्भवती पत्नीको पुंसवनसंस्कार-(सम्बन्धी पूर्वाङ्ग)को काममा हे ब्राह्मण हो तपाइँहरू'पुण्यदिन' हओस् भनिदिनुहोस् ३।)

इत्यादि भनेर पुण्याहवाचन गर्न लाउनू।

अनि माथि पूर्वाङ्गको प्रकरणमा बताए अनुसार विधिपूर्वक दीपकलशहरू थापीकन गणेशपूजा गर्नू र कलशमा ब्रह्मा, वरुण, नवग्रह, इष्टदेवता, कुलदेवताहरूको पूजा गरेर पीराहरूमा यथा-विधि आवाहन गरेर मातृकापूजा गर्नू। अनि आभ्युदयिक (नान्दी) श्राद्धको रूपमा सुवर्णश्राद्ध (अथवा चलन अनुसार श्राद्धको अनुकल्पस्वरूप 'सुवर्णदान') पनि गर्नू।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



यसमा सुवर्णश्राद्ध गर्दा अर्थात् यहाँ नान्दीश्राद्धको अनुकल्परूपमा सूनदान गर्दा त्यस श्राद्धमा अघिपछि चामलको सीधाहरू हालेर गर्दा लाग्ने खर्चको चौबर दोब्बर वा त्यति नै मात्र मूल्यको सून ल्याएर एउटा बोताहरूमा हालिकन अघिल्तिर राख्नू र त्यसमा कर्मपात्रको जल छर्केर पहिले तलको मन्त्रले पूजा गर्नू–

ॐ हिरण्यगर्भगर्भस्थं हेम बीजं विभावसोः ।
अनन्तपुण्यफलदमतः शान्ति प्रयच्छ मे ॥
ॐ सुवर्णखण्डाय नमः

(ब्रह्माण्डभित्र रहने सून हौ बीज अग्निको ।
छौ अनन्त पुण्य दिने शान्ति देऊ मलाई यो ॥)
(सूनको टुक्रालाई नमस्कार)

अनि (ब्राह्मणको पनि पूजा गर्नू र) कर्मपात्रको जल र जउ कुश फूल दुबोहरू सहित हातमा लिएर–

ॐ अद्येह ... गोत्राणामस्मन्मातृपितामहीप्रपितामहीनां (१) ... (२) ... (३) ... (नाम्नी) देवीनां नान्दीमुखीनां तथा ... गोत्राणामस्मत्पितृपितामहप्रपितामहानां (१) ... (२) ... (३) (नाम) शर्मणांनान्दीमुखानाँतथा...गोत्राणामस्मन्मातामहप्रमातामहवृद्धप्रमातामहानां (१) ... (२) ... (३) ...(नाम) शर्मणां सपत्नीकानां नान्दीमुखानां सत्यवसुसंज्ञकविश्वेदेवपूर्वकाणामक्षय्य-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



तृप्त्यर्थं देवपित्रुभयपक्षीययथासंख्य (युग्म) ब्राह्मणभोजनपर्याप्तान्न लम्भनसमर्थमिदं हिरण्यमग्निदैवतं यथानामगोत्राय यथानामशर्मणे ब्राह्मणाय (पुंसवनकर्माङ्गनान्दीश्राद्धानुकल्परूपेण) दातुमहमुत्सृजे तद्वो नमो वृद्धिश्रियै ॥

(आज यहाँ ... गोत्रका ... (१) ... (२) ... (३) ... नामका हाम्रा आमा, बज्यै र जिजुबज्यै तथा ... गोत्रका (१) ... (२) ... (३) ... नामका हाम्रा बाबु, बाज्ये र जिजुबाजे, तथा .... गोत्रका (१) ... (२) ... (३) ... नामका हाम्रा मावलपट्टिका सपत्नीक बाज्ये, जिजुबाज्ये र बराज्यू स्वरूप, सत्य वसु नामक विश्वेदेव सहितका नान्दीमुख पितृहरूको अक्षय्य तृप्तिका लागि देवपितृ दुबै पक्षका यथायोग्यसंख्याका (दुईजना) ब्राह्मणहरूलाई भोजन गर्न पुग्ने अन्न आउने अग्निदेवतासम्बन्धी यो सून यथायोग्य गोत्र र नामका ब्राह्मणहरूलाई (आभ्युदयिक श्राद्धको सट्टा भनेर त्यसको अनुकल्परूपमा) दिना निमित्त म यहाँ छोडिदिन्छु । (हाम्रो) वृद्धि र श्रीका लागि तपाइँ (पितृ वा ब्राह्मण) हरूलाई नमस्कार ।)

भनेर संकल्प गरीकन ब्राह्मणका अगिल्तिर राखिदिनू ॥

(अनि त्यसको दानप्रतिष्ठा पनि गर्नू ।)

अनि ग्रहशान्ति गर्ने भए त्यो पनि गरिसिध्याउनू र त्यो दिन दिन भरि भोकै नै बस्ने गरेर हात गोडा धोई चोखो भई आचमन गरीकन गएर वरका रूखको तलतिर फर्केको जरा (तना) र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



वरैको यथासंभव पूर्व र उत्तरपट्टिका हाँगामा पलाएको नफक्रि-सकेको सद्दे र साबुत सुना (पल्लवकोश– नफुकेको लाम्चो पालुवा) (कम से कम दुइटा) ल्याउनू र यथाचार त्यसमा कुशको जरा सहितको हरियो सुना समेत हालेर एकै ठाउँमा मसिनो हुने गरी [१] यथासमय कुटेर चोखो कपडाले छानीकन रस झिकेर एउटा नउग्लने सफा चोखो (भए चम्बू जस्तो सानो टूटी भएको) भांडामा वा अर्घहरूमा हालेर केही नपर्ने गरी चोखो ठाउँमा सरक्क छोपेर राख्नू। अनि बेलुका पुंसवन गर्ने बेला भएपछि हात गोडा धोई स्नान (पञ्चाङ्गस्नान वा मार्जन) हरू गरी चोखो नयाँ लुगाहरू लाएर ठीक परेकी आफ्नी गर्भिणी पत्नीलाई ल्याएर चन्द्रमाको स्थिति विचार गरी पूर्व वा पश्चिम फर्काएर चोखो तकियाहरूको आड दिईकन उत्तानो मुद्रामा अडेस लाउन लाएर राख्नू र आफुले पनि हात गोडा धोई कुल्ला गरी चोखो वस्त्र लाएर शुद्ध भईकन बसेर आचमन गर्नू र अघि पिंधी राखेको रस हातमा लिएर ज्योतिषीले बताए अनुसार साइतको बेला पारेर शुभलग्न शुभांशमा मङ्गलपाठकासाथ (पेटभित्रसम्म पुग्ने गरीकन) विनियोगसहित तलका मन्त्र पढेर बिस्तारै पत्नीको दाहिने नाकको प्वालमा हालिदिनू–

१. यो कुटेर रस झिक्ने काम पनि बेलुकै गर्नु उपयुक्त हुन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



**विनियोग–**

ॐ हिरण्यगर्भ:– अद्भ्य: संभृत इत्येतयोर्मन्त्रयोर्यथाक्रमं-प्रजाप्रत्युत्तरनारायणावृषी त्रिष्टुप् छन्द: प्रजापतिपुरुषौ देवते अत्र पुंसवनकर्मणि गर्भिणीपत्न्या नासिकायां रसासेके विनियोग:।

**('हिरण्यगर्भ: र अद्भ्य: संभृत:' यी दुई मन्त्रका क्रमैले ऋषि प्रजापति तथा उत्तरनारायण, छन्द त्रिष्टुप् र देवता प्रजापति तथा पुरुष हुन्। यिनको पुंसवनकर्ममा गर्भवती पत्नीको नाकमा रस हाल्ने काममा विनियोग गरिन्छ।)**

**रस हाल्ने मन्त्र–**

ॐ हिरण्यगर्भ: समवर्तताग्रे भूतस्य जात: पतिरेक आसीत्।
स दाधार पृथिवीं द्यामुतेमां कस्मै देवाय हविषा विधेम॥

**(हिरण्यगर्भ पहिले भएर जन्मे प्रजाका पति आफु एक।**
**पृथ्वी र आकाश दुबै अडयाए गरौं उनैलाइ हवि:प्रसेक॥)**

ॐ अद्भ्य: संभृत: पृथिव्यै रसाच्च विश्वकर्मण: समवर्तताग्रे।
तस्य त्वष्टा विदधद्रूपमेति तन्मर्त्यस्य देवत्त्वमाजानमग्रे॥

**(जुन महापुरुष भगवान् विष्णु यो विश्व ब्रह्माण्डलाई बनाउने उही सर्वेश्वर रूप महाकालको स्वरसले (इच्छाले) आदि कालमा जल र पृथ्वीको संयोग अर्थात् पञ्चभूतबाट उत्पन्न भए तिनैको 'नारायण' स्वरूपलाई धारण गरेर सूर्यनारायण सबैका अधि-ल्तिर उदाउँछन्। त्यो 'आजानदेवत्व' अघि मनुष्यको रूप थियो (र अहिले) त्यही रूप मनुष्यलाई अर्थात् यो गर्भलाई आओस्।)**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अब यसरी मन्त्र पढेर नाकमा रस हालिसकेपछि फेरि जन्मिने छोरो वीर्यशाली होस्, भन्ने हो भने एउटा चोखो नयाँ माटाको भांडो (कतारो वा सानो आरीहरू) मा चोखो जल भरेर पत्नीको काखमा राखिदिनू र अनि आपनो हातको साहिंली औंलाले पत्नीको पेटमा छोएर विनियोगसहित तलको मन्त्रले गर्भको अभिमन्त्रण गर्नू–

ॐ सुपर्णोसीतिमन्त्रस्य प्रजापतिर्ऋषिः (वि) कृतिश्छन्दो गरुत्मान्देवता गर्भाभिमन्त्रणे विनियोगः–

(सुपर्णोसि यो मन्त्रका ऋषि प्रजापति छन्द (वि) कृति र देवता गरुड हुन्, यसको यहाँ गर्भाभिमन्त्रणमा विनियोग गरिन्छ।)

ॐ सुपर्णोसि गरुत्मांस्त्रिवृत्ते शिरो गायत्रञ्चक्षुर्बृहद्रथन्तरे पक्षौ।
स्तोम ऽ आत्माच्छन्दाᳬ स्यङ्गानि यजूᳬषि नाम ॥
साम ते तनूर्वामदेव्यं यज्ञायज्ञियं पुच्छं धिष्ण्याः शफाः ॥
सुपर्णोसि गरुत्मान् दिवं गच्छ स्वः पत।

(हे अग्नि! तिमी राम्रा पखेटा भएका गरुड (जस्तै) छौ। त्रिवृत्स्तोम अर्थात् प्रणव तिम्रो शिर हो, गायत्रसाम तिम्रो आँखा हो, बृहद् र रथन्तर साम तिम्रा पखेटा हुन्। स्तोम (पञ्चदश स्तोम) तिम्रो आत्मा अर्थात् अन्तस्करण हो, छन्दहरू तिम्रा अङ्ग (अङ्ग प्रत्यङ्ग) हुन्। यजु अर्थात् यजुर्वेद तिम्रो नाम हो, वामदेव्यसाम तिम्रो शरीर हो, यज्ञायज्ञिय साम तिम्रो पुच्छर हो, धिष्ण्य अग्नि तिम्रा खुर अर्थात् पञ्जा वा नङ्ग्रा हुन्। यस्ता

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



राम्रा पखेटा भएका गरुड (जस्ता) तिमी आकाशमा जाऊ र स्वर्गमा पुगेर आऊ। अर्थात् यो गर्भलाई वीर्यशाली गराइदेऊ।।)

दक्षिणासंकल्प–

यसपछि दक्षिणा दिइने रूपियाँ पैसाहरू ल्याएर अघिल्तिर राख्नू र पहिले त्यसमा पूजा गर्नू अनि कर्मपात्रको जल जउ तिल कुशहरू सहित हातमा लिएर तल लेखिए अनुसार संकल्प गर्नू र ब्राह्मणहरूलाई यथायोग्य बाँडिदिनू–

ॐ अद्येह ... गोत्रः ... प्रवरः ... नामशर्मा (वर्मा वा) सपत्नीकोऽहं ममास्या गर्भवत्या भार्यायाः कृतस्यास्य पुंसवनसंस्कारकर्मणस्तदङ्गतया करिष्यमाणस्य ब्राह्मणभोजनकर्मणश्च साङ्गतासिद्ध्यर्थमिमां दक्षिणां रजतमुद्रारूपं द्रव्यं चन्द्रदेवताकं (ताम्रमुद्रात्मकं द्रव्यं श्रीसूर्यदेवताकं वा) यथानामगोत्रेभ्यो यथानाशर्मभ्यो ब्राह्मणेभ्यो यथाभागं विभज्य यथाकालं दातुं समुत्सृजे।

(आज यहाँ ... गोत्र ... प्रवर र ... नामको पत्नीसहित म, मेरी यी गर्भिणी पत्नीको अहिले गरिएको यो पुंसवन संस्कारको र यसको अङ्गस्वरूप गरिने ब्राह्मणभोजनको समेत अङ्गपूर्तिका लागि यो दक्षिणास्वरूप चन्द्रदेवतासम्बन्धी चाँदीको रूपियाँ (अथवा सूर्यदेवतासम्बन्धी तामाको पैसा) यथायोग्य गोत्र र यथायोग्य नामका ब्राह्मणहरूलाई यथायोग्य भागको रूपमा यथासमय दिना निमित्त यहाँ छोड्दछु।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



यसरी दक्षिणा संकल्प गरेर दिए पछि कर्म ईश्वरमा अर्पण गरेर अभिषेक फूल प्रसादहरू ग्रहण गर्नू र ब्राह्मणहरूलाई भोजन गराएर आफूहरूले पनि कुल कुटुम्ब इष्टमित्रहरू सहित बसेर भोजन गर्नू ।

(यो पुंसवनसंस्कार बेलामा हुन नसकेर रहन गएको भए, पछि सीमन्तोन्नयन गर्दा संगै (पुँसवन गरेर सीमन्तोन्नयन) गर्ने पनि चलन छ । )

इति पुंसवनप्रयोग ।

## तान्त्रिक पुंसवन

पत्नीलाई गर्भ रहेको दोस्रो वा तेस्रो महिनामा एउटा राम्रो दिन पारेर पतिले आफ्नो नित्यकर्महरू सकेर ब्रह्मा, दुर्गा, गणेश, नवग्रह,दश दिक्पाल र गौरी आदि मातृकाहरूको पूजा गरीकन बसुधारा समेत गरेर वृद्धिश्राद्ध (नान्दीश्राद्ध) गर्नू र भूसंस्कार कुशकण्डिकाहरू गरेर अग्निस्थापना गरीकन धाराहोम(अर्थात् विष्णुदेखि अग्नीषोम सम्मका देवतालाई घिउको आहुति दिएर गरिने होम)सम्म सिध्याउनू । अनि मुख्य पुंसवनको काम गर्नू । (यसमा मुख्य प्राजापत्य अर्थात् प्रजापतिदेवतासम्बन्धी चरु र चन्द्र नाम गरेका अग्नि हुन्छन् ।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



पुँसवन गर्दा पतिले पहिले गाईको दहिमा एक गेडा जउ र दुई गेडा माष मिसाएर राख्नू र पत्नीलाई–

'हे भद्रे त्वं किं पिबसि,

(हे कल्याणी ! तिमी के खान्छचौ )

भनेर तीनपल्ट सोध्नू। अनि पत्नीले पनि मायाबीजको उच्चारण गरेर–

'पुंसवनं पिबामि,

(म पुंसवन अर्थात् छोरो हुने कुरा खान्छु)

भनेर तीन पल्ट भन्नू र पतिका हातबाट अघि जउ र मास हालेर राखेको दहि लिईकन गएर आफ्नो हातले जम्मा तीन पसर (दहि) खानू।

अनि छोराछोरी साबूत भएका सौभाग्यवती महिलाहरूद्वारा पत्नीलाई यज्ञस्थल (होम गर्ने ठाउँ) मा ल्याउन लाएर आफूसंगै देब्रेपट्टि राख्नू र चरु होम गर्नू।

यसमा पहिले रक्षोघ्न नामका अर्थात् राक्षसहरूलाई नाश गर्ने अग्निलाई संझेर रुद्र र प्रजापतिको समेत ध्यान गर्दै मायाबीज र कूर्चबीज सहित तलका मन्त्र उच्चारण गरेर चरुको बाह्र आहुति दिनू–

ये गर्भविघ्नकर्तारो ये च गर्भविनाशकाः।
भूताः प्रेताः पिशाचाश्च वेताला बालघातकाः ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



तान्सर्वान् नाशय नाशय गर्भरक्षां कुरु स्वाहा ।।

(जो छन् गर्भविघ्नकारी तथा गर्भविनाशक ।
भूत प्रेत र वेताल पिशाच बालघातक ।।
ती सबैको नाश गर र गर्भरक्षा पनी गर । स्वाहा ।।)

अनि फेरि–

'(मायाबीज) चन्द्रमसेस्वाहा'

(चन्द्रमालाई यो आहुति सुहुत होओस् ।)

भन्ने यो मन्त्रले अरू पाँच आहुति पनि दिनू र पत्नीको हृदयमा स्पर्श गरेर (छोएर) सय पल्ट मायाबीज र लक्ष्मी बीजको (संयुक्त) जप गर्नू ।

अनि स्विष्टकृत्होम र प्रायश्चित्तहोमहरू गरेर पुंसवन-कर्म समाप्त गर्नू ।

अनि पाँच महिना लागेपछि फेरि पतिले पञ्चामृत अर्थात् दूध दहि घिउ मह चीनी समभाग ल्याएर बेग्ला बेग्लै भांडामा हालेर अघिल्तिर राख्नू र प्रत्येकमा वाग्बीज, कामबीज, श्रीबीज, मायाबीज, कूर्चबीज र इन्द्रबीज मिलाएर संयुक्तरूपमा पाँच पाँच पल्ट जप्नू । अनि पाँचै थोक एकै ठाउँमा मिसाएर (गर्भिणी) पत्नीलाई खान दिनू ।।

इति पुंसवन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# ( ३ )

# सीमन्तोन्नयन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

## सीमन्तोन्नयन

'सीमन्त' भनेर कपालको सिउँदोलाई भन्दछन् । 'उन्नयन, भनेको माथितिर लैजानु हो । त्यसकारण 'सीमन्तोन्नयन' भन्नाले सामान्यतः सिउँदो काटेर माथितिर लैजानु अर्थात् सिउँदो चिर्नु वा सिउँदो झिक्नु भन्ने बुझिन्छ ।

यहाँ 'सीमन्तोन्नयन' भनेर शास्त्रीय विधिबाट मन्त्र पढीकन पतिले आफ्नी गर्भिणी पत्नीलाई सिउँदो झिकेर कपाल कोरी-बाटी गरी धागो बाँधिदिने कामलाई भनिन्छ ।

यो 'सीमन्तोन्नयनसंस्कार' बाट स्त्रीजातिको अङ्ग (शरीर) मा अलक्ष्मीनाशिनी मङ्गलमयी लक्ष्मीको समावेश (वा निवास) भएर स्त्रीको पहिलो पाला पेट बोकेको गर्भलाई विकृत गराऊँ, खाऊँ, गर्भिणीको रगत चूसूं भनेर दुःख दिन आइलाग्ने एक थरिका दुष्ट भूतग्रह र अलच्छिना डंकिनी राक्षसिनीहरूबाट हुन आउने भयको समेत निवारण हुन्छ भन्ने लेखिएको छ ।

यो 'सीमन्तोन्नयन' मुख्य क्षेत्रकै संस्कार भएकोले पहिलो पाला एकपल्ट मात्र गरे पुग्छ भन्ने धेरैको मत छ । कसैको मतमा 'यो' पहिलो पाला नगरी नहुने, अरू अरू पालादेखि गरे पनि हुने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



नगरे पनि हुने भन्ने पनि मानिएको छ। हाम्रो यहाँ यसलाई पहिलो पाला नियमपूर्वक गर्नै पर्छ भन्ने छ।

यो 'सीमन्तोन्नयन' पुंसवनपछि गरिने संस्कार हो र हाम्रो यहाँ यसलाई गर्भ रहेको छ वा आठ महीनामा अनुकूल हेरी संपन्न गर्ने चलन छ।

यस सम्बन्धमा भिन्नभिन्न मतका भिन्न भिन्न आचार्यहरूले स्त्रीलाई गर्भ रहेको तीन महीनादेखि दश महीनासम्मका (सुत्केरी हुनुभन्दा अघिसम्म) भिन्ना भिन्नै कालको प्रतिपादन गरेर लेखेको पनि पाइन्छ। तदनुसार पुंसवनपछि अनुकूल हेरी जुन महीनामा सीमन्तोन्नयन गरे पनि हुने जस्तो देखिन आउँछ तापनि यथासंभव आफ्नो आफ्नो शाखाको परम्परा अनुसार तोकिएको महीनामा नै गर्नु उपयुक्त मानिन्छ।

कारणवश पुंसवनसंस्कार समेत नभई गर्न बाँकी रहेको भए त्यसलाई पनि यही सीमन्तोन्नयन गर्ने अवसरमा सम्पन्न गर्नुपर्दछ।

यो सीमन्तोन्नयन पनि पुंसवन झैं मुख्य [1]पुंनक्षत्रमा चन्द्रमा भएको शुभ दिन र [2]आइत, मंगल, बृहस्पति मध्ये एउटावार पारी

---

१. मृगशिरा, पुनर्वसु, पुष्य, हस्त, मूल, श्रवण, अश्विनी, रेवती, अनुराधा र उत्तराभाद्र पदा यी दशलाई पुंनक्षत्र भन्दछन्। यी मध्येका पछिल्ला चारमा क्रमैसित चार तीन दुइ र एकलाई मात्र पुंनक्षत्रभित्र गणना गर्ने पनि छन्। कसैले सीमन्तोन्नयनमा अभिजित् रोहिणी रेवती र तीनै उत्तरालाई पनि लिएका छन्।

२. यसरी कसैले पुरुषग्रहको वारलाई सीमन्तोनयनमा शुभ बताएका छन। सोम र शुक्रवारलाई मध्यम र वुधवारलाई बर्ज्य भनेका छन्। अर्का थरीले शुभ ग्रहका वारलाई मात्र लिएका पनि छन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



वर्जित तिथि र दुष्ट योगहरूलाई छोडी ज्योतिषीले दिएको शुभ-वेला शुभ मुहूर्तमा दिनैको लग्नमा गर्नुपर्दछ राती पार्नु हुँदैन ।

कदाचित् सीमन्तोन्नयन नभईकनै प्रसव (सुत्केरी) भएछ भने पनि जन्मेको बालकलाई साथमा लिन लगाएर अतिक्रान्त संस्कारको रूपमा विधिवत् सीमन्तोन्नयन गराउनै पर्दछ ।

यसरी अतिक्रान्त संस्कार गर्नु पर्दा अनुकूल नपरी केही सीप नलागेमा त्यसको सट्टा भनी कृच्छ चान्द्रायण प्राजापत्य आदिको अनुकल्परूपमा प्रायश्चित्तगोदानसम्म गरेर काम चलाउने पनि गर्दछन् । त्यसो गर्नुभन्दा हुनेसम्म अतिक्रान्त नगराई समयैमा यथोचित संस्कार पूरा गर्नु लाभदायक हुन्छ ।

## अथ सीमन्तोन्नयनप्रयोगविधि

यसमा स्त्रीलाई पहिलो पाला गर्भ रहेको छ महीना वा आठ महीना लागेपछि ज्योतिषीले बताए अनुसार शुक्ल पक्ष, पुरुष ग्रहको वार (आइतवार, मङ्गलवार वा बृहस्पतिवार) र माथि उल्लिखित पुंनक्षत्रमा चन्द्रमा भएको शुभ दिन पारिकन बिहान यथासमय उठेर शौच आदिबाट निवृत्त भइकन स्नान आदि गरेर आफ्नो नित्य कर्महरू सिध्याउनू र पतिले आफ्नी गर्भिणी पत्नीलाई सर्वौषधिहरू मिसेको जलले मङ्गलस्नानहरू गर्न लाएर नयाँ चोखा जोर वस्त्रहरू लाउन लाइकन दुबै दम्पतिले हात गोडा धोई कुल्ला गरी शुद्ध भईकन आएर गणेश र इष्टदेवताको स्मरण

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



गर्दै शुद्ध आसनमा बस्नू र आचमन गर्नू। अनि दीयो बालेर पतिले विधिपूर्वक कर्मपात्र बनाउनू र तीन टुक्रा कुश सहित त्यसको जल लिएर तलको मन्त्रले आफूहरूलाई पनि सेचन गर्नू आफ्नो वरिपरिका पूजा सामग्रीहरूमा पनि सबैतिर छर्कनू–

ॐ अपवित्रः पवित्रो वा सर्वावस्थां गतोपि वा।
यः स्मरेत् पुण्डरीकाक्षं स बाह्याभ्यन्तरः शुचिः॥

ॐ पुण्डरीकाक्षः पुनातु

(चोखो हुऔं कि बिटुलो जुनसुकै स्थितिमा हुऔं।
श्रीविष्णुलाई सम्झेर चोखो सर्वत्र नै बनौं॥)

(पुण्डरीकाक्ष विष्णुले चोखो गराऊन्।)

अनि यथासमय पुंसवनसंस्कार नभएर कालातिक्रम हुन गएको छ भने त्यसको प्रायश्चित्तका निमित्त पहिले एउटा गोदान गर्नू।

यसमा गोदान गरिने रूपियाँ पैसाहरूलाई अघिल्तिर राखेर पहिले तलको मन्त्रले त्यसमा पूजा गर्नू–

ॐ नमो गोभ्यः श्रीमतीभ्यः सौरभेयीभ्य एव च।
नमो ब्रह्मसुताभ्यश्च पवित्राभ्यो नमो नमः॥
ॐ गवे नमः गोप्रत्याम्नायीभूतरजतद्रव्याय नमः।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(श्रीमती कामधेनू र ब्रह्माका पुण्य सन्तति ।
गाईलाई म यो गर्छु बारम्बार नमस्कृति ।।)

(गाइलाइ नमस्कार गाइको सट्टाको राखिएको रूपियाँ पैसालाई नमस्कार)

अनि–

ॐ नमो ब्रह्मण्यदेवाय गोब्राह्मणहिताय च ।
जगद्धिताय कृष्णाय गोविन्दाय नमो नमः ।।

ॐ ब्राह्मणाय नमः ।

(गाई ब्राह्मण औ सारा जगत्का हितकारक ।
ब्रह्मण्यदेव गोविन्द कृष्णलाई प्रणाम छ ।।

(ब्राह्मणदेवतालाई नमस्कार)

यति भनेर ब्राह्मणलाई पनि टीका लाइदिनू र जउ तिल कुशहरू सहित कर्मपात्रको जल हातमा लिएर गाईलाई छुनू र (देशकालहरूको उच्चारण गरीकन) तल लेखिए अनुसार संकल्प गरेर दिनू–

ॐ अद्येह ... गोत्रः ... प्रवरः ... शर्माऽहं ममास्या गर्भवतीभार्यायाः स्वकालानुष्ठेयशास्त्रविहितपुँसवनकर्माकरणजन्यप्रत्यवायपरिहारार्थं समाचरणीयप्रायश्चित्तस्वरूपार्धकृच्छ्रानुकल्पभूतगोप्रत्याम्नायरूपमिदं रजतमुद्रात्मकं द्रव्यं चन्द्रदेवताकं ... गोत्राय ... शर्मणे ब्राह्मणाय तुभ्यं संप्रददे ॐ तत्सन्नमम ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(आज यहाँ ... गोत्र ... प्रवर र ... नामको म मेरी यी गर्भिणी पत्नीको शास्त्रानुसार उसै समय गरिनु पर्ने पुंसवनको काम नगरिएबाट हुन आउने प्रत्यवाय नलागोस् भन्नाका निमित्त प्रायश्चित्तस्वरूप गरिने अर्धकृच्छ्र (व्रत) को अनुकल्परूप गाईदानको सट्टामा यो चन्द्रदेवतासम्बन्धी चाँदीको रूपियाँ (स्वरूप द्रव्य) ... गोत्र र ... नामका तपाइँ ब्राह्मणलाई दिएँ ॐ तत्सत् ।)

यति भनेर कुशपानी ब्राह्मणका हातमा राखिदिनू र तलका मन्त्रले हात जोडेर गाईको प्रार्थना गर्नू–

ॐ कपिले सर्वदेवानां पूजनीयासि रोहिणि ।
तीर्थदेवमयी यस्मात् तस्माच्छान्तिं प्रयच्छ मे ॥

(कपिले छौ तिमी पूज्य देवताहरूकी सब ।
तीर्थरूपी देवमयी शान्ति देऊ ममा अब ॥)

गावो मे अग्रतः सन्तु गावो मे सन्तु पृष्ठतः ।
गावो मे हृदये सन्तु गवां मध्ये वसान्यहम् ॥

(गाई अघिल्तिर हऊन् गाई होऊन् पछिल्तिर ।
गाई हृदयमा मेरा होऊन् फेरि सबैतिर ॥)

अनि फेरि जउ तिल कुश र कर्मपात्रको जलसहित दानप्रतिष्ठाको द्रव्य हातमा लिएर–

अद्य कृतैतद्गोप्रत्याम्नायीभूतरजतमुद्रादानकर्मणः (प्रतिष्ठा)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



साङ्गतासिद्ध्यर्थमिमां दक्षिणां रजतमुद्रारूपं द्रव्यं चन्द्रदेवताकं (ताम्रमुद्रात्मकं द्रव्यं वा श्रीसूर्यदेवताकं) ... गोत्राय ... शर्मणे ब्राह्मणाय तुभ्यमहं संप्रददे ।

(आज गाईको सट्टा गरिएको यो चन्द्रदेवतासम्बन्धी चाँदीको रूपियाँ दानको (प्रतिष्ठा) अङ्गपूर्तिको निमित्त त्यसको दक्षिणास्वरूप यो चन्द्रदेवता-सम्बन्धी मोहर रूपियाँ (अथवा श्रीसूर्यदेवतासम्बन्धी तामाको पैसा) ... गोत्र र ... नामका तपाई ब्राह्मणलाई दिएँ ।)

यति भनेर ब्राह्मणका हातमा राखि दिनू । अनि ब्राह्मणले पनि, ॐ स्वस्ति, (कल्याण होस्) भनीकन हात थापेर लिनू र, ॐ द्यौः शान्तिः, इत्यादि मन्त्रले दुबैजनालाई अभिषेक गरिदिनू ।

## [1]अब प्रतिज्ञासंकल्प तथा ब्राह्मणवरण

यसमा पतिले हातमा जउ तिल कुश र कर्मपात्रको जलसहित ब्राह्मणवरणका निमित्त चाहिने चन्दन अक्षता फूल वस्त्र भेटी

१. यसमा पुंसवन पनि गर्ने भए पहिले अघिल्लो दिन बिहान उही अनुसारको प्रतिज्ञासंकल्प गरेर दुबैको एउटै पूर्वाङ्ग गर्नू र वेलुका माथि वताइएको विधिले पुंसवन गर्नू अनि भोलिपल्ट सीमन्तोन्नयन गर्नू । यसरी अघिल्लो दिन गर्न अनुकूल नपरे एकै दिन पहिले पुंसवनको काम गर्नू अनि सीमन्तोन्नयन गर्नू पनि भन्दछन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सिंगो सुपारीहरू सबै लिएर पहिले तल लेखिए अनुसार संकल्प गर्नू–

ॐ अद्यह ... गोत्रः ... प्रवरः ... नामाऽहं ममास्यां भार्यायां गर्भाभिवृद्धिपरिपन्थितनुरुधिरपिशितप्रियाऽलक्ष्मीभूतराक्षसीगण-दूरनिरसनक्षम–सकलसौभाग्यनिदानभूतश्रीमहालक्ष्मीसमावेशनपूर्वकं प्रतिगर्भं बीजगर्भ–समुद्भवैनोनिवर्हणाय तद्योग्यसंस्कारातिशयाधानार्थं श्रीमत्परमेश्वरप्रीतये अस्या गर्भवतीस्त्रीसंकाररूपं सीमन्तोन्नयनाख्यं कर्म (करिष्ये),तत्पूर्वाङ्गत्वेन दीपकलशगणेश-पूजनपूर्वकं मातृकापूजनं नान्दीश्राद्धं ( नान्दीश्राद्धानुकल्परूपं सुवर्णदानं वा) ( ग्रहयज्ञं ) च करिष्ये, तत्तत् कर्म कर्तुम् (पुण्याहवाचनार्थं च) एभिश्चन्दनपुष्पाक्षतपूगीफलवासोद्रव्यादिभिर्यथानामगोत्रान् यथानामशर्मणो ब्राह्मणान् युष्मान् वृणे ।

**(आज यहाँ ... गोत्र ... प्रवर र ... नामको म मेरी यी पत्नीमा गर्भको वृद्धि हुनमा वाधकस्वरूप तथा शरीरको रगत मासु मनपराउने अलच्छिना भूत राक्षसिनीहरूलाई भगाएर पर हटाउन सक्ने श्रीमहालक्ष्मीको समावेश गराएर गर्भै पिच्छे शुक्र शोणित (रजवीर्य)को संयोगरूप गर्भबाट हुन आउने दोषको निवारणार्थ त्यसको उपयोगी संस्कारको अतिशय (रूप गुण) को आधान गराउन श्रीपरमेश्वरको प्रीतिका लागि यिनको गर्भिणीस्त्री सम्बन्धी संस्काररूप, 'सीमान्तोन्नयन' कर्म (गर्नेछु) र (पहिले) त्यसको पूर्वाङ्गको रूपमा दीयो कलश गणेशको पूजा गरीकन मातृकापूजा, नान्दी (आभ्युदयिक) श्राद्ध (अथवा नान्दी श्राद्ध-**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



को सट्टामा सूनदान) (र) (ग्रह शान्ति) समेत गर्दछु। यिनमा गर्नुपर्ने तत्तत् कामहरू (र पुण्याहवाचन समेत) गर्नाका लागि यी चन्दन अक्षता फूल सिङ्गो सुपारी र वस्त्र भेटी आदिहरूले यथायोग्य गोत्र र नामका तपाई ब्राह्मणहरूलाई वरण गर्दछु।)

अनि यसरी संकल्प गरेपछि ब्राह्मणहरूलाई टीकाहरू लाइदिएर वरण गर्नू र अनि –

'ॐ अद्येह ममास्या गर्भवतीभार्याया अद्यकर्तव्यसीमन्तोन्नयन(पूर्वाङ्ग)कर्मणि भो ब्राह्मणाः पुण्याहं भवन्तो ब्रुवन्तु ३। ॐ पुण्याहं ३– ॐ पुनन्तु मा देवजनाः० ।,

(आज यहाँ मेरी यी गर्भवती पत्नीको आज गरिने सीमन्तोन्नय–(संबन्धीपूर्वाङ्ग) को काममा हे ब्राह्मण हो तपाई हरू 'पुण्यदिन, हओस् भनिदिनु होस् ३ ।)

इत्यादि भनेर पुण्याहवाचन गराउनू ।

अनि माथि पूर्वाङ्गको प्रकरणमा वताए अनुसार विधिपूर्वक दीपकलशहरू थापीकन गणेशपूजा र मातृकापूजा गर्नू । अनि आभ्युदयिक (नान्दी) श्राद्ध (अथवा चलन अनुसार श्राद्धको अनुकल्पस्वरूप सुवर्णदान) पनि गर्नू ।

यसमा सुवर्णश्राद्ध अर्थात् नान्दीश्राद्धको अनुकल्परूपमा सूनदान गर्दा त्यस श्राद्धमा अघि पछि चामलको सीधाहरू हालेर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



गर्दा लाग्ने खर्चको चौवर दोवर वा त्यतिनै मात्र मूल्यको सून ल्याएर एउटा बोतामा हालीकन अघिल्तिर राख्नू र त्यसमा कर्मपात्रको जल छर्केर पहिले तलको मन्त्रले पूजा गर्नू –

ॐ हिरण्यगर्भगर्भस्थं हेम बीजं विभावसोः।
अनन्तपुण्यफलदमतः शान्तिं प्रयच्छ मे ।।
ॐ सुवर्णखण्डाय नमः

(ब्रह्माण्ड भित्र रहने सून हौ बीज अग्निको ।
छौ अनन्त पुण्य दिने शान्ति देऊ मलाई यो ।।)
(सूनको टुक्रालाई नमस्कार)

अनि कर्मपात्रको जल र जउ कुश फूल दूबोहरू सहित हातमा लिएर –

"ॐ अद्येह ... गोत्राणामस्मन्मातृपितामहीप्रपितामहीनां (१) ... (२) ... (३) ... (नाम्नी) देवीनां नान्दीमुखीनां तथा ... गोत्राणामस्मत्पितृपितामहप्रपितामहानां (१)... (२)...(३) ... (नाम) शर्मणां (वर्मणां वा) नान्दीमुखानां तथा ... गोत्राणामस्मन्मातामहप्रमातामहवृद्धप्रमातामहानां (१) ... (२) ... (३) ... (नाम) शर्मणां (वर्मणां वा) सपत्नीकानां नान्दीमुखानां सत्यवसुसंज्ञकविश्वेदेवपूर्वकाणामक्षय्यतृप्त्यर्थं देवपित्रुभयपक्षीययथासंख्य (युग्म) ब्राह्मणभोजनपर्याप्तान्नलम्भनसमर्थमिदं हिरण्यमग्निदैवतं यथानामगोत्राय यथानामशर्मणे ब्राह्म-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



णाय (सीमन्तोन्नयनकर्माङ्गनान्दीश्राद्धानुकल्परूपेण) दातुमहमुत्सृजे तद्वो नमो वृद्धिश्रियै ।

(आज यहाँ ... गोत्रका (१) ... (२) ... (३) ... नामका हाम्रा आमा, बज्यै र जिजुबज्यै, तथा ... गोत्रका (१) ... (२) ... (३) ... नामका हाम्रा बाबु, बाज्ये र जिजुबाज्ये, तथा ... गोत्रका (१) ... (२) ... (३) ... नामका हाम्रा मावलपट्टिका सपत्नीक बाज्ये, जिजुबाज्ये र बराज्यू स्वरूप, सत्य वसु नामक विश्वेदेव सहितका नान्दीमुखी पितृहरूको अक्षय्यतृप्तिका लागि देवपितृ दुबै पक्षका यथायोग्य संख्याका (दुइ जना) ब्राह्मणलाई भोजन गर्न पुग्ने अन्न आउने अग्निदेवतासम्बन्धी यो सून यथायोग्य गोत्र र नामका ब्राह्मणलाई (सीमन्तोन्नयन कर्मको पूर्वाङ्गस्वरूप गर्नु पर्ने आभ्युदयिक श्राद्धको सट्टा भनेर त्यसको अनुकल्परूपमा) दिना निमित्त म यहाँ छोडिदिन्छु । (हाम्रो) वृद्धि र श्री का लागि तपाईं (पितृ वा ब्राह्मण) हरूलाई नमस्कार ।)

भनेर संकल्प गरीकन ब्राह्मणका अघिल्तिर राखिदिनू ।

अनि ग्रहशान्ति गर्ने भए वेदीहरू बनाएर विधिपूर्वक ग्रहपूजाहरू पनि गर्नू ।

अनि अग्निस्थापनाको विधिले पंचभूसंस्कारहरू गरीकन बाहिरै अग्निस्थापना गर्नू र ध्यान हरू गर्नू । अनि त्यसमा मङ्गल नामका ? अग्निको आवाहन गरेर पूजा प्रार्थनाहरू गर्नू । अनि हातमा वरणको सामग्री (चन्दन अक्षताफूल सुपारीहरू) लिएर-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



"ॐ अद्यकर्त्तव्यसीमन्तोन्नयनहोमकर्मणि कृताकृतावेक्षणरूपब्रह्मकर्म कर्तुं ... गोत्रं ... शर्माणं ब्राह्मणमेभिश्चन्दनपुष्पाक्षतताम्बूलपूगीफलयज्ञोपवीतवस्त्रादिभि र्ब्रह्मत्वेन त्वामहं वृणे ।

(आज गरिने (यो) सीमन्तोन्नयनसम्बन्धी होमको काममा गरे नगरेको हेर्नुरूप ब्रह्माको काम गर्न ... गोत्रका र ... नामका तपाईं ब्राह्मणलाई यी चन्दन अक्षता फूल पान सिंगो सुपारी जनै वस्त्रहरूले ब्रह्माको रूपमा वरण गर्दछु ।)

यति भनेर ब्रह्माको वरण गर्नू। (त्यसै अवसरमा आवश्यकतानुसार (होता र) आचार्यहरूको पनि वरण गर्छन्)। अनि ब्रह्मालाई लगेर अग्निको दक्षिणपट्टि आसनमा राख्नू र कुशकण्डिकाको क्रमले प्रणीतापात्र बनाएर कुशहरू ओछ्याएर पहिले चाहिने पात्र र उपकरण सामग्रीहरू यथास्थान राख्नू । यसमा विशेष आज्यस्थाली र चरुस्थालीका साथ घिउ तिल चामल र मूंग पनि (बेग्ला बेग्लै) मिलाएर यथास्थान राखिछाड्नू ।

अनि अरू आवश्यक सामग्रीहरूमा गर्भिणीलाई बस्ने कमलो आसनी, डुम्रीको काँचो जोर फल लागेको सानो (वित्ते) हाँगो (डाँठ सहितको झुप्पो), तीन झास्टा वा तीन पात कुशका पवित्र, तीन ठाउँमा सेतो भएको दुम्सीको कांडो, एक कुरेत जति लामो पीपलको सानो कीलो, कातेको धागोसहितको कतुवा (नभए

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



चर्खाको सुइरो), सीतारवाज दुइजना ब्राह्मणहरू पनि उत्तरतिर यथास्थान मिलाएर ठीक पारी राख्नू ।

(यसमा डुस्त्रीको हाँगा नपाए बेलको हाँगा भए पनि हुन्छ भन्दछन् । धागोमा पहेंलो रेशमी र कसैले जरीको वा वत्तुको धागो पनि लिन्छन् । तर रंगाएको लिएमा हलेदोले रङ्गाएको नै लिनुपर्छ ।)

अनि क्रमैसंग पवित्रछेदन प्रणीताप्रोक्षणीनिर्माण, पात्र एवं द्रव्यहरूको प्रोक्षण तथा आज्यस्थालीचरुस्थालीहरूमा घिउ-चरुहरू हाल्ने र राख्ने आदि पनि सबै सिध्याउनू ।

अनि विधिपूर्वक आज्यप्रतपन, स्थालीपाक (तिल मूग मिश्रित चामलको चरुपाक), उल्मुकभ्रमण, स्रुव आज्य चरुहरूको संस्कार आज्योत्पवन, प्रोक्षण्युत्पवन आदि सबै गरेर प्रोक्षणीपात्रमा पवित्र राख्नू र उपयमनकुश हातमा लिईकन उठेर प्रजापतिलाई संझदै घिउमा चोपेर तीन कप्टेरा समिधा अग्निमा चढाईदिनू । अनि बसेर पवित्र सहितको हातले प्रोक्षणीको जल लिएर अग्निलाई दाहिने पट्टिबाट वरिपरि घुमाएर सेचन गरिदिनू र प्रणीतापात्रमा पवित्र राख्नू । अनि हातमा जल लिएर –

'अद्यकर्तव्यसीमन्तोन्नयनहोमकर्मणि प्रजापतिम् इन्द्रम् अग्निम् सोमम् आज्येन (पुनः) प्रजापतिं तिलमुद्गमिश्रस्थाली-पाकेन, अग्निं स्विष्टकृतम् आज्यस्थालीपाकाभ्याम्, अग्निं वायुं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सूर्यम् अग्नीवरुणौ अग्नीवरुणौ अग्निं वरुणं सवितारं विष्णुं विश्वान् (देवान्) मरुतः स्वर्कान् वरुणं प्रजापतिं चाज्यनेति अग्नौ आहुतिदानेन यथाविधि अहं यक्ष्ये ।,

(आज गरिने यो सीमन्तोन्नयनको होममा प्रजापति इन्द्र अग्नि सोम यतिलाई घिउले, (फेरि) प्रजापतिलाई तिल र मूग मिसेको चरुले, स्विष्टकृत् अग्निलाई घिउ र चरुले, अग्नि वायु सूर्य अग्नि वरुण सविता विष्णु विश्वेदेव मरुत् स्वर्क वरुण र प्रजापतिलाई घिउले अग्निमा आहुति दिएर म यथाविधि होम गर्दछु ।)

यति भनेर छोडिदिनू र अन्वारम्भण साथ आघार र आज्यभाग आहुतिहरू दिनू ।

(कसैले यहाँनिर आघार आदि आहुति दिनु भन्दा अघि "एतन्ते" यो मन्त्रले मङ्गलनाम अग्निको प्रतिष्ठा गरीकन, चत्वारि श्रृंगा, यो मन्त्रले ध्यान गरेर 'अग्नेनय' यो मन्त्रले पूजा गर्नू भनेका छन् ।)

अनि मनमनले विनियोगसहित तल लेखिए अनुसारको मन्त्र पढेर अन्वारम्भण विना नै अग्निमा घिउमिश्रित चरुको आहुति दिनू (आहुति पछि स्रुवमा बाँकी रहेको घिउ (संस्रव) प्रोक्षणीपात्र वा एउटा कुनै पात्रमा चुहाएर राख्नू)–

ॐ प्रजापतय इति प्रजापतिर्ऋषिस्त्रिष्टुप्छन्दः प्रजापति-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



र्देवता सीमन्तोन्नयन(होम)कर्मणि स्थालीपाक(तिलमुद्ग-मिश्रचरु)होमे विनियोगः–

'ॐ प्रजापतये स्वाहा-इदं प्रजापतये नमम,

**(प्रजापतये यो मन्त्रका ऋषि प्रजापति, छन्द त्रिष्टुप् र देवता प्रजापति हुन् । यसको सीमान्तोन्नयनसम्बन्धी होमको काममा तिल मूङ्ग मिसेको चरु होम गर्नमा विनियोग गरिन्छ ।)**

**(यो आहुति प्रजापतिलाई सुहुत होस् ।)**

**अनि फेरि विनियोग सहित तलको मन्त्र पढेर अन्वारम्भण साथ अग्निमा अघि झैं घिउ + चरुको आहुति दिनू (आहुति पछि स्रुवमा बाँकी रहेको घिउ प्रोक्षणीपात्रमा चुहाइदिनू ।)-**

ॐ अग्नये स्विष्टकृत इति मन्त्रस्य प्रजापतिर्ऋषिस्त्रिष्टुप्छन्दः अग्निर्देवता सीमन्तोन्नयन(होम)कर्मणि स्विष्टकृद्होमे विनियोगः–

ॐ अग्नये स्विष्टकृते स्वाहा । इदमग्नये स्विष्टकृते नमम ।

**(अग्नये स्विष्टकृते यो मन्त्रका ऋषि प्रजापति, छन्द त्रिष्टुप् र देवता अग्नि हुन् । यसको सीमान्तोन्नयनसम्बन्धी होमको काममा विनियोग गरिन्छ ।)**

**(यो आहुति स्विष्टकृत् अग्निलाई सुहुत होस्)**

**यसपछि महाव्याहृति होम र पञ्चवारुणी होमहरू गरेर**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



प्रजापतिलाई पनि आहुति दिनू र संस्रवप्राशन गरेर आचमन गर्नू ।

अनि–

ॐ अद्येह कृतैतत्सीमन्तोन्नयनहोमकर्मणि कृताकृतावेक्षण-रूपब्रह्मकर्मप्रतिष्ठार्थमिदं ( तण्डुल) पूर्णपात्रं प्रजापतिदैवतं ... गोत्राय ..शर्मणे ब्राह्मणाय ब्रह्मणे तुभ्यमहं संप्रददे तत्सन्नमम ।

(आज यहाँ गरिएको यो सीमन्तोन्नयनसम्बन्धी होमको काममा गरे नगरेको हेर्नु रूप ब्रह्माको कामको प्रतिष्ठाको लागि प्रजापतिदेवतासम्बन्धी पूर्णपात्र ... गोत्र र ... नामका तपाईं ब्रह्मा (ब्राह्मण) लाई दिएँ ।)

भनेर पूर्णपात्र दान गरेर ब्रह्मा (ब्राह्मण) लाई दिनू ।

अनि प्रणीताविमोक गरेर बर्हिर्होम गर्नू ।

यसरी होमको कामहरू सिध्याए पछि मङ्गलस्नानहरू गरीकन शुद्ध जोर वस्त्रहरू लगाएर बसेकी गर्भिणी पत्नीलाई अग्निवेदीको पश्चिमतिर ठीक पारेको भद्रासनमा आफ्नो देब्रे पट्टि पारेर बसाल्नू र अघि राखेको फल सहितको डुम्रीको हाँगो तीन पात कुशको पवित्र, तीन ठाउँमा सेतो भएको दुम्सीको काँडो, पीपलको सानो कीलो र कतुवा यति पाँचै थोक (तेब्र्याएको लामो (पहेंलो) धागोले बेह्रीकन) एकै ठाउँमा मूठा पारेर (दाहिने) हातमा लिनू र त्यसले ज्योतिषीले दिएको शुभ मूहूर्तमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



मङ्गलपाठका साथ विनियोग सहित तलका मन्त्र पढेर पत्नीको केशमा कपाल कोरे झैं विस्तारै निधारै देखि सिउँदो काटेर माथि तिर लैजानू र सीमन्तोन्नयन गर्नू –

**विनियोग–**

ॐ भूर्भुवः स्वरिति महाव्याहृतीनां प्रजापतिर्ऋषिर्गायत्र्युष्णिगनुष्टुभश्छन्दांसि अग्निवायुसूर्या देवता विनयने (सीमन्तोन्नयने) विनियोग :–

(महाव्याहृति का ऋषि प्रजापति, छन्द गायत्री उष्णिक् र अनुष्टुप् तथा देवता अग्नि वायु र सूर्य हुन्। यिनको सीमन्तोन्नयन गर्ने काममा विनियोग गरिन्छ ।)

**मन्त्र–**

(१) ॐ भूर्विनयामि । (२) ॐ भुवर्विनयामि । (३) ॐ स्वर्विनयामि

(अर्थात म (तिम्रो) कपाल कोरेर संम्याइदिन्छु)

(यसमा –

"ॐ भूर्भुवः स्वर्विनयामि"

भनेर जम्मा एकपल्ट मात्र गर्ने विधान पनि सूत्रकारले बताएका छन्।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



यसरी मन्त्र पढेर तीनपल्ट सीमन्तोन्नयन (सीउँदो चिरी कपाल कोरी) गरेपछि त्यो सीउँदो काट्ता प्रयोग गरिएको डुम्री-को हाँगाहरूको मूठोलाई तलको मन्त्रले पत्नीको केशपाश (चुल्ठो) (मा) बाँधिदिनू वा घुसारिदिनू । अथवा अघि तेब्रचाई राखेको पहेंलो धागो (गोडाको बूढी औंलादेखि शिरसम्म लमाईको) लिएर फेरि तेब्रचाउनू र त्यसैमा त्यो मूठा बाँधेर पत्नीको नाभि (पेट) सम्म आइ पुग्ने गरेर घांटीमा त्यसै माला लाइदिनू –

विनियोग–

ॐ अयमूर्जावत इति मन्त्रस्य प्रजापतिर्ऋषिस्तुरीयश्छन्दः फलिनी देवता वेणीबन्धने विनियोग :–

('अयमूर्जावतः' यो मन्त्रका ऋषि प्रजापति, छन्द तुरीय(?) र देवता फलिनी (?) हुन् । यसको वेणीबन्धन (चुल्ठो बाँधि-दिने काम) मा प्रयोग गरिन्छ ।)

मन्त्र-

"ॐ अयमूर्जावतो वृक्ष ऽउर्ज्जीव फलिनी भव ।"

(यो फलयुक्त वृक्षको फलयुक्त हांगा झैं (तिमी) फलवती अर्थात् पुत्रवती होऊ ।)

यसपछि अघि राखेका सितार बजाउने दुइजना ब्राह्मणहरूलाई –

'ॐ सोम ऀ राजानं गायतम्'

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(राजा सोमको (प्रशस्ति) गान गर ।)

भनेर अह्राउनू (गाउन लाउनू) र दुवै जना (ओस्ताद) ब्राह्मणले मिलेर विनियोग वाक्य पढीकन तल लेखिएको मन्त्रले राजा सोमको (प्रशस्ति) गान गर्नू –

विनियोग –

ॐ सोम एवेति मन्त्रस्य प्रजापतिर्ऋषिर्गायत्रीछन्दः सोमो देवता (गाथा) गाने विनियोग :–

( 'सोम एव' यो मन्त्रका ऋषि प्रजापति, छन्द गायत्री र देवता सोम हुन् । यसको गान गाउने काममा विनियोग गरिन्छ ।)

मन्त्र –

ॐ सोम ऽ एव नो राजेमा मानुषीः प्रजाः ।
अविमुक्तचक्र ऽ आसीरंस्तीरे तुभ्यम् ... ।।

"हाम्रा राजा सोम नै हुन् यी हामी उनकै प्रजा ।
बस्छौं हे ... ! तिम्रा अनुशासित तीरमा ।।"

(सोम अर्थात् चन्द्र नै हाम्रा राजा हुन् । यी (हामी) मनुष्यहरू उनकै अर्थात् सौम्य प्रजा हौं । अर्थात् हामी 'जस्ता राजा उस्तै प्रजा' बनौं । हे ... (नदी ! ) सोम ( प्रस्रव) रूपिणी तिम्रो अविमुक्तचक्र अर्थात् राजाको आज्ञा उल्लंघन नगरिने तीरमा प्रजाहरू बसून् (हामी प्रजा बसौं ।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(यसमा गर्भवती स्त्रीको निवासस्थानको नजिक पर्ने कुनै पुण्यसलिला नदीको नाम लिन्छन् ।)

(कसैले यसका साथै आफ्नो राजाको प्रशस्ति पनि गाउँछन् ।)

अनि गान सकिए पछि (पूर्णाहुति गरेर)–

ॐ अद्येह ममास्या भार्यायाः सीमन्तोन्नयनकर्मणः साङ्गता-सिद्ध्यर्थम् इमां गां रुद्रदैवतां तत्प्रत्याम्नायरूपं रजतखण्डं चन्द्र-देवताकं ... गोत्राय ... शर्मणे ब्राह्मणाय आचार्याय दक्षिणात्वेन तुभ्यमहं संप्रददे ॐ तत्सत् ।

(आज यहाँ मेरी यो पत्नीको सीमन्तोन्नयनको कामको अङ्ग-पूर्तिका लागि रुद्रदेवतासम्बन्धी गाईको सट्टा चन्द्रदेवतासम्बन्धी यो रूपियाँ तपाई ब्राह्मण आचार्यलाई दक्षिणाको रूपमा दिएँ ।)

भनेर गोदान गरेर दिनू र त्यसैगरी दक्षिणा संकल्प पनि गर्नू ।

अनि दुबै दम्पतिले ब्राह्मणका हातबाट अभिषेक रक्षाबन्धन तिलक फूल प्रसादहरू ग्रहण गरेर ब्राह्मणहरूलाई दक्षिणाहरू दिएर कर्म इश्वरमा अर्पण गर्नू र सबैलाई भोजन गराएर भोजन गर्नू ।

इति सीमन्तोन्नयनविधि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



## तान्त्रिक सीमन्तोन्नयनविधि

यो सीमन्तोन्नयन गर्भ रहेको छेठौं वा आठौं महीनामा गरिनु पर्दछ । त्यसमा गरिएन भने सुतकेरी भएर बालक जन्मनुभन्दा अघि सम्ममा एक दिन जहिले भए पनि गर्नू ।

यसमा पनि एक दिन शुभदिन पारेर गर्भिणीस्त्रीका पति पत्नी दुबैले स्नान आदि गरी शुद्ध भई शुद्ध वस्त्र लगाई आफ्नो नित्य कर्म सकेर पहिले पूर्वाङ्गको रूपमा यथाविधि पञ्च देवता अर्थात् ब्रह्मा दुर्गा गणेश ग्रह दिक्पालहरूको पूजा गर्नू र मातृकापूजा वृद्धिश्राद्ध (नान्दीश्राद्ध– आभ्युदयिकश्राद्ध) हरू पनि गर्नू । अनि तन्त्रोक्त विधिले कुशकण्डिकाहरू गरीकन अग्निस्थापना गरेर पूर्वोक्त धाराहोम (अर्थात् विष्णु, प्रजापति, इन्द्र, अग्नि, सोम र अग्नीषोमलाई घिउको धारा चुहाऊँदै दिइने आघार र आज्य-भाग आहुति स्वरूप होम) सम्मको काम पनि गर्नू । अनि पत्नी-लाई साथमा लिएर आसनमा बसीकन पहिले –

(१) विष्णवे स्वाहा । (२) सूर्याय स्वाहा । (३) प्रजापतये स्वाहा ।

(विष्णुलाई आहुति सुहुत हओस् । सूर्यलाई आहुति सुहुत हओस् । प्रजापतिलाई आहुति सुहुत हओस्)

भनेर अग्निमा तीन आहुति होम गर्नू । अनि सोम

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(चन्द्र), अश्विनीकुमार, इन्द्र, विष्णु, शिव, दुर्गा र प्रजापति यी सात देवता को पृथक् पृथक् ध्यान गरेर मङ्गल नामका अग्निमा तल लेखिए अनुसार प्रत्येकलाई पाँच पाँच आहुति दिनू-

(१) सोमाय स्वाहा (सोम अर्थात् चन्द्रमालाई (यो) आहुति सुहुत हओस् ।)

(२) अश्विभ्याम् (अश्विनीकुमाराभ्यां) स्वाहा (अश्विनीकुमारहरूलाई (यो) आहुति सुहुत हओस् ।)

(३) इन्द्राय स्वाहा (इन्द्रलाई (यो) आहुति सुहुत हओस्) ।

(४) विष्णवे स्वाहा (विष्णुलाई (यो) आहुति सुहुत हओस् ।)

(५) शिवाय स्वाहा (शिवलाई (यो) आहुति सुहुत हओस् ।)

(६) दुर्गायै स्वाहा (दुर्गालाई (यो) आहुति सुहुत हओस् ।)

(७) प्रजापतये स्वाहा प्रजापतिलाई (यो) आहुति सुहुत हओस् ।)

त्यसपछि पतिले सूनको काइंयो (काङ्यो) हातमा (दाहिने हातमा) लिएर शिव, विष्णु र प्रजापति (ब्रह्मा) को ध्यान गर्दै मायाबीजको उच्चारण गरेर तलका मन्त्रले पत्नीको (निधार

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



देखि) सीउँदो काट्दै लगेर केशपाश (कपालको चुल्ठो) सम्म पुऱ्याउनू र त्यो काइंयोलाई त्यहीं घुसारिदिनू –

'भार्ये कल्याणि सुभगे दशमे मासि सुव्रते ।
सुप्रसूता भव प्रीता प्रसादाद् विश्वकर्मणः ॥'
'आयुष्मती कङ्कतिका वर्चस्वी ते शुभं कुरु ।'

"हे सौभाग्यवती पत्नी हे कल्याणी र सुव्रते[1] ।
रहू प्रसन्न र दश मैन्हा लागेपछि प्रिये ॥
कृपाले [2]विश्वकर्माको सुत्केरी होऊ राम्ररी ।
तेजस्वी यस काइंयोले गरोस् शुभ सँधै भरी ॥"

अनि स्विष्टकृद् हवन आदि र दक्षिणादानहरू गरेर तिलक प्रसाद हरू ग्रहण गर्नू र कर्म समाप्त गर्नू ।

इति सिमन्तोन्नयन

(१) राम्ररी नियम पालन गरेर बस्ने ।
(२) विश्व बनाउने ब्रह्मा–प्रजापति ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# ( ४ )

# जातकर्म

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

## अथ जातकर्म

बालक जन्मेपछि त्यसको संस्कारार्थ शास्त्रोक्त विधिले गरिने कर्मलाई 'जातकर्म, भन्दछन् । यसमा बालक जन्मनुभन्दा पहिले (पाउने) महीना लागेर सुतकेरी हुने व्यथा लागे पछि वा लाग्न थाले पछि प्रसवोन्मुखी पत्नीलाई सुत्केरी हुने कोठामा लगेर आराम साथ राख्न लाउनू र (सुखप्रसवार्थ) पतिले कर्मपात्र हरूमा चोखो जल लिएर विनियोग सहित तलको मन्त्रले कुशहरू द्वारा वा हातैले अभिषेक (सेचन) गरिदिनू –

'एजतु,इति मन्त्रस्य प्रजापतिर्ऋषिः(महा)पंक्तिश्छन्दः गर्भो देवता (सोष्यन्त्या) अभ्युक्षणे विनियोगः–

('एजतु' यो मन्त्रका ऋषि प्रजापति, छन्द (महा) पंक्ति र देवता गर्भ हुन् । यसको सुत्केरी हुन लागेकी स्त्रीलाई जल सेचन गर्ने काममा विनियोग गरिन्छ ।)

ॐ एजतु दशमास्यो गर्भो जरायुणा सह ।
यथायं वायुरेजति यथा समुद्र एजति ।
एवायं दशमास्यो ऽअस्रज्जरायुणा सह ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



"यो गर्भ दश महीनाको सालनाल संगै चलोस् ।
जसरी यो वायु चल्छ जसरी चल्छ सागर ।।
त्यसै गरी चली गर्भ र निस्कोस् साल बाहिर ।।"

यसरी सेचन गरिसकेपछि व्यथा लागेकी पत्नीलाई लक्ष्य गरेर विनियोग सहित तलको मन्त्र पढ्नू –

'अवैतु' इति मन्त्रस्य प्रजापतिर्ऋषिर्बृहती (?) छन्द उल्वं देवता अव(रा)पातनार्थे जपे विनियोग :–

'अवैतु पृश्नि शेवल ॐ शुने जराय्वत्तवे ।
नैव मा ॐ सेन पीवरी नकस्मिश्चनायतनमव जरायु पद्यताम् ।,

(हे सुत्केरी हुने व्यथा लागेकी पत्नी, तिम्रो कइलो वर्णको पिच्छिल वा जलयुक्त गर्भजाल (सालनाल) कुकूरको उपकारार्थ तल झरोस् । हे मोटीघाटी वा ठूलो जिउकी पीवरी, (त्यो तिम्रो) गर्भजाल वा सालनाल अरू संबद्ध मांस (आन्द्राभुँडीहरू) सहित (भएर) नआओस् । अथवा कुनै कारणवश गर्भ विपन्न भएर पनि न आओस् ।)

## जातकर्मप्रयोग

यसमा बालक (छोरो) जन्मे पछि जन्मनासाथ (जन्मेको सुन्नासाथ) नाल नकाटिकनै बाबुले (वा बाबुको अनुपस्थितिमा काका बाज्येहरूले भए पनि) पहिले जन्मेका बालकको (जन्म

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



नक्षत्र आदिको विचार गरीकन) मुख हेर्नू र नाल काट्न नलाईकनै नदीहरूमा गएर वा घरैमा –

हरिः ॐ तत्सत् इत्यादि पूर्ववाक्यका साथ देशकालहरूको उच्चारण गरिकन

"अद्येह ... गोत्रः... प्रवरः... शर्मा (वर्मा वा) अहं पुत्रजन्मनिमित्तकसचैलस्नानं करिष्ये ।"

(आज यहाँ ... गोत्र ... प्रवर र ... नामको म पुत्रजन्मको उपलक्षमा सचैल (लुगैसमेत) स्नान गर्दछु ।)

भनेर संकल्प गरीकन झटपट सुवर्णमिश्रित जलले (सूनपानीले) सचैल (लुगै समेत) स्नान गर्नू र नयाँ चोखो वस्त्र (लुगा) हरू फेरेर तिलकहरू लगाईकन आएर सुत्केरीकोठामा पस्नू र लिपपोत गरेको चोखो ठाउँमा आसनी हालेर पूर्व फर्केर बस्नू र दीयो बालेर आचमन गरीकन प्राणायाम समेत गर्नू । अनि त्यहाँ काम गर्ने सूंडिनी धाई वा कुना पस्ने सुसारेहरू बाहेक अरूलाई जथाभावी छुन नलाईकन बालकलाई नुहाई धुवाई सफा गर्न लाएर सफा थाङ्नाहरूमा बेह्रेर आमाको दूध नचुसाइकनै (आमा वा धाई कसैलाई) काखमा पूर्व मोहडा वा पूर्व सिरहान गराएर लिन लाउनू र (स्वस्तिवाचनहरू गरेर) विधिपूर्वक कर्मपात्र बनाउनू । अनि तीन टुक्रा कुश सहित कर्मपात्रको जल लिएर –

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ॐ अपवित्रः पवित्रो वा सर्वावस्थां गतोपि वा ।
यः स्मरेत् पुण्डरीकाक्षं स बाह्याभ्यन्तरं शुचिः ।।

(म चोखो हूँ कि विटुलो जुनसुकै स्थितिमा हऊँ ।
श्रीविष्णुलाई सम्झेर चोखो सर्वत्र नै बनूं ।।)

भनेर आफूलाई र वरिपरि सबैतिर छर्कनू र कर्मपात्रको जल सहित चन्दन अक्षता फूलहरू लिएर तल लेखिए अनुसार वाक्य पढीकन पहिले एउटा संकल्प गर्नू –

हरिः ॐ तत्सत् पूर्वसंकल्पसिद्धिरस्तु । अद्येह ... गोत्रः ... प्रवरः शर्मा (वर्मा वा) अहं ममास्याऽभिनवजातकुमारस्य (शिशोर्वा) गर्भाम्बुपानजनितसकलदोषनिवर्हणार्थं बीजगर्भसमुद्भवैनोनिरसनार्थं मेधाजननार्थमायुरभिवर्धनार्थं च श्रीमत्परमेश्वरप्रीतये यथाविधि जातकर्म करिष्ये, तदङ्गतया गणेशपूजनपूर्वकं मातृकापूजनं नान्दीश्राद्धं चाहं करिष्ये, तत्तत् कर्म कर्तुं पुण्याहवाचनार्थं चैभिश्चन्दनपुष्पाक्षतपूगीफलवासोद्रव्यादिभिर्यथानामगोत्रान् यथानामशर्मणो ब्राह्मणान् युष्मानहं वृणे ।

(पूर्वसंकल्प सिद्ध होस् । आज यहाँ ... गोत्र ... प्रवर र ... नामको म, मेरो यो भरखर जन्मेको बालकको गर्भमा रहंदा गर्भजलपान आदिबाट भएको सम्पूर्ण दोषको निवारण, शुक्रशोणितसंयोगजन्य दोषको निवारण, मेधाजनन र आयुवृद्धि होस् र श्रीपरमेश्वर प्रसन्न हऊन् भन्नाका निमित्त जातकर्म संस्कार

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



गर्दछु । त्यसको पूर्वाङ्गस्वरूप गणेशपूजा, मातृकापूजा, आभ्युदयिक श्राद्ध पनि गर्दछु । तत्तत् काम गर्नका निमित्त र पुण्याहवाचन समेत गर्न यो चन्दन अक्षता फूल सिंगोसुपारी वस्त्र भेटीहरूले तत्तद् गोत्र र नामका तपाईं ब्राह्मणहरुलाई म वरणगर्दछु ।)

यति भनेर संकल्प गरे पछि ब्राह्मणहरूलाई टीका लाइदिएर वरण गर्नू र अनि –

"ॐ अद्येह ममास्य अभिनवजातस्य शिशोः अद्यकर्तव्यजातकर्मसंस्कार(पूर्वाङ्ग)कर्मणि भो ब्राह्मणाः पुण्याहं भवन्तो ब्रुवन्तु ३। ॐ पुण्याहं ३– ॐ पुनन्तुमा देवजनाः ०।।"

(आज यहाँ मेरो यो नयाँ (भरखर) जन्मेको बाकलको गरिने जातकर्म संस्कार (सम्बन्धी पूर्वाङ्ग) को काममा हे ब्राह्मणहो तपाईंहरू 'पुण्यदिन,' हस्रोस् भनेर भनिदिनु होस् ।)

इत्यादि भनेर पुण्याहवाचन गर्न लाउनू ।

अनि माथि पूर्वाङ्गको प्रकरणमा बताए अनुसार विधिपूर्वक दीपकलशहरू थापीकन गणेशपूजा र मातृकापूजा गर्नू । अनि आभ्युदयिक(नान्दी)श्राद्धको रूपमा सुवर्णश्राद्ध अथवा चलन अनुसार श्राद्धको अनुकल्परूप 'सुवर्णदान' पनि गर्नू ।

यसमा सुवर्णश्राद्ध गर्दा अर्थात् यहाँ नान्दीश्राद्धको अनुकल्परूपमा सून दान गर्दा अघि पुंसवन सीमन्तोन्नयनमा झैं बोताहरूमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



**सूनको टुक्रा राखेर पूजा गर्नू र कर्मपात्रको जल र जउ कुश फूल दूवोहरू सहित हातमा लिएर–**

ॐ अद्येह... गोत्राणामस्मन्मातृपितामहीप्रपितामहीनां (१) ... (२) ... (३) ... (नाम्नी) देवीनां नान्दीमुखीनां तथा ... गोत्राणामस्मत्पितृपितामहप्रपितामहानां (१)... (२) ... (३) ... (नाम) शर्मणां (वर्मणां वा) नान्दीमुखानां तथा ... गोत्राणामस्मन्मातामहप्रमातामहवृद्धप्रमातामहानां (१)... (२) ... (३) ... (नाम) शर्मणां (वर्मणां वा) सपत्नीकानां नान्दीमुखानां सत्यवसुसंज्ञकविश्वेदेवपूर्वकाणामक्षय्यतृप्त्यर्थं देवपित्रुभयपक्षीय-यथासंख्य (युग्म) ब्राह्मणभोजनपर्याप्तान्नलम्भनसमर्थमिदं हिरण्य-मग्निदैवतं यथानामगोत्राय यथानामशर्मणे ब्राह्मणाय जात-कर्माङ्गनान्दीश्राद्धानुकल्परूपेण दातुमहमुत्सृजे तद्वो नमो वृद्धिश्रियै ॥

**(आज यहाँ ... गोत्रका (१)... (२)... (३)... नामका हाम्रा आमा वज्यै र जिजुवज्यै तथा..गोत्रका (१)..(२)... (३).. नामका हाम्रा बाबु वाज्ये र जिजुवाज्ये तथा... गोत्रका (१)... (२)... (३...) नामका हाम्रा मावलपट्टिका सपत्नीक वाज्ये जिजुवाज्ये र वराज्यू स्वरूप, सत्यवसु नामक विश्वेदेव सहितका नान्दीमुखी पितृहरूको अक्षय्य तृप्तिका लागि देवपितृ दुवै पक्षका यथायोग्य संख्याका (दुइजना) ब्राह्मणहरूलाई भोजन गर्न पुग्ने अन्न आउने अग्निदेवतासम्बन्धी यो सून यथायोग्य गोत्र र नामका ब्राह्मणहरूलाई आभ्युदयिक श्राद्धको सट्टा भनेर त्यसको अनु-**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



कल्परूपमा दिना निमित्त म यहाँ छोडिदिन्छु । (हाम्रो) वृद्धि र श्री का लागि तपाइँ (पितृ वा ब्राह्मण)हरूलाई नमस्कार ।)

भनेर संकल्प गरीकन ब्राह्मणका अघिल्तिर राखिदिनू । (अनि त्यसको दानप्रतिष्ठा पनि गर्नू )।

**मेधाजनन–**

यति सबै गरिसके पछि यथालाभ सूनको चाँदीको वा काँसको एउटा थालीहरूमा असमभाग अर्थात् बराबर नहुने, अलिकति घटीवढी हुने गरीकन (यथासंभव गाईको) घिउ र मह हालेर मिसाउनू र सूनको सानू चम्चा वा दाबिलो अथवा सानुटुक्रा प्रतिमा सहितको (दाहिने हातको) साँहिली औंलाले लिएर (विनियोग सहित)तलको मन्त्रले जन्मेको बालकलाई(एकपल्ट) चटाइदिनू–

(भूरित्यादीनां (व्याहृतीनां) प्रजापतिर्ऋषिर्गायत्र्युष्णिगनुष्टुब्बृहत्यश्छन्दांसि अग्निवायुसूर्यप्रजापतयो देवता अभिनवजातस्य कुमारस्य मेधाजननार्थे मधुघृतप्राशने विनियोगः–)

("भूः" इत्यादि (व्याहृति) मन्त्रका ऋषि प्रजापति, छन्द गायत्री उष्णिक् अनुष्टुप् र बृहती, देवता अग्नि वायु सूर्य र प्रजापति हुन् । यो मन्त्रको नयाँ जन्मेको बालक (छोरो)लाइ मेधा (धारणशक्ति सहितको बुद्धि) उत्पन्न गराउन घिउ मह चटाउने काममा विनियोग गरिन्छ ।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



चटाउने मन्त्र–

"ॐ भूस्त्वयि दधामि भुवस्त्वयि दधामि स्वस्त्वयि दधामि भूर्भुवः स्वः सर्वं त्वयि दधामि"

(हे बालक म भूर्लोक भुवर्लोक स्वर्लोक तीनै (तीनैको सार) तिमीमा राखिदिन्छु । (अर्थात् तिमी तीनै लोकको कुरा संझन सक्ने बन ।)

यसरी घिउमह चटाएर मेधाजनन गरिसकेपछि बालकको आयुष्यकरण (पूर्ण आयु हुने कर्म) गर्नू ।

आयुष्यकरण–

यसमा बावुले बालकको नाभिस्थान (नाइटो) निर वा दाहिने काननिर मुख लगेर (वेदमा अधिकार भएर वेद पढेको भए आफैंले, नभए ब्राह्मणद्वारा) पहिले एकपल्ट विनियोगवाक्य भनीकन तलका मन्त्र तीनपल्ट जप्नू (विस्तारै उच्चारण गर्नू)–

विनियोग–

अग्निरायुष्मानित्यादीनामष्टानां मन्त्राणां प्रजापतिर्ऋषिर्गायत्रीछन्दो लिङ्गोक्ता देवता अभिनवजातबालकस्य आयुष्यकरणार्थे जपे विनियोग :–

('अग्निरायुष्मान्' इत्यादि आठ मन्त्रका ऋषि प्रजापति, छन्द

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



गायत्री र देवता मन्त्रोक्त हुन् । यिनको बालकको पूर्ण आयुका निमित्त जप्ने काममा विनियोग गरिन्छ ।)

जप्ने मन्त्र–

ॐ अग्निरायुष्मान् स वनस्पतिभिरायुष्मान् तेन त्वायुषा-युष्मन्तं करोमि ॥१॥

(अग्नि आयुष्मान् (प्रशस्त वा पूर्ण आयु भएका) छन् । उनी वनस्पति अर्थात् दाउरासमिधाहरूले (गरेर) आयुष्मान् छन् । त्यही अग्निको आयुले म तिमीलाई आयुष्मान् अर्थात् प्रशस्त वा पूर्ण आयु भएको गराउँदछु ।)

ॐ सोम आयुष्मान् स ओषधीभिरायुष्मान् तेन त्वायुषा-युष्मन्तं करोमि ॥२॥

(सोम (चन्द्र) आयुष्मान् अर्थात् प्रशस्त वा पूर्ण आयु भएका छन् । उनी ओषधी (लतावृक्षवनस्पति)हरूले (गरेर) आयुष्मान् छन् । त्यही सोमको आयुले म तिमीलाइ आयुष्मान् (प्रशस्त वा पूर्ण आयु भएको) गराउँदछु)।

ॐ ब्रह्मायुष्मत् तद् ब्राह्मणैरायुष्मत् तेन त्वायुषायुष्मन्तं करोमि ॥३॥

(ब्रह्म (वेद) आयुष्मान् छ, उ ब्राह्मणहरूले गरेर आयुष्मान् छ । त्यही ब्रह्मको आयुले म तिमीलाई आयुष्मान् गराउँदछु ।)

ॐ देवाऽआयुष्मन्तस्ते ऽ मृतेनायुष्मन्तस्तेन त्वायुषायुष्मन्तं करोमि ॥४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



**(देवताहरू आयुष्मान् छन् । उनीहरू अमृतले गर्दा आयुष्मान् छन् । त्यही देवताहरूको आयुले म तिमीलाई आयुष्मान् गराउँदछु ।)**

ॐ ऋषय ऽ आयुष्मन्तस्ते व्रतैरायुष्मन्तस्तेन त्वायुषायुष्मन्तं करोमि ।।५।।

**(ऋषिहरू आयुष्मान् छन् । उनीहरू व्रत (उपवास नियम) हरूले गर्दा आयुष्मान् छन् । त्यही ऋषिहरूको आयुले म तिमीलाई आयुष्मान् गराउँदछु ।)**

ॐ पितर ऽ आयुष्मन्तस्ते स्वधाभिरायुष्मन्तस्तेन त्वायुषायुष्मन्तं करोमि ।।६।।

**(पितृहरू आयुष्मान् छन् । उनीहरू स्वधाले गर्दा आयुष्मान् छन् । त्यही पितृहरूको आयुले म तिमीलाई आयुष्मान् गराउँदछु ।)**

ॐ यज्ञ ऽ आयुष्मान्त्स दक्षिणाभिरायुष्मान् तेन त्वायुषायुष्मन्तं करोमि ।।७।।

**(यज्ञ आयुष्मान् छ । उ दक्षिणाहरूले गरेर आयुष्मान् छ । त्यही यज्ञको आयुले म तिमीलाई आयुष्मान् गराउँदछु ।)**

ॐ समुद्र ऽ आयुष्मान् स स्रवन्तीभिरायुष्मान् तेन त्वायुषायुष्मन्तं करोमि ।।८।।

**(समुद्र आयुष्मान् छ । उ नदीहरूले गरेर आयुष्मान् छ । त्यही समुद्रको आयुले म तिमीलाई आयुष्मान् गराउँदछु ।)**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



**यी मन्त्र तीन पल्ट वा एक पल्ट जपे पछि तलको मन्त्र पनि तीन पल्ट वा एक पल्ट जप्नू –**

ॐ त्र्यायुषं जमदग्नेः कश्यपस्य त्र्यायुषम् ।
यद्देवेषु त्र्यायुषं तन्नो ऽ अस्तु त्र्यायुषम् ॥

**"आयु जो जमदग्नीको आयु कश्यपको छ जो ।**
**देवताको छ जो आयु होस् हाम्रो पनि आयु त्यो ॥"**

**यसपछि बाबुले छोरो पूरा आयु बाँचिरहोस् भन्ने कामना गर्दछ भने नयाँ जन्मेको बालक छोरोलाई फेरि तलका मन्त्रले (शिरदेखि पाउसम्म) सर्वाङ्ग मुसार्नू–**

ॐ दिवस्परीत्याद्येकादशर्चस्य वत्सप्रीर्भालन्दन ऋषिस्त्रिष्टुप्छन्दोग्निर्देवता बालस्य पूर्णायुष्ट्वकामनया ऽ(ङ्गा)भिमर्शने विनियोग :–

**('दिवस्परि, इत्यादि एघारै मन्त्रका ऋषि वत्सप्री भालन्दन, छन्द त्रिष्टुप् र देवता अग्नि हुन् । यसको बालकको पूर्णआयुको कामनाले उसको अङ्ग मुसार्ने काममा विनियोग गरिन्छ ।)**

ॐ दिवस्परि प्रथमञ्जज्ञे ऽ अग्निरस्मद्द्वितीयम्परि जातवेदाः ।
तृतीयमप्सु नृमणाऽअजस्रमिन्धानऽएनञ्जरते स्वाधीः ॥१॥

**"द्युलोकमा पहिले अग्नि जन्मे दोस्रा हामीबाट यी फेरि जन्मे ।**
**तेस्रा पानीमा उ जन्मे र बस्छौं बूढा हुञ्जेल यिनलाई जगाई ।"**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



विद्मा ते ऽ अग्ने त्रेधात्रयाणि विद्मा ते धाम विभृता पुरुत्रा ।
विद्मा तेनाम परमङ्गुहा यद् विद्मा तमुत्सं यत ऽआजगन्थ ।।२।।

**"हे अग्निदेव,**

**हामी तीनै जान्दछौं रूप तिम्रा थलो तीनै जान्दछौं फेरि तिम्रा।**
**हामी तिम्रो जान्दछौं गुह्य नाउँ आएको त्यो जान्दछौं फेरि ठाउँ ।"**

समुद्रे त्वा नृमणा ऽ अप्स्वन्तर्नृ चक्षा ऽ ईधे दिवो ऽ अग्न ऽऊधन् ।
तृतीये त्वा रजसि तस्थिवा ँ समपामुपस्थे महिषा ऽ अवर्द्धन् ।।३।।

**"समुद्रमा तिमिलाई जगाए पानीभित्र व्योमको गर्भभित्र ।**
**तेस्रो धूलीमा जगाए र पानीमा प्राणले तिमिलाई बढाए ।।"**

अक्रन्ददग्निस्तनयन्निव द्यौः क्षमारेरिहद्वीरुधः समञ्जन् ।
सद्यो जज्ञानो विहीमिद्धो ऽअक्ख्यदारोदसी भानुना भात्यन्तः ।।४।।

**"उठ्छन् अग्नि मेघ झैं गर्जदै र पृथ्वी गाल्दै बोटबिरुवा अंगाल्दै ।**
**बल्नासाथै दन्किई ज्योतिले यी धप्धप् हुन्छन् सगरै झल्लपार्दै ।"**

श्रीणामुदारो धरुणो रयीणां मनीषाणां प्रार्पणः सोमगोपाः ।
वसुः सूनुः सहसोऽअप्सु राजा विभात्यग्रऽउषसामिधानः ।।५।।

**"धनी र दानी सिरिसम्पतीका र सोमका रक्षक इष्टदाता ।**
**प्रदीप्त हुन्छन् बलजन्य अग्नि शरण्य हाम्रा जलराट् सबेरै ।"।**

विश्वस्य केतुर्भुवनस्य गर्भऽआरोदसीऽअपृणाज्जायमानः ।
वीडुञ्चिदद्रिमभिनत्परायञ्जना यदग्निमयजन्त पञ्च ।।६।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



**"यी विश्वका गर्भ र विश्वकेतु द्यावापृथ्वी ढाक्तछन् निस्कंदै यी ।**
**पहाड छेड्दै दृढ हिंड्दछन् यी यी अग्निलाई पूज्दछन् पञ्च जन यी ।।"**

उशिक्पावको ऽअरतिः सुमेधा मर्त्त्येष्वग्निरमृतो निधायि ।
इयर्त्ति धूममरुषम्भरिभ्रदुच्छुक्रेण शोचिषा द्यामिनक्षन् ।।७।।

**"प्यारा पवित्र निरपेक्षी सुमेधा अमर अग्नि राखिए मर्त्यलोकमा ।**
**धूंवा निकाल्छन् निर्मल ज्योतिले यी आकाश ढाकेर जगद्विधाता ।।**

दृशानो रुक्म ऽ उर्व्याव्यद्यौद् दुर्मर्षमायुः श्रियेरुचानः ।
अग्निरमृतो ऽअभवद्वयोभिर्यदेनन्द्यौरजनयत्सुरेताः ।।८।।

**"जो झल्झलाकार छ देखिदैमा श्रीनिम्ति चाहन्छ अखण्ड आयु ।**
**अन्नले ती अग्नि भए नमर्ने द्युलोकले जन्म दियो यिनलाई ।।"**

यस्ते ऽअद्य कृणवद् भद्रशोचे ऽपूपन्देव घृतवन्तमग्ने ।
प्रतन्नय प्रतरंवस्यो ऽअच्छाभिसुम्नन्देवभक्तं यविष्ठ ।।९।।

**"शुभज्योति अग्नि! जो आज तिम्रो बनाउँछ घिउको मालपूवा ।**
**त्यसलाई तिमी उत्तमस्थान देऊ र देवताको सुख देऊ यविष्ठ !"**

आतम्भज सौश्रवसेष्वग्न ऽउक्थ ऽउक्थऽआभज शस्यमाने ।
प्रियः सूर्ये प्रियोऽअग्ना भवात्युज्जातेन भिनददुज्जनित्वैः ।।१०।

**"नामी नामी यज्ञमा हेर अग्नि! र यिनलाई 'शस्त्र' को पाठ चल्दा ।**
**बनून् प्यारा सूर्यका अग्निका यी छोरा नातीले हओस् वृद्धि यिनको**

त्वामग्ने यजमानाऽ अनुद्यून्विश्वावसु दधिरे वार्याणि ।
त्वया सह द्रविणमिच्छमाना व्रजङ्गोमन्तमुशिजो विवव्रुः ।।११।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



"तिम्रो सेवा दिनहूँ गर्दछन् जो ती पाउँछन् अग्नि ! संपूर्ण रत्न ।
तिम्रो आशा ली बसेकाहरूले छेडे बिम्बै सूर्यको सप्रयत्न ।।"

अनुप्राणन–

यसरी एक ऋचा कमको वात्सप्र अनुवाकले बालकलाई मुसारिसकेपछि बालकको वरिपरि चार दिशामा एक एक जना चार जना र बालकको अगाडि बीचमा (वा नैऋत्य दिशामा) एक जना जम्मा पाँच जना ब्राह्मणलाई बालकतिर फर्काएर (उबभ्याई) राख्नू र बालकको बाबुले बालकलाई लक्ष्य गरेर ती ब्राह्मणहरूलाई–

'ॐ इमम् अनुप्राणित'

(लौ यसलाई अनुप्राणन (प्राणसंचार) गरिदिनुहोस् ।)

भनेर अनुरोध गर्नू ।

अनि बालकलाई लक्ष्य गरेर (बालकतिर फर्केर) ऊँचो स्वरले क्रमैसंग–

पूर्वपट्टि बसेका ब्राह्मणले– 'ॐ प्राणः' भन्नू ।
दक्षिणपट्टि बसेका ब्राह्मणले– 'ॐ व्यानः' भन्नू ।
पश्चिमपट्टिका ब्राह्मणले– 'ॐ अपानः' भन्नू ।
उत्तरपट्टिका ब्राह्मणले– 'ॐ उदानः' भन्नू ।

बीचमा बसेका ब्राह्मणले चाहिं माथितिर फर्केर–'ॐ समानः' भन्नू । ब्राह्मण नपाएमा बालकको बाबुले आफैं ती ती ठाउँमा गएर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



बालकलाई लक्ष्य गरेर माथि बताए अनुसार क्रमैसंग उपर्युक्त 'प्राण:' आदि पाँच मन्त्रको उच्चारण गरेर काम चलाउनू । यस पक्षमा 'इमम् अनुप्राणित' भन्ने पूर्वोक्त प्रैषवाक्य भनिरहनु पर्दैन ।

**जन्मभूमिको अभिमन्त्रण–**

यसपछि बालकको बाबुले बालक जन्मेको ठाउँ (भूइँ) मा हात राखेर (कसैले दाहिने हातको साहिँली औंलाले छोएर पनि भन्दछन्) तलको मन्त्रले ('जन्मभूमि' को) अभिमन्त्रण गर्नू–

ॐ वेद ते भूमीति मन्त्रस्य प्रजापतिऋषिरनुष्टुप् छन्दो भूमिर्देवता बालस्य जन्मभूम्यभिमन्त्रणे विनियोग :–

**('वेद ते भूमि ' यो मन्त्रका ऋषि प्रजापति, छन्द अनुष्टुप् र देवता भूमि हुन् । यसको बालक जन्मेको ठाउँ अभिमन्त्रण गर्नमा विनियोग गरिन्छ ।)**

ॐ वेद ते भूमि हृदयं दिवि चन्द्रमसि श्रितम् ।
वेदाहं तन्मां तद्विद्यात् पश्येम शरदः शतम् ।
जीबेम शरदः शत ꣳ शृणुयाम शरदः शतम् ।।

**"हे भूमि–"**

**तिम्रो हृदय जो माथि चन्द्रमामा छ आश्रित ।**
**म जान्दछु त्यो त्यसले पनि जानोस् मलाइ र ।**
**बाँचौं हामी[1] सयै वर्ष देख्ने सुन्ने भई चिर ।"**

---

१. बाबू छोरा सपरिवार नै ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



यसपछि तलको मन्त्रले बालकलाई शिरदेखि पाउसम्म मुसार्नू (कसैले बालकको हृदयमा छोएर यो मन्त्र उच्चारण गर्नू पनि भन्दछन्)–

अश्मा भवेति मन्त्रस्य प्रजापतिर्ऋषिरनुष्टुप् छन्दो लिङ्गोक्ता देवता बालस्य दृढीकरणाद्यर्थे ऽभिमर्शने विनियोग :–

( 'अश्मा भव' यो मन्त्रका ऋषि प्रजापति, छन्द अनुष्टुप् र देवता मन्त्रोक्त (पुत्र) हुन् । यसको बालकलाई दृढ आदि गराउन मुसार्ने काममा विनियोग गरिन्छ ।)

ॐ अश्मा भव परशुर्भव हिरण्यमस्तुतं भव ।
आत्मा वै पुत्रनामासि स जीव शरदः शतम् ।।

"हे पुत्र (छोरा),

ढुङ्गो झैं बञ्चरो झैं र होऊ लौ शुद्ध सून झैं ।
आत्मा नै हौ तिमी मेरो र बाँच सय वर्ष नै ।।"

यसपछि सुत्केरी ( बालकको आमा) को अघिल्तिर फर्कीकन उनैलाई लक्ष्य गरेर तलको मन्त्रले अभिमन्त्रण गर्नू अर्थात् सुत्केरीलाई हेरेर तलको मन्त्र उच्चारण गर्नू–

(इडासीत्यस्य मन्त्रस्य प्रजापतिर्ऋषिरनुष्टुप् छन्दो लिङ्गोक्ता देवता बालमातुरभिमन्त्रणार्थे जपे विनियोग :–

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ॐ इडासि मैत्रावरुणी वीरे वीरमजीजनथाः ।
सा त्वं वीरवती भव याऽस्मान् वीरवतोऽकरत् ।।

"तिमी इला ह्वौ र तिमी ह्वौ मैत्रावरुणी प्रिये !
छोरो पाइदियौ, नित्यै पतिपुत्रवती भए ।।"

**बालकलाई स्तन्यप्रदान–**

**यसपछि बालककी आमा (सुत्केरी) को दाहिने स्तन (दूध) पहिले मनतातो पानीले पखालीकन तलको मन्त्र पढेर बालकलाई चुसाउन (दूध चुस्न) दिनू–**

ॐ इमꣳस्तनमित्यस्य [1]प्रजापतिर्ऋषिस्त्रिष्टुप् छन्दः अग्निर्देवता बालस्य स्तन(तन्य) प्रदाने विनियोगः–

**('इमꣳस्तनम्' यो मन्त्रका ऋषि प्रजापति, छन्द त्रिष्टुप् र देवता अग्नि हुन् । यसको बालकलाई दूध चुस्न (चुसाउन) दिने काममा विनियोग गरिन्छ ।)**

ॐ इमꣳस्तनमूर्जस्वन्तं धयापां प्रपीनमग्ने सरिरस्य मध्ये ।
उत्सञ्जुषस्व मधुमन्तमर्वन्त्समुद्रियꣳसदनमाविशस्व ।।

**"[2]चुसाउ यो रसिलो दूध अग्नि! छ बीचमा गानिएर प्रपुष्ट ।
हे बाबु खाउ गुलियो यो पगारी र काखमा [3]सिन्धुको गम्म घुस्र ।।"**

---

१. यसमा कसैले 'परमेष्ठी ऋषि' लेखेकाछन् ।
२. "यो दूध चुस रसिलो पोसिलो र छ बीचमा गानिएर प्रपुष्ट ।" कसैले बालकैलाई सम्बोधन गरेर यस्तो व्याख्या गरेका पनि छन् ।
३. 'र काखमा साख भै गम्म घुस्र ।' अर्थात् समुद्रझैं गम्भीरआमाको काखमा घुस्र ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



('इडासि'यो मन्त्रका ऋषि प्रजापति, छन्द अनुष्टुप् र देवता मन्त्रोक्त हुन् । यसको बालककी आमा (सुत्केरी) लाई अभिमन्त्रण गर्नमा विनियोग गरिन्छ ।)

यसपछि तलको मन्त्रले देब्रे (बायाँ) स्तन (दूध) पखालेर दिनू–

ॐ यस्ते स्तन इति मन्त्रस्य दीर्घतमा ऋषिस्त्रिष्टुप् छन्दो लिङ्गोक्ता देवता (वाग्देवता) स्तनदाने विनियोग :–

('यस्तेस्तनः, यो मन्त्रका ऋषि दीर्घतमा, छन्द त्रिष्टुप् र देवता मन्त्रोक्त (वाग्देवता सरस्वती) हुन् । यसको बालकलाई (देब्रे) दूध चुस्न दिने काममा विनियोग गरिन्छ ।

ॐ यस्ते स्तनः शशयो यो मयोभूर्यो रत्नधा वसुविद् यः सुदत्रः ।
येन विश्वा पुष्यसि वार्याणि सरस्वति तमिह धातवेऽकः ।।

"हे सरस्वती"

तिम्रो छ जो त्यो स्तन गानिएको आनन्ददायी धनरत्नपूर्ण ।
जसले तिमी विश्व समस्त पोस्छ्यौ देऊ त्यही बालकलाई चुस्न ।।"

(यसमा पहिलेको मन्त्र पनि संगसंगै जोडेर प्रयोग गर्दछन् ।)

जलपात्रस्थापन–

यसपछि सुत्केरी सुत्ने ओछ्यानको सिह्रानपट्टि अलिकति ठाउँ पोतेर तलको मन्त्रले एउटा (यथासंभव नयाँ) जलपूर्ण

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



**घडा थापिदिनू अर्थात् एउटा चोखो भांडोमा टम्म पानी भरेर (कुना भरिका निम्ति) त्यहाँ राखिदिनू–**

(ॐ आपो देवेष्विति मन्त्रस्य प्रजापतिर्ऋषिरनुष्टुप् छन्द आपो देवता सूतिकायाः शिरःप्रदेशे रक्षार्थमुदपात्रस्थापने विनियोग :– )

**('आपोदेवेषु, यो मन्त्रका ऋषि प्रजापति, छन्द अनुष्टुप् र देवता अप् अर्थात् जल हुन् । यसको सुत्केरीको सिह्लानमा रक्षार्थ पानीको घडा राख्ने काममा विनियोग गरिन्छ ।)**

**घडा राख्ने मन्त्र–**

ॐ आपो देवेषु जाग्रथ । यथा देवेषु जाग्रथ
एव मस्याᳬ सूतिकायाᳬ सपुत्रिकायां जाग्रथ ।।

**"जागा रहन्छौ जल ! हे जसरी देवथानमा ।
त्यसैगरी रहु जागा सुत्केरीका सिन्हानमा।।')**

**('यसरी सुत्केरीको कोठामा मन्त्र पढेर राखेको घडा (घडा धातुको भए त्यसको पानी मात्र) र आगो दुवै दश दिनको दिन उठाएर लैजान्छन् र सेलाइदिन्छन् ।')**

**सुत्केरीको कोठामा आगो राखेर त्यसमा (बिहान बेलुका) होम–**

**यसपछि सुत्केरीकोठा (कुना) को ढोकानिर (भित्रपट्टि) एकतिर छेउमा अलिकति ठाउँ पोतीकन काँचो इँट ओछ्याएर**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सानु वेदी जस्तो बनाउनू र त्यसमा गोबर माटो पानील पोत्ने, कुशले पूर्व-पश्चिम लामा तीन रेखा कोर्ने, कोरेको ठाउँबाट अलिकति माटो झिकेर हुत्याइदिने र चोखो पानी छम्कने गरेर पञ्च भूसंस्कार गरीकन अग्निस्थापना गरेर आगो बाल्नू र त्यसमा–

ॐ चत्वारि शृङ्गा त्रयो अस्य पादा द्वे शीर्षे सप्त हस्तासोऽ अस्य ।
त्रिधा वद्धो बृषभो रोरवीति महो देवो मर्त्यां२ आविवेश ।।

"छन् सींग चार अनि पाउ तीन यसका दुई छन् शिर हात सात ।
डुग्रन्छ तीनैतिर बद्ध साँढे पसे यहाँ देव महत्त्वसाथ ।।"

भनेर हातमा चक्र, रुद्राक्षको माला, कमण्डलु र बाघको बच्चा (डमरू) लिएर, बोकाको काँधमा चढेर, कष्णसारमृगचर्म फूल माला गहना सुगन्ध चन्दनहरू लाएर, वेदका ध्वनिले गुञ्जायमान भई बस्ने शृङ्गी गोत्रका ब्राह्मणरूप त्रिनेत्र सप्तजिह्व र त्रिशिखाले युक्त, स्वाहासहितका अग्निको ध्यान गरीकन हातमा फूल अक्षताहरू लिएर–

ॐ एतन्ते देव सवितर्यज्ञं प्राहुर्बृहस्पतये ब्रह्मणे।
तेन यज्ञमव तेन यज्ञपतिं तेन मामव ।।

("हे भगवान् सविता" (सवितास्वरूप अग्निदेव! ), यो यज्ञ तपाइँकै निम्ति हो ! भनेर (देवताका) ब्रह्मास्वरूप बृहस्पतिलाई (यजमानहरू) भन्दछन् । त्यसकारण तपाइँ नै (यो) यज्ञको (यी) यजमानको र मेरो (म ब्रह्माको ) रक्षा गर्नुहोस् ।।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



**यति मन्त्र पढेर–**

ॐ प्रगल्भनामाग्न इहागच्छ इह तिष्ठ अत्र आवाहितो भव सुप्रतिष्ठितो भव सुवरदो भव ।

**(हे प्रगल्भ नामका अग्नि ! यहाँ आउनुहोस् बस्नुहोस् आवाहित हुनुहोस् र सुप्रतिष्ठित तथा वर दिने भएर बस्नुहोस् ।)**

**भनेर प्रगल्भ नामले अग्निको आवाहन प्रतिष्ठा गरीकन–**

'ॐ स्वाहाशक्तियुताय प्रगल्भनामाग्नये जातवेदसे नमः,

**(स्वाहाशक्तिसहितका प्रगल्भनामक जातवेदा अग्निलाई नमस्कार)**

**भन्दै यथायोग्य उपचारले पूजा गर्नू र तलको मन्त्रले हात जोडेर नमस्कार गर्नू र प्रार्थना गर्नू–**

ॐ अग्निं प्रज्वलितं वन्दे जातवेदं हुताशनम् ।
सुवर्णवर्णममलं समिद्धं सर्वतोमुखम् ।।

**"बलेका सून झैं शुद्ध समिद्ध सर्वतोमुख ।**
**हविर्भोजी जातवेदा अग्निलाई प्रणाम छ ।।"**

भगवन् प्रार्थयेऽहं त्वां सूतिकागाररक्षणे ।
प्रगल्भनाम्ना भो वैश्वानर आवाहितो भव ।।
प्रतिष्ठितो भव तथा प्रसन्नो वरदो भव ।
तावत् तिष्ठात्र मे ब्रह्मन् यावत् सूतिर्न शुद्ध्यति ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



"भगवान्! प्रार्थना गर्छु रखवाली निम्ति बालको ।
प्रगल्भ नामले आई यहाँ वैश्वानर प्रभो ।।

भई प्रतिष्ठित तथा प्रसन्न र वरप्रद ।
नचोखियुञ्जेल सुत्केरी बसिदेऊ भई स्थिर ।।"

यसरी अग्निको स्थापना गरेर पूजा प्रार्थनाहरू गरिसके पछि बालकको बाबुले वा ब्राह्मणद्वारा तल लेखिए अनुसार मन्त्र पढेर (आगोमा) चामल (कुटे) को कनिका र सरसिउँ मिसेको दुई आहुति दिनू–

(१) ॐ शण्डामर्का इति प्रजापतिर्ऋषिरनुष्टुप् छन्दः 'अग्निर्देवता सूतिकागाररक्षणार्थे (सूतिकाग्नौ) फलीकरणमिश्र-सर्षपहोमे विनियोग :–

('शण्डामर्का' यो मन्त्रका ऋषि प्रजापति, छन्द अनुष्टुप् र देवता अग्नि हुन् । यसको सुत्केरीकोठाको रक्षार्थ त्यहाँ राखिएको अग्निमा कनिका र सर्सिउँ होम्ने काममा विनियोग गरिन्छ ।)

(यसमा कोही "अग्निर्देवता" भन्ने सट्टा "लिङ्गोक्ता देवताः" भनेर शण्डामर्कहरूलाई देवतारूपमा लिने गर्छन् ।)

(१) ॐ शण्डामर्का उपवीरः शौण्डिकेय ऽ उलूखलः ।
मलिम्लुचो द्रोणासश्च्यवनो नश्यतादितः ।। स्वाहा इदमग्नये नमम ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



"शण्डामर्क उपवीर शौण्डिकेय उलूखल ।
मलिम्लुच र द्रोणास भागून् च्यवन यी सब ।।"
(यो आहुति अग्निलाई सुहुत होस् ।)

(यसमा 'इदमग्नये' (यो अग्निलाई) भन्ने सट्टा-

'इदं शण्डामर्काभ्यामुपवीराय शौण्डिकेयायोलूखलाय मलिम्लुचाय द्रोणासाय च्यवनाय'

(यो आहुति शण्डामर्क उपवीर शौण्डीकेय उलूखल मलिम्लुच द्रोणास र च्यवनलाई सुहुत होस् ।)

भनेर आहुति दिने पनि गर्छन् ।)

(२) ॐ आलिखन्निति प्रजापतिर्ऋषिस्त्रिष्टुप् छन्दः अग्निर्देवता सूतिकागाररक्षणार्थं (सूतिकाग्नौ) फलीकरणमिश्रसर्षपहोमे विनियोग :—

('आलिखन्' यो मन्त्रका ऋषि प्रजापति, छन्द त्रिष्टुप् र देवता अग्नि हुन् । यसको सुत्केरीकोठाको रक्षार्थ त्यहाँ राखिएको अग्निमा कनिका र सर्सिउँ होम्ने काममा विनियोग गरिन्छ ।)

(यसमा पनि कोही "अग्निर्देवता" भन्ने सट्टा 'लिङ्गोक्ता देवताः' भनेर आलिखन्हरूलाई देवतारूपमा लिने गर्दछन् ।)

(२)ॐ आलिखन्ननिमिषः किंवदन्त उपश्रुतिः।
हर्यक्षः कुम्भीशत्रुः पात्रपाणिर्नृमणिः ।
हन्त्रीमुखः सर्षपारुणश्च्यवनो नश्यतादितः ।। स्वाहा—
इदमग्नये नमम ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



"आलिखन् अनिमिष र किंवदन्त उपश्रुति ।
हन्त्रीमुख सर्षपारुण र च्यवन नामक ।
भागून् ग्रहहरू सारा यहाँबाट सबै अब ।।"
(यो आहुति अग्निलाई सुहुत होस् ।)

(यसमा पनि अघि झैं 'इदमग्नये नमम' (यो आहुति अग्नि-लाई) भन्ने सट्टा–

'इदमालिखतेऽनिमिषाय किंवदन्ताय उपश्रुतये हर्यक्षाय कुम्भीशत्रवे पात्रपाणये नृमणये हन्त्रीमुखाय सर्षपारुणाय च्यवनाय नमम'

(अर्थात् 'यो आहुति आलिखन् अनिमिष किंवदन्त उपश्रुति हर्यक्ष कुम्भीशत्रु पात्रपाणि नृमणि हन्त्रीमुख सर्षपारुण र च्यवन-लाई, भनेर आहुति दिने पनि गर्दछन् ।)

(यसमा माथि बताए अनुसार काँचो इँटको वेदी बनाएर होम गर्न नमिले नयाँ माटोको बोर्सी वा मकलहरूमा अग्नि राखेर आहुति दिने पनि गर्दछन् ।)

यसरी अग्निस्थापना गरेपछि त्यो आगो ननिबाईकन दश दिनसम्म राख्नुपर्छ र त्यसमा बिहान बेलुका दुबै साँझ माथि लेखिए अनुसार मन्त्र पढेर दुई दुई आहुति कनिका र सँसिउँले होम पनि गर्नुपर्दछ ।

(यो चलन हाम्रो यहाँ सबैतिर उस्तो प्रचलित छैन । यसको सट्टा हाम्रो यहाँ धेरैजसो न्वारानको दिन एकैपल्ट माथि लेखिए अनुसार 'शण्डामर्क, होम गरेर नाउँ राख्ने पनि गर्दछन् ।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



यसरी छोराछोरी जन्मेर जातकर्म गर्दा राती पनि स्नान दानहरू गर्नुहुन्छ ।

यो जातकर्म उही दिन गर्न पाइएन र अरू दिन गर्नु पर्‍यो भने घिउ मह चटाउने काम हुँदैन त्यसको लोपै हुन्छ । बालकलाई मुसार्ने आदि काम दश दिनभित्रमा अरू दिन पनि गर्नु हुन्छ ।

यो जातकर्म पनि छोरीको चाहिं मन्त्र नपढीकन विना मन्त्र नै घिउमह चटाएर गरिन्छ ।

गोदान र दक्षिणासंकल्प—

यसरी जलको घडा राख्ने र अग्नि थापेर होम गर्ने काम सकिए पछि—

ॐ अद्येह कृतैतज्जातकर्मसंस्कारकर्मणः साङ्गतासिद्धये इमां गां रुद्रदेवताकां तत्प्रत्यम्नायीभूतं रजतमुद्रात्मकं द्रव्यं चन्द्रदैवतं ... गोत्राय ... शर्मणे ब्राह्मणाय तुभ्यमहं संप्रददे

(आज यहाँ गरिएको यो जातकर्म संस्कारको अङ्गपूर्तिका निमित्त रुद्रदेवतासम्बन्धी गाईको सट्टा यो चन्द्रदेवतासम्बन्धी रूपियाँ ... गोत्र र ... नामका तपाइँ ब्राह्मणलाई दिएँ ।)

भनेर विधिपूर्वक एउटा गोदान गरेर पुरोहितलाई दिनू र त्यसको दानप्रतिष्ठा पनि संकल्प गरेर दिनू ।

अनि अरू दक्षिणा दिने रूपियाँ पैसा असर्फीहरू अघिल्तिर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



राखेर पूजा गरीकन कर्मपात्रको जल जउ तिल कुशहरू समेत लिएर तल लेखिए अनुसार संकल्प गरेर दिनू—

ॐ अद्येह ममाभिनवजातबालकस्य कृतैतज्जातकर्मसंस्कार-कर्मणः साङ्गतासिद्ध्यर्थमिमां दक्षिणां सुवर्णमग्निदैवतं रजतं चन्द्रदैवतं ताम्रं श्रीसूर्यदेवताकं यथानामगोत्रेभ्यो यथानाम-शर्मभ्यो ब्राह्मणेभ्यो यथाभागं (विभज्य) दातुमहमुत्सृजे ॐ तत्सत् नमम ।

(आज यहाँ मेरो यो भरखर जन्मेको बालकको यो गरिएको जातकर्म संस्कारको अङ्गपूर्तिका निमित्त दक्षिणारूपमा यो अग्नि-देवतासम्बन्धी सून, चन्द्रदेवतासम्बन्धी रूपियाँ र श्रीसूर्यदेवता-सम्बन्धी तामाका पैसाहरू तत् तत् गोत्र र नामका ब्राह्मणहरूलाई यथायोग्य भाग लगाई दिना निमत्त यहाँ राख्तछु। ॐ तत्सत् ।)

यसरी संकल्प गरेर ब्राह्मणहरूलाई दक्षिणाहरू दिइसकेपछि वेला विचार गरेर नाल काट्ने काम गर्नू ।

नाल काट्ता बालकको नाभिस्थानतिर आठ अंगुल छोडेर काँचो धागोले कसेर बाँध्नू र अनि सूनको टुक्रा राखीकन मङ्गल-पाठका साथ लाग्ने हतियारले एकैपल्ट सरक्क काटिदिनू । यसरी काट्ता बाँधेको गांठो बालकको नाभिपट्टि नै रहोस् काटेर फाल्ने पट्टि नपरोस् ।

कदाचित् साल नझरीकनै नाल काट्नुपर्ने अवस्था पर्ने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



आयो भने माथि बताएको गाँठोका साथ चार अंगुल जतिको अन्तरमा अर्कोतिर पनि बाँधेर एउटा गाँठो पार्नू र नाल काट्ता दुई गाँठोको बीचमा पारेर काट्नू ।

यसरी नाल काटिसकेपछि त्यहाँ आवाहन गरेर पूजा गरिएका गणेश मातृका आदिको विसर्जन गरेर अभिषेक फूल प्रसादहरू ग्रहण गरेर तल लेखिए अनुसार आफूले गरेको कर्म ईश्वरमा अर्पण गर्नू ।

ॐ कायेन वाचा मनसेन्द्रियैर्वा बुद्ध्यात्मना वा प्रकृतिस्वभावात् ।
करोमि यद्यत् सकलं परस्मै नारायणायेति समर्पये तत् ॥

"शरीर वाणी मन बुद्धि इन्द्रिय आत्मादिले वा प्रकृति स्वभावले ।
गरें यहाँ जो सब गर्छु अर्पण परेश नारायणमा म भक्तिले ॥

इति जातकर्मप्रयोग

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



## कुनाभित्र गरिने बालग्रहनिवारण–

❁कदाचित् बालक जन्मेको दश दिन भित्र कुना मैंबालक-लाई बालग्रह लागेर त्यसै रुने हाँस्ने कराउने च्याँठ्ठिने लठ्ठिनेवा टोलाउने आदि उपद्रव हुन थाल्यो भने त्यसको निवारणका निमित्त माछा मार्ने जालले वा (आमाहरूको) फरियाको थाङ्नोले बालक-लाई बेह्रीकन घुम्लुङ्ग छोपेर बाबुले काखामा लिनू र तलको मन्त्र पाठ गर्नू –

ॐ कूर्कुर इत्यादीनां मन्त्राणां प्रजापतिर्ऋषिस्त्रिष्टुप् छन्दो लिङ्गोक्ता (शुनको) देवता कुमारग्रहनिवारणार्थे जपे विनियोग :-

('कूर्कुर' इत्यादि मन्त्रका ऋषि प्रजापति, छन्द त्रिष्टुप् र देवता मन्त्रोक्त (कूकुर) हुन् । यिनको कुमार नामक बालग्रह हटाउना निमित्त जप्ने काममा विनियोग गरिन्छ ।)

ॐ कूर्कुरः सुकूर्कुरः कूर्कुरो बालबन्धनः ।
चेच्चेच्छुनक सृज नमस्ते ऽअस्तु सीसरो लपेतापह्वर ॥१॥
तत्सत्यं यत्ते देवा वरमददुः स त्वं कुमारमेव वाऽ वृणीथाः ।
चेच्चेच्छुनक सृज नमस्ते ऽअस्तु सीसरो लपेतापह्वर ॥२॥
तत्सत्यं यत्ते सरमा माता सीसरः पिता श्यामशवलौ भ्रातरौ।
चेच्चेच्छुनक सृज नमस्ते ऽअस्तु सीसरो लपेतापह्वर ॥३॥

"घुक्ने भुक्ने शब्द गर्ने, शिशुलाई अंठ्याउन ।
च्यैं च्यैं कुकुर हे छोडिदेउ विन्ति रुवाउन ॥
साँच्चीनै हो तिमीलाई देवताले दिए वर ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



त्यसैले शिशुलाई नै रोज्यौ तिम्ले निजी घर ।।
साँच्चै हो, जननी तिम्री सरमा, बाबु सीसर ।
काले घाङग्रे दुबै तिम्रा भाइ छन् अति सुन्दर ।।
च्यै च्यै कुकुर हे छोडिदेउ विन्ति रुवाउन ।।"

यति गरे पछि बाबुले फेरि तलको मन्त्र पढेर बालकलाई सुम्सुम्याउनू र मुसार्नू पनि भन्दछन् –

ॐ ननामयतीत्यस्य प्रजापतिर्ऋषिरनुष्टुप् छन्दो वायुर्देवता बालस्य (स्वस्थीकरणार्थम्) अभिमर्शने विनियोग :–

('ननामयति' यो मन्त्रका ऋषि प्रजापति, छन्द अनुष्टुप् र देवता वायु हुन् । यसको बालकलाई (स्वस्थ अर्थात् प्रकृतिस्थ गराउना निमित्त) मुसार्ने वा सुम्सुम्याउने काममा विनियोग गरिन्छ ।)

ॐ ननामयति नरुदति नहृष्यति नग्लायति ।
यत्र वयं वदामो यत्र चाभि मृशामसि ।।

'न लुत्रिन्छ' न त्यो रुन्छ न झोकिन्छ न हाँस्तछ ।
जस निम्ति मन्त्र जप्छौं, जसलाई मुसार्दछौं ।।"

इति शुभम्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



## तान्त्रिक जातकर्म

यसमा छोरो जन्मना साथ बाबुले छोराको मुख हेरेर सूनको असर्फी दिनू अर्थात् सूनको असर्फीले मुख हेर्नू (र सचैल स्नान गर्नू)। (अनि पूर्वाङ्गको रूपमा पूर्वोक्त ब्रह्मा आदि पञ्च देवता-को पूजा गरीकन मातृकापूजा र आभ्युदयिक श्राद्ध (श्राद्धको सट्टा सुवर्णदान) पनि गर्नू।)

अनि अग्निस्थापना गरेर कुशकण्डिकाहरू गरीकन माथि सीमन्तोन्नयनमा बताए झैं विधिपूर्वक धाराहोम (आघार आज्य भाग आहुतिहरू) सम्मको काम समाप्त गर्नू र अग्नि, इन्द्र, प्रजा-पति, विश्वेदेव र ब्रह्मा यी पाँच देवतालाई तल लेखिए अनुसार पाँच आहुति दिनू।

ॐ अग्नये स्वाहा

(अग्निलाई (यो) आहुति सुहुत होस।)

ॐ इन्द्राय स्वाहा

(इन्द्रलाई (यो) आहुति सुहुत होस।)

ॐ प्रजापतये स्वाहा

(प्रजापतिलाई (यो) आहुति सुहुत होस।)

ॐ विश्वदेवेभ्यः स्वाहा

(विश्वेदेवहरूलाई (यो) आहुति सुहुत होस।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ॐ ब्रह्मणे स्वाहा

(ब्रह्मालाइ (यो) आहुति सुहुत होस ।)

अनि काँसको थालीमा (गाईको) घिउ र मह अलिकति घटी बढी पारेर हाल्नू र त्यसमाथि हात राखेर बालकको बाबुले सय पल्ट वाग्वीजको जप गर्नू । अनि दाहिने हातको साहिली औंलाले त्यो घिउ मह लिएर तलको मन्त्र उच्चारण गर्दै बालक-लाई चटाईदिनू –

'आयुर्वर्च्चो वलं मेधा वर्धतां ते सदा शिशो ।'

(आयु तेज बुद्धि बल बढून् तिम्रा सँधै शिशु ! ।)

यसरी आयुर्जनन (र मेघाजनन) कर्म गरेर बालकलाई (मन मनले) एउटा गुप्ती (कसैले नथाह पाउने) नाउँ पनि राख्नू । अनि पछि उपनयन गरेपछि छोरालाई त्यही नामले बोलाउने गर्नू ।

अनि प्रायश्चित्त होम (स्विष्टकृत् होम) हरू गरेर (दक्षिणा-हरू दिईकन) जातकर्मको काम समाप्त गर्नू।

अनि धाईले (सुँडिनीले) उत्साहसाथ (नडराईकन) विधि-पूर्वक नालच्छेदन गर्नू अर्थात् नाल काट्नू ।

यसमा नाल नकाटून्जेल सूतक लाग्दैन । त्यसकारण यसमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



गर्नु पर्ने पूजा श्राद्ध होमहरू सबै नाल काट्नुभन्दा पहिलें नै गर्नू र अनि मात्र नाल काट्नू ।

छोरीको पनि यसै गरी मन्त्र नपढीकन जातकर्महरू गर्नू ।

इति तान्त्रिक जातकर्म

इति जातकर्मविधि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

( ५ )

# षष्ठिकापूजा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

## अथ षष्ठिकापूजा

'षष्ठिकापूजा' बालक जन्मेको छदिनको दिन गरिन्छ । यसलाई हाम्रो 'छैंटी' गर्ने भन्दछन् । छोरो जन्मेको खुशियालीको उपलक्षमा षष्ठीदेवीको पूजा गरेर 'षष्ठीमहोत्सव' अर्थात् छैंटीको उत्सव गर्दछन् र त्यसमा सारा बन्धुवान्धव इष्टमित्र-हरूलाई निमन्त्रणा गरेर सन्मानसाथ भोज खुवाउँछन् । विशेष जन्मेको बालकका मावलीहरू अर्थात् बालकका बाबुको ससुराली पक्षका सबै परिवारलाई निमन्त्रणा गरेर विशेष सन्मानसाथ खुवा-उने पियाउने गर्छन् । यसरी निमन्त्रणामा आउनेहरूले औकात अनुसार असर्फी रूपियाँ आदिले नयाँ जन्मेका बालकको मुख हेर्ने पनि गर्दछन् । यसमा बालकको मावली अर्थात् सुतकेरीको माइतीतर्फबाट बालकको निमित्त विशेष ओड्ने ओछ्याउने र लगाइदिने कपडा आदि तथा सुतकेरी छोरीको निमित्त पनि खाने पिने कुरा तेल घिउ मसला एवं कपडाहरू अघिबाटै ल्याउने वा पठाइदिने गर्दछन् । कसै कसैले पहिलो पाली छोरो पाएको खुशियालीमा जुवाँईलाइ दोसल्ला ओडाइदिने पनि गर्छन् ।

यो छैंटीको दिन षष्ठिकापूजाहरू गर्नाले बालकको विशेष कल्याण हुन्छ भन्दछन् । यसै दिन राती 'भावी' ले सुट्टक्क आएर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



बालकको निधारमा उसको 'भाग्य' लेखिदिएर जाने गर्दछन् रे भन्ने पनि किंवदन्ती प्रचलित छ ।

यसमा षष्ठिकाको पूजा गर्दा ठूलो पीरा वा थालीहरूमा गोवरको मूर्ति बनाईकन त्यसमा ततत् स्थानमा 'कौडा'हरू टाँसेर आँखा मुखहरू बनाइकन सिंगारेर पूजा गर्ने पनि चलनछ । कसैले सूनको प्रतिमामा वा अक्षतपुंजमा नै आवाहन गरेर पूजा गर्ने पनि गर्दछन् । त्यसै गरी 'षष्ठिका' को दायाँ वायाँ 'स्कन्द' अर्थात् कुमारजीको र 'प्रद्युम्न'को पनि प्रतिमा राखेर पूजा गर्दछन् ।

यो षष्ठिकापूजा बेलुका सन्ध्याकालमा गरिन्छ । यसमा पूजा गर्ने व्यक्तिले दिन भरी केही नखाई भोकै बसेर पूजा गर्नुपर्दछ ।

आफ्नो हातले पूजा गर्न अनुकूल नपर्नेहरूले ब्राह्मण पुरोहितहरूका हातबाट पूजा गर्न लाउने पनि गर्दछन् ।

यो छैंटीको दिन कुनामा रात भरी 'अखण्ड बत्ती' बालेर राख्ने पनि गर्दछन् र पूजा गरेर भोज खाईसके पछि रातभर नाचगानहरू गर्दै जागरण गरेर विताउने पनि गर्दछन् ।

## पूजाप्रयोग

यसमा कर्ता (बालकको बाबु) ले पहिले आफ्नो नित्यकर्महरू गर्नू र सेतो शुद्ध वस्त्रहरू लगाएर हात गोडा धोई कुल्ला गरी शुद्ध भएर सन्ध्यासमयमा पूजा गर्ने ठाउँमा आएर गणेश र इष्ट

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



देवताको स्मरण गर्दै आफ्नो आसनमा पूर्व फर्केर बस्नू र आचमन गरेर दीयो बाल्नू । अनि आसनपूजाहरू गरीकन हातमा जउतिल फूल अक्षता सँसिउँहरू लिएर वरिपरि छर्दै पहिले तलको मन्त्रले भूतोत्सारण गर्नू–

ॐ अपसर्पन्तु ते भूता ये भूता भूमिमास्थिताः ।
ये भूता विघ्नकर्तारस्ते नश्यन्तु शिवाज्ञया ॥

"जो भूत छन् भूमिमा यो जाउन् पर हटी सब ।
जो भूत छन् विघ्नकारी नाश होऊन् सबै अब ॥"

अपक्रामन्तु भूतानि पिशाचाः सर्वतो दिशम् ।
सर्वेषामविरोधेन पूजाकर्म समारभे ॥

"भूत प्रेत पिशाचादि लागून् दश दिशा सव ।
कसैमा नदिई वाधा पूजा थाल्दछु यो अब ॥"

अनि विधिपूर्वक कर्मपात्र बनाउनू र तीन टुक्रा कुशले कर्म पात्रको जल लिएर–

ॐ अपवित्रः पवित्रो वा सर्वावस्थांगतो पि वा ।
यः स्मरेत् पुण्डरीकाक्षं स बाह्याभ्यन्तरं शुचिः ॥

"म चोखो हुँ कि विटुलो जुन सुकै स्थितिमा हऊँ ।
श्रीविष्णुलाई सम्झेर चोखो सर्वत्र नै बनूं ॥"

ॐ पुण्डरीकाक्षः पुनातु
(पुण्डरीकाक्ष विष्णुले चोखो गराऊन् )

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भनेर आफूलाई सेचन गर्नू र आफ्नो वरिपरि अन्त पनि सबैतिर छर्कनू ।

अनि फेरि चन्दन अक्षता फूल सिंगो सुपारीहरू सहित हातमा जउतिल कुश र कर्मपात्रको जल लिएर देशकालहरूको उच्चारण गरीकन तल लेखिए अनुसार संकल्प गर्नू –

ॐ अद्येह ... गोत्रः.. प्रवरः ... शर्मा (वर्मा वा) अहं ममाभिनवजातबालकस्य सर्वोपद्रवशान्तिदुष्टभूतग्रहादिदोषनिवारणपूर्वकमायुरारोग्यैश्वर्याद्यभिवृद्धया उत्तरोत्तरकल्याणहर्षविजयादिप्राप्त्यर्थं षष्ठिकादिदेवतापूजनरूपषष्ठीमहोत्सवकर्म, तदङ्गतया दीपकलशगणेशादिदेवतापूजनं च (स्वयं ब्राह्मणद्वारा वा) करिष्ये । एतत्कर्मणि पुण्याहवाचनादि तत्तत् कर्म कर्तुं यथानामगोत्रान् यथानामशर्मणो ब्राह्मणान् एभिश्चन्दनपुष्पाक्षतपूगीफलवासोद्रव्यादिभिर्युष्मानहं वृणे ।

(आज यहाँ ... गोत्र ... प्रवर र ... नामको म, मेरो नयाँ जन्मेको बालकको सब उपद्रवहरूको शान्ति र दुष्ट भूतग्रह आदिको दोष निवारण गरीकन आयु आरोग्य ऐश्वर्य आदिको अभिवृद्धि द्वारा उत्तरोत्तर कल्याण हर्ष विजय आदिको प्राप्तिका निमित्त षष्ठिका आदि देवताको पूजास्वरूप छैंटीमहोत्सवको काम र त्यसको अङ्गरूपमा दीप कलश गणेश आदि देवताको पूजा समेत (आफ्नै हातले वा ब्राह्मणद्वारा) गर्नेछु । यस काममा पुण्याहवाचन आदि तत् तत् काम गर्न यथायोग्य गोत्र र नामका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



तपाईं ब्राह्मणहरूलाई यी चन्दन अक्षता फूल सिंगो सुपारी वस्त्र द्रव्य (भेटी) हरूले म वरण गर्दछु ।)

भनेर ब्राह्मणहरूको वरण गर्नू र एक टुक्रा पहेंलो (हलेदोले रँगाएको) वस्त्रमा रातो चन्दन अक्षता दूबो हलेदो रायो सर्सिउंहरू हालेर पहेंलै धागोले बाँधीकन 'पोटलिका' बनाएर (सानु पोको पारेर) छैंटी गर्ने कोठाको द्वारमाथि (संघारमाथि) झुण्ड्याइदिनू र 'पोटलिकायै नमः' भनेर फूल अक्षताहरू चढाईदिनू । (पछि पूजाहरू सकिए पछि फेरि त्यसलाई धनु-काँडले हानेर खसालिदिनू।)

यसपछि एउटा 'प्रायश्चित्तगोदान' गरेर ब्राह्मणलाई दिनू ।

अनि –

'अद्यकर्तव्यषष्ठीमहोत्सवकर्मणि मम गृहे भो ब्राह्मणाः पुण्याहं भवन्तो ब्रुवन्तु' ।– ॐ पुण्याहं ३–ॐ पुनन्तु मा देवजनाः । (आज गरिने 'छैंटी' महोत्सवको काममा मेरो घरमा हे ब्राह्मण हो, पुण्यदिन हओस्, भनिदिनुहोस् । )

इत्यादि भनीकन पुण्याहवाचन गराउनू ।

अनि घर बाहिर पट्टि गएर तलका मन्त्रले क्षेत्रपालहरू-लाई बलि अर्पण गर्नू –

ॐ क्षेत्रपाल नमस्तुभ्यं सर्वशान्तिफलप्रद ।
बालस्य विघ्ननाशार्थमिमं गृह्ण बलिं मम ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



"क्षेत्रपाल ! नमस्कार सर्वशान्ति दिने फल ।
बालको विघ्ननाशार्थ 'बलि' यो लिनुहोस् अब ।।"

दैत्यभूतपिशाचाद्या गन्धर्वा रक्षसां गणा: ।
शुभं कुर्वन्तु ते सर्वे मम गृह्णन्त्विमं वलिम् ।।

"दैत्य भूत पिशाचादि गन्धर्व गण राक्षस ।
सबैले नै शुभ गरून् बलि यो ती लिऊन् अब ।।"

योगिन्यश्चैव डाकिन्यो मातरो निवसन्ति या: ।
शान्ति कुर्वन्तु ता: सर्वा मम गृह्णन्त्विमं बलिम् ।।

"योगिनी डाकिनी जो जो मातृका बस्तछन् यहाँ ।
ती सबैले गरून् शान्ति र लिऊन् 'बलि' यो यहाँ ।।"

● यसपछि सुतकेरी कोठाको ढोका निर अक्षतपुंजहरूमा –

ॐ भू र्भुव: स्व: कुमार्याद्या: सप्त द्वारमातर इहागछन्तु इह तिष्ठन्तु सुप्रतिष्ठिता वरदा भवन्तु ।

(कुमारी आदि सातद्वार मातृकाहरू यहाँ आऊन् यहाँ बसून् सुप्रतिष्ठित र वर दिने होऊन् ।)

भनेर आवाहन प्रतिष्ठाहरू गर्नू र तल लेखिए अनुसार नाम-मन्त्रले सात द्वारमातृकाहरूको यथायोग्य उपचारले पूजा गर्नू–

ॐ कुमार्यै नम: (कुमारीलाई नमस्कार)
ॐ धनदायै नम: (धनदालाई नमस्कार)
ॐ नन्दायै नम: (नन्दालाई नमस्कार)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ॐ विपुलायै नमः (विपुलालाई नमस्कार)
ॐ मङ्गलायै नमः (मङ्गलालाई नमस्कार)
ॐ अचलायै नमः (अचलालाई नमस्कार)
ॐ पद्मायै नमः (पद्मालाई नमस्कार)

● यसै गरी दहिलोमा गणेशको पनि आवाहन स्थापन गरेर पूजा गर्नू र –

ॐ वक्रतुण्ड महाकाय कोटिसूर्यसमप्रभ ।
अविघ्नं कुरु मे देव सर्वकार्येषु सर्वदा ॥

"सूंड बाङ्गो देह ठूलो कोटिसूर्यसमानका ।
हे गणेश गर संधै निर्विघ्न सब काममा ॥"

भनेर प्रार्थना गर्नू ।

अनि द्वारको दाहिने पट्टि–

ॐ क्षेत्रपालाय नमः (क्षेत्रपाललाई नमस्कार)
भनेर क्षेत्रपालको पूजा गर्नू र द्वारको देब्रेपट्टि–

ॐ दुर्गायै नमः (दुर्गालाई नमस्कार)
भनेर दुर्गाको पूजा गर्नू ।

(द्वारमा गरिने यी पूजाहरू मण्डपभित्र वा पूजाकोठाभित्र पस्नु भन्दा अघि नै सम्पन्न गरेर मात्र अनि पूजा गर्न पस्नु पर्दछ ।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



**अनि जउ तिल अक्षता फूल कुशहरू सहित कर्मपात्रको जल हातमा लिएर –**

'ॐ अद्येह ... गोत्रः... प्रवरः ... शर्मा (वर्मा वा) अहं ममाभिनवजातबालकस्यायुरारोग्यैश्वर्याभिवृद्धिपूर्वकमुत्तरोत्तरहर्षविजयप्राप्त्यर्थं षष्ठीमहोत्सवकर्मणि तदङ्गत्वेन दीपकलशगणेशादिपूजनपूर्वकं षष्ठयादिदेवतापूजनं करिष्ये ।

**(आज यहाँ ... गोत्र ... प्रवर र ... नामको म मेरो नयाँ जन्मेको बालकको आयु आरोग्य वृद्धि भईकन उत्तरोत्तर हर्ष विजय प्राप्ति हओस् भन्नाका निमित्त छैंटी महोत्सवको काममा त्यसको अङ्गस्वरूप दीपकलशगणेशहरूको पूजा गरीकन 'षष्ठी' आदि देवताको पूजा गर्दछु ।)**

**भनेर संकल्प गर्नू र फूल अक्षताहरू लिएर दीयोमा–**

ॐ दीपनारायण इहागच्छ इह तिष्ठ मम पूजां गृहाण यावत् पूजां करोमि तावत् त्वं सुस्थिरो भव सुप्रसन्नो भव सुवरदो भव ।।

**(हे दीपरूपी नारायण यहाँ आउनुहोस् यहाँ बस्नुहोस् मेरो पूजा ग्रहण गर्नुहोस् । मैले पूजा गरुञ्जेल सुस्थिर सुप्रसन्न र राम्रो वर दिने हुनुहोस् ।)**

**भनेर आवाहन गर्नू र अनि–**

ॐ नमोस्त्वनन्ताय सहस्रमूर्तये सहस्रपादाक्षिशिरोरुबाहवे ।
सहस्रनाम्ने पुरुषाय शाश्वते सहस्रकोटीयुगधारिणे नमः ।।

ॐ कर्मसाक्षिणे दीपनारायणाय नमः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



"हजार आँखा शिर हात पाउका हजार मूर्ती र हजार नाउँका ।
हजार कोटी युगका सनातन अनन्त नारायणमा नमो नमः ।।"
(कर्मसाक्षी दीपनारायणलाई नमस्कार)

भनेर दीपको पूजा गरीकन तलको मन्त्रले हात जोडेर प्रार्थना गर्नू–

ॐ शुभं भवतु कल्याणमारोग्यं सुखसम्पदः ।
सर्वदुःखविनाशाय दीपज्योतिर्नमोस्तुते ।।
ॐ दीपनारायणाय नमः

"शुभ कल्याण आरोग्य र हओस् सुख सम्पति ।
दुःख हर्ने दीप ! तिमीलाई गर्छु म यो नति ।।"
(दीपनारायणलाई नमस्कार)

यसपछि यथास्थान रेखी हालेर राखिएको धानको टपरी-माथि विधिपूर्वक कलशको स्थापना गरेर अनि त्यसमा–

ॐ सर्वे समुद्राः सरितस्तीर्थानि जलदा नदाः ।
आयान्तु यजमानस्य दुरितक्षयकारकाः ।।

"सारा समुद्र र नदी तीर्थ छन् मेघ छन् जति ।
आउन् यहाँ पाप नाश गर्नालाई भए जति ।।"

भनेर गङ्गा आदि तीर्थको आवाहन गर्नू ।

अनि हातमा फूल अक्षताहरू लिएर त्यसमा (कलशमा)–

'भो वरुण इहागच्छ इह तिष्ठ मम पूजां गृहाण यावत् पूजां करोमि तावत् त्वं सुस्थिरो भव सुप्रसन्नो भव सुवरदो भव'

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



**(हे वरुणजी यहाँ आउनुहोस् यहाँ बस्नुहोस् मेरो पूजा ग्रहण गर्नुहोस्, मैले पूजा गरून्जेल स्थिर भएर रहनुहोस र प्रसन्न तथा वर दिने हुनुहोस् ।)**

**भनेर वरुणको आवाहन गर्नू र 'ॐ तत्वायामि०' इत्यादि मन्त्रले–**

'ॐ साङ्गाय सपरिवाराय वरुणाय नमः
ॐ वरुण कलशाय नमः,

**(अङ्ग र परिवार सहितका वरुणलाई नमस्कार;
वरुणकलशलाइ नमस्कार)**

**भनेर पूजा पनि गर्नू –**

**अनि "कलशस्य मुखे विष्णुः", इत्यादि मन्त्रले कलशको अभिमन्त्रण गर्नू ।**

**अनि हातमा फूल अक्षताहरू लिएर तलका मन्त्रले पहिले वरुणको अनि संगसंगै कलशको पनि प्रार्थना गर्नू –**

ॐ वरुण त्वं महाभाग सर्वदेवप्रपूजित ।
वितते मम यज्ञेस्मिन्नविघ्नं कुरु सर्वदा ।।

**"हे महाभाग वरुण सर्वदेवप्रपूजित ।
यो यज्ञोत्सवमा मेरो हर विघ्नहरू सव ।।"**

ॐ देवदानवसंवादे मथ्यमाने महोदधौ ।
उत्पन्नोसि तदा कुम्भ विधृतो विष्णुना स्वयम् ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



त्वत्तोये सर्वतीर्थानि देवाः सर्वे त्वयि स्थिताः ।
त्वयि तिष्ठन्ति भूतानि त्वयि प्राणाः प्रतिष्ठिताः ।।
शिवः स्वयं त्वमेवासि विष्णुस्त्वं च प्रजापतिः ।
आदित्या वसवो रुद्रा विश्वेदेवाः सपितृकाः ।।
त्वयि तिष्ठन्ति सर्वेपि यतः कामफलप्रदाः ।
त्वत्प्रसादादिमं यज्ञं कर्तुमीहे जलोद्भव ।।
सान्निध्यं कुरु देवेश प्रसन्नो भव सर्वदा ।

ॐ वरुणाय नमः ॐ वरुणकलशाय नमः

**(देव दानव साराले मिली मथ्दा महोदधि ।**
**निस्केका हौ कुम्भ ! तिमी विष्णुका बाहुमा बसी ।।**
**तीर्थ छन् जलमा तिम्रा देवता छन् अवस्थित ।**
**गर्दछन् कामना पूरा भई सारा उपस्थित ।।**
**तिमीमै छन् पञ्च भूत पञ्च प्राण प्रतिष्ठित ।**
**तिमी शिव तिमी विष्णु तिमी नै हौ प्रजापति ।।**
**आदित्य रुद्र र वसु विश्वेदेव तथा पितृ ।**
**तिमीमा बस्तछन् सारा इच्छाफल दिने जति ।।**
**तिम्रै प्रसाद पाएर यज्ञ यो गर्न खोज्दछु ।**
**सान्निध्य गर देवेश खुशी होऊ म भन्दछु ।।)**
**(वरुणलाई नमस्कार, वरुणकलशलाई नमस्कार ।)**

**यसपछि फेरि हातमा फूल अक्षताहरू लिएर गणेश थाप्ने थालीमा वा चामलको टपरीमा सिंगो सुपारी वा प्रतिमा राखेर** 'ॐ गणानात्वा गणपतिं हवामहे,' **इत्यादि मन्त्रले त्यसमा–**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



'भो गणपते इहागच्छ इह तिष्ठ मम पूजां गृहाण यावत् पूजां करोमि तावत् त्वं सुस्थिरो भव सुप्रसन्नो भव सुवरदो भव ।'

**(हे गणेशजी यहाँ आउनुहोस् यहाँ बस्नुहोस्, मेरो पूजा ग्रहण गर्नुहोस् मैले पूजा गरून्जेल स्थिर भएर रहनुहोस् एवं प्रसन्न र वर दिने हुनुहोस् ।)**

**भनेर गणेशको आवाहन गर्नू र अनि –**

ॐ साङ्गाय सपरिवाराय सायुधाय सवाहनाय सिद्धिबुद्धि-सहिताय श्रीगणाधिपतये नमः

**(अङ्ग परिवार आयुध वाहन र सिद्धि बुद्धि सहितका श्रीगणेशजीलाई नमस्कार ।)**

**भनेर पूजा गर्नू । अनि तलका मन्त्रले हात जोडेर प्रार्थना गर्नू –**

ॐ वक्रतुण्ड महाकाय कोटिसूर्यसमप्रभ ।
अविघ्नं कुरु मे देव सर्वकार्येषु सर्वदा ।।

**"सूंड बाङ्गो देह ठूलो कोटि सूर्य समानका ।**
**हे गणेश गर तिमी निर्विघ्न सव काममा ।।"**

ॐ सर्वविघ्नहरोसि त्वमेकदन्त गजानन ।
षष्ठीगेहे (महे) र्चितः प्रीत्या शिशुं दीर्घायुषं कुरु ।।

**"छौ सबै विघ्न हर्ने हे एकदन्त गजानन ।**
**छैटीमा पूजिएका छौ दीर्घायु शिशुको गर ।।"**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



लम्बोदर महाभाग सर्वोपद्रवनाशन ।
त्वत्प्रसादादविघ्नेन चिरं जीवतु बालकः ।।

"हे भूँडे हे महाभाग हर्ने सब उपद्रव ।
तिम्रो कृपाले निर्विघ्न बाल बाँचिरहोस् चिर ।।"

श्रीमन्मङ्गलमूर्तये गणाधिपतये नमः ।

**(श्रीमङ्गलमूर्ति गणपतिलाई नमस्कार)**

**यसपछि त्यहीं कलशमा (उमासहित) मृत्युञ्जयको ध्यान गरेर पूजा गर्नू ।**

**ध्यान–**

ॐ वृषसिंहस्थितं देवं हिमकुन्देन्दुसन्निभम् ।
एकवक्त्रं त्रिनेत्रं च चतुर्बाहुं महेश्वरम् ।।
त्रिशूलाक्षधरं देवं वरकुम्भविधारिणम् ।
वामपार्श्वे स्थितां देवीं द्विभुजां कलशं वरम् ।।
हेमाभरणभूषाङ्गीं श्वेताम्बरविभूषिताम् ।
एवं मृत्युंजयं देवं ध्यात्वा पापं प्रणाशयेत् ।।

"ठूलो साँढे माथि बस्ने सेता हिउँ र चन्द्र झैं ।
त्रिशूल अक्षमाला र वरमुद्रा घडा लिने ।।
तीन नेत्र एक मुख चार बाहु महेश्वर ।
देब्रेपट्टि उमादेवी छन् लिएकी घडा वर ।।
सूनको गहना लाई सेतो पोशाक सुन्दर ।
मृत्युञ्जय उमाको यो ध्यानले पाप होस् पर ।।"

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



यसरी ध्यान गरेर त्र्यम्बक मन्त्रले पूजा गर्नू । अनि 'ॐ नमः शम्भवाय' यो मन्त्रले शिवजीको र 'ॐ देवीर्द्वार' यो मन्त्रले देवीको पूजा गर्नू । अनि 'ॐ विष्णोरराटमसि' यो मन्त्रले विष्णुको पूजा गरेर तल लेखिए अनुसार हात जोडेर प्रार्थना गर्नू –

ॐ त्रैलोक्यपूजित सौम्य सदा विजयवर्धन ।
शान्ति कुरु गदापाणे नारायण नमोस्तुते ।।

"त्रिलोकैले मानिएका संधै जय गराउने ।
गदा लिने ! शान्ति गर नारायण प्रणाम हे ।।"

अनि त्यसै कलशमा 'ॐ आकृष्णेन' यो मन्त्रले सूर्यको, 'ॐ इमन्देवा:' यो मन्त्रले सोम अर्थात् चन्द्रमाको,'ॐ अग्निर्मूर्धा:' यो मन्त्रले भौम अर्थात् मङ्गलको' 'ॐ उद्बुद्ध्यस्वाग्ने' यो मन्त्रले बुधको, 'ॐ बृहस्पते अति" यो मन्त्रले बृहस्पतिको,'ॐ अन्नात्परिस्रुत:' यो मन्त्रले शुक्रको, 'ॐ शन्नोदेवी:' यो मन्त्रले शनैश्चरको, 'ॐ कया नश्चित्र:' यो मन्त्रले राहुको र 'ॐ केतुं कृण्वन्' यो मन्त्रले केतुको पूजा गर्नू । त्यसै गरी 'ॐ तिथिभ्यो नम:' (तिथिहरुलाई नमस्कार), 'ॐ वासरेभ्यो नम:' (वारहरू लाई नमस्कार),'ॐ नक्षेत्रेभ्यो नम:'(नक्षत्रहरूलाई नमस्कार), 'ॐ योगेभ्यो नम:' (योगहरूलाई नमस्कार) 'ॐ करणेभ्यो नम:' ( करणहरूलाई नमस्कार ) 'ॐ ऋतुभ्यो नम:' (ऋतुहरूलाइ नमस्कार), 'ॐ मासेभ्यो नम:, (महीनाहरूलाई नमस्कार) 'ॐ राशिभ्यो नम:' (राशिहरूलाई नमस्कार)' 'ॐ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



मूहूर्तेभ्यो नमः (मुहूर्तहरूलाई नमस्कार), ॐ इंष्टदेवतायै नमः' (इष्टदेवतालाई नमस्कार), 'ॐ कुलदेवतायै नमः' (कुलदेवतालाइ नमस्कार) 'ॐ गुरुभ्यो नमः' (गुरुलाई नमस्कार)'

भनेर तिथिवारहरूको पनि पूजा गर्नू ।

अनि–

ॐ अद्येह ममाभिनवजातबालकस्यायुरारोग्यैश्वर्याद्यभिवृद्धये षष्ठीमहोत्सवकर्मणि यथामिलितोपचारैर्मार्किण्डेयाद्यष्टचिरंजीविपूजनमहं करिष्ये

(आज यहाँ मेरो नयाँ जन्मेको बालकको आयु आरोग्य ऐश्वर्य आदिको अभिवृद्धिका निमित्त छैंटीमहोत्सवको काममा जोजुटेको उपचारले मार्कण्डेय आदि अष्टचिरंजीवीहरूको पूजा गर्दछु ।)

भनेर संकल्प गर्नू र अनि षष्ठिका थाप्ने पीरा वा थालीहरूमा चन्दन आदिले अष्टदल कमल लेखेर त्यसमाथि अक्षतपुंजहरूमा तल लेखिए अनुसार वरिपरि अष्टचिरंजीवीहरूको ध्यान आवाहन आदि गरेर यथायोग्य उपचारले पूजा गर्नू –

पूर्वदलमा–

ॐ श्यामवर्णं महातेजं खड्गपाणिं वरप्रदम् ।
अश्वत्थामानमाचार्यं ध्याये द्रोणसुतं शिवम्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



"श्यामवर्ण खड्ग लिने तेजिला र वरप्रद ।
द्रोणपुत्र अश्वत्थामाचार्यको ध्यान गर्छु म ।।"

भनेर अश्वत्थामाको ध्यान गर्नू र ॐ ब्राह्मणास:० यो मन्त्रले-

भो अश्वत्थामन् इहागच्छ इह तिष्ठ मम पूजां गृहाण, यावत् पूजां करोमि तावत् त्वं सुस्थिरो भव सुप्रसन्नो भव सुवरदो भव 'ॐ अश्वत्थाम्ने नमः' ।

(हे अश्वत्थामा यहाँ आउनुहोस् यहाँ बस्नुहोस् मेरो पूजा ग्रहण गर्नुहोस् मैले पूजा गरुन्जेल सुस्थिर प्रसन्न र वर दिने हुनुहोस् ।)

(अश्वत्थामालाई नमस्कार)

भनेर पूजा गर्नू । अनि तल लेखिए अनुसार मन्त्र पढेर प्रार्थना गर्नू –

ॐ ब्राह्मणाय नमस्तुभ्यं द्रोणाचार्यसुताय वै ।
वेदवेदाङ्गपूर्णाय अश्वत्थाम्ने नमो नमः ।।

"श्रीद्रोणाचार्यका छोरा वेदवेदाङ्गपारग ।
अश्वत्थामा विप्र ! तिमीलाई मेरो प्रणाम छ ।।"

आग्नेय दलमा–

ॐ कृष्णवर्णं द्विबाहुं च सदा पातालसंस्थितम् ।
रत्नाभयकरं ध्याये बलिं सद्बलदायकम् ।।

"काला अभय र रत्न लिने सद्बलदायक ।
संधै पातालमा बस्ने बलिको ध्यान गर्छु म ।।"....

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भनेर बलिको ध्यान गर्नू र ॐ महीद्यौ:० यो मन्त्रले –

भो बले इहागच्छ इह तिष्ठ मम पूजां गृहाण यावत् पूजां करोमि तावत् त्वं सुस्थिरो भव सुप्रसन्नो भव सुवरदो भव ।

ॐ बलये नमः

(हे बलिराजा यहाँ आउनुहोस् यहाँ बस्नुहोस् मेरो पूजा ग्रहण गर्नुहोस मैले पूजागरून्जेल सुस्थिर प्रसन्न र वर दिने हुनुहोस् ।)

(बलिराजालाई नमस्कार)

भनेर पूजा गर्नू । अनि तल लेखिए अनुसार मन्त्र पढेर प्रार्थना गर्नू –

ॐ भूमिः स्वर्गश्च पातालं येन दत्तं द्विजन्मने ।
भविता योऽमरावत्यां महेन्द्रस्ते नमो बले ।।

"जसले दियौ दान गरी त्रिलोकै विप्रलाई र ।
जो हुनेछौ इन्द्र त्यस्ता तिमीलाई प्रणाम छ ।।"

दक्षिण दलमा–

ॐ नीलोत्पलसवर्णाभं सुपुस्तकलसत्करम् ।
सर्वशास्त्रार्थतत्त्वज्ञं ध्याये व्यासमुनिं सदा ।।

"साँवलो वर्णका राम्रा लिने पुस्तक हातमा ।
सबै शास्त्रतत्त्व जान्ने व्यासको ध्यान गर्छु म ।।"

भनेर व्यासजीको ध्यान गर्नू र–

ॐ यस्य कुर्म:० यो मन्त्रले –

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भो व्यास इहागच्छ इह तिष्ठ मम पूजां गृहाण यावत् पूजां करोमि तावत् त्वं सुस्थिरो भव सुप्रसन्नो भव सुवरदो भव ।

ॐ व्यासाय नमः

**(हे व्यासजी यहाँ आउनुहोस्, यहाँ बस्नुहोस् मेरो पूजा ग्रहण गर्नुहोस् मैले पूजा गरून्जेल सुस्थिर प्रसन्न र वर दिने हुनुहोस् ।)**

**(व्यासजीलाई नमस्कार)**

**भनेर पूजा गर्नू । अनि तल लेखिए अनुसार मन्त्र पढेर प्रार्थना गर्नू –**

ॐ सर्वशास्त्रार्थतत्त्वज्ञं वेदवेदाङ्गपारगम् ।
शास्त्रमूलप्रवक्तारं पराशरसुतं भजे ।।

**"सब शास्त्रतत्त्व जान्ने वेदवेदाङ्गपारग ।
शास्त्रका मूल वक्ता श्रीव्यासजीमा प्रणाम छ ।।"**

**नैर्ऋत्य दलमा–**

ॐ वायुपुत्रं महावीरं रक्तवर्णं त्रिलोचनम् ।
कन्दमूलफलप्रियं हनूमन्तं नमाम्यहम् ।।

**"वायु पुत्र महावीर राता र तीन नेत्रका
मन पर्ने कन्द मूल हनूमानमा प्रणाम छ ।"**

**भनेर हनुमान्को ध्यान गर्नू र–**

भो हनुमन् इहागच्छ इह तिष्ठ मम पूजां गृहाण यावत् पूजां करोमि तावत् त्वं सुस्थिरो भव सुप्रसन्नो भव सुवरदो भव ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ॐ हनूमते नमः

(हे हनुमान् यहाँ आउनुहोस्, यहाँ बस्नुहोस् मेरो पूजा ग्रहण गर्नुहोस्, मैले पूजा गरुञ्जेल सुस्थिर प्रसन्न र वर दिने हुनुहोस्।)

(हनुमान्जीलाई नमस्कार)

भनेर पूजा गर्नू। अनि तल लेखिए अनुसार मन्त्र पढेर प्रार्थना गर्नू –

ॐ अंजनानन्दनं वीरं जानकीशोकनाशनम्।
कपीशमक्षहन्तारं वन्दे लंकाभयंकरम्॥

"अंजनीका पुत्र वीर सीताका शोकनाशक।
कपिश्रेष्ठ अक्ष मार्ने लंका थर्काउने नमः॥"

पश्चिम दलमा –

ॐ पौलस्त्यकुलसंभूतं कुंकुमाभं द्विबाहुकम्।
राक्षसाद्यैः परिवृतं सदा ध्याये विभीषणम्॥

"पुलस्त्यकुलका कुंकुम जस्ता दुइबाहुका।
विभीषणको ध्यान गर्छु माझमा राक्षसादिका॥"

भनेर विभीषणको ध्यान गर्नू र– ॐ रक्षसांभागोसि०यो मन्त्रले–

भो विभीषण इहागच्छ इह तिष्ठ मम पूजां गृहाण यावत् पूजां करोमि तावत् त्वं सुस्थिरो भव सुप्रसन्नो भव सुवरदो भव।

ॐ विभीषणाय नमः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(हे विभीषण यहाँ आउनुहोस्, यहाँ बस्नुहोस् मेरो पूजा ग्रहण गर्नुहोस्, मैले पूजा गरून्जेल सुस्थिर प्रसन्न र वर दिने हुनुहोस्।)

(विभीषणलाई नमस्कार)

भनेर पूजा गर्नू। अनि तल लेखिए अनुसार मन्त्र पढेर प्रार्थना गर्नू –

ॐ लंकावास नमस्तुभ्यं पौलस्त्यकुलसंभव ।
राक्षसाधिपते देव नमस्तेस्तु विभीषण ।।

"लंकावासी र पौलस्त्यकुलका हे विभीषण ।
हे हे राक्षसका राजा तिमीलाई नमोनमः ।।"

वायव्य दलमा–

ॐ धनुर्वाणधरं वीरं श्वेतपीतद्युतिं परम् ।
भारद्वाजकुलोत्पन्नं कृपं ध्याये मलापहम् ।।

"धनुर्वाण लिने वीर श्रेष्ठ पाण्डुर वर्णका
भारद्वाजगोत्र कृपाचार्यको ध्यान गर्छु म ।।"

भनेर कृपाचार्यको ध्यान गर्नू र 'ॐ अय ☉ सहस्रम्' यो मन्त्रले –

भो कृपाचार्य इहागच्छ इह तिष्ठ मम पूजां गृहाण यावत् पूजां करोमि तावत् त्वं सुस्थिरो भव सुप्रसन्नो भव सुवरदो भव ।

ॐ कृपाचार्याय नमः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(हे कृपाचार्य यहाँ आउनुहोस्, यहाँ बस्नुहोस्, मेरो पूजा ग्रहण गर्नुहोस्, मैले पूजा गरूञ्जेल सुस्थिर प्रसन्न र वर दिने हुनुहोस्।)

(कृपाचार्यलाई नमस्कार)

भनेर पूजा गर्नू। अनि तल लेखिए अनुसार मन्त्र पढेर प्रार्थना गर्नू –

ॐ द्विजर्षभ नमस्तुभ्यं भारद्वाजकुलोद्भव ।
कृपाचार्य सदातुष्ट धीर वीरपराक्रम ॥
(नमस्कार छ हे बाज्ये श्रीभारद्वागोत्रका ।
कृपाचार्य संधै तुष्ट ! धीर ! वीरपराक्रम ! ! )

उत्तर दलमा–

ॐ जमदग्निकुलोद्भूतं व्योमांजनसमप्रभम् ।
ध्याये परशुरामं तं दधानं परशुं वरम् ॥
"जमदग्निकुलोत्पन्न नीला गाजलवर्णका ।
ध्यान गर्छु पर्शु वर लिने परशुरामको ॥"

भनेर परशुरामको ध्यान गर्नू र ॐ प्रजापते न० यो मन्त्रले–

भो परशुराम इहागच्छ इह तिष्ठ मम पूजां गृहाण यावत् पूजां करोमि तावत् त्वं सुस्थिरो भव सुप्रसन्नो भव सुवरदो भव ।

ॐ परशुरामाय नमः

(हे परशुराम यहाँ आउनुहोस्, यहाँ बस्नुहोस्, मेरो पूजा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ग्रहण गर्नुहोस्, मैले पूजा गरूञ्जेल सुस्थिर प्रसन्न र वर दिने हुनुहोस् ।)

(परशुरामलाई नमस्कार)

भनेर पूजा गर्नू । अनि तलको मन्त्रले प्रार्थना गर्नू–

ॐ कार्तवीर्यस्य हन्तारं पर्शुहस्तं महाबलम् ।
एकविंशतिनिःक्षत्रं कुर्वन्तं त्वां नमाम्यहम् ।।

"कार्तवीर्यलाई मार्ने पर्शुधारी महाबली ।
एक्काईस् पल्ट निःक्षत्र गर्ने हे तिमिमा नमः ।।"

ईशान दलमा–

ॐ द्विभुजं जटिलं सौम्यं सुवृद्धं चिरजीविनम् ।
वराभयकरं ध्याये मार्कण्डेयं महामुनिम् ।।

"जटाधारी शान्त बूढा लिने अभय औ वर ।
ध्यान गर्छु चिरंजीवी मार्कण्डेय महर्षिको ।।"

भनेर मार्कण्डेय ऋषिको ध्यान गर्नू र ॐ सप्त ऋषयः०' यो मन्त्रले–

भो मार्कण्डेय इहागच्छ इह तिष्ठ मम पूजां गृहाण यावत् पूजां करोमि तावत् त्वं सुस्थिरो भव सुप्रसन्नो भव सुवरदो भव ।

ॐ मार्कण्डेयाय नमः

(हे मार्कण्डेय यहाँ आउनुहोस्, यहाँ बस्नुहोस्, मेरो पूजा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ग्रहण गर्नुहोस्, मैले पूजा गरूञ्जेल सुस्थिर प्रसन्न र वर दिने हुनुहोस् ।)

(मार्कण्डेयलाई नमस्कार)

भनेर पूजा गर्नू । अनि तल लेखिएको मन्त्रले हात जोडेर प्रार्थना गर्नू –

ॐ मार्कण्डेय महाभाग सप्तकल्पान्तजीवन ।
आयुरारोग्यसिद्ध्यर्थं प्रसीद भगवान् मुने ॥
"मार्कण्डेय ! महाभाग ! सप्तकल्पान्त बाँचने ।
आयु आरोग्यका निम्ति प्रसन्न हुनुहोस् मुने ॥"

इति

पक्षान्तर–

यसमा हाम्रो यहाँ प्रचलित गोवरको मूर्तिमा (सोह्र वटा) कौडाहरू टाँसेर षष्ठिकाको पूजा गरिने पक्षमा कोही अष्टचिरंजीवीहरूको पूजा छुट्टै पनि गर्दछन् । त्यसमा छुट्टै थालीहरूमा अष्टदल कमल लेखेर त्यसको–

पूर्व दलमा– व्यासजीको
आग्नेय दलमा– परशुरामको
दक्षिण दलमा– अश्वत्थामाको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



नैर्ऋत्य दलमा– कृपाचार्यको

पश्चिम दलमा– बलिको

वायव्य दलमा– प्रह्लादको

उत्तर दलमा– हनुमानको

ईशान दलमा – विभीषणको

पूजा गर्दछन् र सबैको बीचमा ( माझमा ) बूढा मार्कण्डेय ऋषिको ध्यान आवाहनहरू गरेर पूजा गर्दछन् ।

## षष्ठिकापूजा

यसमा पहिले माथि बताए अनुसार अष्टचिरंजीवीहरूको बीचमा (माझमा) वा छुट्टैथालीमा वा चोखो पीराहरूमा गोवरको मूर्ति बनाएर आँखा नाक मुखहरू (अङ्ग प्रत्यङ्ग) मा कौडाहरू टाँसेर अथवा सूनको प्रतिमामा वा अक्षतपुंजहरूमा आफ्नो कुलमा चलेको रीत वा संप्रदाय अनुसार षष्ठिकाको पूजा गर्नू ।

त्यसमा पहिले यथाविधि प्राणप्रतिष्ठाहरू गर्नू र तल लेखिए अनुसार ध्यान गर्नू –

ॐ चतुर्भुजां महादेवीं तुङ्गपीनघनस्तनीम् ।
मयूरवाहनारूढां रक्तवस्त्रधरां शुभाम् ।
शूलशक्तिवराभीतिहस्तां ध्याये महेश्वरीम् ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



"स्तन उँचा उठेकी श्रीषष्ठिका चारबाहुकी ।
मुजूरमा चढी हिड्ने रातो पहिरन वस्त्रकी ।।
ध्यान गर्छु शूल शक्ति वराभय लिने धरी ।"

अनि हातमा फूल अक्षताहरू लिएर तल लेखिए अनुसार आवाहन गर्नू –

ॐ आयाहि वरदे देवि महाषष्ठीति विश्रुते ।
शक्तिभिः सह बालं मे रक्ष जागरवासरे ।।

"आउनोस् हे वर दिने देवी षष्ठी प्रसिद्धकी ।
शक्ति साथ लिई रक्षा गर्नोस् जाग्राममा वसी ।।"

ॐ भगवति षष्ठिके इहागच्छ इह तिष्ठ मम पूजां गृहाण यावत् पूजां करोमि तावत् त्वं सुस्थिरा भव सुप्रसन्ना भव सुवरदा भव ।

ॐ षष्ठीदेव्यै नमः

(हे भगवती षष्ठिका यहाँ आउनुहोस्, यहाँ बस्नुहोस्, मेरो पूजा ग्रहण गर्नुहोस् । मैले पूजा गरुञ्जेल सुस्थिर प्रसन्न र वर दिने हुनुहोस् ।)

(षष्ठीदेवीलाई नमस्कार)

यसरी आवाहन स्थापनहरू गरिसकेपछि 'अम्बेऽअम्बिके०' मन्त्रले–

आसनं समर्पयामि 'ॐ षष्ठीदेव्यै नमः' (आसनी चढा-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



**उँदछु श्रीषष्ठी देवीलाई०)**, पाद्यं० **(पाउ धुने जल०)**, अर्घ्यं० **(अर्घको (हात धुने) जल०)**, आचमनीयं० **(आचमन (कुल्ला) गर्ने (अचाउने (जल)**, स्नानीयं० **(स्नान गर्ने जल)**, पञ्चामृत स्नानं० **(पञ्चामृतको स्नान)**, शुद्धोदकस्नानं० **(शुद्ध जल (गङ्गाजल) को स्नान०)**, वस्त्रयुग्मं० **(जोर वस्त्र०)**, चन्दनं० **(चन्दन)**, सिन्दूरं० **(सिन्दूर)**, अक्षतान्० **( अक्षता )**, यवतिलान्० **(जउ तिल)**, पुष्पाणि० **(फूलहरू०)**, माल्यं० **(माला)**, अलंकारादिसहितं सौभाग्यद्रव्यं० **(आभूषणहरू सहितको सौभाग्य द्रव्य०)**, धूपं० **(धूप)**, दीपं० **(बत्ती)**, नैवेद्यं० **(नैवेद्य)**, आचमनीयं० **(आचमन गर्ने जल०)**, ताम्बूलपूगी-फलादीनि० **(पान मसलाहरू०)**, नारिकेलादिफलं० **(नरिवल आदि फल०)**, उपायनद्रव्यं० **(भेटी)**, नीराजनं० **(नीराजन, आरति)**, तथा कर्पूरवर्तिं० **कपूरको (आरति), चढाउँदछु)** ॐ षष्ठीदेव्यै नमः **(षष्ठिकाभगवतीलाई नमस्कार)**

**भनेर जो सकेको उपचारले पूजा गर्नू र तल लेखिएको मन्त्रले अर्घ पनि दिनू—**

ॐ पत्रपुष्पफलाम्भोभी रत्नैश्च बहुभिर्युतम् ।
षष्ठीदेवि मया दत्तमर्घ्यं गृह्ण नमोस्तुते ।।

**"फलफूल पात जल रत्नादिले खचाखच ।**
**अर्घ यो लिनुहोस् देवी ! तपैंलाई प्रणाम छ ।।"**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



**यसपछि हातमा फूल अक्षताहरू लिएर तल लेखिए अनुसार प्रार्थना गर्दै पुष्पाञ्जलि चढाएर नमस्कार गर्नू –**

ॐ शक्तिस्त्वं सर्वदेवानां लोकानां हितकारिणी ।
मातर्बालमिमं रक्ष महाषष्ठि नमोस्तुते ।।
गौर्याः पुत्रो यथा स्कन्दः शिशुःसंरक्षितः पुरा ।
तथा ममाप्ययं बालो रक्ष्यतां षष्ठिके नमः ।।
जय देवि जगन्मातर्जगदानन्दकारिणि ।
प्रसीद मम कल्याणि महाषष्ठि नमोस्तु ते ।।

**"शक्ति तिमी देव सबकी लोककी हितकारिणी ।**
**माता ! यो बालको रक्षा गर षष्ठी ! मनस्विनी ! ।।**
**गरेथ्यौ जसरी रक्षा गौरीपुत्र कुमारको ।**
**गर त्यसै गरी रक्षा यो मेरो पनि बालको ।।**
**जय तिम्रो जगन्माता ! जगदानन्दकारिणी ! ।**
**प्रसन्न होऊ कल्याणी ! नमस्कार छ षष्ठिके ! ।।**

**अनि फेरि दुबै हात जोडेर तल लेखिए अनुसार प्रार्थना गर्नू –**

ॐ देवानां च ऋषीणां च मनुष्याणां च वत्सले ।
इमं मम सुतं रक्ष षष्ठीदेवि नमोस्तु ते ।।
पुरा देवैः पूजितासि ब्रह्मविष्णुशिवादिभिः ।
अस्माभिरपि देवि त्वं पूजिता भक्तिपूर्वकम् ।।
बालस्यास्य दीर्घमायुर्देहि तुभ्यं नमोनमः ।।

**"प्रिय छौ देव र ऋषि मनुष्यैको पनी तिमी ।**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



मेरो यो शिशुको रक्षा गर हे षष्ठिके ! तिमी ।।
पूजिएकी थियौ पहिले ब्रह्मा विष्णु शिवादिले ।
हामीले पनि छौं आज पूजेकी भक्ति भावले ।।
यो बालको आयु लामो गरिदेऊ प्रणाम हे ! ।।"

यसपछि षष्ठिका भगवतीको दाहिने पट्टि स्कन्द अर्थात् कुमारजीको तल लेखिए अनुसार ध्यान गर्नू –

ॐ मयूरवरमारूढं द्विभुजं बालरूपिणम् ।
दधतं मुद्गरं वामे करे शक्ति च दक्षिणे ।।
वराभयकरं देवं विशाखं शिखिवाहनम् ।
किरीटिनं कुण्डलिनं ध्याये दिव्याम्बरावृतम् ।।

"मुजूरमा चडी हिंड्ने द्विबाहु बालरूपका ।
मुङ्ग्रो बायाँ तिर लिने र शक्ति दाहिने तिर ।।
वरमुद्रा अभय र दिव्य वस्त्र सुशोभित ।
बाजु कुण्डल लाएका देवको ध्यान गर्छु म ।।"

र हातमा फूल अक्षताहरू लिईकन ॐ द्रप्सश्च स्कन्द०यो मन्त्रले–

'भो कार्तिकेय स्कन्द इहागच्छ इह तिष्ठ मम पूजां गृहाण यावत् पूजां करोमि तावत् त्वं सुस्थिरो भव सुप्रसन्नो भव सुवरदो भव ।'

(हे कुमारजी यहाँ आउनुहोस्, यहाँ बस्नुहोस्, मेरो पूजा ग्रहण गर्नुहोस् । मैंले पूजा गरुञ्जेल सुस्थिर प्रसन्न र वर दिने हुनुहोस् ।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भनेर आवाहन गर्नू र 'ॐ स्कन्दाय नमः' (कुमारजीलाई नमस्कार) भन्दै आसन पाद्य अर्घ्य आचमन स्नान पञ्चामृत-स्नान शुद्ध जलको स्नान चन्दन अक्षता फूल दूवो अबीर सिंदूर केशरी जउ तिल वस्त्र जनै आभूषण माला सुगन्धि द्रव्य धूप बत्ती नैवेद्य जल फलफूल पान मसला भेटीहरू चढाईकन कपूर बत्तीहरूले नीराजन अर्थात् आरती समेत गरेर यथायोग्य उपचारले पूजा गर्नू र अनि हात जोडीकन –

ॐ कार्तिकेय महाबाहो गौरीहृदयनन्दन ।
कुमारं रक्ष मे भीतेर्महासेन नमोस्तु ते ।।

"कृत्तिकाका पुत्र देव ! गौरीहृदयनन्दन ।
जोगाउ शिशु यो मेरो महासेन ! प्रणाम छ ।।"

भनेर नमस्कार पनि गर्नू ।

अनि हातमा फूल अक्षताहरू लिएर तल लेखिए अनुसार स्तुति प्रार्थनाहरू गर्दै पुष्पाञ्जलि चढाउनू र कुमारजीको पाउ संझी दर्शन गर्नू –

ॐ नमः कुमाराय महाप्रभाय स्कन्दाय ते स्कन्दितदानवाय ।
नवार्कविम्बद्युतये नमोस्तु ते नमोस्त्वमोघोद्यतशक्तिपाणये ।
नमो विशाखाय विचारिणे नमो नमोस्तु ते षण्मुख कामरूपिणे ।
गुहाय गूढाभरणाय धर्त्रे नमोस्तु ते दानवदारणाय ।।
नमोस्तु तेर्कप्रतिमप्रभाय नमोस्तु गुह्याय निगूढशक्तये ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



नमोस्तु ते लोकभयापहाय नमोस्तु तेऽबालपराक्रमाय ।
नमो विशालायतलोचनाय नमो विशालाय महाव्रताय ।।
नमो नमस्तेस्तु मनोरमाय नमोनमस्तेस्तु करोत्कटाय ।
नमो मयूरोज्ज्वलवाहनाय ते नमोस्तु केयूरकिरीटधारिणे ।।
नमो धृतोदग्रपताकिने नमो नमः प्रभावप्रणताय तेस्तु मे ।
सेनानये पावकिने नमोस्तुते कृपापरीतामलदिव्यमूर्तये ।
क्रियामयो यज्ञ इवासि निर्मलो नमोस्तु षष्ठीश नमो नमस्ते ।।

"प्रणाम हे दानव थिल्थिल्याउने र तेजिला स्कन्द कुमारलाई ।
विहानका सूर्य समान कान्तिका अमोघ शक्ति करले उजाउने ।।
प्रणाम हे षण्मुख कामरूपी डुलेर हिंड्ने र विशाखलाई ।
धर्ता तिमी रक्षक गूढभूषण प्रणाम हे दानवलाई चिर्ने ।।
श्रीसूर्यकै तेजसमानका हे प्रणाम हे गुह्य र गूढशक्ति ।
हर्ने सबैको भय नित्य ठूला पराक्रमीलाई छ यो प्रणाम ।।
छन् नेत्र ठूला तिमि आफु ठूला महाव्रती छौ तिमिमा प्रणाम ।
प्रणाम हे सुन्दररूपधारी सारै कडा हात हुने तिमीमा ।।
हिंड्ने चढी दिव्य मुजूरमाथि प्रणाम हे बाजु किरीट लाउने ।
उँचो ध्वजायुक्त प्रभावशाली प्रणाम मेरो प्रणतार्तिहारी ।।
प्रणाम सेनापति ! अग्निजात हे कृपालुमूर्ती र सुदिव्यरूप ।
क्रियात्म यज्ञै सरि शुद्ध छौ तिमी प्रणाम षष्ठीश! सदा तिमीमा ।।"

अनि फेरि त्यसै गरी षष्ठीको देब्रेपट्टि प्रद्युम्नको पनि तल लेखिए अनसार ध्यान गर्नू –

ॐ प्रद्युम्नं सुचतुर्बाहुं शङ्खचक्रगदाधरम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



चक्रं दक्षिणहस्तेन वामेन दधतं धनुः ।।
शङ्खं पुन र्दक्षिणेन वामेन दधतं गदाम् ।
ध्याये कुमारं प्रद्युम्नं सर्वलक्षणसंयुतम् ।।
सर्वलक्षणयुक्ताभ्यां पत्नीभ्यां सहसंस्थितम् ।।

**"प्रद्युम्न छन् चारबाहु शङ्ख चक्र गदा लिने ।**
**दाहिने हातमा चक्र र बायाँमा धनू लिने ।**
**दाहिनेले शङ्ख अर्को बायाँले त गदा लिने ।**
**प्रद्युम्नको ध्यान गर्छु सबै लक्षणले युत ।**
**सर्वलक्षणसम्पन्न दुइ रानी सुशोभित ।।"**

**र हातमा फूल अक्षताहरू लिएर –**

भो प्रद्युम्न इहागच्छ इह तिष्ठ मम पूजां गृहाण यावत् पूजां करोमि तावत् त्वं सुस्थिरो भव सुप्रसन्नो भव सुवरदो भव ।'

**(हे प्रद्युम्न यहाँ आउनहोस्, यहाँ बस्नुहोस्, मेरो पूजा ग्रहण गर्नुहोस् । मैले पूजा गरूञ्जेल सुस्थिर प्रसन्न र वर दिने हुनहोस्) भनेर आवाहन गर्नू ।**

**अनि –**

ॐ प्रद्युम्नाय नमः (**प्रद्युम्नजीलाई नमस्कार**)

**भन्दै अधि झैं आसन पाद्य आदि यथायोग्य उपचारले पूजा गर्नू र तल लेखिए अनुसारको मन्त्रले पुष्पांजलि चढाएर**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



**नमस्कार गर्नू–**

भो प्रद्युम्न महावाहो लक्ष्मीहृदयनन्दन ।
कुमारं रक्ष मे भीतेः प्रद्युम्नाय नमो नमः ।
त्रैलोक्यपूजित श्रीमन् सदा विजयवर्धन ।
शान्ति कुरु गदापाणे प्रद्युम्नाय नमो नमः ।।

**"हे प्रद्युम्न महाबाहु ! लक्ष्मीहृदयनन्दन ! ।**
**जोगाऊ शिशु यो मेरो तिमीलाई छ वन्दन ।।**
**त्रिलोकैले मानिएका संधै जय गराउने ।**
**गदा लिने हे प्रद्युम्न गर शान्ति प्रणाम छ ।।"**

**यसपछि फेरि त्यहीं (षष्ठिकानिर) एक ठाउँमा दहि-अक्षताको थुप्रो लाउँदै तिनमा–**

(१) ॐ भगवति शिवे इहागच्छ इह तिष्ठ(मम पूजां गृहाण सुप्रतिष्ठिता प्रसन्ना वरदा भव)– ॐ शिवायै नमः ।

**(हे शिवा यहाँ आउनुहोस् यहाँ बस्नुहोस् (मेरो पूजा ग्रहण गर्नुहोस् सुप्रतिष्ठित प्रसन्न र वर दिने हुनुहोस्)– शिवा-लाई नमस्कार ।)**

(२) ॐ भगवति सम्भूते इहागच्छ इह तिष्ठ(मम पूजां गृहाण सुप्रतिष्ठिता प्रसन्ना वरदा भव)– ॐ सम्भूत्यै नमः ।

**(हे संभूति यहाँ आउनुहोस्, यहाँ बस्नुहोस् (मेरो पूजा ग्रहण गर्नु होस् सुप्रतिष्ठित प्रसन्न र वर दिने हुनुहोस्)– संभूति-लाई नमस्कार ।)**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(३) ॐ भगवति सन्नते इहागच्छ इह तिष्ठ (मम पूजां गृहाण सुप्रतिष्ठिता प्रसन्ना वरदा भव)–ॐ सन्नत्यै नमः ।

**(हे सन्नति यहाँ आउनुहोस् यहाँ बस्नुहोस् (मेरो पूजा ग्रहण गर्नुहोस् सुप्रतिष्ठित प्रसन्न र वर दिने हुनुहोस्)–सन्नतिलाई नमस्कार ।)**

(४) ॐ भगवति प्रीते इहागच्छ इह तिष्ठ (मम पूजां गृहाण सुप्रतिष्ठिता प्रसन्ना वरदा भव)–ॐ प्रीत्यै नमः ।

**(हे प्रीति यहाँ आउनुहोस् यहाँ बस्नुहोस् (मेरो पूजा ग्रहण गर्नुहोस् सुप्रतिष्ठित प्रसन्न र वर दिने हुनुहोस्)–प्रीतिलाई नमस्कार ।)**

(५) ॐ भगवति अनसूये इहागच्छ इह तिष्ठ (मम पूजां गृहाण सुप्रतिष्ठिता प्रसन्ना वरदा भव)–ॐ अनसूयायै नमः ।

**(हे अनसूया यहाँ आउनुहोस् यहाँ बस्नुहोस् (मेरो पूजा ग्रहण गर्नुहोस् सुप्रतिष्ठित प्रसन्न र वर दिने हुनुहोस्)–अनसूयालाई नमस्कार ।)**

(६) ॐ भगर्वति क्षमे इहागच्छ इह तिष्ठ (मम पूजां गृहाण सुप्रतिष्ठिता प्रसन्ना वरदा भव)– ॐ क्षमायै नमः ।

**(हे क्षमा यहाँ आउनुहोस् यहाँ बस्नुहोस् (मेरो पूजा ग्रहण गर्नुहोस् सुप्रतिष्ठित प्रसन्न र वर दिने हुनुहोस्)–क्षमालाई नमस्कार ।)**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भनेर 'षट्कृत्तिका' हरूको आवाहन गर्नू र

ॐ शिवादिषट्कृत्तिकाभ्यो नमः

(शिवा आदि षट्कृत्तिकालाई नमस्कार)

भनेर यथायोग्य उपचारले पूजा गर्नू ।

अनि हात जोडेर तल लेखिए अनुसार प्रार्थना गर्नू–

ॐ जय मातर्जगद्धात्रि जगदानन्दकारिणि ।
नमस्ते देवि कल्याणि प्रसीद मम कृत्तिके ।।

"जय माता! जगद्धात्री! जगदानन्दकारिणी ।।
नमस्कार छ कल्याणी ! कृत्तिका ! हुनुहोस् खुशी ।।"

अनि अघि कलशमा सोह्र मातृकाहरूको पूजा नगरिएको भए यसै अवसरमा षष्ठिकाभगवतीनिर वा वहाँको वरिपरि यथावकाश दहीअक्षताको थुप्रो लाएर तिनैमा तल लेखिए अनुसार आवाहन गरेर यथायोग्य उपचारले पूजा गर्नू–

(१) ॐ गौरि इहागच्छ इह तिष्ठ (सुप्रतिष्ठिता प्रसन्ना वरदा भव)– ॐ गौर्यै नमः ।

(हे गौरी यहाँ आउनुहोस् यहाँ बस्नुहोस् (सुप्रतिष्ठित प्रसन्न र वर दिने हुनु होस्) गौरीलाई नमस्कार ।)

(२) ॐ पद्मे इहागच्छ इह तिष्ठ (सुप्रतिष्ठिता प्रसन्ना वरदा भव)– ॐ पद्मायै नमः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(हे पद्मा यहाँ आउनुहोस् यहाँ बस्नुहोस् (सुप्रतिष्ठित प्रसन्न र वर दिने हुनुहोस्) पद्मालाई नमस्कार ।)

(३) ॐ शचि इहागच्छ इह तिष्ठ (सुप्रतिष्ठिता प्रसन्ना वरदा भव)– ॐ शच्यै नमः ।

(हे शची, यहाँ आउनुहोस् यहाँ बस्नुहोस् (सुप्रतिष्ठित प्रसन्न र वर दिने हुनुहोस्) शचीलाई नमस्कार ।)

(४) ॐ मेधे इहागच्छ इह तिष्ठ (सुप्रतिष्ठिता प्रसन्ना वरदा भव)– ॐ मेधायै नमः ।

(हे मेधा, यहाँ आउनुहोस् यहाँ बस्नुहोस् (सुप्रतिष्ठित प्रसन्न र वर दिने हुनुहोस्)– मेधालाई नमस्कार)

(५) ॐ सावित्रि इहागच्छ इह तिष्ठ (सुप्रतिष्ठिता प्रसन्ना वरदा भव)– ॐ सावित्र्यै नमः ।

(हे सावित्री यहाँ आउनुहोस् यहाँ बस्नुहोस् (सुप्रतिष्ठित प्रसन्न र वर दिने हुने होस्) –सावित्रीलाई नमस्कार ।)

(६) ॐ विजये इहागच्छ इहतिष्ठ (सुप्रतिष्ठिता प्रसन्ना वरदा भव)– ॐ विजयायै नमः ।

(हे विजया यहाँ आउनु होस् यहाँ बस्नु होस् (सुप्रतिष्ठित) प्रसन्न र वर दिने हुनुहोस्) –विजयालाई नमस्कार ।)

(७) ॐ जये इहागच्छ इह तिष्ठ (सुप्रतिष्ठिता प्रसन्ना वरदा भव)– ॐ जयायै नमः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(हे जया यहाँ आउनुहोस् यहाँ बस्नुहोस् (सुप्रतिष्ठित प्रसन्न र वर दिने हुनुहोस्) –जयालाई नमस्कार ।)

(८) ॐ देवसेने इहागच्छ इह तिष्ठ (सुप्रतिष्ठिता प्रसन्ना वरदा भव)– ॐ देवसेनायै नमः ।

(हे देवसेना यहाँ आउनुहोस् यहाँ बस्नुहोस् (सुप्रतिष्ठित प्रसन्न र वर दिने हुनुहोस्)– देवसेनालाई नमस्कार ।)

(९) ॐ स्वधे इहागच्छ इह तिष्ठ (सुप्रतिष्ठिता प्रसन्ना वरदा भव)– ॐ स्वधायै नमः ।

(हे स्वधा यहाँ आउनुहोस् यहाँ बस्नुहोस् (सुप्रतिष्ठित प्रसन्न र वर दिने हुनुहोस्– स्वधालाई नमस्कार ।)

(१०) ॐ स्वाहे इहागच्छ इह तिष्ठ (सुप्रतिष्ठिता प्रसन्ना वरदा भव)– ॐ स्वाहायै नमः ।

(हे स्वाहा यहाँ आउनुहोस् यहाँ बस्नुहोस् (सुप्रतिष्ठित प्रसन्न र वर दिने हुनुहोस्)– स्वाहालाई नमस्कार ।

(११) ॐ मातर इहागच्छत इह तिष्ठत (सुप्रतिष्ठिताः प्रसन्ना वरदा भवत) – ॐ मातृभ्यो नमः ।

(हे मातृकाहो यहाँ आउनुहोस् यहाँ बस्नुहोस् (सुप्रतिष्ठित प्रसन्न र वर दिने हुनुहोस् ( मातृकालाई नमस्कार ।)

(१२) ॐ लोकमातर इहागच्छत इह तिष्ठत (सुप्रतिष्ठिताः प्रसन्ना वरदा भवत)– ॐ लोकमातृभ्यो नमः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(हे लोकमाताहो यहाँ आउनुहोस् यहाँ बस्नुहोस्) सुप्रतिप्रष्ठित प्रसन्न र वर दिने हुनु होस्) –लोकमाताहरूलाई नमस्कार)

(१३) ॐ धृते इहागच्छ इह तिष्ठ (सुप्रतिष्ठिता प्रसन्ना वरदा भव)– ॐ धृत्यै नमः ।

(हे धृति यहाँ आउनुहोस् यहाँ बस्नुहोस् (सुप्रतिष्ठित प्रसन्न र वर दिने हुनुहोस्) धृतिलाई नमस्कार। )

(१४) ॐ पुष्टे इहागच्छ इह तिष्ठ (सुप्रतिष्ठिता प्रसन्ना वरदा भव)– ॐ पुष्टचै नमः ।

(हे पुष्टि यहाँ आउनुहोस् यहाँ बस्नुहोस् (सुप्रतिष्ठित प्रसन्न र वर दिने हुनुहोस्) पुष्टिलाई नमस्कार ।)

(१५) ॐ तुष्टे इहागच्छ इह तिष्ठ (सुप्रतिष्ठिता प्रसन्ना वरदा भव)– ॐ तुष्टचै नमः ।

(हे तुष्टि यहाँ आउनुहोस् यहाँ बस्नुहोस् )सुप्रतिष्ठित प्रसन्न र वर दिने हुनुहोस्)– तुष्टिलाई नमस्कार ।)

(१६) ॐ आत्मनः कुलदेवते इहागच्छ इह तिष्ठ (सुप्रतिष्ठिता प्रसन्ना वरदा भव)– ॐ आत्मनः कुलदेवतायै नमः ।

(हे आफ्नु कुलदेवता यहाँ आउनुहोस् यहाँ बस्नुहोस् (सुप्रतिष्ठित प्रसन्न र वर दिने हुनुहोस्)– आपनो कुलदेवतालाई नमस्कार ।)

(यसरी मातृकापूजा गरेपछि घिउको धारा लाएर 'वसुधारा' गर्नू)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



यसपछि त्यहींनिर एउटा छेउमा खड्ग अर्थात् एउटा कुनै धारवाला हतियारको–

ॐ खड्गाय नमः (खड्गलाई नमस्कार)

भनेर पूजा गर्नू र हातमा फूल अक्षताहरू लिएर तल लेखिए अनुसार प्रार्थना गर्नू–

ॐ असिर्विशसनः खड्गस्तीक्ष्णधारो दुरासदः ।
श्रीगर्भो विजयश्चैव धर्मपाल नमोस्तुते ॥

"असि विशसन खड्ग तीक्ष्णधार दुरासद ।
श्रीगर्भक विजय र धर्मपाल प्रणाम छ ॥"

(इत्यष्टौ तव नामानि स्वयमुक्तानि वेधसा ।)
नक्षत्रं कृत्तिका ते तु गुरुर्देवो महेश्वरः ।
रौहिणं चापि नक्षत्रं पिता देवो जनार्दनः ॥
पिता पितामहोदेवस्त्वं मां पालय सर्वदा ।
इयं येन धृता क्षोणी हतश्च महिषासुरः ।
तीक्ष्णधाराय शुद्धाय तस्मै खड्गाय ते नमः ॥

"ब्रह्माले नै बताएका हुन् तिम्रा आठ नाम यी ।
नक्षत्र रोहिणी तिम्रो पिता हुन् श्रीजनार्दन ॥
पितामह महादेव गर मेरो सुरक्षण ।
पृथ्वी तिमिले छ थामेको गिडचायौ महिषासुर ।
धारिला छौ शुद्ध यस्ता तिमीलाई प्रणाम छ ॥"

अनि त्यहींनिर ॐ मन्थानदण्डाय नमः (मधानीलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



नमस्कार) भनेर मधानीको पूजा गर्नू र तल लेखिए अनुसार प्रार्थना गर्नू–

ॐ मन्थान त्वं हि गोलोके देवदेवेन निर्मितः ।
पूजितश्च विधानेन सूतिरक्षां कुरुष्व मे ।।
"हे मधानी तिमी गोलोकमा श्रीदेवदेवले ।
बनाइयौ पूजियौ हे रक्षा गर कुनाभरी ।।"

अनि त्यहींनिर वा त्यसैमा–

ॐ वंशाय नमः (बाँसलाई नमस्कार) भनेर बाँसको (कठबाँसको लट्ठीको) पूजा गरेर तल लेखिए अनुसार हात जोडेर प्रार्थना गर्नू–

ॐ सर्वमंगलमाङ्गल्य गोविन्दस्य करे स्थित ।
वंश वर्धय मे वंशं सदानन्द नमोस्तु ते ।।
"सबको मंगलै गर्ने कृष्णका करमा स्थित ।
बढाऊ वंश हे बाँस तिमीलाई प्रणाम छ ।।"

अनि त्यहींनिर ॐ उलूखलाय नमः (ओखललाई नमस्कार) भनेर ओखलको र ॐ मुशलाय नमः (मुशललाई नमस्कार) भनेर मुसलको पनि पूजा गर्नू ।

अनि कोही यसै क्रममा धनुर्वाणको पनि पहिले नै पूजा गरिराख्ने गर्दछन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



यसमा धनुको पूजा गर्दा ॐ धनुषे नमः (धनुलाई नमस्कार) भनेर पूजा गर्नू र तल लेखिए अनुसार प्रार्थना गर्नू–

ॐ धृतं कृष्णेन रक्षार्थं संहारार्थं हरेण च ।
त्रयीमूर्तिगतं दिव्यं धनुस्त्वां प्रणमाम्यहम् ।।

"कृष्णले लोकरक्षार्थ संहारार्थ महेशले ।
लिइएका दिव्यधनु! तिमीलाई प्रणाम छ ।।"

त्यसै गरी बाणको पनि ॐ बाणाय नमः (बाणलाई नमस्कार) भनेर पूजा गर्नू र तल लेखिए अनुसार प्रार्थना गर्नू–

ॐ कामदेवस्य ये वाणाः सफला अर्जुनस्य च ।
रामस्य च यथा बाणास्तथास्माकं भवन्त्विह।।

"प्रद्युम्नका अर्जुनका बाण श्रीरामचन्द्रका ।
जस्तो सफल छन् त्यस्तै होऊन् हाम्रा पनी सदा ।"

यसरी पूजाहरू गरिसकेपछि बालकको बाबुले षष्ठिकाको अघिल्तिर बसर नम्रतासाथ भक्तिभावले दुबै हात जोडीकन तल लेखिए अनुसार प्रार्थना गर्नू–

ॐ त्वं देवमाता दितिरब्धिजा त्वं गौरी त्वमेवासि धृतिःक्षमा त्वम् ।
कीर्तिः समृद्धिर्भुवनस्य धात्री त्वमेव देवि प्रणतोस्मि तुभ्यम् ।।

"हौ देवमाता अदिती तिमी हौ लक्ष्मी र गौरी धृति हौ क्षमा हौ ।
कीर्ती समृद्धी अनि लोकधात्री देवी तिमी पर्दछु पाउ तिम्रो ।।"

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



यथा सर्वाणि भूतानि त्वयि स्यूतानि रत्नवत् ।
चराचराणि भूतानि त्वत्तो जातानि सर्वशः ॥

**"जस्तो तिमीमा छन् स्यूत भूत यी सब रत्न झैं ।**
**छन् तिमीबाट नै त्यस्तै भूत उत्पन्न यी सबै ।।"**

त्वं सृष्टिराद्या सृजसि प्रजास्त्वं स्थितिस्त्वमेवास्यखिलान् विभर्षि ।
त्वमेव चासि प्रलयो यतस्त्वां समर्चयाम्यस्तु शिशुश्चिरायुः ॥

**"छौ आदिसृष्टि तिमि सृष्टि गर्दछचौ**
**स्थिती तिमी पालन गर्दछचौ सब ।**
**लयस्वरूपा पनि छौ तिमी नै**
**पूजा म गर्छू शिशु होस् चिरायुष ।।"**

स्वस्ति मेऽस्तु गृहे नित्यं त्वत्प्रसादात् सुरेश्वरि ।
पुत्रोत्सवमहं नित्यं पश्येयं त्वदनुग्रहात् ॥

**"तिम्रो कृपाले घरमा मेरो कल्याण होस् सधैं ।**
**तिम्रो कृपाले देखूं म पुत्रउत्सव यो सधैं ।।"**

जननी सर्वभूतानां बालानां त्वं विशेषतः ।
नारायणीस्वरूपेण बालं मे रक्ष सर्वतः ॥

**"आमा छौ सब प्राणी की विशेषात् शिशुकी सब ।**
**नारायणीरूपले यो बालको गर रक्षण ।।"**

शक्तिस्त्वं सर्वदेवानां लोकानां हितकारिणी ।
मातृवद् रक्ष मे बालं महाषष्ठि नमोस्तु ते ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



**"शक्ति छौ देव सबको गर्दछ्यौ लोकको हित ।**
**आमा झैं शिशुको रक्षा गर मेरो प्रणाम छ ।।"**

रुद्राणी रुद्ररूपेण महाविघ्नविनाशिनी ।
प्राणदे वरदे देवि रक्ष बालं स्वपुत्रवत् ।।

**"रुद्राणी छौ रुद्ररूपा हर्ने विघ्न ठुला ठुला ।**
**प्राणै वर दिने देवी जोगाऊ बाल यो सदा ।।"**

इमं मम कुले जातं रक्ष त्वं देवि बालकम् ।
पूजितासि महाभागे चिरंजीवतु बालकः ।।

**"यो मेरो कुलको बालको रक्षा गर षष्ठिके ।**
**छौ पूजिएकी हे देवी चिरंजीवी हुन्ओस् सुत ।।**

रक्षोभूतपिशाचेभ्यो डाकिन्यादिभ्य एव च ।
मातेव रक्ष मे बालं पन्नगश्वापदादितः ।।

**"रक्षोभूतपिशाचादि डाकिनी आदिबाट र ।**
**नाग आदि जन्तुबाट सुरक्षा गर बालको ।।"**

त्वमेव वैष्णवी देवी ब्रह्माणी त्वं व्यवस्थिता ।
रुद्रशक्तिः समाख्याता महाषष्ठि नमोस्तुते ।।

**"तिमी हौ वैष्णवी देवी ब्रह्माणी पनि हौ तिमी ।**
**रुद्राणी छौ तिमी साक्षात् महाषष्ठी प्रणाम छ ।।"**

धात्री त्वं कार्तिकेयस्य स्त्रीरूपं मदनस्य च ।
त्वत्प्रसादादविघ्नेन चिरंजीवतु मे सुतः ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



"तिमी कुमारकी धाई स्त्रीमूर्ति कामदेवकी ।
तिम्रो कृपाले निर्विघ्नै बाल बाँचिरहोस् चिर ।।"

अनि त्यसै गरी बालकको आमाले पनि हात जोडेर तल लेखिए अनुसार प्रार्थना गर्नू–

ॐ तव प्रसादात् तनयस्य वक्त्रं दृष्टं मया देवि नमोस्तु तुभ्यम् ।
सौभाग्यमारोग्यमभीष्टसिद्धि देहि प्रजायाश्चिरजीवितां च।।

"तिम्रो कृपाले सुख देख्न पाएँ सन्तानको देवि! छ यो प्रणाम ।
सौभाग्य आरोग्य अभीष्ट देऊ चिरायु सन्तान गराऊ आमा ! ।।"

गौर्याः पुत्रो यथा स्कन्दः शिशुः संरक्षितस्त्वया ।
तथा ममाप्ययं बालो रक्ष्यतां षष्ठिके नमः ।।

"गरेथ्यौ जसरी रक्षा गौरीपुत्र कुमारको ।
गर त्यसै गरी रक्षा यो मेरो पनि बालको ।।"

षष्ठीदेवि नमस्तुभ्यं सूतिकागारवासिनि ।
पूजितासि मया भक्त्या सबालां रक्ष मां सदा ।।

"हे षष्ठिके नमस्कार सूतिकागृहवासिनी !
छौ पूजिएकी यो मेरो र रक्षा गर बालको ।।"

यसपछि बन्धुबान्धव समेत भएर सबैले हात जोडीकन स्वस्तिवाचन सहित तल लेखिए अनुसार फेरि त्यसै गरी प्रार्थना गर्नू –

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ॐ प्रफुल्लपद्मवदनामर्धपद्मासनस्थिताम् ।
सर्वाङ्गभूषितां देवीं पीनोन्नतपयोधराम् ।।
स्रवत्पीयूषवदनां पीतकौशेयवाससम् ।
चतुर्भुजां दक्षिणेन धृतमन्थानदण्डकाम् ।।
नीलोत्पलं तु वामेन करेण दधतीं सदा ।
अधः कराभ्यामुत्सङ्गे स्कन्दं संदधतीं पराम् ।।
जननीं सर्वसौख्यानां वर्धनीं कुलसम्पदाम् ।
साधनीं सर्वसिद्धीनां जन्मदे त्वां नता वयम् ।।

"प्रफुल्ल मुख ली बस्ने अर्धपद्मासनै कसी ।
सर्वाङ्ग नै सिंगारेकी उन्नतस्तनशोभिनी ।।
अमृतै चुहिने मुखकी र पीताम्बरधारिणी ।
चार हात दाहिनेमा मधानी छ सुशोभित ।।
बायाँमा नील कमल लिई बस्ने अखंडित ।
च्यापी बस्ने स्कन्दलाई काखमा दुइ हातले ।।
दिने सुखहरू सारा कुलसंपत् बढाउने ।
सब सिद्धि दिने देवी ! नमस्कार छ जन्मदे ! ।।"

यसपछि बालककी फुपूले बालकलाई आमाचाहिंको हातबाट लिएर बाबुको हातमा दिनू वा अघिल्तिर राखि दिनू । अनि बाबुले पनि आफ्नो काखमा मुजूरका प्वाँखको पंखा ओछ्याईकन त्यसमा बालकलाइ राख्नू र अनि दुइ हातले पंखै समेत बालकलाई उठाएर लिनू र हातैमा राखीकन तल लेखिए अनुसार प्रार्थना गरेर षष्ठिकालाई निवेदन गर्नू अर्थात् बालकलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



**षष्ठिकाभगवतीको पाउमा रक्षार्थं सुम्पिदिनू –**

ॐ देवतानामृषीणां च भक्तानां भक्तवत्सले ।
अर्पितं रक्ष मे पुत्रं महाषष्ठि नमोस्तु ते ।।
जननी सर्वभूतानां बालकानां विशेषतः ।
नारायणीस्वरूपेण पुत्रं मे रक्ष सर्वतः ।।
रक्षोभूतपिशाचेभ्यो डाकिनीभ्यो विशेषतः ।
सुतं मे स्वसुतं मत्वा रक्ष रक्ष वरानने ।।
रक्ष रक्ष महाषष्ठि सदा त्वं विघ्ननाशिनि ।
बालं मम सदा रक्ष नित्यमुत्संगसंस्थितम् ।।
सर्वभूतहिते मातर्जगतामुपकारिणि ।
सर्वतः षष्ठिरूपेण बालरक्षां कुरुष्व मे ।।
षष्ठिदेवि महाभागे हिते हितवरप्रदे ।
त्वत्प्रसादादविघ्नेन चिरंजीबतु बालकः ।।
अस्मिन् प्रसूतिकागारे देवीभिः परिवारिते ।
रक्षां कुरु महाभागे सर्वविघ्नविनाशिनि ।।
अयं मम कुलोत्पन्नो रक्षार्थं तव पादयोः ।
नीतो मया महाभागे जिरंजीवतु बालकः ।।

**"देवता भक्त ऋषिको छौ तिमी भक्तवत्सला ।**
**मेरो यो पुत्रको रक्षा गर ढोग्छु म सर्वदा ।।**
**आमा छौ सव प्राणीकी विशेषात् शिशुवर्गकी ।**
**नारायणीरूपले यो बालको बन रक्षकी ।।**
**भूत प्रेत पिशाचादि डंकिनीहरूबाट यो ।**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



शिशुको गर हे रक्षा छोरै ठानेर कोखको ।।
यति रक्षा गर सदा षष्ठिके विघ्ननाशिनी ।
काखको शिशु यो मेरो जोगाऊ सर्वदा तिमी ।।
सबको हित गर्ने हे जगत्की उपकारिणी ।
षष्ठिकारूपले रक्षा गर यो बालको तिमी ।।
हे षष्ठिका भगवती दिने हित हुने वर ।
तिम्रो कृपाले निर्विघ्न बाल बाँचिरहोस् चिर ।।
सुत्केरीको कुनामा यो अरू देवी समेत भै ।
गर रक्षा भगवती विघ्न नाशिदिने सबै ।।
यो मेरो कुलको बाल रक्षाका निम्ति पाउमा ।
ल्याएकोछु यहाँ तिम्रो चिरंजीवी हम्रोस् मुमा ! ।।

यसरी बालकलाई षष्ठिकाको पाउमा सुम्पे पछि फेरि हातले छोएर तल लेखिए अनुसार मन्त्र पढ्नू –

ॐ यद् बलं वासुदेवस्य विष्णोरतुलतेजसः ।
बलदेवस्य भीमस्य सर्वं भवतु मे सुते ।।
"अतुल्य तेजका साक्षात् कृष्णजीको छ जो बल ।
बलराम भीमको त्यो सबै यसमा हम्रोस् बल ।।"

अनि बालकलाई ब्राह्मणको हातबाट फुपू चाहिंको काखमा लिन दिनू र तल लेखिए अनुसार प्रार्थना गर्नू –

ॐ चन्द्रार्कयोर्दिगीशानां यमस्य वरुणस्य च ।
निक्षेपार्थं मया दत्तं ते मे रक्षन्तु बालकम् ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अप्रमत्तं प्रमत्तं वा दिवा नक्तमथापि वा ।
रक्षन्तु सर्वदा सर्वे देवाः शक्रपुरोगमाः ।।
रक्ष त्वं वसुधे देवि सन्ध्ये च जगतः प्रिये ।
आयुष्प्रमाणं सकलं देहि देवि नमोस्तु ते ।।
अन्तरा ह्यायुषश्चास्य ये केचित् परिपन्थिनः ।
आरोग्यविद्यावित्तानां निर्दहस्वाचिरेण तान् ।।

**"चन्द्र सूर्य र दिक्पाल यमराज जलेशमा ।**
**नासो राख्तछु यो बाल तिनले रक्षा गरून् यहाँ ।।**
**मत्त होस् वा अप्रमत्त दिउसै होस् कि राति होस् ।**
**रक्षा गरून् इन्द्र आदि देवता सबले संधैं ।।**
**जगत्प्रिये हे पृथिवी तथा सन्ध्याहरू दुबै ! ।**
**आयु पूरै देउ देवी ! तिमीलाई प्रणाम छ ।।**
**बीचैमा आयुको यसको स्वास्थ्य विद्या र वित्तको ।**
**भए कुनै विघ्नकारी विनाश गर सर्वको ।।"**

**अनि फुपूले बालकलाई आफ्नो काखबाट झिकेर आमा चाहिंको हातमा दिनू ।**

**अनि एउटा सानो (हलेदोले रंगाएको पहेंलो) वस्त्रमा चन्दनादिले विष्णुको केशव आदि द्वादशनाम लेखेर त्यसमा संगै रक्षासूत्र (काँचो धागोको डोरो) पनि राख्नू र त्यसलाई छोएर विष्णुको द्वादशनाम, नारायणकवच वा आथर्वणोक्त रक्षाकवच पाठ गर्नू । अनि त्यो डोरो लिएर रक्षोघ्न मन्त्रले बालकलाई**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



लाइदिनू । वस्त्र चाहिं आमाचाहिंलाई निधारमा बाँध्न दिनू ।

अनि त्यहीं एकातिर जातबालहारिणी मातृकाहरूको पूजा गरेर तिनलाई बलि पनि चढाइदिनू र तल लेखिए अनुसार प्रार्थना गर्नू –

ॐ जातं हरन्ति या बालं मातरो गूढविग्रहाः ।
अभिरक्षन्तु मे पुत्रं बलिपूजां ग्रसन्तु ताः ।।

"जन्मेको शिशुलाई जो हर्ने छन् मातृकाहरू ।
रक्षा तिनले गरून् यसको बलि पूजा लिऊन् वरू ।।"

यसपछि एउटा यथासंभव कालो रंगको बोकालाई आठौटा-बारा वा फुलौराको माला लाइदिएर ढोका अघिल्तिर ल्याउनू र त्यसको कान निमोठेर बेस्सरी शब्द गर्न (कराउन) लाउनू । अनि हात जोडेर तलको मन्त्र उच्चारण गर्नू –

ॐ भूतप्रेतपिशाचाश्च यातुधानाश्च शाकिनी ।
बालग्रहाश्च नश्यन्त्वेतच्छब्दाकर्णनाद् द्रुतम् ।।

"भूत प्रेत पिशाचादि तथा राक्षस शाकिनी ।
बालग्रह सबै भागून् बोकाको शब्द यो सुनी" ।।

अनि त्यो बोकालाई ढोकाको छेउमा लगेर बाँधेर राखिदिनू । त्यसै गरी अघि पूजा गरेको (ओखल) मुशललाई पनि ढोकाको एकातिर छेउमा ठड्याएर राखि दिनू ।

यसपछि हातमा जउ तिल कुश र कर्मपात्रको जल सहित

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



दक्षिणा दिइने रूपियाँ पैसाहरू लिएर तल लेखिए अनुसार संकल्प गर्नू –

ॐ अद्येह ... गोत्रः ... प्रवरः ... शर्मा (वर्मा वा) अहं ममाभिनवजातबालकस्य बालग्रहादिनिवारणपूर्वकमायुरारोग्योदयोत्तरोत्तरहर्षविजयप्राप्तिकामनया विहितेऽस्मिन् षष्ठीमहोत्सवकर्मणि कृतस्य षष्ठ्यादिदेवतापूजनकर्मणः साङ्गतासिद्ध्यर्थम् इमां दक्षिणां रजतमुद्रात्मकं द्रव्यं चन्द्रदेवताकं ताम्रमुद्रात्मकं द्रव्यं श्रीसूर्यदेवताकं यथानामगोत्रेभ्यो यथानामशर्मभ्यो ब्राह्मणेभ्यः कन्याकुमारसुवासिन्यादिभ्यश्च यथाभागं विभज्य यथाकालं दातुं समुत्सृजे ॐ तत्सत् नमम ।

(आज यहाँ ... गोत्र ... प्रवर र ... नामको म मेरो नयाँ जन्मेको बालकको बालग्रह आदि निवारणका साथै यसको आयु आरोग्य र उत्तरोत्तर हर्ष विजय प्राप्ति हओस् भनेर यो छैंटीको उत्सवमा गरिएको षष्ठिका आदि देवताको पूजाको अङ्गपूर्तिका निमित्त यो चन्द्रदेवतासम्बन्धी चाँदीको रूपियाँ (श्रीसूर्य देवतासम्बन्धी तामाको पैसा) तत्तद् गोत्र र नामका ब्राह्मण पुरोहित कन्या कुमार सौभाग्यवतीहरूलाई यथायोग्य भाग लगाई यथाकाल दिना निमित्त यहाँ राखिदिन्छु । ॐ तत्सत् ।)

यसरी संकल्प गरे पछि विसर्जन गरिदिनू र प्रसाद ग्रहण गरेर ब्राह्मण पुरोहित कन्या कुमार ब्राह्मण दम्पति सौभाग्यवती छोरी बेटी भानिज जुवाईहरू सबैलाई टीका लाइदिईकन दक्षिणा-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



हरू दिएर आफ्नो औकात अनुसार सबैलाई भोजन गराउनू अनि आधा रातमा वा पूजाहरू सकिए पछि 'राहुबेध' गर्ने भनेर अघि ढोकामाथि झुण्ड्याएर राखेको पोटलिका (सानो पोको) लाई काँड हानेर खसालिदिनू र सुत्केरीकोठामा रातभरी वत्ती बालेर राख्नू र रक्षाका निमित्त शस्त्रधारी पुरुषहरूलाई पहरा राख्नू ।

अनि (आफूहरूले पनि इष्ट मित्र सहित भोजन गर्नू र) नाच गान वजानहरू गरेर रात बिताउनू ।

(यसमा कोही भोलिपल्ट विहान मात्र विसर्जन गर्ने पनि गर्दछन् ।)

(यो दिन छोरो जन्मेको खुशियालीको उपलक्षमा दोसल्ला बकस इनामहरू दिएर वन्धुबर्ग इष्टमित्रहरूलाई सन्तुष्ट गराउने पनि गर्दछन् ।)

पूजाहरू सकिएपछि हातमा जल लिएर तल लेखिए अनुसार कर्म ईश्वरमा अर्पण गर्नू –

ॐ कायेन वाचा मनसेन्द्रियैर्वा बुद्ध्यात्मना वा प्रकृतिस्वभावात् ।
करोमि यद्यत् सकलं परस्मै नारायणायेति समर्पये तत् ।।

"शरीर वाणी मन बुद्धि इन्द्रिय आत्मादिले वा प्रकृतिस्वभावले ।
गरें यहाँ जो सव गर्छु अर्पण परेशनारायणमा म भक्तिले" ।।

अनि हात जोडेर तल लेखिए अनुसार प्रार्थना गर्नू –

ॐ प्रमादात् कुर्वतां कर्म प्रच्यव्येताध्वरेषु च ।
स्मरणादेव तद् विष्णोः संपूर्णं स्यादिति श्रुतिः ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



"चुकिन्छ नै कर्म गर्दा यज्ञयागादिमा पनि ।
विष्णुलाई सम्झनाले पूर्ण त्यो हुन्छ रे अनि ।।"

ॐ यस्य स्मृत्या च नामोक्त्या तपोयज्ञक्रियादिषु ।
न्यूनं सम्पूर्णतां याति सद्यो वन्दे तमच्युतम् ।।

ॐ अच्युताय नमः ३

"जसको स्मरणले नाम लिनाले धर्मकर्ममा ।
त्रुटिपूर्ति हुन्छ ती अच्युतको गर्छु वन्दना ।।"

अच्युत भगवान्लाई नमस्कार ३

ॐ चतुर्भिश्च चतुर्भिश्च द्वाभ्यां पञ्चभिरेव च ।
हूयते च पुनर्द्वाभ्यां स मे विष्णुः प्रसीदतु ।।

"चार चार दुई पाँच र दुईले मिलीकन ।
दिइन्छ आहुती जसको ती विष्णु हुन् खुशीमन ।।"

शुभमस्तु ।

इति षष्ठिकापूजाविधि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

( ६ )

# नामकरण

(नुवारान)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

## अथ नामकरण
### (नुवारान)

नामकरण भनको नयाँ जन्मेको बालकलाई नाम राख्ने संस्कार हो। यसलाई नुवारान वा नुवारान गर्ने पनि भन्दछन् ।

यो संस्कार सामान्यतः बालक जन्मेको एघार दिनको दिन गरिन्छ । तर कहिलेकाहीं विशेष परिस्थिति पर्न आयो भने त्यस भन्दा पछि पनि गरिन्छ ।

यसमा नुवारानको अघिल्लो दिन अर्थात् सुत्केरी भएको दश दिनको दिन बिहान सुत्केरी महिलालाई कुनाबाट बाहिर निकालेर नुहाई धुवाई गर्न लाईकन सूनपानी खान दिन्छन् र छोंक पनि दिन्छन् । कुनामा सुत्केरीले ओछ्याएका परालहरू झिकेर बाहिरतिर लगीकन बालेर मिल्काइदिन्छन् । कहीं कहीं सुत्केरीले नुहाएर त्यही आगो ताप्ने पनि गर्दछन् । सुत्केरीले चलन गरेका अरू लुगा कपडा भांडा कुँडाहरू चाहिं धोई पखाली माजी गरेर चोख्याउँछन् र ओबाए पछि तिनमा आगोको फिलिगो हालीकन सूनपानी छर्केर राख्तछन् । माटाका भांडा मकल घडाहरू सबै फोरेर फालिदिन्छन् र सुत्केरी कुना बसेको ठाउँमा बढार कुँढार गरीकन सफा गरेर लिपपोत गर्न लाएर राख्तछन् र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अनि त्यसैमा अर्को ओछ्यानहरू लाएर सुत्केरीलाई त्यहाँ राख्तछन् । त्यस दिन सुत्केरीलाई र कुना पस्ने सुसारे (सुत्केरीको सुसार गर्ने) आइमाईलाई मेथी जाउलो पकाएर खान पनि दिन्छन् ।

अनि त्यसको भोलिपल्ट अर्थात् सुत्केरी भएको एघार दिनको दिन बिहान बालकलाई पनि मनतातो पानीहरूले नुहाइ दिएर थाङ्नाहरु फेराएर राख्तछन् र बालकको बाबुले स्नानहरू गरीकन 'पञ्चगव्य' खाएर जनै फेरेर शुद्ध वस्त्र (चोखो लुगा-हरू) लाएर बस्तछन् । साथै घरका अरू परिवार र दाजुभाइ-हरूले पनि त्यसै गर्दछन् । 'पञ्चगव्य' (गउँत) ब्राह्मण पुरोहित-हरूले बिधिपूर्वक मिलाईकन मन्त्रेर खान दिन्छन् र घरमा पनि सबैतिर छर्कन्छन् ।

अरू संस्कारहरूमा झैं यसमा (नुवारानमा) पनि शास्त्र अनुसारको पूर्वाङ्ग अर्थात् गणेशपूजा मातृकापूजा आभ्युदयिक श्राद्ध ग्रहशान्तिहरू सबै गर्नुपर्ने हो । तर हाम्रो 'नुवारान' मा यसरी पूर्वाङ्गगर्ने चलन धेरैको घरबाट प्राय हराइसकेको छ । तथापि संक्षेपमा भएपनि गणेशपूजा र मातृकापूजाहरू गरीकन वृद्धिश्राद्धको सट्टा त्यसको अनुकल्परूपमा सूनदान वा गोदान सम्म भए पनि गरेर मात्र नुवारान गर्नुपर्दछ ।

यसमा नाम राख्ता शास्त्रमा धेरै प्रकार वताइएको छ ता पनि हाम्रो यहाँ बालकको जन्मनक्षत्र अनुसार अवकहडाचक्र जुराएर जुन अक्षर पर्दछ त्यसैबाट उठेको नाममा आफ्ना कुल-देवता इष्टदेवता मासदेवताहरूको नाम मिल्ने गरेर त्यसमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



प्रायः बाबु बाज्येका नामको पछाडि 'जोडिने नाथ, प्रसाद, दत्त, विक्रम,पराक्रम,बहादुर, शम्शेर' जस्ता पद समेत राखेर बालकको नामकरण गर्ने पनि चलन छ । यसमा कसैले अरू कुनै विशेष कारणबाट विशेष प्रकारको नाम राख्ने पनि गर्दछन् ।

कारणवश अघि बालकको जातकर्म नभएको भए यसै अवसरमा एउटा प्रायश्चित्त गोदान गरेर माथि जातकर्ममा बताइए अनुसार 'आयुष्यकरण' र 'अभिमर्शन' का मन्त्रहरूद्वारा बालकलाई मुसारेर जातकर्म पूरा गर्दछन् । यस्तोमा मेधाजनन आदि अरू कर्महरू चाहिं गरिंदैनन् । तिनको लोपै हुन्छ । छोरीको चाहिं मन्त्र नपढीकन विना मन्त्र नै गर्दछन् ।

'नुवारान' मा होम गर्ने विधान शास्त्रले बताएको छैन । 'शण्डामर्कहोम' यद्यपि कुनाभित्र दश दिनसम्म प्रतिदिन बिहान बेलुका गर्नू भनेर सूत्रकारले भनेका छन् ता पनि हाम्रो यहाँ एघार दिनको दिन अर्थात् 'नुवारान' को दिन मात्र ढूटो र भलायो-को आहुति दिएर सो होम गर्ने चलन छ ।

बालक जन्मिदा ज्येष्ठा अश्लेषा मूल नक्षत्र कृष्ण चतुर्दशी आदि दुष्टयोगहरू परेको छ वा जुम्ल्याहा, दाँतसहित भएर जन्मेको छ भने यसै अवसरमा त्यसको शान्ति गरेर नाम करण गरिनुपर्दछ । तिनको शान्तिको विधान अन्यत्र लेखिएको छ ।

## नामकरणप्रयोगविधि

यसमा कर्ता भएर बालकको नामकरण (नुवारान) गर्ने बावुले (अथवा बाबुको अनुपस्थितिमा बालकको दाजु काका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



बाज्ये कसैले) नुहाई धुवाई पञ्चगव्य (गउँत) खाई जनै फेरी शुद्धवस्त्रहरू लगाईकन हातगोडा धोई कुल्ला गरी शुद्ध भएर पहिले आफ्नो अरू नित्यकर्महरू सिध्याउनू र अनि नुवारान-को (होमहरू) गर्न ठीक पारेको ठाउँमा आएर गणेश र आफ्ना इष्टदेवताहरूलाई सम्झेर मनमनले नमस्कार गरीकन पूर्व फर्केर आफ्नो आसनीमा बस्नू र आचमन प्राणायामहरू गरीकन दीयो बालेर यथाविधि कर्मपात्र बनाउनू । अनि तीन टुक्रा कुश सहित कर्मपात्रको जल लिएर तलको मन्त्रले आफूलाई पनि सेचन गर्नू अन्त पनि सबैतिर छर्कनू–

ॐ अपवित्रः पवित्रो वा सर्वावस्थां गतोपि वा ।
यः स्मरेत् पुण्डरीकाक्षं स बाह्याभ्यन्तरः शुचिः ।।
ॐ पुण्डरीकाक्षः पुनातु

"म चोखो हूँ कि बिटुलो जुन सुकै स्थितिमा हऊँ ।
श्रीविष्णुलाई सम्झेर चोखो सर्वत्र नै बनूँ ।।"
"पुण्डरीकाक्ष विष्णुले चोखो गराऊन्"

यसपछि प्रतिज्ञासंकल्प तथा ब्राह्मणवरण–

यसमा कर्ता भएर काम गर्ने यजमानले हातमा जउतिलकुश र कर्मपात्रको जल सहित ब्राह्मणवरणलाई चाहिने चन्दन अक्षता फूल दूवो वस्त्र भेटी सिंगो सुपारीहरू समेत लिएर पहिले तल लेखिए अनुसार संकल्प गर्नू–

ॐ अद्येह......गोत्रः.....प्रवरः..... शर्मा (वर्मा वा) अहं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ममास्य अभिनवजातबालक(पुत्र)स्य बीजगर्भसमुद्भवैनोनिवर्हणार्थमायु(:श्रियो)रभिवृद्ध्यर्थं व्यवहारसिद्ध्यर्थम् (आरोग्याभ्युदयलम्भनार्थं च) श्रीमत्परमेश्वरप्रीतये दीपकलशगणेशादिदेवतापूजनपूर्वकम् अद्यकर्त्तव्यनामकरणकर्म तदनन्तरं निष्क्रमणं सूर्यविक्षणं(भूम्युपवेशनं)च तन्त्रेण यथाविधि करिष्ये, तत्तत् कर्म कर्तुम् (पुण्याहवाचनार्थं च) एभिश्चन्दनपुष्पाक्षतपूगीफलवासोद्रव्यादिभिर्यथानामगोत्रान् यथानामशर्मणो ब्राह्मणान् युष्मान् वृणे ।

(आज यहाँ......... गोत्र........प्रवर र नामको म मेरो यो नयाँ जन्मेको बालक (पुत्र) को शुक्रशोणित (रजवीर्य) को संयोगरूप गर्भबाट हुन आउने दोषको निवारणका निमित्त, (श्री र) आयुको अभिवृद्धिका निमित्त र व्यवहार चलाउनका निमित्त ( र आरोग्य तथा अभ्युदयको प्राप्तिका निमत्त) श्रीपरमेश्वरको प्रीतिका लागि दीप कलश गणेशहरूको पूजा गरीकन आज गरिने नामकरण(नुवारान) को काम, त्यसपछि निष्क्रमण अर्थात् बालकलाई बाहिर निकाल्ने र सूर्यको दर्शन गराउने काम (र भूइँमा राख्ने काम) समेत क्रमैसंग यथाविधि गर्दछु । तत्तत् कामहरू गर्न (र पुण्याहवाचन समेत गराउन) यी चन्दन अक्षता फूल सिगो सुपारी वस्त्र द्रव्यहरूद्वारा तत्तत् गोत्र र नामका तपाइँ ब्राह्मणहरूलाई वरण गर्दछु ।)

अनि यसरी संकल्प गरेपछि ब्राह्मणहरूलाई टीकाहरू लाइदिएर वरण गर्नू र दीप कलशहरूको स्थापना गरीकन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



गणेशपूजा गर्नू र (स्वस्तिवाचन) पुण्याहवाचनहरू गरेर कलशमैं भएपनि (गणेश सहित) गौरी आदि शोडश मातृकाहरूको र सूर्य आदि नवग्रहहरूको पूजा गरेर आभ्युदयिक (वृद्धि) श्राद्धको सट्टा सूनदान वा गोदान पनि गर्नू ।

अनि अग्निस्थापनाको विधिले वेदीमा पञ्च भूसंस्कारहरू गरीकन विधिपूर्वक कुशकण्डिकाहरू गरेर 'पार्थिव' नामका अग्निको स्थापना गर्नू र ध्यान आवाहन पूजा प्रार्थनाहरू सबै गरेर ब्राह्मणहरूलाई ब्रह्मा (होता) हरूको रूपमा आसन दिएर तत्तत् स्थानमा राखिदिनू र आपनो चलन अनुसार यज्ञमण्डपमा थापेका ब्रह्मा विष्णु आदि देवताहरू सबैको पूजा पनि गर्नू ।

अनि अग्निस्थापनाकै विधिले अग्निमा आघार आज्यभाग आउतिहरू दिएर पञ्चवारुणी होम समेत सबै गर्नू ।

(कसैले चतुःस्वस्तिसम्मको हवन वा त्यसपछिको चरुहोम पनि सिध्याउँछन् ।)

त्यसपछि अघिबाटै मनतातो पानीहरूले नुहाई धुवाई सकी पछारेको चोखो वस्त्रहरू फेराएर राखेको बालकलाई (सुत्केरीसहितै) ल्याएर अग्निको प्रदक्षिणा गराईकन दाहिने कान माथि पर्ने गरी पूर्व फर्काएर (आमाको) काखमा लिन लाउँनू र (मसिनो कनिका सहितको) ढूटो र भलायो (सर्सिउँ) लिएर त्यसले तल लेखिए अनुसार अघि जातकर्ममा बताए झैं दुई आहुति शण्डामर्कहोम गर्नू —

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ॐ शण्डामर्का इति प्रजापतिऋषिरनुष्टुप् छन्दः अग्निर्देवता (सूतिकाबालरक्षार्थं) फलीकरणमिश्रसर्षपहोमे विनियोगः–

(‘शण्डामर्का’ यो मन्त्रका ऋषि प्रजापति, छन्द अनुष्टुप् र देवता अग्नि हुन् । यसको (सुत्केरी र बालकको रक्षार्थ) (ढूटो भलायो सहित) सर्सिउँ र कनिका होम गर्नमा विनियोग गरिन्छ ।)

(यसमा कोही ‘अग्निर्देवता’ भन्ने सट्टा ‘लिङ्गोक्ता देवताः’ भनेर शण्डामर्कहरूलाई देवतारूपमा लिने गर्छन् र तिनैलाई आहुति दिने गर्दछन् ।)

(१) ॐ शण्डामर्का उपवीरः शौण्डिकेय उलूखलः ।
मलिम्लुचो द्रोणासश्च्यवनो नश्यतादितः- स्वाहा ॥
इदमग्नये नमम ॥

(शण्डामर्क उपवीर शौण्डिकेय उलूखल ।
मलिम्लुच र द्रोणास भागून् च्यवन यी सव ॥)
(यो आहुति अग्निलाई सुहुत होस्) ।

(यसमा ‘इदमग्नये नमम’ (यो आहुति अग्निलाई) भन्ने सट्टा–

“इदं शण्डामर्काभ्यामुपवीराय शौण्डिकेयायोलूखलाय मलिम्लुचाय द्रोणासाय च्यवनाय नमम”

(यो आहुति शण्ड अमर्क उपवीर शौण्डिकेय उलूखल मलिम्लुच द्रोणास र च्यवनलाई)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भनेर आहुति दिने पनि गर्दछन् ।)

ॐ आलिखन्निति प्रजापतिर्ऋषिस्त्रिष्टुप् छन्दः अग्निर्देवता (सूतिकाबालरक्षार्थं) फलीकरणमिश्रसर्षपहोमे विनियोगः—

('आलिखन्' यो मन्त्रका ऋषि प्रजापति, छन्द त्रिष्टुप र देवता अग्नि हुन् । यसको (सुत्केरी र बालकको रक्षार्थ) (अग्निमा) (ढूटो भलायो सहित) सर्सिउँ र कनिका होम गर्नमा विनियोग गरिन्छ ।)

(यसमा पनि कोही 'अग्निर्देवता' भन्ने सट्टा 'लिङ्गोक्ता देवताः' भनेर आलिखन्हरूलाई देवतारूपमा लिने गर्दछन् र तिनैलाई आहुति दिने गर्दछन् ।)

(२) ॐ आलिखन्ननिमिषः किंवदन्त उपश्रुतिः ।
हर्यक्षः कुम्भीशत्रुः पात्रपाणिर्नृमणिः ।
हन्त्रीमुखः सर्षपारुणश्च्यवनो नश्यतादितः—स्वाहा ।।
इदमग्नये नमम ।।

"आलिखन् र अनिमिष किंवदन्त उपश्रुति ।
हर्यक्ष कुंभीशत्रु र पात्रपाणि र नृमणि ।।
हन्त्रीमुख सर्षपारुण र च्यवन नामक ।
भागून् ग्रहहरू सारा यहाँबाट सबै अब ।।"
(यो आहुति अग्निलाई सुहुत हओस्)

(यसमा पनि अघि झैं 'इदमग्नये नमम' (यो आहुति अग्निलाई) भन्ने सट्टा—

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



'इदमालिखतेऽनिमिषाय किंवदन्ताय उपश्रुतये हर्यक्षाय कुम्भीशत्रवे पात्रपाणये नृमणये हन्त्रीमुखाय सर्षपारुणाय च्यवनाय नमम।'

(अर्थात् यो आहुति आलिखन् अनिमिष किंवदन्त उपश्रुति हर्यक्ष कुम्भीशत्रु पात्रपाणि नृमणि हन्त्रीमुख सर्षपारुण र च्यवन-लाई)

भनेर आहुति दिने पनि गर्दछन् ।)

यस पछि टपरी थाली किस्तीहरूमा दुइ भाग चामल हालेर तिनमा एक एक जोर जनै (सिंगो) सुपारी पान केरा (फलफूल) वस्त्र भेटीहरू पनि हालेर दूबो लावा अबीर सगुन सहित ठीक पारेर राख्नू र दुइटा नच्यातिएका प्वाल नपरेका सग्ला सद्दे पीपलका पात लिएर तिनमा सूनको तारले वा कुशको टुक्राले कुङ्कुम कस्तूरीहरू मिसेको केसरी चन्दनहरु चोपेर तल लेखिए अनुसार मन्त्र लेख्नू र त्यसमा बालकलाई राख्ने (जुराएको) नाम पनि लेख्नू–

श्री:

ॐ स्वस्ति श्रीमन्मङ्गलमूर्तये नम:

'.......... ..... ......नाम बालको दीर्घायुर्भूयात्'

शुभम्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(यसमा कोही एउटा पातमा राख्ने (जुराएको) नाम र अर्को पातमा बोलाउने नाम लेख्ने पनि गर्दछन्)

छोरीको भए माथि पीपलको पातमा '...नामा बालकः' को सट्टा '......नाम्नी बालिका' भनेर मिलाईकन लेख्नुपर्दछ ।

अनि यसरी पीपलका पातमा नाम लेखिसकेपछि तिनलाई अघि चामल वस्त्रहरू हालेर राखेको टपरी थालीहरूमा माथिबाट देखिने गरी फिजाएर राख्तछन् र—

ॐ मङ्गलं भगवान् विष्णुर्मङ्गलं गरुडध्वजः ।
मङ्गलं पुण्डरीकाक्षो मङ्गलायतनं हरिः ॥

"विष्णुले मङ्गल गरून् गरूडध्वजले गरून् ।
हरिले मङ्गल गरून् पुण्डरीकाक्षले गरून् ॥"

भनेर चन्दन अक्षता फूल दूबो लावा अबीरहरूले पूजा गर्दछन् ।

अनि यस पछि लग्नको सर्वारिष्टशान्तिका निमित्त—

'ॐ अद्येह ममास्याभिनवजातबालक(पुत्र)स्य(ममास्या अभिनवजाताया बालिकापुत्र्या वा)नामकरणलग्नात् अरिष्ट-स्थानस्थितैः सूर्यादिनवग्रहैः सूचितसूच्यमानसूचयिष्यमाणसक-लारिष्टशान्त्यर्थं तेषां सर्वथा शुभफलदायित्वसिद्ध्यर्थम् इमां गां रुद्रदेवताकां तत्प्रत्याम्नायरूपं रजतखण्डं चन्द्रदेवताकं ...... गोत्राय ......शर्मणे ब्राह्मणाय तुभ्यमहं संप्रददे ।,

(आज यहाँ मेरो नयाँ जन्मेको (की) बालक (छोरो) को (अथवा बालिका(छोरी) को) नाउँ राख्ने लग्न देखि अशुभ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



स्थानमा रहेका सूर्यादि नवग्रहहरूले (सूनाच) गरिने सम्पूर्ण अरिष्टको शान्तिका लागि र तिनीहरू सर्वथा शुभफल दिने हुउन् भन्नाका निमित्त रुद्रदेवतासम्बन्धी गाईको सट्टा यो चन्द्रदेवतासम्बन्धी चाँदीको रूपियाँ... गोत्र र .... नामका तपाइँ ब्राह्मणलाई दिन्छु (दिएँ) ।)

भनेर एउटा गोदान गरीकन दानप्रतिष्ठा समेत गरेर ब्राह्मणका हातमा राखिदिनू ।

(यसमा नाउँ राख्नुभन्दा पहिले (तीन चार जना) ब्राह्मणहरूलाई भोजन गराएर मात्र नाउँ राख्नू भन्ने शास्त्रमा लेखिएको छ ।)

अनि पञ्चैबाजाहरूको ध्वनिका साथ मङ्गलपाठ स्वस्ति-वाचनहरू गराईकन गणेश विष्णु र इष्टदेवताहरूलाई सम्झेर ज्योतिषीले दिएको शुभ मुहूर्त (शुभलग्न शुभांश) मा पहिले त्यो पातमा लेखिए अनुसारको राख्ने नाम उच्चारण गरेर बालकको दाहिने कानमा–

'.........नामासि बालक (त्वं) दीर्घायुर्भूयाः ।'

(...........नामका भयौ बाबु (तिमी) दीर्घायु भए ।)

भनेर (तीन पल्ट) सुनाइदिनू ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



छोरीलाई भए–

'......नाम्नी असि बालिके (त्वं) दीर्घायुर्भूयाः ।'

(............नामकी भयौ नानी (तिमी) दीर्घायु भए ।)

भनेर नाम राख्नुपर्छ ।

(यसरी नाम राखिसके पछि त्यो नाम लेखेको पात दूबो फूल सहित बालकको शिरमा वा सिरहानमा राखिदिन्छन् ।)

❀यस पछि बालकलाई लक्ष्य गरेर तलको मन्त्र उच्चारण गर्नू भन्ने पनि कसैले लेखेका छन्–

"अङ्गादङ्गात् संभवसि हृदयादधिजायसे
आत्मा वै पुत्रनामासि स जीव शरदः शतम् ।।"

"अङ्ग अङ्गबाट मेरो जन्म्यौ हृदयबाट जो ।
आफू नै हौ तिमी पुत्र ! बाँच भै सय वर्षको ।।"

तर सूत्रकारले भने यो मन्त्रलाई पिताले प्रवासबाट आएर पुत्रको मुख हेर्दा प्रयोग गरिनेमा लेखेका छन् ।

अनि–

"ॐ अद्येह मम...नाम्नो बालकस्य (नाम्न्या बालिकाया वा) कृतैतन्नामकरण ( नामकरणाङ्गभूतहवन ) कर्मणः साङ्गतासिद्ध्यर्थम् इमां गां रुद्रदेवताकां तत्प्रत्याम्नायरूपं रजतखण्डं चन्द्रदेवताकं...गोत्राय...शर्मणे ब्राह्मणाय (आचार्याय) तुभ्यमहं संप्रददे ।"

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(आज मेरो ........ बालकको वा बालिकाको यहाँ गरिएको यो नुवारान (नुवारानको होम) सम्बन्धी कामको अङ्गपूर्तिका निमित्त रुद्रदेवतासम्बन्धी गाईको सट्टा चन्द्रदेवतासम्बन्धी यो चाँदीको रूपियाँ .......गोत्र र ....... नामका तपाइँ ब्राह्मण-(आचार्य) लाई दिएँ।)

भनेर संकल्प गरीकन गोदान गरेर दानप्रतिष्ठा सहित ब्राह्मणका हातमा राखिदिनू ।

अनि फेरि दक्षिणा दिइने रूपियाँ पैसाहरू लिएर–

'ॐ अद्येह मम.... नाम्नो बालकस्य (नाम्न्या बालिकाया वा) कृतैतन्नामकरण (नामकरणाङ्गभूतहवन) कर्मणः साङ्गतासिद्ध्यर्थं न्यूनातिरिक्ततादिदोषपरिहारार्थम् इमां (भूयसीं) दक्षिणां यथानामगोत्रेभ्यो यथानामशर्मभ्यो ब्राह्मणेभ्यो दातुमहमुत्सृजे ।'

(आज यहाँ मेरो.....नामक बालकको (अथवा.....नामकी बालिकाको) गरिएको यो नामकरण (नुवारान) को अङ्गपूर्ति होस् र घटी बढी परेकोबाट हुन आउने दोष निवारण होस् भन्नाका निमित्त यो (धेरै) दक्षिणा तत्तत् नाम र गोत्रका ब्राह्मणहरूलाई दिना निमित्त म (यहाँ) छोडिदिन्छु ।)

भनेर दक्षिणा संकल्प गरेर ब्राह्मणहरूलाई दिनू ।

अनि तल अर्को पत्रमा लेखिए अनुसार सूर्यपूजा गराएर निष्क्रमण र सूर्यदर्शन गराउनू ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अनि त्यहाँ थापेका देवताहरूको विसर्जन गरेर 'कायेन वाचा' इत्यादि भनेर कर्म ईश्वरमा अर्पण गर्नू ।

अनि ब्राह्मणहरूका हातबाट अभिषेक तिलक प्रसादहरू ग्रहण गर्नू र ब्राह्मणहरूलाई भोजन गराएर आफूले पनि इष्ट मित्र बन्धुबान्धवहरू सहित बसेर भोजन गर्नू ।

(यसमा विशेष अघि आहुति दिएको (डढेको) अलायो झिकीकन त्यसको तिलक बनाएर बालकलाई लाइदिन्छन् र एकजना सिपालु मानिसले बालकलाई हातमा लिएर अघि होम गरेको यज्ञवेदीमाथि (यज्ञको आगोमाथि) तीन पल्ट उफारिदिन्छन् र यथास्थान लगेर राख्तछन् ।)

इति नामकरणप्रयोग

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



## तान्त्रिक नामकरण

यसमा आमाले बालकलाई नुहाई धुवाई गरेर सफा शुद्ध जोर वस्त्रहरु लाइदिईकन (काखमा) लिएर पतिका समीप आउनू र (बसेर) बालकलाई पूर्व फर्काएर राख्नू ।

अनि बाबुले तलको मन्त्र पढेर सून सहितको कुशपानीले बालकको शिरमा अभिषेक (सेचन) गरिदिनू–

"जाह्नवी यमुना रेवा सुपवित्रा सरस्वती ।
नर्मदा वरदा कुन्ती सागराश्च सरांसि च ।
एते त्वामभिषिञ्चन्तु धर्मकामार्थसिद्धये ।।"

"गंगा र यमुना रेवा सुपवित्रा सरस्वती ।
नर्मदा वरदा कुन्ती सरोवर समुद्रले ।
अभिषेक गरून् तिम्रो धर्मकामार्थ खातिर ।"

यसपछि फेरि प्रत्येकमा अघिल्तिर "मायाबीज" राखिकन तलका तीन मन्त्रले त्यसै गरी अभिषेक गर्नू–

आपो हिष्ठा मयोभुवस्तान ऊर्जे दधातन ।
महे रणाय चक्षुषे ।।१।।

"जल! छौ सुखका स्रोत हामीलाई पनि अब ।
उपभोग गराऊ त्यो परमानन्द-षड्रस ।।"

यो वः शिवतमोरसस्तस्य भाजयतेह नः ।
उशतीरिवमातरः ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



"सबभन्दा हितकारी जो रस तिम्रो छ हे जल !
मायालु आमाहरूले गरे झैं नै निरन्तर ।
गराऊ त्यसको भागी हामीलाई पनी चिर ।।"

तस्माऽअरङ्गमामवो यस्य क्षयाय जिन्वथ ।
आपो जनयथा च नः।।

"तृप्त पार्छौ विश्वलाई जल ! जुन रसले तिमी ।
तृप्त पार त्यसैले नै हामीलाई पनी तिमी ।।"

यसरी अभिषेक गरिसकेपछि अघि झैं (माथि पुंसवनमा बताए झैं) अग्निको संस्कार गरीकन (अग्निस्थापना गरेर) धाराहोमसंमको काम सम्पन्न गर्नू ।

अनि तिनै 'पार्थिव' नामका अग्निमा तल लेखिए अनुसार मन्त्र पढेर क्रमैसित पाँच देवतालाई पाँच आहुति दिनू–

(१) अग्नये स्वाहा– (अग्निलाई (यो) आहुति सुहुत हुओस् ।)

(२) इन्द्राय स्वाहा– (इन्द्रलाई (यो) आहुति सुहुत हुओस् ।)

(३) प्रजापतये स्वाहा– (प्रजापतिलाई (यो) आहुति सुहुत हुओस् ।)

(४) विश्वदेवेभ्यः स्वाहा– (विश्वदेवहरूलाई (यो) आहुति सुहुत हुओस् ।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(५) ब्रह्मणे स्वाहा– (ब्रह्मालाई (यो) आहुति सुहुत हुओस् ।)

यसपछि (यति होम गरिसकेपछि) छोरालाई काखमा लिएर उसको दाहिने कानमा बाबुले थोरै अक्षरको सजिलो र शुभ (राम्रो) 'नाम' तीन पल्ट (उच्चारण गरेर) सुनाइदिनू र ब्राह्मणहरूलाई पनि निवेदन गर्नू ।

अनि स्विष्टकृत् हवनहरू गरेर कर्म मसाप्त गर्नू ।

(छोरीको 'निष्क्रमण' हुँदैन, वृद्धिश्राद्ध पनि गरिदैन । नुवारान पासनीहरू मन्त्र नपढीकन विना मन्त्र नै सम्पन्न गरिन्छन् । )

इति तान्त्रिक नामकरण

इति संक्षिप्त नामकरणविधि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# ( ७ )

# निष्क्रमण

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

## अथ निष्क्रमण

'निष्क्रमण' भनेर बालकलाई घरबाट 'बाहिर निकाल्ने' संस्कारलाई भन्दछन् । यो संस्कार जन्मेको चार (चौथो) महीनामा गर्नू भन्ने लेखिएको छ ता पनि हाम्रो यहाँ 'नुवारान' कै दिन नाम राख्ने काम सकिएपछि बालकलाई आँगनमा निकालेर सूर्यको दर्शन गराउँछन् र 'निष्क्रमण' को विधि पूरा गर्दछन् ।

हाम्रो यहाँ बालकको वास्तविक निष्क्रमण चाहिं 'अन्नप्राशन' को दिन मात्र हुन जान्छ । यो 'निष्क्रमण' नुवारानको दिन संगै गरिने हुनाले यसको छुट्टै पूर्वाङ्ग गरिरहनु पर्दैन । नुवारानको पूर्वाङ्ग गर्दा निष्क्रमणको समेत भनेर संकल्प गरेमा एउटै पूर्वाङ्गले दुबैतिरलाई हुन्छ ।

यसमा अघि 'नामकरण' को (प्रतिज्ञा) संकल्प गर्दा 'निष्क्रमण' को समेत भनेर गरिने हुनाले यसको बेग्लै संकल्प नगरे पनि हुन्छ ।

### प्रयोग

यसमा पहिले घरको बाहिरपट्टि आँगनहरूमा खुला ठाउँ पारेर एक टुक्रा सफा भूइँमा गोवर माटोले पोत्नू र त्यसमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अष्टदल कमलको रेखी हालेर गोबरको सानो कुण्ड जस्तो बनाउनू अनि–

ॐ ध्येय: सदा सवितृमण्डलमध्यवर्ती
नारायण: सरसिजासनसन्निविष्ट: ।
केयूरवान् मकरकुण्डलवान् किरीटी
हारी हिरण्मयवपुर्धृतशङ्खचक्र: ॥

"श्रीसूर्यको विशदमण्डलभित्र सम्झ
नारायणै कमलबीच विराजमान ।
केयूर कुण्डल किरीट र हार लाई
ली शङ्ख चक्र रहने र सुवर्णधाम ॥"

भनेर तदनुसार ध्यान गर्नू र तलको मन्त्रले त्यो गोबरको कुण्डमा श्रीसूर्यनारायणको आवाहन गरेर जो भएको उपचारले पूजा गर्नू–

ॐ आकृष्णेन रजसा वर्तमानो निवेशयन्नमृतं मर्त्यञ्च ।
हिरण्ययेन सविता रथेना देवो याति भुवनानि पश्यन् ॥

(भगवान् सूर्य (दिन) रात गराउँदै स्वर्ग र मर्त्यको व्यवस्था मिलाउँदै (मर्त्यलोकमा समेत अमृत वर्षाउँदै) सारा लोकको चालामाला हेर्दै सूनको रथमा बसेर घुमी घुमी आउनु हुन्छ । (म उहाँलाई पूजा गर्छु ।)

अनि फेरि हातमा फूल अक्षताहरू लिएर–

ॐ नम: सवित्रे जगदेकचक्षुषे जगत्प्रसूतिस्थितिनाशहेतवे ।
त्रयीमयाय त्रिगुणात्मने नमो विरञ्चिनारायणशङ्करात्मने ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



"सबै जगत्का नयनस्वरूप र त्रिलोकसृष्टिस्थितिनाशकारण।
त्रिवेदमूर्ति त्रिगुणात्मरूप! हे प्रणाम ब्रह्माशिवविष्णुरूपका ।।

भनीकन श्रीसूर्यनारायणलाई चढाएर नमस्कार गर्नू र तलको मन्त्रले अर्घ दिनू–

ॐ एहि सूर्य सहस्रांशो तेजोराशे जगत्पते ।
अनुकम्पय मां देव गृहाणार्घ्यं दिवाकर ।।

"हे सूर्य लौ आउनुहोस् तेजोराशि! जगत्पति ! ।
दया गर्नोस् ममा देव! लिनुहोस् अर्घ यो यति ।।"

यसरी पूजा गरिसकेपछि बालकलाई मङ्गलध्वनिका साथ बाहिर आँगनमा ल्याउनू र तलको मन्त्रले श्रीसूर्यनारायणको दर्शन गराइदिनू ।

(छोरीलाई भए विना मन्त्र त्यसै दर्शन गराइदिनू ।)

ॐ तच्चक्षुर्देवहितं पुरस्ताच्छुक्रमुच्चरत् ।
पश्येम शरदः शतं जीवेम शरदः शत ꣳ शृणुयाम शरदः शतं प्रब्रवाम शरदः शतमदीनाः स्याम शरदः शतं भूयश्च शरदः शतात् ।।

(देवताहरूका प्यारा, शुद्ध र जगत्का नेत्रस्वरूप (यी) भगवान् सूर्यनारायण अघिल्तिर (पूर्व दिशामा) उदाउँछन् (उदाएका छन्)। (यिनको अनुग्रहले) हामी सयै वर्षसम्म राम्रोसंग आँखा देख्ने, कान सुन्ने, मजासित बोल्न सक्ने र कसैसंग

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ननिहुरिने (निहुरिन नपर्ने) भएर बाँचौं र सय वर्ष भन्दा उता पनि अझ त्यसै गरी बाँच्ने होऔं ।)

अनि–

'अद्येह ममास्य...नाम्नो बालक(पुत्र)स्य (अस्या... नाम्न्या बालिकाया:(पुत्र्या:)कृतैतन्निष्क्रमणकर्मण: साङ्गतासिद्ध्यर्थम्, (आज यहाँ गरिएको यो मेरो .. नामको बालक(छोरो) को (अथवा ... नामकी बालिका (छोरी) को) निष्क्रमण संस्कारको अङ्गपूर्तिका निमित्त)

भनेर गोदान दक्षिणाहरू संकल्प गरेर दिनू र अभिषेक फूल प्रसादहरू ग्रहण गरेर तल लेखिए अनुसार कर्म ईश्वरमा अर्पण गर्नू–

ॐ कायेन वाचा मनसेन्द्रियैर्वा बुद्ध्यात्मना वा प्रकृतिस्वभावात् ।
करोमि यद्यत् सकलं परस्मै नारायणायेति समर्पये तत् ।।

'शरीर वाणी मन बुद्धि इन्द्रिय आत्मादिले वा प्रकृति स्वभावले ।
गरें यहाँ जो सब गर्छु अर्पण परेश नारायणमा म भक्तिले ।।'

अनि ब्राह्मणहरूलाई भोजन गराएर इष्टमित्र बन्धु बान्धव सहित आफूहरूले पनि यथासमय भोजन गरेर बस्नू ।

शुभम्

इति निष्क्रमण

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



## तान्त्रिक निष्क्रमण

यसमा बालकको बाबुले आफ्नो नित्यकर्महरू सकेर पहिले गणेशको पूजा गर्नू । अनि बालकलाई नुहाई धुवाई गरेर वस्त्र अलंकार (लुगा गहना) हरूले सिंगारीकन आफ्नो अधिल्तिर राखेर तल लेखिए अनुसारको मन्त्र उच्चारण गर्नू–

ब्रह्मा विष्णुः शिवो दुर्गा गणेशो भास्करस्तथा ।
इन्द्रो वायुः कुवेरश्च वरुणोऽग्निर्बृहस्पतिः ।
शिशोः शुभं प्रकुर्वन्तु रक्षन्तु पथि सर्वदा ।।

"ब्रह्मा विष्णु महादेव दुर्गा सूर्य गणेश र ।
इन्द्र वायु अग्नि वरुण [1]गीष्पति कुवेरले ।
गरून् कल्याण शिशुको र रक्षा मार्गमा संधै ।।"

यति भनेर अनि बालकलाई काखमा लिनू र अघि अघि मङ्गल-गान सहित बाजाहरू बजाउन लाएर आफन्तहरूका साथ आनन्दले बालकलाई बाहिर लैजानू ।

अनि अलिकति पर गएर 'मायाबीज' सहित तलको मन्त्रले बालकलाई सूर्यको दर्शन गराउनू–

तच्चक्षुर्देवहितं पुरस्ताच्छुक्रमुच्चरत् ।
पश्येम शरदः शतं जीवेम शरदः शतम् ।।

१. देवगुरु बृहस्पति ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



"छन् लोकचक्षु श्रीसूर्य शुक्रभन्दा अघिल्तिर।
हेरौं हामी तिनीलाई र बाँचौं सय [1]वत्सर॥"

यसरी सूर्यको दर्शन गराएर बालकलाई घर ल्याएपछि सूर्यलाई अर्घ दिएर बाबुले आफ्ना इष्ट मित्रहरूलाई भोजन गराउनू र (आफूहरूले पनि बसेर भोजन गर्नू।)

इति तान्त्रिक निष्क्रमण

इति संक्षिप्त निष्क्रमणविधि

१. वर्ष।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(८)

# अन्नप्राशन

(पासनी)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

## अन्नप्राशन

### (पासनी)

'अन्नप्राशन' भनेर जन्मेको बालकलाई सर्वप्रथम अन्न (भात) खुवाइने संस्कारलाई भनिन्छ । यसलाई हाम्रो यहाँ 'पासनी' भन्दछन् ।

यो 'अन्नप्राशन' संस्कार सामान्यतः छोराको जोर अर्थात् जन्मेको छ वा आठ (छैठौं वा आठौं) महीनामा र छोरीको बिजोर अर्थात् पाँच वा सात (पाँचौं वा सातौं) महीनामा शास्त्रोक्त विधिबाट गरिन्छ ।

यसमा बृहस्पति र शुक्रको अस्त मौढ्य आदिको विचार प्रायः गरिंदैन ।

यो 'अन्नप्राशन' का निमित्त द्वितीया, तृतीया, पञ्चमी, सप्तमी, दशमी र (शुक्ल) त्रयोदशी तिथि; सोम, बुध, वृहस्पति र शुक्रवार; अश्विनी, रोहिणी, मृगशिरा, पुनर्वसु, तिष्य (पुष्य), उत्तराफाल्गुनी, हस्ता, चित्रा, स्वाती, अनुराधा, उत्तराषाढा, श्रवण, धनिष्ठा, शतभिषा, उत्तराभाद्रपदा र रेवती नक्षत्र शुभ मानिएका छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



यसमा जन्मराशि वा जन्मलग्नदेखि अष्टम लग्न र तिनका नवमांश तथा मेष, वृश्चिक र मीन लग्न, (वैधृति, व्यतीपात, भद्रा, गण्ड, अतिगण्ड, शूल, वज्र र परिघ योग), संध्याकाल, रात्रीहरू छाडी, दिनमा,केन्द्र र त्रिकोणमा शुभग्रह र तृतीय,षष्ठ र एकादश स्थानमा पापग्रह भएको लग्न पारी दशम स्थान शुद्ध गरी ज्योतिषीले दिएको शुभवेला शुभ मुहूर्तमा चन्द्रमाको विचार गरी अन्नप्राशन गराउनू भन्ने शास्त्रमा लेखिएको छ ।

यसमा हाम्रा शास्त्रकारहरूले अग्निस्थापना गरीकन विशेष हवन समेत गर्नुपर्ने विधान बताएका छन् । तर हाम्रो यहाँ प्रायः धेरैले हवनको काम नगरीकन त्यसै दीयोकलशहरू थापी गणेशपूजासम्म मात्र गरेर भात खुवाउने पनि गर्दछन् । तर 'पूर्वाङ्ग' को रूपमा गरिनुपर्ने मातृकापूजा र आभ्युयिक श्राद्ध प्रायः धेरैले गर्दै गर्दैनन् ।

वास्तवमा यसमा हामीले पूर्वाङ्गको रूपमा पहिले यथाविधि गणेशपूजा, मातृकापूजा, आभ्युदयिक श्राद्ध, ग्रहशान्तिहरू सबै गरीकन शास्त्रानुसार हवनहरू गरेर मात्र बालकलाई अन्नप्राशन गराउनु शास्त्रसम्मत मानिन्छ ।

हवन गरेर अन्नप्राशन गरिने पक्षमा यो 'पूर्वाङ्ग' अघिल्लै दिनतिर गर्ने र हवन नगरिने पक्षमा पूर्वाङ्ग समेत अन्नप्राशनकै दिन गर्ने पनि शास्त्रको चलन छ ।

यो 'अन्नप्राशन' कदाचित् उपर्युक्त समयमा हुन नसकेमा एकदिन चन्द्र ताराहरूको अनुकूल हेरी छोराको दशौं वा बाह्रौं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



महीनामा र छोरीको भए नवौं वा एघारौं महीनामा गरे पनि हुछ भन्ने समेत शास्त्रमा लेखिएको छ ।

## अन्नप्राशनप्रयोगविधि

यसमा कर्ता भएर काम गर्ने यजमान अर्थात् बालकको बाबुले (बाबुको अनुपस्थितिमा बालकको दाजु, काका, बाज्ये कसैले) पत्नीसहित बिहान यथासमय उठेर नुहाई धुवाई आपनो नित्य कर्म (संधै गर्ने जप पाठ पूजाहरू) सिद्ध्याउनू र बाललकाई पनि (आमा सहित) सर्वौषधिहरू मिसेको जलले मङ्गलस्नानहरू गराएर चोखो नयाँ वस्त्रहरू फेराइराख्नू ।

अनि कर्ताले काम गर्ने समय भएपछि फेरि हात गोडा धोई कुल्ला गरी चोखो वस्त्रहरू फेरीकन शुद्ध भएर अन्नप्राशनको काम (पूर्वाङ्गहरू) गर्ने ठाउँमा आएर गणेश र इष्टदेवतालाई मनमनले सम्झी पूर्व फर्केर आपनो आसनीमा बस्नू र आचमन गरेर आसनशुद्धि भूतोत्सारणहरू गरीकन प्राणायाम गरेर दीयो बाल्नू र स्वस्तिवाचन गराउनू अनि यथाविधि कर्मपात्र बनाउनू । अनि तीन टुक्रा कुश सहित कर्मपात्रको जल लिएर तलको मन्त्रले आफूलाई पनि सेचन गर्नू अन्त पनि सबैतिर छर्कनू–

ॐ अपवित्रः पवित्रो वा सर्वावस्थां गतोऽपि वा ।
यः स्मरेत् पुण्डरीकाक्षं स बाह्याभ्यन्तरः शुचिः ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ॐ पुण्डरीकाक्षः पुनातु

" म चोखो हूँ' कि बिटुलो जुनसुकै स्थितिमा हऊँ ।
श्रीविष्णुलाई सम्झेर चोखो सर्वत्र नै बनूं ॥"
" पुण्डरीकाक्ष विष्णुले चोखो गराऊन्"

अनि यजमानले देहशुद्धिका निमित्त एउटा प्रायश्चित्त-गोदान गरेर ब्राह्मणलाई दिनू ।

प्रतिज्ञासंकल्प तथा ब्राह्मणवरण–

यसपछि हातमा जउ तिल कुश र कर्मपात्रको जल सहित ब्राह्मणवरणलाई चाहिने चन्दन अक्षता फूल दूबो वस्त्र भेटी सिगो सुपारीहरू समेत लिएर देश कालहरूको उच्चारण गरीकन पहिले तल लेखिए अनुसार संकल्प गर्नू–

ॐ अद्येह ... गोत्रः ... प्रवरः... शर्मा (वर्मा वा) अहं ममास्य ... नाम्नो बालकस्य (अस्या ... नाम्नीबालिकाया वा) गर्भाम्बु-पानमलप्राशनादिजनितसकलदोषशुद्धिबीजगर्भसमुद्भवैनोनिवर्हं-णान्नाद्यायुरिन्द्रियतेजोबलाद्यभिवृद्ध्यादिलक्षणफलकसंस्कारसि-द्ध्यर्थं श्रीमत्परमेश्वरप्रीतये यथाविध्यन्नप्राशनकर्म करिष्ये, तत्पूर्वाङ्गत्वेन दीपकलशगणेशादिदेवतापूजनपूर्वकं मातृकापूजनं नान्दीश्राद्धं (ग्रहपूजां) च करिष्ये, तत्तत् कर्म कर्तुम् (पुण्याह वाचनार्थं च) एभिश्चन्दनपुष्पाक्षतपूगीफलवासोद्रव्यादिभिर्य-थानामगोत्रान् यथानामशर्मणो ब्राह्मणान् युष्मान् वृणे ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(आज यहाँ ... गोत्र ... प्रवर र ... नामको म मेरो यो ... नामको बालकको (अथवा ... नामकी बालिकाको) गर्भजल मलहरूको भक्षण आदिबाट भएको सम्पूर्ण दोषको शुद्धि, शुक्र-शोणितजन्यकलुषनिवारण, अन्नभोजन आयु इन्द्रिय तेज बलहरू-को अभिवृद्धि आदि फल दिने संस्कार सिद्धिका लागि श्रीपरमेश्वर को प्रीतिका निमित्त यथाविधि अन्नप्राशनको काम गर्नेछु, र त्यसैको पूर्वाङ्गको रूपमा दीप कलश गणेश आदि देवताको पूजा गरीकन मातृकापूजा आभ्युदयिक श्राद्ध (र ग्रहपूजा) समेत गर्दछु । तत्तत् कामहरू (र पुण्याहवाचन समेत) गर्नका लागि यी चन्दन अक्षता फूल सिंगो सुपारी वस्त्र भेटीहरूद्वारा यथायोग्य गोत्र र नामका तपाइँ ब्राह्मणहरूलाई म वरण गर्दछु ।)

यसरी संकल्प गरेपछि ब्राह्मणहरूलाई टीकाहरू लाइदिएर वरण गर्नू र अनि पहिले आफ्नो गोत्र नामहरूको उच्चारण गरीकन–

"ॐ अद्येह ममास्य ... नाम्नः शिशोः अद्यकर्तव्यान्नप्राशन-(पूर्वाङ्ग) कर्मणि भो ब्राह्मणाः पुण्याहं भवन्तो ब्रुवन्तु ३ ।

ॐ पुण्याहमस्तु ३– ॐ पुनन्तु मा देवजनाः ।।"

(आज यहाँ मेरो यो ... नामक शिशुको अन्नप्राशनसम्बन्धी (पूर्वाङ्गको) काममा हे ब्राह्मण हो तपाइँहरू पुण्य दिन हुओस् भनेर भनिदिनुहोस् ३ ।)

इत्यादि भनेर पुण्याहवाचन गराउनू ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अनि माथि पूर्वाङ्गको प्रकरणमा बताए अनुसार विधिपूर्वक दीप कलशहरू थापिकन (अर्घसमेत थापेर) गणेशपूजा, मातृका-पूजा, आभ्युदयिक श्राद्ध (अथवा श्राद्धको सट्टा सुवर्णदान वा गोदान) (ग्रहशान्ति वा ग्रहपूजा) हरू जो गर्नुपर्ने सबै गर्नू। यसमा विशेष ब्रह्मा, विष्णु, शिव, चन्द्र-सूर्य, दिशा, दिक्पाल, पृथिवीहरूको पनि पूजाहरू गर्छन्। (यसका साथै आपनो कुल-देवता, इष्ट देवता, वायु देवता र स्थानीय देवताहरूको पनि पूजा गर्नू वा तिनलाई पूजा भाग छुट्ट्याएर राखिदिनू)।

(यसमा होम गर्ने पक्षमा मातृकापूजा आभ्युदयिक श्राद्धहरू अघिल्लै दिन गर्नू र भोलिपल्ट अर्थात् अन्नप्राशनको दिन ग्रह-शान्ति गरेर त्यसैमा होम पनि गर्नू। होम नगर्ने पक्षमा अन्नप्राशन गर्ने दिन अर्थात् भात खुवाउने दिन नै गणेशपूजा मातृकापूजाहरू गर्नू र अन्नप्राशन गराउनू।)

होम गर्ने पक्षमा– होम गर्ने ठाउँमा पहिले बढार कुंढार गरेर लिपपोत गर्नू र पञ्चगव्यहरू छर्केर बीचमा एउटा होमवेदी बनाउनू। अनि ग्रहशान्तिका निमित्त ईशान कुनामा एउटा सानु ग्रहवेदी पनि बनाउनू।

अनि होमवेदीमा अग्निस्थापनाको विधिले पञ्च भूसंस्कार-हरू गरिकन अग्निको स्थापना गर्नू र–

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



"ॐ अद्येह ... गोत्रः ... प्रवरः ... शर्मा (वर्मा वा) अहं ममास्य ... नाम्नो बालक (पुत्र)स्य (... नाम्न्या बालिकायाः पुत्र्या वा) अद्यकर्तव्यान्नप्राशनाङ्गहोमकर्मणि कृताकृतावेक्षणादिकर्म कर्तुं यथानामगोत्रान् यथानामशर्मणो ब्राह्मणान् (गणपति) ब्रह्महोत्राचार्यत्वादिना युष्मान् वृणे ।"

**(आज यहाँ ... गोत्र ... प्रवर र ... नामको म मेरो यो बालक(छोरो)को (अथवा बालिका (छोरी) को) अन्नप्राशन-सम्बन्धी होमको काममा गरे नगरेको हेर्ने आदि काम गर्न यथायोग्य गोत्र र नामका तपाइँ ब्राह्मणहरूलाई (गणेश) ब्रह्मा (होता) र आचार्य आदिको रूपमा वरण गर्दछु ।)**

**भनेर संकल्प गरीकन क्रमैसित (गणेश), ब्रह्मा (होता) र आचार्यहरूको वरण गर्नू र ब्रह्मालाई लगेर वेदीको दक्षिणपट्टि आसनमा राखिदिनू ।**

**अनि अग्निस्थापनाविधिमा बताए अनुसार क्रमैसित त्यहाँ थापिएका दीप कलश गणेश वरुण ब्रह्मा विष्णु प्रजापति रक्षाबन्धन अग्नि आदि सबै देवताको यथायोग्य पूजा प्रार्थनाहरू गरिकन प्रणीतापात्र देखि लिएर परिस्तरण, पात्रासादन, पवित्रछेदन, प्रोक्षणीनिर्माण, अर्थवत् प्रोक्षण, आज्यसंस्कार, आज्यावेक्षण, एवं अपद्रव्यनिरसन इत्यादि कुशकण्डिकाको सबै काम सम्पन्न गर्नू (विशेष यसमा अग्निको शुचिनामले आवाहन**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



स्थापन गरेर पूजा प्रार्थनाहरू गर्नू) र अनि हातमा जउतिल कुश सहित कर्मपात्रको जल लिएर–

ॐ अद्येह ... गोत्रः... प्रवरः... शर्मा (वर्मा वा) अहं मम ... नाम्नः पुत्रस्य (...नाम्न्याः पुत्र्या वा) अन्नप्राशनहोमकर्मणि प्रजापतिम् इन्द्रम् अग्निं सोमं (तदनन्तरं) वाचं वाचं वाजं चाज्येन, प्राणम् अपानं चक्षुः श्रोत्रं च स्थालीपाकेन (चरुणा), स्विष्टकृतं (साज्येन) स्थालीपाकेन, तथा अग्निं वायुं सूर्यम् अग्नीवरुणौ अग्निं वरुणं सवितारं विष्णुं विश्वान् (देवान्) मरुतः स्वर्कान् वरुणं प्रजापतिं च पुनराज्येनेत्यग्नौ यथास्वमाहुति-दानेन (स्वयं ब्राह्मणद्वारा वा) यथोद्दिष्टदेवता यक्ष्ये ।

(आज यहाँ ....गोत्र......प्रवर र नामको म मेरो...... नामको छोराको (अथवा......नामकी छोरीको) अन्नप्राशन सम्बन्धी होमको काममा प्रजापति, इन्द्र, अग्नि, सोम (अनि) वाक् वाक् र वाज (यति) लाई घिउले, प्राण, अपान, चक्षु र श्रोत्रलाई स्थालीपाक (चरु) ले, स्विष्टकृत् (अग्नि) लाई (घिउ सहित) चरुले तथा अग्नि, वायु, सूर्य, अग्नि र वरुण, अग्नि र वरुण, अग्नि, वरुण, सविता, विश्वेदेव, मरुत्, स्वर्क, वरुण र प्रजापतिलाई फेरि घिउले, यसरी अग्निमा यथायोग्य आहुति दिएर (आफैंले वा ब्राह्मणद्वारा) यथोक्त देवताको यजन (होम) गर्दछु ।)

भनेर हातको कुशपानी भूइँमा छोडिदिएर द्रव्यत्याग गर्नू ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अनि पवित्रले प्रोक्षणीको जल चलाएर अलिकति (जल) तीनपल्ट माथितिर हुत्याइदिनू र उपयमन कुश हातमा लिएर उठीकन मनमनले प्रजापतिलाई सम्झेर अघि छुट्ट्याइराखेका तीन कप्टेरा समिधा लिएर घिउमा चोपेर बलेको आगोमा चढाइदिनू र अनि बसेर दाहिने हातमा पवित्रसहित प्रोक्षणीको जल लिएर त्यसले ईशानदेखि दाहिनेपट्टिबाट अग्निको वरिपरि घुमाएर सेचन गरिदिनू र पवित्रलाई प्रणीतापात्रमा राखिदिनू।

अनि ब्रह्माद्वारा (कुशले छोएर) अन्वारम्भण गर्नलाईकन दाहिने घुँडा मारेर ब्राह्मण यजमानले स्वयं र अरूले ब्राह्मणद्वारा तल लेखिए अनुसार विनियोग सहित मन्त्र पढ्दै राम्ररी बलेको आगोमा स्रुवले घिउको आहुति दिनू र आहुति पिच्छे स्रुवमा बाँकी रहेको शेष घिउ प्रोक्षणीपात्रमा हाल्नू (चुहाईदिनू)–

ॐ प्रजापतय इति प्रजापतिर्ऋषिस्त्रिष्टुप् छन्दः प्रजापति-र्देवता (अन्नप्राशनकर्मणि) आज्यहोमे विनियोगः–

ॐ प्रजापतये स्वाहा– इदं प्रजापतये नमम। इति मनसा॥१॥

('प्रजापतये' यो मन्त्रका ऋषि प्रजापति छन्द त्रिष्टुप् र देवता प्रजापति हुन्। यसको (अन्नप्राशनको काममा) आज्यहोम-मा विनियोग गरिन्छ।)

(यो आहुति प्रजापतिलाई सुहुत होओस्)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भनेर मनमनले भन्नू र घिउ चुहाउँदै (घिउको धारा लाउदै) लगेर अग्निमा आहुति दिनू ।

ॐ इन्द्रायेति प्रजापतिर्ऋषिस्त्रिष्टुप् छन्द इन्द्रो देवता (अन्नप्राशनकर्मणि) आज्यहोमे विनियोगः—

ॐ इन्द्राय स्वाहा— इदमिन्द्राय नमम ॥२॥

('इन्द्राय' यो मन्त्रका ऋषि प्रजापति, छन्द त्रिष्टुप् र देवता इन्द्र हुन् । यसको (अन्नप्राशनको काममा) आज्यहोममा विनियोग गरिन्छ ।)

(यो आहुति इन्द्रलाई सुहुत होओस)

भनेर फेरि त्यसै गरी अर्को आहुति दिनू ।

—इति आघारौ

(यी दुई आघार अर्थात् घिउचुहाउँदै लगेर दिइने आहुति हुन्)

यसपछि फेरि—

ॐ अग्नय इति प्रजापतिर्ऋषिस्त्रिष्टुप्छन्दः अग्निर्देवता (अन्नप्राशनकर्मणि) आज्यहोमे विनियोगः—

ॐ अग्नये स्वाहा— इदमग्नये नमम ॥१॥

('अग्नये' यो मन्त्रका ऋषि प्रजापति, छन्द त्रिष्टुप् र देवता अग्नि हुन् । यसको (अन्नप्राशनको काममा) आज्यहोममा विनियोग गरिन्छ ।)

(यो आहुति अग्निलाई सुहुत होओस् )

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



भनेर एक आहुति र–

ॐ सोमायेति प्रजापतिर्ऋषिस्त्रिष्टुप् छन्दः सोमो देवता (अन्नप्राशनकर्मणि) आज्यहोमे विनियोगः–

ॐ सोमाय स्वाहा– इदं सोमाय नमम ।।२।।

('सोमाय' यो मन्त्रका ऋषि प्रजापति, छन्द त्रिष्टुप् र देवता सोम हुन् । यसको (अन्नप्राशनको काममा) आज्यहोमसा विनियोग गरिन्छ ।)

(यो आहुति सोमलाई सुहुत हओस् ।)

भनेर अर्को आहुति पनि दिनू ।

इति आज्यभागौ

(यी दुई आज्यभाग आहुति हुन् ।)

यसरी आधार र आज्यभागका चार आहुति दिएपछि अन्वारम्भण (ब्रह्माद्वारा कुशले छोएर साँगी लाउने काम) बिना नै तल लेखिए अनुसार मन्त्र पढेर स्रुवले अग्निमा घिउको दुई आहुति दिनू–

ॐ देवीं वाचमिति मन्त्रस्य भार्गवऋषिस्त्रिष्टुप् छन्दः वाग्देवता (अन्नप्राशनकर्मणि) आज्यहोमे विनियोगः–

('देवीं वाचम्' यो मन्त्रका ऋषि भार्गव, छन्द त्रिष्टुप् र देवता वाग्देवी हुन्, यसको (अन्नप्राशनको काममा) आज्यहोममा विनियोग गरिन्छ ।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ॐ देवीं वाचमजनयन्त देवास्तां विश्वरूपाः पशवो वदन्ति ।।
सानो मन्द्रेषमूर्जं दुहाना धेनुर्वागस्मानुपसुष्टुतैतु–स्वाहा।।१।।
–इदं वाचे नमम ।

"दिव्यवाणी देवताले निकाले बोल्छन् नानारूपधारी त्यही नै।
धारा लाई अन्नरस हामिलाई आऊन् वाणी ती भई [1]कामधुक् नै।
(दिव्यवाणीरूप वाग्देवतालाई अर्थात् बोलीलाई प्राण (वायु) आदि देवताले प्रकट गरे। त्यो वाणी विश्वका विभिन्न रूपधारी जीव अर्थात् हामी मनुष्यहरू बोल्दछौं। त्यही वाणी-रूप वाग्देवता हामीलाई आनन्द दिने र सबैले स्तुति गरिएकी अर्थात् सबैको प्रशंसापात्र भएर कामधेनु झैं अन्न र रसको धारा लाउँदै हामी कहाँ आऊन्।)

(यो आहुति वाक् (वाणी) लाइ सुहुत होस।)

ॐ वाजो न इति मन्त्रस्य देवा ऋषयस्त्रिष्टुप् छन्दः अन्नं देवता (अन्नप्राशनकर्मणि) आज्यहोमे विनियोगः–

('वाजो नः' यो मन्त्रका ऋषि देवताहरू, छन्द त्रिष्टुप् र देवता अन्न हुन्। यसको (अन्नप्राशनको काममा) आज्यहोममा विनियोग गरिन्छ।)

(ॐ देवीं वाचमजनयन्त देवास्तां विश्वरूपाः पशवो वदन्ति।
सानो मन्द्रेषमूर्जं दुहाना धेनुर्वागस्मानुपसुष्टुतैतु ।।)

ॐ वाजो नोऽद्य प्रसुवाति दानं
वाजो देवां २ँ ऋतुभिः कल्पयाति ।।

---

१. कामधेनु ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



वाजो हि मा सर्ववीरं जजान
विश्वाऽआशा वाजपतिर्जयेय–स्वाहा ॥२॥
इदं वाचे वाजाय च नमम

**"अन्नले देओस् प्रेरणा हामिलाई राखोस् तत्तत् ऋतुमा देवलाई। यसले तुल्याओस् सन्ततिशाली मलाई र जितूं दिशा म अन्नपती कहाई ॥"**

**(अन्नले (अर्थात् अन्नकी अधिष्ठात्री देवी वा अन्नपूर्णाले) आज हामीलाई दानशील बन्न प्रेरणा गरोस्, अन्नले देवतालाई तत्तत् ऋतुसित (मिलाएर) राखोस् अर्थात् यथादेश यथाकाल यजन गरोस् । अन्नले नै मलाई पूर्ण सन्तानशाली तुल्याओस् र म अन्नपति अर्थात् अन्नको भकारी राख्ने भएर सारा दिशामाथि विजय गरूँ अर्थात् सबतिर अन्नै अन्न ओइरिदिन सक्ने बनूं ॥)**

**यस पछि (स्रुवले चरुमा घिउ हाल्नू र) तल लेखिए अनुसार मन्त्र पढेर स्थालीपाक होम गर्नू अर्थात् चरुको आहुति दिनू–**

ॐ प्राणेनेत्यादीनां चतुर्णां प्रजापतिर्ऋषिर्यजुरन्नं देवता (अन्नप्राशनकर्मणि) स्थालीपाकहोमे विनियोगः–

**(प्राणेन इत्यादि चार यजुर्मन्त्रका ऋषि प्रजापति र देवता अन्न हुन् । यसको (अन्नप्राशनको काममा) स्थालीपाक (चरु) होममा विनियोग गरिन्छ ।)**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(१) ॐ प्राणेनान्नमशीय स्वाहा– इदंप्राणाय न मम ।

**(प्राण (वायु) द्वारा म अन्न प्राप्त गरूँ (वा ग्रहण गरूँ)– यो आहुति प्राणलाई सुहुत हओस्)**

(२) ॐ अपानेन गन्धानशीय स्वाहा – इदमपानाय नमम ।

**(अपान (वायु) द्वारा म गन्ध (सुगन्धहरू) प्राप्त गरूँ (वा ग्रहण गरूँ)–यो आहुति अपानलाई.)**

(३) ॐचक्षुषा रूपाण्यशीय स्वाहा– इदं चक्षुषे नमम ।

**(चक्षुरिन्द्रियद्वारा म रूपहरू प्राप्त गरूँ (वा ग्रहण गरूँ) यो आहुति चक्षुलाई.)**

(४) ॐ श्रोत्रेण यशोऽशीय स्वाहा–इदं श्रोत्राय नमम ।

**(श्रोत्रेन्द्रियद्वारा म यश प्राप्त गरूँ (वा ग्रहण गरूँ)– यो आहुति श्रोत्रलाई.)**

**यस पछि फेरि ब्रह्माद्वारा अन्वारम्भण गर्नलाईकन तलको मन्त्रले स्विष्टकृत् (अग्नि) लाई घिउ र चरुको आहुति दिनू–**

ॐ अग्नये स्विष्टकृत इति मन्त्रस्य प्रजापतिर्ऋषिस्त्रिष्टुप् छन्द अग्निर्देवता स्विष्टकृद्धोमे विनियोगः–

**('अग्नये स्विष्टकृते' यो मन्त्रका ऋषि प्रजापति, छन्द त्रिष्टुप् र देवता अग्नि हुन् । यसको स्विष्टकृद् होममा विनियोग गरिन्छ ।)**

ॐ अग्नये स्विष्टकृते स्वाहा– इदमग्नये स्विष्टकृते नमम

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(यो आहुति स्विष्टकृत् अग्निलाई सुहुत हओस्)

<u>यसपछि फेरि तल लेखिए अनुसार पृथक् पृथक् मन्त्र पढ्दै घिउले अग्निमा पृथक् पृथक् नउ आहुति दिनू–</u>

ॐ महाव्याहृतीनां प्रजापतिर्ऋषिः क्रमेण गायत्र्युष्णिगनुष्टुभश्छन्दांसि अग्निवायुसूर्या देवता (अन्नप्राशनकर्मणि) आज्यहोमे विनियोगः–

(महाव्याहृतिहरूका ऋषि प्रजापति, क्रमैले छन्द– गायत्री उष्णिक् अनुष्टुप् र देवता– अग्नि वायु सूर्य हुन् । यिनको (अन्न प्राशनको काममा) आज्यहोममा विनियोग गरिन्छ ।)

ॐ भूः स्वाहा– इदमग्नये नमम ॥१॥

(यो आहुति अग्निलाई सुहुत हओस्)

ॐ भुवः स्वाहा– इदं वायवे नमम ॥२॥

(यो आहुति वायुलाई सुहुत हओस्)

ॐ स्वः स्वाहा– इदं सूर्याय नमम ॥३॥

(यो आहुति सूर्यलाई सुहुत हओस्)

ॐ त्वन्नो अग्न इति वामदेव ऋषिस्त्रिष्टुप् छन्दोऽग्नीवरुणौ देवते (अन्नप्राशनकर्मणि) सर्वप्रायश्चित्तहोमे विनियोगः–

('त्वन्नो अग्ने' यो मन्त्रका ऋषि वामदेव, छन्द त्रिष्टुप् र देवता अग्नि र वरुण हुन् यसको (अन्नप्राशनको काममा) सर्वप्रायश्चित्त होममा विनियोग गरिन्छ ।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ॐ त्वं नो ऽ अग्ने वरूणस्य विद्वान्
देवस्य हेडो ऽ वयासिसीष्ठाः ।
यजिष्ठो वह्नितमः शोशुचानो
विश्वा द्वेषाᳬसि प्रमुमुग्ध्यस्मत् स्वाहा–
इदमग्नीवरुणाभ्यां नमम ॥४॥

**"विद्वान् अग्नि ! वरुणको जो छ कोप**
**हामीमाथि शान्त त्यो पारिदेऊ ।**
**तिमी नै छौ हवि बोक्ने सुयज्वा**
**हाम्रो सारा द्वेष पन्छाइदेउ ॥"**

**(यो आहुति अग्नि र वरुणलाई सुहुत हओस)**

ॐ सत्वन्न इति वामदेव ऋषिस्त्रिष्टुप् छन्दोऽग्नीवरुणौ देवते (अन्नप्राशनकर्मणि) सर्वप्रायश्चित्तहोमे विनियोगः–

**('स त्वन्नः' यो मन्त्रका ऋषि वामदेव, छन्द त्रिष्टुप् र देवता अग्नि र वरुण हुन् । यसको (अन्नप्राशनको काममा) सर्वप्रायश्चित्त होममा विनियोग गरिन्छ ।)**

ॐ स त्वन्नो ऽअग्नेवमो भवोती
नेदिष्ठोऽअस्या उषसो व्युष्टौ ।
अवयक्ष्व नो वरुण ᳬ रराणो
वीहिमृडीक ᳬ सुहवोन ऽ एधि स्वाहा–
इदमग्नीवरुणाभ्यां नमम ॥५॥

**"तिमी अग्नि ! दिनमा आजको यो रक्षा गर्ने होउ हाम्रो र साख ।**
**गर हाम्रा वरुणको याग आऊ आनन्ददायी हवि खाऊ न राख ॥"**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



## (यो आहुति अग्नि र वरुणलाई)

ॐ अयाश्चाग्न इत्यस्य वामदेव ऋषिस्त्रिष्टुप् छन्दोऽग्नि-र्देवता (अन्नप्राशकर्मणि) सर्वप्रायश्चित्तहोमे विनियोगः–

**('अयाश्चाग्ने' यो मन्त्रका ऋषि वामदेव, छन्द त्रिष्टुप् र देवता अग्नि हुन् । यसको (अन्नप्राशनको काममा) सर्वप्रायश्चित्त-होममा विनियोग गरिन्छ ।)**

ॐ अयाश्चाग्ने ऽस्यनभिशस्तिपाश्च सत्यमित्त्वमयाऽअसि ।
अयानो यज्ञं वहास्ययानो धेहि भेषज ँ स्वाहा– इदमग्नये नमम ।।६।।

**"तिमी अग्नि ! शुभ गर्ने र रक्षा गर्ने सबका छौ र बाटो बुझेका । आई हाम्रो हवि यो यज्ञबाट पुऱ्याइदेऊ देवताका समीप ।।"**

ॐ ये ते शतमित्यस्य वामदेव ऋषिस्त्रिष्टुप् छन्दो वरुणः सविता विष्णुर्विश्वेदेवा मरुतः स्वर्का देवताः (अन्नप्राशनकर्मणि) सर्वप्रायश्चित्तहोमे विनियोगः–

**('ये ते शतम्' यो मन्त्रका ऋषि वामदेव, छन्द त्रिष्टुप् र देवता वरुण, सविता, विष्णु, विश्वेदेव, मरुत्, र स्वर्क हुन् । यसको (अन्नप्राशनको काममा) सर्वप्रायश्चित्त होममा विनियोग गरिन्छ ।)**

ॐ ये ते शतं वरुण ये सहस्रं यज्ञियाः पाशा वितता महान्तः ।
तेभिर्नो ऽअद्य सवितोत विष्णु र्विश्वे मुञ्चन्तु मरुतः स्वर्काः–
स्वाहा– इदं वरुणाय सवित्रे विष्णवे विश्वेभ्यो देवेभ्यो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



मरुद्भ्यः स्वर्केभ्यो नमम ॥७॥

"जो छन् ठूला वरुण! यी पाश तिम्रा फिजाएका सयकडौं वा हजारौं।
हामीलाई आज तिनबाट मुक्त गरून् सबै सविता आदि देव ॥"
(यो आहुति वरुण सविता विष्णु विश्वेदेव मरुत् र स्वर्कलाई सुहुत होस्)

ॐ उदुत्तममित्यस्य शुनःशेप ऋषिस्त्रिष्टुप् छन्दो वरुणो देवता (अन्नप्राशनकर्मणि) सर्वप्रायश्चित्तहोमे विनियोगः-

('उदुत्तमम्' यो मन्त्रका ऋषि शुनःशेप, छन्द त्रिष्टुप् र देवता वरुण हुन् । यसको (अन्नप्राशनको काममा) सर्वप्रायश्चित्त होममा विनियोग गरिन्छ ।)

ॐ उदुत्तमं वरुण पाशमस्मदवाधमं विमध्यम ᳪ श्रथाय ।
अथा वयमादित्य व्रते तवानागसो ऽ अदितये स्याम स्वाहा-
इदं वरुणाय नमम ॥८॥

"फुकाइदेऊ वरुण ! पाश हाम्रो छ माथमा कटिमा पाउमा जो ।
बनी हामी अनि फुक्का अदीन लाग्ने होऔं व्रतमा आज तिम्रो ॥"
(यो आहुति वरुणलाई सुहुत होस)

अनि फेरि मनमनले-

ॐ प्रजापतय इति प्रजापतिर्ऋषिस्त्रिष्टुप् छन्दः प्रजापति-देवता (अन्नप्राशनकर्मणि) आज्यहोमे विनियोगः-

('प्रजापतये' यो मन्त्रका ऋषि प्रजापति, छन्द त्रिष्टुप् र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



देवता प्रजापति हुन् । यसको (अन्नप्राशनको काममा) आज्य-होममा विनियोग गरिन्छ ।)

ॐ प्रजापतये स्वाहा– इदं प्रजापतये नमम

(यो आहुति प्रजापतिलाई सुहुत होस)

भनेर प्रजापतिलाई एक आहुति घिउ हवन गर्नू ।

यस पछि यजमानले संस्रवप्राशन गर्नू अर्थात् अघि आहुति-हरू दिंदा प्रोक्षणीपात्रमा स्रुवले चुहाएको हुतशेष घिउ एउटा भांडोमा वा पातहरूमा झिकेर चाट्नू र जल आचमन गर्नू ।

अनि–

ॐ अद्येह कृतैतदन्नप्राशनाङ्गभूतहवनकर्मणि कृताकृता-वेक्षणरूपब्रह्मकर्मप्रतिष्ठार्थमिदं (तण्डुल) पूर्णपात्रं प्रजापति देवताकं ..... गोत्राय..... शर्मणे ब्राह्मणाय ब्रह्मणे दक्षिणात्वेन तुभ्यमहं संप्रददे ॐ तत्सन्नमम ।

(आज यहाँ गरिएको यो अन्नप्राशनको अङ्गस्वरूप हवनको काममा गरे नगरेको हेर्नु रूप ब्रह्माको कामको प्रतिष्ठाका लागि प्रजापतिदेवतासम्बन्धी यो (चामलको) पूर्णपात्र....गोत्र र.... नामका तपाइँ ब्राह्मण ब्रह्मालाई दक्षिणाको रूपमा दिन्छु (दिएँ) ॐ तत्सत् ।)

भनेर संकल्प गरीकन पूर्णपात्र दान गरेर ब्रह्मा भई बसेका ब्राह्मणका हातमा राखिदिनू र अनि–

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



'ॐ सुमित्रिया नः' इत्यादि मन्त्रले प्रणीता विमोक गरेर 'ॐ देवागातुविदः' इत्यादि मन्त्रले बर्हिर्होम पनि गरिहाल्नू ।

अनि चलन अनुसार 'ॐ मूर्धानं दिवः' इत्यादि मन्त्रले जो गर्नु पर्ने पूर्णाहुतिहोम र वस्त्रहोम आदि पनि सबै सिध्याउनू र यथाविधि 'क्षेत्रपाल' लाई पनि बलि अर्पण गरिदिनू । अनि 'घृतच्छाया' गर्ने भए त्यो पनि गर्नू ।।

## अष्टचिरञ्जीविपूजा–

हाम्रो यहाँ अन्नप्राशनका दिन बालकलाई भात खुवाउनू भन्दा अघि बालकको दीर्घायुष्यको कामनाले प्रायः मार्कण्डेय आदि अष्ट चिरंजीवीको पनि पूजा गर्ने चलन छ । यसरी अष्ट चिरंजीवीको पूजा गर्दा थालीमा अष्टदल कमल लेखेर त्यसको बीचमा–

भो मार्कण्डेय इहागच्छ इह तिष्ठ मार्कण्डेयम् आवाहयामि स्थापयामि पूजयामि–

'ॐ मार्कण्डेयाय नमः'

(हे मार्कण्डेय, यहाँ आउनुहोस यहाँ बस्नुहोस, मार्कण्डेयको आवाहन स्थापन पूजा गर्छु मार्कण्डेयलाई नमस्कार)

भनेर मार्कण्डेय ऋषिलाई,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



**पूर्वदलमा–** 'भो व्यास इहागच्छ इह तिष्ठ व्यासमावाहयामि स्थापयामि पूजयामि– 'ॐ व्यासाय नमः'

**(हे व्यास, यहाँ आउनुहोस् यहाँ बस्नुहोस्, व्यासजीको आवाहन स्थापन पूजा गर्छु–'व्यासजीलाई नमस्कार')**

**भनेर व्यासजीलाई,**

**आग्नेयदलमा–** भो परशुराम इहागच्छ इह तिष्ठ परशुराममावाहयामि स्थापयामि पूजयामि– 'ॐ परशुरामाय नमः ।'

**(हे परशुराम यहाँ आउनुहोस् यहाँ बस्नुहोस्, परशुरामको आवाहन स्थापन पूजा गर्छु– 'परशुरामलाई नमस्कार')**

**भनेर परशुरामलाई,**

**दक्षिणदलमा–** भो अश्वत्थामन् इहागच्छ इह तिष्ठ, अश्वत्थामानमावाहयामि स्थापयामि पूजयामि– 'ॐ अश्वत्थाम्ने नमः'

**(हे अश्वत्थामा, यहाँ आउनुहोस्, यहाँ बस्नुहोस्, अश्वत्थामाको आवाहन स्थापन पूजा गर्छु– अश्वत्थामालाई नमस्कार)**

**भनेर अश्वत्थामालाई,**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



नैर्ऋत्यदलमा– भो कृपाचार्य इहागच्छ इह तिष्ठ, कृपाचार्यमावाहयामि स्थापयामि पूजयामि– 'ॐ कृपाचार्याय नमः,

**(हे कृपाचार्य यहाँ आउनुहोस यहाँ बस्नुहोस कृपाचार्यको आवाहन स्थापन पूजा गर्छु– 'कृपाचार्यलाई नमस्कार'**

**भनेर कृपाचार्यलाई,**

पश्चिमदलमा– भो वले इहागच्छ इह तिष्ठ, वलिमावाहयामि स्थापयामि पूजयामि–'ॐ वलये (वलिराजाय) नमः, ।

**( हे वलि यहाँ आउनुहोस् यहाँ बस्नुहोस्, वलिको आवाहन स्थापन पूजा गर्छु– 'वलिराजालाई नमस्कार' )**

**भनेर वलिराजालाई,**

वायव्यदलमा– भो प्रह्लाद इहागच्छ इहतिष्ठ,प्रह्लादमावाहयामि स्थापयामि पूजयामि 'ॐ प्रह्लादाय नमः' ।

**(हे प्रह्लाद यहाँ आउनुहोस् यहाँ बस्नुहोस्, प्रह्लादको आवाहन स्थापन पूजा गर्छु– 'प्रह्लादलाई नमस्कार ।')**

**भनेर प्रह्लादलाई,**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



उत्तरदलमा– भो हनूमन् इहागच्छ इह तिष्ठ, हनूमन्तमावाहयामि स्थापयामि पूजयामि–'ॐ हनूमते नमः,।

(हे हनुमान् यहाँ आउनुहोस् यहाँ बस्नुहोस्, हनुमान्को आवाहन स्थापन पूजा गर्छु– 'हनुमान् लाई नमस्कार')

भनेर हनुमानलाई,

ईशानदलमा– भो विभीषण इहागच्छ इह तिष्ठ, विभीषणम् आवाहयामि स्थापयामि पूजयामि– 'ॐ विभीषणाय नमः' ।

( हे विभीषण यहाँ आउनुहोस् यहाँ बस्नु होस्, विभीषणको आवाहन स्थापन पूजा गर्छु– विभीषणलाई नमस्कार)

भनेर विभीषणलाई र

अनि त्यहीं– 'भो षष्ठिके इहागच्छ इह तिष्ठ ॐषष्ठिकादेव्यै नमः'

( हे षष्ठिकादेवी, यहाँ आउनुहोस यहाँ बस्नुहोस, षष्ठिकादेवीलाई नमस्कार ।)

भनेर षष्ठिकालाई समेत आसन, पाद्य (पाउ धुने जल), अर्घ्य (अर्घको जल अर्थात् हात धुने जल), आचमनीय (आचमन अर्थात् अचाउने वा कुल्ला गर्ने जल),स्नानीय (स्नान गर्ने जल),

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



पञ्चामृत, वस्त्र, जनै, चन्दन, अक्षता, जउतिल, फूल, लावा, अबीर, सिदूर, धूप, दीप, नैवेद्य, रोटी, फलफूल, भेटीहरू जो भएको सबै चढाईकन पूजा गरेर कपूर बत्ती निराजन प्रदक्षिणा प्रार्थनाहरू समेत गर्नू र–

ॐ मार्कण्डेयादिचिरञ्जीविभ्यो नमः

(मार्कण्डेय आदि चिरंजीवीहरूलाई नमस्कार)

ॐ षष्ठिकायै नमः

(षष्ठिकादेवीलाई नमस्कार)

भनेर पुष्पाञ्जलि चढाईकन नमस्कार समेत गर्नू ।

अनि बालकलाई भात खुवाउना निमित्त लिपपोत गरी पञ्चगव्य छर्की शुद्ध पारेको भूमिमा अलिकति पश्चिम पट्टि पारेर एकपाथी वा एक थुप्रो धान ओछ्याउनू र त्यसमाथि चोखो पीरा आसनी चकटीहरू बिछ्याईकन 'भद्रासन' हरू लेखेर राख्नू ।

त्यसको पूर्वपट्टि सौभाग्यवती (सधवा) जोर ब्राह्मणी वा आफ्नो जातका सुभगा महिलाहरूका हातबाट गाँसिएको ठूलो टपरी राखेर त्यसमाथि सून चाँदीहरूको थाल राख्नू र बालकका निमित्त पकाएर तयार गरिएको एक पाथी चामल को भुजा (भात) पस्केर बीचमा हाल्नू र त्यसको वरिपरि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



टपरीमाथिनै अरू विभिन्न प्रकारका दाल तरकारी अचार पञ्चामृत पायस(खीर)सिकर्नी बारा फुलौरा फलफूल पानमसला सगुन आदि जो भएको चउरासी व्यञ्जन (खानेकुराहरूको परिकार) र खाने पानी(शुद्ध गङ्गाजल) तथा एउटा पानीको भांडोमा आलो (जिउँदो) माछा समेत सबै यथास्थान सजाएर मिलाईराख्नू ।

अनि एक वा दुई जना मानिस(लोग्ने मानिस)लाई मुखमा (गालामा) रातो, गलामा फुलौराहरूको वा फूलको माला, शिरमा रातो पगरी वा फूलको मुकुट, कानमा बाराको कुण्डल इत्यादि गरेर सिंगारिकन हनुमान्को रूप (जस्तो) बनाएको 'हनुमन्ते' लाई त्यहीं निर एकातिर छेउमा राखिछाड्नू ।

अनि सुगन्धित बुकुवाहरू घसी सर्वौषधीहरू मिसेको मनतातो जलले यथासमय नुहाई धुवाई गरेर राखेको अन्नप्राशन गरिने कुमार (भात खुवाइने बालक) लाई आफ्नो औकात र चलन अनुसार तास किनखाव वा नैनसुतहरूको जामा वा अरूनै नयाँ शुद्ध वस्त्र, कुण्डल बाला कल्ली आदि आभूषण (गहना), दूवो र फूलका माला, निधारमा कस्तूरी कुंकुम केसरीहरू मिसेको चन्दनको टीका (सुर्के चन्दनहरू), नवरत्न र जडी बूटीहरू सबै परेको रक्षामालाहरू समेत

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सबै लगाईदिएर सुगन्धी अत्तरहरू छिटेर सिंगारिकन ल्याएर अघि विछ्याएको आसनमा पूर्व (अर्थात सजाएर राखेको भुजाको टपरी) पट्टि फर्काएर राख्नू ।

अनि बाबुले बालकको अन्नप्राशनको लग्नसम्बन्धी सम्पूर्ण अरिष्ट (दोष) को शान्तिका निमित्त एउटा गोदान गरेर ब्राह्मण ज्योतिषीहरूलाई दिनू ।

यस पछि त्यहाँ भएका चोखा खानेकुराहरू मध्यबाट सबै थोक अलिअलि झिकेर एउटा चारकुने टपरीहरूमा हालेर छुटयाइकन पहिले हनुमन्तेलाई खान दिनू ।

अनि स्वस्तिवाचन मंगलपाठ गान पञ्चैबाजाहरूका साथ टपरीबाट पञ्चामृत र पायस समेत सबै रसका सबै प्रकारका खानेकुराहरू झिकेर सून चाँदीहरूको एउटा थालीमा हाल्नू र सूनको चम्चाले वा असर्फीसहितको हातले (पहिले पायस अथवा पञ्चामृत हालेर मुछेको भुजा (भात) अनि पछि अरूथोक) लिएर 'हन्त' भनेर वा त्यसै पहिले आमाले बालकलाई पाँच गाँस वा पाँच पल्ट खुवाएर अन्नप्राशन गराउनू (अर्थात् भात खुवाइ दिनू) र पानी खुवाईदिईकन माछासहितको जलले चुठाएर (मुख मुसारिदिएर) पान मसला पनि खुवाइदिनू ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(कसैले आलो माछा नै बालकको मुख भित्र हालेर झिक्ने पनि गर्दछन् । )

यसरी आमाले खुवाइसकेपछि त्यहाँ उपस्थित अरू नाता सम्बन्धी र इष्टमित्रहरूले आफ्नो आफ्नो मान्यताको क्रमले पालैसंग बालकलाई सूनको असर्फीले वा चाँदीको रूपियाँले भात खुवाइदिन्छन् र मुख पुछिदिन्छन् (पानीले मुख मुसारिदिन्छन्) ।

यसमा बालक पछि बोलैया हओस भन्नेले भद्राईको मासु सहित वा भद्राइको टाउको राखेर प्राशन गराउँदछन् ।

अनि उता बालकको बाबुले दक्षिणासंकल्प गरीकन सबै देवताहरूको विसर्जन पनि गरिदिन्छन् र ब्राह्मणका हातबाट अभिषेक रक्षाबन्धन तिलक प्रसादहरू ग्रहण गर्दछन् ।

यसरी भात खुवाइसके पछि 'हनुमन्ते' लाई लाएर बालक लाई तर्साउन लाउँछन् । अनि बालकलाई लगेर विछ्यौनामा आरामसित सुताइदिन्छन् र दायाँवायाँ माटो, कपडा, पुस्तक, कलम, बन्द हतियारहरू राखिदिन्छन् र याद गरेर बसिरहन्छन् । अनि बालकले उठेर पहिले जुन कुरा समात्छ वा जेमा हात राख्तछ त्यसले त्यही इलम सिक्तछ वा त्यही पेशाबाट जीबिका वा जीवनवृत्ति गर्दछ भन्दछन् ।

अनि यसरी सुतेर उठेपछि बालकलाई औकात अनुसार घोडा हात्ती वग्गीहरूमा चढाएर वा मानिसको बुईमा बोकाएर दोसल्ला झल्लरीछाताहरू ओढाएर पञ्चै बाजाहरू बजाईकन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



सजधजका साथ घरबाट बाहिर निकालेर हनुमन्ते समेत साथ लगाई नजिकैको एउटा देवस्थल सम्म पुऱ्याएर देवताको दर्शन गराउँछन् र फर्काएर ल्याएर राख्तछन् र यसरी 'निष्क्रमण' को वास्तविक विधि पनि पूरा गर्दछन् ।

बालकलाई भात खुवाइसकेपछि ब्राह्मण कन्या कुमारी छोरी बेटी जुवाइँ भानिजहरूलाई यथायोग्य दक्षिणा दिएर ब्राह्मणभोजन गराईकन सबै आमन्त्रित इष्टमित्रहरूलाई खुवाएर अनि आफूहरू सपरिवार बसेर भोजन गर्दछन् ।

यस अवसरमा खुशियालीको उपलक्षमा हुनेले बालकका धाई सुसारे ददा र अरू आफन्त आशामुखीहरूलाई दोसल्ला दिने पनि गर्दछन् ।

अन्नप्राशनको साइतमा न आइपुगेर पछि भात खुवाइ-सकेपछि मात्र आउने आमन्त्रितहरूका निम्ति चाहिं चाँदीका थालीहरूमा घिउ मह वा घिउ चीनी हालेर ठीक पारी राखि दिएको हुन्छ र उनीहरूले बालकलाई त्यही घिउ मह वा चीनी झिकेर चटाइदिने गर्दछन् ।

यसरी आउने आमन्त्रितहरूलाई जो सकेको मिष्टान्नहरू भोजन गराएर बिदा गर्दछन् ।

यसरी 'अन्नप्राशन'को काम सकिएपछि त्यो बालकलाइ खुवाएर बाँकी रहेका खानेकुराहरू आफ्नो आफ्नो चलन अनु-सार बालकका धाई ददा वा अरू खाने मानिसहरूलाई झिक्न-लाउँछन् वा झिकेर भाग लाईकन बांडिदिन्छन् र टपरीमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अलि अलि सबैथोक बांकी राखेर त्यो टपरी नै उठाएर बाजाहरूका साथ (झल्लरी छाता समेत ओढाएर) नजिकको दोबाटोमा लगीकन सेलाइदिन्छन् (राखिदिन्छन्)।

(यसरी बालकलाई अन्नप्राशन गरेपछि त्योदिनदेखि लगातार पाँच दिन सम्म प्रतिदिन नटुटाई एक गांस भए पनि भातको जूठो मुखमा लाइदिनुपर्छ भन्दछन्।)

इति अन्नप्राशनप्रयोग

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



# तान्त्रिक अन्नप्राशन

बालक जन्मेको छैठौं वा आठौं महीनामा बालकको बाबुले वा काका (बाबुका दाजु वा भाइ) ले बालक (छोरो) को 'अन्न-प्राशनकर्म' गरिदिनू भन्ने तन्त्रमा लेखिएको छ ।

यसमा पनि अघि झैं होमवेदीको पूर्वपट्टि कलशहरूमा ब्रह्मा, दुर्गा, गणेश, नवग्रह, दश दिक्पाल र गौरी आदि षोडश(सोह्र) मातृकाहरूको पूजा गरेर वसुधारा समेत गर्नू ।

अनि वेदीमा पञ्चभूसंस्कारहरू गरीकन अग्निस्थापना गरेर धाराहोमसम्मको काम विधिपूर्वक सम्पन्न गर्नू र 'शुचि' नामका अग्निमा पहिले तल लेखिए अनुसार पाँच देवतालाई पाँच आहुति दिनू—

(१) अग्नये स्वाहा—

(अग्निलाई (यो) आहुति सुहुत हओस्)

(२) इन्द्राय स्वाहा—

(इन्द्रलाई (यो) आहुति सुहुत हओस्)

(३) प्रजापतये स्वाहा—

(प्रजापतिलाई (यो) आहुति सुहुत हओस्)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(४) विश्वदेवेभ्यः स्वाहा–

(विश्वेदेवहरूलाई (यो) आहुति सुहुत होस्)

(५) ब्रह्मणे स्वाहा–

(ब्रह्मालाई (यो) आहुति सुहुत होस्)

अनि फेरि अन्नदा (अन्नपूर्णा?) देवीको ध्यान गरीकन–

अन्नदायै (अन्नपूर्णायै?) स्वाहा

(अन्नदा (अन्नपूर्णा) लाई (यो) आहुति सुहुत होस्)

भनेर अग्निमा पाँच आहुति होम गर्नू ।

यसपछि त्यहीं वा अर्को ठाउँमा बसेर वस्त्र आभूषणहरूले सिगारिएको बालकलाई काखमा लिएर बाबुले प्राणाहुतिका पाँच मन्त्रले पाँच पल्ट 'पायस'रूप अमृत अर्थात् 'खीर' चटाइदिनू र अनि अरू अन्न व्यञ्जन अर्थात् दाल भुजा (भात) तरकारी आदि सबै प्रकारका खानेकुराहरू अलिकति खुवाइदिनू र शङ्ख र अरू बाजाहरूको ध्वनिका साथ प्रायश्चित्त आहुतिहरू गरेर अन्नप्राशनको काम समाप्त गर्नू ।

इति तान्त्रिक अन्नप्राशन

इति संक्षिप्त अन्नप्राशनविधि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

( ९ )

# कर्णवेध

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

## अथ कर्णवेध

'कर्णवेध' भनेर बालकको (पहिलोपल्ट) कान छेड्ने संस्कारलाई भन्दछन् । यो कर्णवेध बालक जन्मेको विजोर वर्षमा सूर्य बृहस्पति राम्रा, तारा चन्द्रहरू अनुकूल, शुभ तिथि र शुभ ग्रहको वार पारी अश्विनी मृगशिरा पुनर्वसु तिष्य हस्त चित्रा अनुराधा श्रवण धनिष्ठा रेवती अभिजित् नक्षत्रका दिन शुभ-लग्न शुभांशमा पूर्वाह्ण पारेर गर्नू भन्ने छ ।

यसमा चैत्र र पौष महीना, चतुर्मास, जन्म महीना, जन्म नक्षत्र, जोर वर्ष, एकादशी अष्टमी पर्व रिक्ता र कृष्णपक्षका पछिल्ला तीन दिन (तिथि), भद्रा व्यतीपात आदि दुष्ट योग, आइत मङ्गल शनिवार, संध्याकाल, रात्री, जन्मराशि वा जन्मलग्न-देखि अष्टम लग्न र त्यसको नवमांश आदिलाई र अष्टम स्थानका ग्रहलाई शास्त्रमा वर्जित मानिएको छ ।

हाम्रो यहाँ बालकको नुवारान पास्नीहरूको दिन जुर्ने छ भने त्यसै दिन पनि कसै कसैले त्यसै कान छेडिदिने गर्दछन् ।

छोरीको चाहिं कान छेडिसकेपछि हाम्रो यहाँ नाक पनि छेड्ने चलन छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



कान छेड्दा छोराको पहिले दाहिने पट्टि अनि देब्रेपट्टि छेड्नू । छोरीको पहिले देब्रेपट्टि अनि दाहिनेपट्टि छेड्नू । नाक छेड्दा देब्रे पट्टि छेड्नू । अनि कानमा अरूतिर बढी प्वालहरू छेड्न मन लागे आफ्नो चलन वा इच्छा अनुसार गर्नू ।

कान छेड्दा पनि दीयोकलशहरू थापीकन गणेशपूजा मातृकापूजाहरू गरेर मात्र छेड्नुपर्दछ ।

हाम्रो यहाँ कान छेड्दा कानको लोतीमा छामीकन ठीक ठाउँमा पारेर पहिले माहुरहरूले सानु डोब लाइदिन्छन् र अनि [1]सून चाँदी वा फलामहरूको एउटा सफा नभांचिने मसिनो तीखो सीयो लिएर त्यसको प्वालमा हातले कातेको मसिनो नरम पिउरीको काँचो धागो तेल बेसारमा भिजाएर हाल्छन् (घुसार्छन्) र त्यही धागो सहितको सीयोले लोतीको अघि चिनु लाएको ठाउँ-मा हलुका हातले सरक्क छेडिदिन्छन् र अर्कोपट्टि धागो समेत पुगेपछि धागोबाट सीयो झिकेर धागो चाहिं कानमा नफुस्कने गरी गाँठो पारेर छोडिदिन्छन् ।

कान छेड्दा प्रायः सुवासिनीमानिसहरूका हातबाट छेड्न लाउने पनि धेरै चलन छ र कान छेड्नेलाई कपडा चामल दस्तूर भेटी र सगुनहरू दिने पनि चलन छ ।

यसमा कान छेड्ने मानिस आफ्नै परिवारका नाता सम्बन्धी वा त्यस्तै इष्टमित्रहरू भए तिनलाई केवल रातो दही अक्षताको

---

१. सूनको सियोले क्षत्रियको, चाँदीको सियोले ब्राह्मण र वैश्यको, फलामको सीयोले शूद्रवर्णको कान छेड्नू भंने पनि शास्त्रमा लेखिएको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



टीका दुबो फूल र सगुनहरू मात्र अघिल्तिर राखिदिए पनि पुग्दछ। अरू दस्तूर तिनीहरू लिइरहँदैनन्।

बालकलाई कान छेड्दा धाई आमा वा दिदी हरूले काखमा लिएर केही गुलियोहरू मुखमा हालिदिएर अनि छेड्न लाउनू भन्ने पनि शास्त्रमा लेखिएको छ।

## कर्णवेधप्रयोगविधि

यसमा पनि अरू संस्कारहरूमा झैं राम्रो उपयुक्त दिन हेरेर (जुराएर) बालकको बाबुले बिहान आपनो नित्यकर्महरू पहिले सिद्ध्याउनू र अनि कर्णवेधका निमित्तको पूजा गर्ने ठाउँमा आएर आसनीमा बसेर आचमन गरीकन कर्मपात्रहरू बनाउनू र हातमा जउ तिल कुश जलहरू लिएर–

'ॐ अद्येह......गोत्रः......प्रवरः.....शर्मा (वर्मा वा) अहं मम..... नाम्नः कुमारस्य (नाम्न्याः कुमार्या वा) वीजगर्भसमुद्भवैनो-निर्बर्हणार्थम् आयुःश्रीपुष्ट्यादिवृद्ध्यर्थं श्रीपरमेश्वरप्रीतये कर्णवेधाख्यं कर्म करिष्ये तत्पूर्वाङ्गत्वेन दीपकशलादिस्थापन-पूर्वकं गणेशपूजनं मातृकापूजनं नान्दीश्राद्धं पुण्याहवाचनं च करिष्ये।'

(आज यहाँ... गोत्र... प्रवर र... नामको म, मेरो ... नामको बालकको (वा नामकी बालिकाको) शुक्रशोणितजन्यदोष–निवारण र आयु श्री पुष्टि आदिको अभिवृद्धिका निमित्त श्री-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



परमेश्वरको प्रीतिका लागि 'कर्णवेध' नामक कर्म गर्नेछु । त्यसको पूर्वाङ्गको रूपमा दीप कलशहरूको स्थापन गरीकन गणेशपूजा, मातृकापूजा, नान्दीश्राद्ध र पुण्याहवाचनहरू समेत गर्दछु ।)

भनेर संकल्प गर्नू र पूर्वाङ्गको विधिमा बताए अनुसार दीपकलशहरू थापीकन पुण्याहवाचन गराएर गणेशपूजा मातृकापूजा आभ्युदयिक श्राद्ध (वा सुवर्णदान) हरू सबै गर्नू ।

यसका साथै कलशमा ब्रह्मा, विष्णु, शिव, नवग्रह, पञ्च-लोकपाल, दश दिक्पाल, पाञ्चायन देवता, अधिदेवता, प्रत्यधि-देवता, एकादश रुद्र, सप्तमरुत्, अष्टवसु, गायत्री, सावित्री सर-स्वती, इष्टदेवता, कुलदेवता गुरु आदिको पनि आवाहन गरेर पूजा गर्नू भन्दछन् ।

अनि त्यहाँ उपस्थित कन्या कुमार सौभाग्यवती महिला ब्राह्मण कान छेड्ने मानिस (वैद्य) हरू सबैलाई रातो दही-अक्षताको टीका लाइदिनू ।

अनि बालकलाई यथासमय नुहाई धुवाई गराएर चोखो लुगाहरू फेराएर ल्याईकन आमाले सजिलोसंग काखमा लिएर पश्चिम फर्काएर राख्नू र केही गुलियो (खानेकुरा) मुखमा हाल्न दिनू ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



अनि लग्नात् सर्वारिष्टशान्तिको लागि एउटा गोदान गरेर ब्राह्मण (ज्योतिषी) लाई दिनू ।

अनि साइतको बेला हुन लागेपछि बालकको पहिले तलको मन्त्रले दाहिने कान अभिमन्त्रण गर्नू–

ॐ भद्रं कर्णेभिरित्यस्य प्रजापतिर्ऋषिस्त्रिष्टुप्छन्दो लिङ्गोक्ता देवता (अत्र बालस्य) दक्षिणकर्णाभिमन्त्रणे विनियोग:-

('भद्रं कर्णेभि:' यो मन्त्रका ऋषि प्रजापति, छन्द त्रिष्टुप् र देवता मन्त्रोक्त हुन् । यसको (यहाँ बालकको) दाहिने कान अभिमन्त्रण गर्नमा विनियोग गरिन्छ ।)

ॐ भद्रं कर्णेभि: शृणुयाम देवा भद्रं पश्येमाक्षभिर्यजत्रा: ।
स्थिरैरङ्गैस्तुष्टुवाᳬ सस्तनूभिर्व्यशेमहि देवहितं यदायु: ।।

"भलो सुनौं कानले देव! हामी भलै देखौं नेत्रले नित्य हामी ।
गर्दै स्तुस्ति स्थिर भै देवताको भोगौं आयु देवताले दिएको ।।"

अनि फेरि तलको मन्त्रले देब्रे कान पनि अभिमन्त्रण गर्नू–

ॐ वक्ष्यन्तीत्यस्य प्रजापतिर्ऋषिस्त्रिष्टुप् छन्दो लिङ्गोक्ता देवता बालस्य वामकर्णाभिमन्त्रणे विनियोग:–

('वक्ष्यन्ती' यो मन्त्रका ऋषि प्रजापति, छन्द त्रिष्टुप् र देवता मन्त्रोक्त हुन् । यसको बालकको देब्रे कान अभिमन्त्रण गर्नमा विनियोग गरिन्छ ।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



ॐ वक्ष्यन्ती वेदागनीगन्ति कर्णं प्रियं सखायं परिषस्वजाना ।
योषेव शिङ्क्ते वितताऽधिधन्वन् ज्याऽइयं समने पारयन्ती ॥

"बोल्नै खोज्ने कामिनी झैं गरेर हाली प्यारो मित्रलाई अंगालो ।
गराउँदै युद्धमा जीत हाम्रो आई गर्छ कानमा शब्द ताँदो ॥"

र अनि छेड्ने ठाउँमा (लोतीमा) माहुरहरूले सानु डोब लाएर चिनु लाउनू र ज्योतिषीले दिएको मुहुर्तमा स्वस्तिवाचनका साथ अघि मन्त्रैकै क्रमले अर्थात् पहिले दाहिने अनि देब्रे कान छेड्नू ।

छोरीको चाहिं अभिमन्त्रण नगरीकन त्यसै नै पहिले देब्रे अनि पछि दाहिने कान छेड्नू ।

(छोरीको (सुवासिनी मानिसको) चाहिं फेरि त्यसै गरी देब्रेपट्टि नाक पनि छेड्ने चलन छ ।)

(पहिलो पल्ट छेड्नलाई यो विधान गर्नु पर्छ। नाक कानहरूमा पछि अरू थप प्वालहरू छेड्नु पर्दा यस्तो विधि विधान चाहिंदैन ।)

यसरी कान छेडिसकेपछि–

ॐ अद्येह कृतस्यास्य कर्णवेधसंस्कारकर्मणः साङ्गता-सिद्ध्यर्थम् इमां दक्षिणां रजतखण्डं चन्द्रदेवताकं यथानाम-गोत्रेभ्यो यथानामशर्मभ्यो ब्राह्मणेभ्यः कन्याकुमारसुवासिन्या-दिभ्यश्च यथाभागं विभज्य दातुमहमुत्सृजे ॐ तत्सत् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



(आज यहाँ गरिएको कर्णवेध संस्कारको अङ्गपूर्तिका निमित्त यो चन्द्रदेवतासम्बन्धी चाँदीको रूपियाँ यथायोग्य गोत्र र नामका ब्राह्मण कन्या कुमार सौभाग्यवती महिला आदिलाई यथायोग्यभाग लगाई दिना निमित्त यहाँ राखिदिन्छु ॐ तत्सत् ।)

भनेर दक्षिणासंकल्प गरेर दिनू र त्यहाँ आवाहन गरेर पूजा गरिएका देवताहरूको विसर्जन गरिदिनू र कर्म ईश्वरमा अर्पण गर्नू । अनि ब्राह्मण भोजन गराएर इष्टमित्रहरू सहित आफूहरुले पनि भोजन गर्नू ।

इति संक्षिप्त कर्णवेधविधि

इति संस्कारपद्धति समाप्त

शुभम्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुस्तकको नाम गर्भाधानादि अन्नप्राशनान्त संस्कार पद्धति

लेखक कृष्ण प्रसाद भट्टराई

मुल्य - -

| बुझाउने मिति | हस्ताक्षर | बुझाउने मिति | हस्ताक्षर |
|---|---|---|---|
| | | | |

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्री ५ को सरकारको छापाखाना
काठमाडौं
नेपाल
मुद्रक

Jayatu Sanskritam, Kathmandu, Nepal